२७५

# भक्तपुर मासिक

Bhaktapur Monthly

कार्तिक २०७६

ISSN 2705-4454




## सांस्कृतिक गुरुहरू सम्मानित


- भारतको नक्साबारे नेमकिपाको विरोध
- भीष्मदाह संस्कार
- सन् १८५७ को विद्रोह
- निर्मलाका हत्यारा र रोशनीका बलात्कारी
- भक्तपुर नपाका गतिविधिहरू



नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें भक्तपुर नपाद्वारा आयोजित नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समुद्घाटन गर्नुहुँदै

(२०७६ कार्तिक १७ गते)




भक्तपुर नपा प्रमुख सुनिल प्रजापति प्रतियोगिताको समुद्घाटन र्‍यालीको नेतृत्व गर्नुहुँदै

(२०७६ कार्तिक १७ गते)



खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा प्रस्तुत जिम्नास्टिक

(२०७६ कार्तिक १७ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३६ ★ अङ्क १३ ★ ने. सं. ११४० ★ वि. सं. २०७६ कार्तिक ★ A.D.2019

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

dNo ?: @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा तस्बिर

## यो अति भएन ?



विश्वप्रसिद्ध सुनको ढोकामा कुँदिएका उत्कृष्ट धातुकलाहरूमा टीका लगाईदिँदा दिँदा निधार र ढोग्दा पाउ खिइएर प्वाल नै परिसकेको छ । धर्म गर्नेहरूले पुण्य कमाए कि पाप ? यसतर्फ सम्बन्धितको निश्चय पनि गम्भीर ध्यानाकर्षण हुनेछ ।

*-शिवप्रसाद*


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो ।’–

लक्ष्मीप्रसाद देवकोटा

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता | – | ३ |
| २) भक्तपुर नगरपालिकाद्वारा सांस्कृतिक गुरुहरू सम्मानित | – | ४ |
| ३) सम्मानित सांस्कृतिक गुरुहरूको संक्षिप्त चिनारी | – | ६ |
| ४) नेपालभाषा साहित्य तःमुंज्या भव्यताकासाथ सम्पन्न | – | १५ |
| ५) ‘सार्वजनिक सम्पत्ति रक्षा गर्न नगरपालिका दृढताकासाथ लागिरहने छ’ | – | १९ |
| ६) ‘स्मार्ट सिटी’ सुन्दा आकर्षक तर खतरनाक | – | २२ |
| ७) नयाँ कुरा पत्ता लगाउने उत्साहका साथ विद्यार्थीहरू अगाडि बढ्नुपर्ने | – | २६ |
| ८) विदेशीको दबाब भक्तपुर नगरपालिकालाई अमान्य | – | २७ |
| ९) दक्षिणकाली नपाको प्रतिनिधिमण्डल भक्तपुर नपामा | – | २८ |
| १०) भाषा, संस्कृति पहिचान भएकोले जगेर्ना गर्नु आवश्यक | – | २९ |
| ११) चारदिने विपद् व्यवस्थापन तालिम सम्पन्न | – | ३१ |
| १२) युनेस्कोका प्रतिनिधिमण्डल भक्तपुर नपामा | – | ३२ |
| १३) चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण | – | ३५ |
| १४) जर्मन प्रतिनिधिमण्डलको भक्तपुर भ्रमण | – | ३८ |
| १५) क्रान्तिकारी प्रचार सामग्रीले क्रान्तिको ज्वारभाटा उठाउन सहयोग गर्ने | – | ४० |
| १६) आफ्नो ठाउँको विकास गर्न विदेशीको भर पर्न नहुने | – | ४७ |
| १७) सहकारी संस्था जनताको चेतनास्तर उकास्ने शिक्षालय | – | ४७ |
| १८) आफ्नो सांस्कृतिक सम्पदा संरक्षण आफैले गर्ने | – | ४८ |
| १९) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ५१ |
| २०) भक्तपुरको एक मौलिक संस्कृति भीष्मदाह संस्कार | ओम धौभडेल | ५८ |
| २१) भारतको नक्सामा लिम्पियाधुरा राखिएकोमा नेमकिपाको विरोध | – | ६१ |
| २२) सन् १८५७ को विद्रोह र त्यसका प्रभावः सन्दर्भ आधुनिक भारतको इतिहास | डा. बलराम कायस्थ | ६३ |
| २३) निर्मलाका हत्यारा र रोशनीका बलात्कारी | प्रकाश नेपाल | ६७ |
| २४) चिस्यान प्रणाली विकास गर्नु अपरिहार्य | सबिन ख्याजू | ६८ |
| २५) उत्तरी नर्वेको एक हप्ता यात्रामा जाँदा | अनिता प्रजापति | ७० |
| २६) विश्व सम्पदा कहिलेसम्म खतरामा ? | श्रीराम कासिछ्वा | ७३ |
| २७) टोल-टोलमा शिशु स्याहार | लीला श्रेष्ठ | ७५ |
| २८) पाँचतले मन्दिरका अनौठा कुरा | पुरुषोत्तमलोचन श्रेष्ठ | ८२ |
| २९) SKETCHES FROM NIPAL (42) | Henry Ambrose Oldfield | ८५ |
| ३०) भक्तपुर नपा देशकै लागि क्रियाशील (सम्पादकको पृष्ठ) | – | ८८ |


**साथमा**


नवनिर्मित नयाँ पाटी र शारीरिक व्यायाम स्थल उद्घाटन – २३/ सिद्धपोखरीको उत्तरतर्फको खेलमैदानमा सरसफाइ सम्पन्न – २४/ ख्वप माविमा प्रतियोगितात्मक सांस्कृतिक कार्यक्रम – २५/ पाँच दिने भक्तपुर महोत्सव हुने – २५/ कृषि प्रविधि तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण – २९/ वडा नं. १ मा कौसी खेती तालिम – ३०/नगरवासी र पर्यटककालागि दत्तात्रय क्षेत्रमा हरियाली प्रवर्द्धन – ३१/ भक्तपुरमा १५ बुँदे पथप्रदर्शक कार्यविधि लागू – ३३/ सिन्ह्वाका पत्रकारहरू भक्तपुरमा – ३४/ सिलाइका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण – ३४/शुभकामना कार्यक्रमहरू – ३९/ भक्तपुर नपाको बजार अनुगमन – ४९ बसिबियाँलो–६२/ भान्छा– सुन्दरताका लागि दहीको प्रयोग –८६/ भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ असोज महिनाको प्रतिवेदन–८६/ असोज महिनाको पर्यटक तथ्याङ्क– ८७ ।

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा सप्ताहव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको कार्तिक १७ गते शहीदस्मृति खेल मैदानमा आयोजित एक समारोहबीच कलात्मक पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो।

२०७६ कार्तिक १७ देखि २३ गतेसम्म एकसाता सञ्चालन हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा टेबुलटेनिस, भलिबल, फुटसल, कबड्डी, खो–खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक र कसिमला पाँच समावेश छ।

कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष बिजुक्छेँले खेलकुद गतिविधि भनेको शारीरिक कला प्रदर्शनी भएको बताउनुहुँदै कुनै व्यक्ति शारीरिक र मानसिक रूपमा तन्दुरुस्त हुनुको मुख्य उद्देश्य देश र जनताको बढी सेवा गर्नको निम्ति हो भन्नुभयो।

खेलकुद वा जुनसुकै क्षेत्रमा हुने जालसाजी र पक्षपातीपूर्ण व्यवहारले कसैको हित नहुनेतर्फ सजग पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले परीक्षाको समयमा नक्कल गरी उत्तीर्ण हुने विद्यार्थीको जीवन पनि असफल नै हुने प्रस्ट पार्नुभयो।

खेलकुद क्षेत्रमा भइरहेको पक्षपातको निन्दा गर्नुहुँदै उहाँले भक्तपुरलाई खेलको राम्रो सम्भावना भएको क्षेत्रको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले आवश्यक भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्तरीय प्रशिक्षणले योग्य खेलाडी तयार हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रको भौतिक निर्माणमा जोड दिँदै छ भन्नुभयो। 'भक्तपुर नगरपालिकाले खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्न प्राथमिकताका साथ अगाडि बढाइरहेको छ' – उहाँले भन्नुभयो।

शारीरिक निष्क्रियता र विषादीयुक्त खानेकुराका कारण अहिले नसर्ने रोगको जोखिम बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सिद्धिपोखरीको उत्तरतर्फको खेलमैदान सर्वसाधारण जनताले पनि खेलकुद प्रयोजनको लागि प्रयोग गर्न पाइने जानकारी दिनुभयो।

प्रदेश नं. ३ का प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देशमा अहिले शारीरिक र मानसिक रूपमा स्वस्थ नागरिकको आवश्यकता भएको बताउनुभयो।

खेलकुद क्षेत्रमा भइरहेको अनियमितता र भ्रष्टाचारविरुद्ध संघर्ष आवश्यक भएको औँल्याउनुहुँदै ➲➲

# भक्तपुर नगरपालिकाद्वारा सांस्कृतिक गुरूहरू सम्मानित




भक्तपुर नगरपालिकाको आयोजनामा नेपाल सम्वत् ११४० नयाँ वर्षको अवसरमा सांस्कृतिक गुरुहरूलाई सम्मान, शुभकामना आदान प्रदान तथा वृत्तचित्र प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण भक्तपुरको दरबार क्षेत्रमा कार्तिक ११ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान

---

➲➲ सांसद गोसाईंले स्वच्छ र स्वस्थ प्रतिस्पर्धाको निम्ति तयार भई समग्र देशको प्रतिष्ठा उँचो राख्ने ढङ्गले खेलमा भाग लिन विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई सक्षम र शारीरिक रूपमा सक्रिय राख्न खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै देशको सार्वभौमिकता रक्षाको निम्ति पनि खेलकुदको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुद आयोजना हुने विभिन्न स्थानहरूबारे अवगत गराउनुहुँदै खेलकुदले विद्यार्थीहरूलाई स्वस्थ, स्फूर्ति, तन्दुरुस्त बनाउनुका साथै आपसी सम्बन्ध कायम गर्न मद्दत पुग्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नगरपालिकाद्वारा आयोजित खेलकुद प्रतियोगितामा ७४ वटा विद्यालयले प्रतियोगितामा भाग लिएको जानकारी गराउनुहुँदै खेलकुद प्रतियोगिता सञ्चालनमा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा खेलाडीहरूले जिम्न्यास्टिक खेल पनि प्रदर्शन गरेका थिए ।

यसअघि भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरू भएको र्‍याली गोल्मढी, नासमना, भार्वाचो बसपार्क, जनज्योति पुस्तकालयको अगाडिबाट नगरपरिक्रमा गरी शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।

र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, विभिन्न विद्यालयहरू, प्रतियोगी खेलाडीहरू, बाँसुरी बाजा, धिमे बाजा, नगरपालिकाका कर्मचारीहरू, टीम, क्लब, पुस्तकालय, सहकारी संस्था र खेलप्रेमी तथा सबै वडाका खेलकुद समितिका स्वयम्सेवकहरूको सहभागिता रहेको थियो ।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले पुर्खाले छोडेको संस्कृति र सम्पदा जगेर्ना मानव सभ्यताको विकास थाहा पाउन महत्त्वपूर्ण भएको बताउनुभयो ।

नगर र गाउँबीचको भिन्नताबारे प्रस्ट पार्नुहुँदै अध्यक्ष रोहितले सम्पदा क्षेत्रभित्रका आवास पुनःनिर्माण संवेदनशील र चुनौतीपूर्ण भएको बताउनुभयो ।

उहाँले भक्तपुरलगायतका विभिन्न ठाउँहरूका सम्पदाहरूको महत्त्वबारे त्यहाँका नागरिकहरूलाई सचेत गर्दै जानुपर्ने र सांस्कृतिक नाचहरूमा हुने सांकेतिक भाषामा व्यक्त हाउभाउको आफ्नै महत्त्व रहेको बताउनु भयो ।

भारतको रामायण र महाभारत काल्पनिक महत्त्व बोकेको काब्यिक साहित्य हो भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले समाजको वास्तविक घटना चित्रण गरी समाजमा भएको स्वार्थ भावना घटाउन त्यस्ता साहित्यले भूमिका खेलेको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो – 'कुनै पनि सम्पदा हराइसकेपछि पश्चाताप गर्नुभन्दा भएका सम्पदाहरू संरक्षणलाई निरन्तरता दिनु बुद्धिमतापूर्ण हुनेछ ।'

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले भक्तपुर घुम्न आएका पर्यटकहरूमा भक्तपुरप्रति सकारात्मक प्रभाव रहेको उल्लेख गर्नुहुँदै भक्तपुर नगरपालिकाले सांस्कृतिक गुरुको सम्मानलाई आगामी दिनहरूमा पनि निरन्तरता दिंदै जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले भूकम्प पीडितहरूलाई सरकारले नै घर बनाइदिनुपर्ने र भूकम्प पीडितले सहज ऋण पाउनुपर्ने बताउनुहुँदै भक्तपुरका पुनःनिर्माण हुन बाँकी सम्पदाहरू पनि छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका सम्पदाहरूको मौलिकता कायम गर्न, गुणस्तरीय निर्माण र जनसहभागिता जुटाउन नगरपालिकाले उपभोक्ता समितिमार्फत निर्माणमा जोड दिइरहेको बताउनुभयो ।

पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति भन्ने नारालाई सार्थक बनाउन सांस्कृतिक गुरुहरूको महत्त्व भएको जिकिर गर्नुहुँदै उहाँले आधुनिकताको नाममा हाम्रा मौलिक सम्पदा हराउँदै जानु भनेको इतिहास नै हराउने भएकोले भक्तपुरका हरेक घर सम्पदा भएको हुँदा भक्तपुर नगरपालिकाले त्यसको पुनःनिर्माण मौलिक शैलीमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले ऐतिहासिक सम्पदाहरूको नगर भक्तपुरको गौरवलाई जोगाइराख्न नगरपालिका अग्रसर रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले विश्व सम्पदामा सूचिकृत सम्पदाहरूको संरक्षण मौलिक शैलीमा पुनःनिर्माण गर्न प्राथिमिकताका साथ अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले भक्तपुरलाई सांस्कृतिक राजधानीको संज्ञा दिनुहुँदै संस्कृति समाजमा भ्रातृत्व कायम गरी एकताबद्ध बनाइराख्न मद्दत पुग्ने बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले हाम्रो संस्कृति भनेको हाम्रो पहिचान हो र भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले खेलिरहेको भूमिका उल्लेखीय रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले सांस्कृतिक गुरुहरूलाई रु.१५,००।– नगदसहित सम्मान पत्र प्रदान गर्नुभयो थियो । त्यस्तै नेमकिपाका सांसद प्रेम सुवालले वृत्तचित्र प्रतियोगितामा पुरस्कृत समूह–व्यक्तिहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

भक्तपुर नगरपालिका वडा नं. १ देखि १० का २० जना देवी प्याखं, बाँसुरी बाजा, हार्मोनियम, पछिमा र तवला, धिमेबाजा गुरु, प्वङा बाँसुरी, लाला खिं, पछिमाय र भजन पछिम्या, दाफा भजनलगायतका विविध विधाका सांस्कृतिक गुरुहरू सम्मानित भएका थिए । (सम्मानित गुरुहरूको छोटो परिचय सहित ६ पृष्ठमा)

वृत्तचित्र निर्माण प्रतियोगितामा भक्तपुरः द कल्चरल क्यापिटल (अमित बनमाला) प्रथम, भक्तपुरको गाथामुग : (ख्वप मेडिया सर्कलर) द्वितीय, बुराँज्या (भक्तपुर बचत तथा ऋण सहकारी संस्था) र नेवाः संस्कृति गाथामुग : आयुष रविन्द्र ले सान्त्वना स्थान हासिल गर्नुभएको थियो ।

पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।

# सम्मानित सांस्कृतिक गुरुहरूको संक्षिप्त चिनारी

## श्री कृष्णलाल दुवाल- भनपा १




धिमाय् बाजाका गुरु कृष्णलाल दुवालको जन्म वि.सं. १९९६ सालमा भक्तपुरको इताछेँ टोलमा भएको हो। उहाँका बुबा रत्नलाल र आमा रत्नमाया दुवाल हुनुहुन्थ्यो। साथै उहाँको एक छोरी हुनुहुन्छ।

किसान परिवारमा जन्मेर पनि कृषि पेशा सँगसँगै सांस्कृतिक गतिविधिमा पनि उहाँ निरन्तर लाग्दै आउनु भएको छ। १६ वर्षको उमेरदेखि नै उहाँले धिमाय् बाजा बजाउन थाल्नुभएको हो। पछिल्लो समयमा उहाँ नयाँ पुस्तालाई धिमाय् बाजा सिकाउनुहुन्छ। ८० वर्षको उत्तरार्द्ध जीवनमा समेत उहाँको सक्रियता अनुकरणीय छ। उहाँले हालसम्म १०/११ समूहलाई वाद्यवादनको प्रशिक्षण दिनुभएको छ।

## श्री बिकुबहादुर सुवाल -भनपा १

सांस्कृतिक गुरु बिकुबहादुर सुवालको जन्म बुबा आसलाल र आमा पुनमाया सुवालको कोखबाट वि.सं. १९९२ सालमा भक्तपुरको इताछेँ टोलमा भएको हो। उहाँ हाल ८३ वर्षको हुनुहुन्छ तथापि दाफा भजन र सांस्कृतिक वाद्यवादनमा उहाँको लगाव निरन्तर कायम छ। उहाँका ४ छोरा र २ छोरी हुनुहुन्छ।



गुरु बिकुबहादुर सुवाल बाल्यकालदेखि नै टोलमा हुने सांस्कृतिक गतिविधिहरूमा क्रियाशील हुनुहुन्छ। उहाँ दाफा भजनसँगै धिमाय् बाजाका सिद्धहस्त गुरु हुनुहुन्छ। हालसम्म उहाँले १५/१६ वटा विभिन्न समूहलाई धिमाय् बाजाको प्रशिक्षण दिइसक्नु भएको छ।

## श्री कृष्णभक्त कोजु - भनपा २

भक्तपुर नगरपालिका वडा नं. २ ब्यासीको किसान परिवारमा पिता बिलबहादुर कोजु र माता कृष्णथकु कोजुको कोखबाट कृष्णभक्तको मिति २००१ कार्तिक ५ गते जन्म भएको हो। उहाँले १८ वर्षे युवा अवस्थामा बाँसुरी गुरु नन्दकुमार कोजुबाट बाँसुरी सिक्नुभयो। स्थानीय जात्रा–पर्व, मेला र उत्सवहरूमा मात्र बाँसुरी बजाउने उतिबेलाको चलन किसान आन्दोलनसँगै विभिन्न कार्यक्रमहरूमा पनि उहाँले बाँसुरीको धुन पस्किनुभयो। जीवनको उत्तरार्द्धमा आई पुग्दासम्ममा उहाँले ८ समूहमा करिब ८० जना युवाहरूलाई बाँसुरी बाजा सिकाइसक्नुभएको छ।



### श्री रामचन्द्र खर्बुजा - भनपा २

भक्तपुर नगरपालिका वडा नं. २ दोक्छैंमा २००९ साल मंसिर १० गते रामचन्द्र खर्बुजाको जन्म आमा न्हुछेमाया खर्बुजा र बुबा गणेशबहादुर खर्बुजाबाट भएको हो। चार दाजुभाइ र २ दिदीबहिनीमा जेठो रामचन्द्र खर्बुजा सानै उमेरदेखि सांस्कृतिक प्रशिक्षणमा सहभागी हुनुभयो। उहाँको श्रीमती र दुई छोरा र एक छोरी हुनुहुन्छ।



सात वर्षको सानो उमेरदेखि देवी नाचअन्तर्गतको कवांचा नाच सिकेर उहाँ सांस्कृतिक गतिविधिमा प्रवेश गर्नुभयो। उहाँ सबै विधामा निपुण हुनुहुन्छ। उहाँ हाल खर्बुजा देवी नाच समूहका नाइके भई प्रशिक्षण चलाउँदै आउनुभएको छ। बाजे रामकृष्ण खर्बुजाको पालादेखि चलाउँदै आएको उक्त देवीनाचमा उहाँले विभिन्न विद्यालय र टोलमा प्रशिक्षण दिनुभएको छ। हालसम्म उहाँले ५ समूहलाई देवी नाच सिकाउनुभयो। देवीनाचमा २०–३२ जनासम्म कलाकारको अभाव भएको उहाँ बताउनुहुन्छ। पेशाले हाउस वेल्डिङ गर्नुहुने खर्बुजा हालसम्म पनि निरन्तर रूपमा देवीनाचको लागि सक्रिय रहँदै आउनुभएको छ।

### श्री सुनकुमार त्वायना-भनपा ३



बुबा पुनकुमार त्वायना र आमा चन्द्रमाया त्वायनाका छोरा सुनकुमार त्वायनाको जन्म वि.सं. २००० चैत १ गते भक्तपुर नपा वडा नं. ३ मा भएको हो। उहाँको श्रीमती, दुई छोरा र चार छोरीहरू छन्। उहाँले ६ पटक दाफा भजन सिकाउनुभएको छ। उहाँ भजनमा गीत गाउने गर्नुहुन्छ। उहाँका गुरुहरू पुनकुमार त्वायना र लतंबहादुर कर्माचार्य हुनुहुन्छ।

### श्री रत्नभक्त चौगुठी-भनपा ३

बुबा चन्द्र चौगुठी र आमा विश्व चौगुठीका छोरा रत्नभक्त चौगुठीको जन्म वि.सं. १९९४ भदौ महिनामा भक्तपुर वडा नं. ३ मा भएको हो। उहाँका श्रीमती शान्तमाया चौगुठी हुनुहुन्छ भने उहाँका चार छोरा र दुई छोरीहरू हुनुहुन्छ।



वि.सं. २०११ सालदेखि दाफा भजनमा सहभागी हुँदै आउनु भएका चौगुठीले लालाखिंको प्रशिक्षण दिँदै आउनु भएको छ। सांस्कृतिक गुरुहरूलाई सम्मान गर्ने भक्तपुर नगरपालिकाको अभ्यासप्रति खुशी व्यक्त गर्दै नगरपालिकाको यो कार्य निरन्तरतताको लागि उहाँले शुभकामना व्यक्त गर्नु भएको छ।

### श्री रामप्रसाद किजु-भनपा ४

रामप्रसाद किजु बाबु रत्नलाल किजु र आमा चन्द्रमाया किजुको कोखबाट मिति २००७ साल कार्तिक २७ गते आइतबार भनपा ४, लाकोलाछेंमा जन्मिनुभएको हो। हाल उहाँको परिवारमा श्रीमती, दुई छोरा, एक छोरी, दुई बुहारी र दुई नाति नातिना गरी नौ सदस्य छन्। मध्यम वर्गीय किसान परिवारमा जन्मिएका



रामप्रसाद किजु कृषि पेशामा आवद्ध हुनुहुन्छ।

उहाँले वि.सं. २०२२ सालमा गुरु पूर्णगोपाल सिंख्वालबाट हार्मोनियम बजाउन सिक्नुभयो। उहाँ १५ वर्षकै उमेरमा पूर्णगोपाल सिंख्वालबाटै तबला बजाउन पनि सिक्नुभयो। उहाँले आफ्नै काका बाबुलाल किजुलाई गुरु बनाई वि.सं. २०३७ सालतिर पछिमा खिं बजाउन सिक्नुभयो। बाजा सिक्ने क्रममा वि.सं. २०३८ सालतिर स्वसाधनाबाट आफै ढलक बजाउन सिक्नुभयो। उहाँले १० वर्षको उमेरदेखि देवी प्याखं नाच्दै आउनुभएको छ। नाचकै क्रममा वि.सं. २०४८ सालतिर जापान गएर नाच देखाउने अवसर पनि पाउनुभयो। गणतन्त्र दिवस, प्रजातन्त्र दिवस, संविधान दिवसमा पनि सहभागी भई टुँडिखेलमा गएर नाच देखाउने गर्नुहुन्छ। यो नाच भक्तपुरबाहेक पोखरा, कीर्तिपुर, हरिसिद्धिमा धेरै पटक प्रदर्शन गरिसकेको र धेरै राम्रो प्रतिक्रिया पाउनुभएको छ। उहाँको नाच हरेक वर्ष ईन्द्रजात्राको अवसरमा काठमाडौंको हनुमानढोका परिसरमा देखाउने गरिन्छ। साथै विभिन्न पर्यटकीय समारोहहरूमा पनि सहभागी हुनु भएको छ। हाल उहाँ देवी नाचमा वाद्यवादक तथा गुरुको रूपमा संलग्न हुनुहुन्छ।

उहाँले हार्मोनियम, तबला, पछिमा, ढलक, कोखिं, कोता खिं, सिछ्या, भुछ्या, भ्यालिंचा, नगरालगायतका बाजा बजाउनुहुन्छ। उहाँले २०३०, २०३६ र २०६९ गरी तीनवटा समूहलाई हार्मोनियम बाजाको प्रशिक्षण दिनुभयो। तीमध्ये धेरैजना अहिले पनि भजन, कार्यक्रमहरूमा सक्रिय रूपमा लागिरहनुभएको छ। उहाँले ४ पटकभन्दा बढी तबला बाजाको प्रशिक्षण दिनुभयो। तीमध्ये केही पाताल गणेश भजनमा लागिरहनुभएको छ। उहाँ २०३६ सालसम्म देवी नाचमा विभिन्न देवीको भूमिकामा नाच्नुभयो। वि.सं. २०३६ सालपछि लगातार देवी नाच सिकाउँदै आउनुभएको छ। हालसम्म उहाँले ६० जनाभन्दा बढीलाई यो नाच सिकाइसक्नुभएको छ। उहाँले सिकाएको नाच भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा महोत्सवमा हालसम्ममा नौ पटक प्रथम स्थान, दुई पटक दोस्रो स्थान र एकपटक सान्त्वना स्थान हासिल गरिसकेको छ। उहाँ संलग्न हुनुभएको देवी नाच संस्कृति तथा पर्यटन मन्त्रालय, पुरातत्त्व विभागमा दर्ता कायम रहेको छ।

### श्री सूर्यभक्त सुवाल-भनपा ४

सांस्कृतिक गुरु सूर्यभक्त सुवालको जन्म भक्तपुर नगरपालिका वडा नं. ४ मा वि.सं. २०१५ चैत २४ गते भएको हो। उहाँका माता गणेशमाया र पिता सूर्यवीर सुवाल हुनुहुन्छ। उहाँका चार छोरा र दुई छोरी छन्। साधारण किसान परिवारमा जन्मेर पनि उहाँले १० वर्षको बाल्यकालदेखि सांस्कृतिक बाजा सिक्नुभयो र टोलको दाफा भजनमा सक्रिय हुनुभयो। उहाँ हाल कुथुछेँ दाफा भजनमा आबद्ध हुनुहुन्छ।



गुरु सूर्यभक्त सुवाल धिमाय् बाजासँगै लालाखिं, धाँ, पछिमा, ढलक पनि बजाउनुहुन्छ। वि.सं. २०५२ सालदेखि हालसम्म पनि उहाँ नयाँ पुस्तालाई विभिन्न बाजाहरूको प्रशिक्षणमा निरन्तर लागिरहनुभएको छ।

उहाँले लाकोलाछैँमा २ पटक, थुचो मंगलाछैँमा ३ पटक, पान्डो बजारमा २ पटक र सूर्यविनायकमा १ पटक बाजा प्रशिक्षण दिनुभयो। यससँगै २०५२/५३ सालतिर उहाँले जर्मनी नागरिकलाई पनि धिमाय् बाजाको प्रशिक्षण दिनुभयो।

## श्री तुल्सीलाल दनेखु-भनपा ५

वि.सं. १९९९ मा बुबा आसनारायण दनेखु र आमा मोहनमाया दनेखुको कोखबाट खिंछें भक्तपुरमा जन्मनुभएका तुल्सीलाल दनेखुले २०१० सालमा गुरु सुनकुमार आचार्यबाट 'नटुवा चा' भन्ने सांस्कृतिक नाचबाट सांस्कृतिक यात्रा सुरु गर्नुभएको हो। त्यसपछि खिंछें दाफा भजनको आयोजनामा २०१२ सालमा गुरु कृष्णबहादुर आचार्यबाट दाफा भजन सिक्नुभयो। २०१८ सालमा गुरु कृष्णनारायण आचार्यबाट लाला खिं सिक्नुभयो। उहाँले २०३० सालमा देवी नाचमा 'कुमारी'को भूमिकामा नाच सिक्नुभयो भने २०३१ सालतिर गुरु लामबहादुर लवजुबाट बाँसुरी बाजा पनि सिक्नुभयो। यी सबै बाजागाजा र नाचहरूमा केही वर्ष अघिसम्म पनि उहाँले योगदान गर्दै आउनुभयो। दनेखुले २०३२ सालमा तत्कालीन भक्तपुर नगरपालिका वडा नं. ८ मा, २०५० सालतिर दोगनेमा बाँसुरी बाजा सिकाउनुभयो भने २०५२ सालतिर खिंछेंमा नै बाँसुरी



बाजा सिकाउनुभयो। उहाँले भक्तपुर नपाद्वारा आयोजित बाँसुरी बाजा प्रतियोगितामा निर्णायक मण्डलमा बसेर पनि सहयोग गर्नुभएको थियो।

## श्री शेरबहादुर न्हिसुतु - भनपा ५

बुबा मानबहादुर न्हिसुतु र आमा मसिनु न्हिसुतुको



कोखबाट वि.सं. १९९६ पुस ८ गते जन्मनुभएका शेरबहादुर न्हिसुतूको जन्म साविक वडा नं. ११ दोगने टोलमा भएको हो। उहाँले २०२० सालदेखि टौमढी नौबाजामा पोङा बाजा बजाउनुभयो। उहाँले पोङा, भजन, बाँसुरी बाजा बजाउनुहुन्छ। उहाँले पोङा बाजाको प्रशिक्षण २०४६ साल, २०५६ साल र २०६८ गरी तीनपटक दिनुभयो।

### श्री हरिभक्त सुवाल-भनपा ६

हरिभक्त सुवालको जन्म वि.सं. २००२ भदौ १० गते भक्तपुर नगरपालिका वडा नं. ६ मा भएको हो। उहाँका बुबा हर्ष सुवाल र आमा हरिमाया सुवाल हुनुहुन्थ्यो। सामान्य किसान परिवारमा जन्मिनुभएका सुवाल वि.सं. २०२० सालदेखि नै सांस्कृतिक गतिविधिहरूमा सक्रियतापूर्वक लाग्नुभयो।

उहाँ बाँसुरी, लालाखिँ, पछिमा, ढलक र मादल बजाउनुहुन्छ। विभिन्न धार्मिक, सांस्कृतिक तथा टोलका विभिन्न कार्यक्रमहरूमा उहाँ क्रियाशील हुनुहुन्छ।



नयाँ पुस्तालाई सांस्कृतिक बाजागाजाको सीप हस्तान्तरण गर्ने उद्देश्यले उहाँले २ वटा समूहलाई विभिन्न बाजाको प्रशिक्षण दिनुभयो।

सांस्कृतिक गुरु हरिभक्त सुवालका २ छोरा र ४ छोरीहरू हुनुहुन्छ।

### श्री विष्णुभक्त अवाल-भनपा ६

बुबा तुल्सीभक्त अवाल र आमा मिश्रीमाया अवालको कोखबाट वि.सं. २०२२ कार्तिक २२ गते भक्तपुर नगरपालिका



वडा नं. ६ तुछिमलामा सांस्कृतिक गुरु विष्णुभक्त अवालको जन्म भएको हो। उहाँको २ छोरा र १ छोरी हुनुहुन्छ।

वि.सं. २०४४ सालदेखि उहाँ विभिन्न सांस्कृतिक गतिविधिहरूमा सक्रिय हुनुहुन्छ। हरेक सांस्कृतिक चाडपर्व र सामाजिक कार्यमा उहाँ लालाखिं, तबला र धाँ बाजा बजाउनुहुन्छ। उहाँ अहिले स्थानीय युवाहरूलाई बाजा प्रशिक्षणमा क्रियाशील हुनुहुन्छ।

### श्री कृष्णभक्त दुवाल-भनपा ७

मूर्त र अमूर्त कलाले सुसज्जित भक्तपुर एक सांस्कृतिक धरोहरको शहर हो। यसमा अमूर्त कलामा सौखिन कलाकारहरूले धार्मिक आस्था र विश्वासका साथ यहाँका अग्रज गुरु र शिष्यहरूको संगमले अगाडि बढिरहेको छ। पछिमा र बाँसुरीका पारखी कृष्णभक्त दुवाल पनि एक हुनुहुन्छ। ख्वप वाँचुटोल वडा नं. ७ मा पिता कृष्णबहादुर दुवाल र आमा नानीवेटीको कोखबाट उहाँको जन्म वि.सं. १९९९ जेठ महिनाको १४ गते भएको हो। उहाँ ३ छोरा, ५ छोरीका पिता तथा तुल्सीमाया दुवालका पति हुनुहुन्छ।

७ वर्ष हुँदा पिता बित्नुभएको र ११ वर्षमा आमाले पनि छोडिगई दुःखद् अवस्थाबाट अघि बढ्नुभएका कृष्णभक्त दुवाल एक सांस्कृतिक प्रेमी भई १९ वर्षदेखि गुरु विष्णुभक्त



ध्वोजुबाट पछिमाय र गुरु व्रम्ह गुसाईबाट बाँसुरी सिक्नुभयो। निरन्तर सांस्कृतिक क्षेत्रमा सक्रिय रहँदै अगाडि बढ्ने क्रममा आफू गुरु भई १० देखि १५ जनाको प्रशिक्षार्थी राखी ६ समूहलाई पछिमाय र ६ समूहलाई बाँसुरी बाजाको प्रशिक्षण दिनुभयो।

महेश्वरी दाफा भजनमा नाईकेसमेत भई सक्नुभएका कृष्णभक्त दुवाल २०२५, ०२६ सालदेखि नै नेपाल मजदुर किसान संगठनमा आवद्ध भई जनताको सेवामा समेत लाग्नुभयो। कृष्णभक्त दुवाल हाल नेपाल मजदुर किसान पार्टी – ७ इनाचो इकाई समितिमा सदस्य हुनुहुन्छ। २०४५ सालको निर्वाचनमा साविक भनपा वडा नं. ६ को वडा सदस्यसमेत निर्वाचित भई वडाको विकास निर्माण कार्य तथा जनताको सेवामा लागी पर्नुभयो। उहाँ हाल महेश्वरी जात्रा सहयोग समिति, महेश्वरी दाफा भजन र महेश्वरी बाँसुरी बाजा समेतमा आवद्ध हुनुहुन्छ।

## श्री रुद्र बहादुर कवां-भनपा ७

बाँसुरी र लालाखिंका पारखी रुद्रबहादुर कवांको जन्म वि.सं. १९९९ साल फागुन होली पुन्हिंको चार दिनपछि आमा लक्ष्मी मैयां र बुबा आशनारायण कवांको पुत्रको रुपमा गोल्मढी ७ ख्वपमा भएको हो।

छरछिमेकलाई मनोरञ्जन र अनुशासित बनाउने उद्देश्यले गठित दाफा र भजनबाट प्रभावित भई १८ वर्षकै उमेरमा बाँसुरी र पछिमाय् सिक्ने रहर हुँदाहुँदै लालाखिं सिक्नु भएका रुद्रबहादुर कवांले कहिले गुरु र कहिले सहयोगीको रूपमा ४ वटा बाँसुरी समूह र ४ वटा लालाखिं समूहलाई प्रशिक्षण दिइसक्नुभयो। वाद्यवादनको माया साँच्दै जीवनको रथ अगाडि



बढाउँदै आउनु भएको पनि ७८ वर्ष पुगिसकेको छ।

कृषिलाई जीवनयापनको अभिन्न अङ्गको रूपमा अँगाल्दै आउनुभएका दुई छोरा, दुई छोरीको पिता र कृष्णदेवीकी पति रुद्रबहादुर कवां दाफा, भजन र गुठीमा सक्रिय हुनुहुन्छ।

## श्री न्हुछेकुमार भैनात्व-भनपा ८

सांस्कृतिक गुरु न्हुछेकुमार भैनात्वको जन्म वि.सं. २००३ माघ २० गते बुबा रत्ननारां भैनात्व र आमा राजकुमारी भैनात्वको कोखबाट भक्तपुर नपा वडा नं. ८ जेंला टोलको एक



किसान परिवारमा भएको हो। उहाँको जीवनसंगी मंगलमाया हुनुहुन्छ। उहाँहरूको ३ जना छोरा र ३ जना छोरीहरू भएकोमा जेठा छोरा २२ वर्षको युवा अवस्थामै बित्नुभयो। उहाँको जीविकोपार्जनको मुख्य पेशा कृषि नै रहयो। उहाँले विद्यालयको औपचारिक शिक्षा नपाए पनि वडामा सञ्चालित प्रौढ कक्षाबाट आफ्नो नाम लेख्न सिक्नुभएको छ। उहाँले १५ वर्षको उमेरदेखि आजको दिनसम्म बाजा बजाउँदै सांस्कृतिक क्षेत्रमा योगदान गर्दै आउनुभएको छ। उहाँले धिमाय् बाजा, धाँ बाजा, लालाखिं बाजा, झ्याली, तं, सिछ्या, भुछ्यालगायतका बाजा बजाउन जान्नुहुन्छ। उल्लेखित बाजागाजामध्ये धाँ बाजा बजाउन उहाँ एकदम निपूण हुनुहुन्छ। उहाँले आफूले सिकेको ज्ञान सीपलाई नयाँ पुस्तालाई सिकाउने क्रममा ३ पटक धाँ बाजाको प्रशिक्षण दिई ३९ जना युवाहरूलाई प्रशिक्षित गर्नुभयो। अहिले उहाँ श्वेत भैरव दाफा भजन समूहमा आबद्ध भई टोलको भजन र जात्राहरूमा सक्रिय सहभागी हुँदै भक्तपुरको सांस्कृतिक क्षेत्रमा योगदान पुऱ्याउँदै आइरहनुभएको छ। उहाँकै प्रेरणाले उहाँका छोराहरू पनि बाजागाजा बजाउने क्षेत्रमा क्रियाशील छन्।

### श्री बिकुराम बोहजु-भनपा ८

बाबु बिकुराम बोहजु र आमा सुनमाया बोहजुको कोखबाट २००३ सालमा बिकुराम बोहजुको जन्म भएको हो। २०१३ सालमा जेंला दाफा भजनबाट भजनसम्बन्धी प्रशिक्षण पाउनुभएका बोहजुले २०१९ सालमा पछिमा सिक्नुभयो। २०२५ सालमा ज्ञानमाला भजन सिक्दै बाँसुरी, ढलक, तमर सिकेर गुरु बिकुराम बोहजुले आफूले सिकेको सीप समाजलाई सिकाउनुपर्छ भनेर बाँसुरी २ पटक सिकाउनुभयो। पछिमा २०२९ सालतिर




सिकाउनुभएको थियो। ढलक ज्ञानमाला भजन सिकाउने काममा दत्तचित्त भई अगाडि बढिरहनुभएका गुरु बोहजुले हालसम्म पुखुचा ज्ञानमाला भजनलाई निरन्तर चलाइरहनुभएको छ। उहाँको मुख्य पेशा खेती भए पनि डकर्मी र सिकर्मी काममा लगनशील व्यक्तित्व हुनुहुन्छ। नगरपालिकाबाट सञ्चालित प्रौढ कक्षाबाट मात्र केही शिक्षा पाउनुभएका उहाँ हाल ७५ वर्षको हुनुहुन्छ। उहाँ संस्कृति संरक्षणप्रति त्यत्तिकै मिहिनेती र लगनशील हुनुहुन्छ।

### श्री कृष्णभक्त चुल्याद्यो-भनपा ९



भक्तपुरको आफ्नो पहिचान भादगाउँले कालो टोपी (तका तपुली) बनाउने पुर्ख्यौली पेशा बोकेको मध्यमवर्गीय परिवारका सदस्य भएर सांस्कृतिक गतिविधिमा सक्रिय भई यसैमा आफ्नो जीवन समर्पण गर्ने व्यक्तित्व हुनुहुन्छ सांस्कृतिक गुरु कृष्णभक्त चुल्याद्यो।

उहाँको जन्म भक्तपुर नगरपालिका वडा नं. ९ कमिचा गल्लीमा विसं २००० साल माघ श्रीपञ्चमीको दिन भएको हो। तत्कालीन समयमा टोल टोलमा नागरिकता वितरण गरिँदा भने उहाँको नागरिकतामा जन्ममिति २००८ साल हुनपुग्यो। बुबा ज्ञानरत्न र आमा शिवमाया चुल्याद्योको जेठो सन्तानको रूपमा जन्मिनुभएका उहाँका एक बहिनी हुनुहुन्छ।

चुल्याद्योले पुर्ख्यौली पेशा कालो टोपी बनाउने सीपप्रति गर्व गर्दै ८ जनाको परिवारको गुजारा, छोराछोरीको शिक्षादीक्षा

र घर व्यवहार चलाइरहनुभएको छ। पछिल्लो समयमा भने सानो किराना पसल पनि चलाइरहनुभएको छ। उहाँले यालाछेंस्थित शारदा माविको रात्रीकालीन विद्यालयबाट एसएलसीसम्मको शिक्षा हासिल गर्नुभएको छ।

टोलमा हरेक साँझ हुने ब्रम्हायणी रास भजनबाट ज्यादै प्रभावित भई उहाँ पनि १४, १५ वर्षको उमेरमा भजन गाउने, ढलक, तबला र हार्मोनियम बजाउने कार्यमा सक्रिय हुनुभयो। उहाँ भन्नुहुन्छ, 'दिनभरि टोपी बनाउने काम गर्दा थकाइ लाग्छ र बेलुकीको मनोरञ्जन गर्ने वा थकाइ मार्ने साधन भजन हुन्थ्यो, अहिले जस्तै टिभी हेर्ने वा अन्य मनोरञ्जनको साधन थिएन।'

भजनको क्रममा स्थानीय दाजुभाइहरूबीच तत्कालीन पञ्चायती व्यवस्थाका विकृति, सामाजिक हिंसा आदिको विषयमा छलफल हुने उहाँ सम्झनु हुन्छ। तिनै विषयमा स्थानीय समकालीन मित्रहरूसँग मिलेर गाईजात्राको समयमा व्यंग्यात्मक ख्याल खेल्ने, व्यंग्यात्मक गीत गाउने कार्यमा पनि उहाँ क्रियाशील हुनुभयो। त्यतिबेला भक्तपुर नगरमा असाध्यै रुचाइएको हरिदास ख्यालमार्फत उहाँले तत्कालीन पंचायती निरंकुशताको विरोधमा र सामाजिक विकृति विसंगतिको विषयमा कलाकारिताको माध्यमबाट जनचेतना जगाउने अभियानमा लाग्नुभयो। त्यस्तै २०१८/०१९ तिर धार्मिक नाटक जलन्धर र २०२४/०२५ तिर 'हत्यारा' भन्ने नाटकमा उहाँले महिला कलाकारको भूमिका निर्वाह गर्नुभएको थियो।

सांस्कृतिक गुरु चुल्याद्योले पछिल्लो समयमा आफै भजन गीत लेखेर पनि नयाँ पुस्तालाई भजन सिकाइरहनुभएको छ। उहाँ हाल ब्रम्हायणी रास भजनमा आवद्ध हुनुहुन्छ भने वाकुपति नारायण ढल्चा भजन, ब्रम्हायणी दबु भजन आदिमा महिला र नयाँ पुस्तालाई धार्मिक तथा आधुनिक भजन सिकाइरहनुभएको छ। उहाँले नगरका विभिन्न टोलहरूमा पनि भजन सिकाइरहनुभएको छ। यससँगै उहाँले हार्मोनियम, तबला र ढोलक बाजाको समेत प्रशिक्षण दिइरहनुभएको छ। आफ्नो उत्तरार्द्ध जीवन समाजको प्रगतिका निम्ति सधैं कृयाशील रहिरहने उहाँको प्रतिवद्धता छ।

### श्री आसकाजी खोंजू-भनपा ९

सांस्कृतिक गुरु आसकाजी खोंजूको जन्म विसं २००५ सालको वैशाख महिनामा भक्तपुर नगरपालिका वडा नं. ९ गछें टोलमा भएको हो। बुबा आसलाल र आमा कान्छी खोंजूको तेस्रो सन्तानको रूपमा जन्मनुभएका उहाँका दिदीबहिनी ४ जना हुनुहुन्छ। उहाँ साधारण किसान परिवारको हुनुहुन्छ।

कमजोर पारिवारिक आर्थिक अवस्था र शिक्षाप्रति चेतनाको अभावको कारण उहाँले औपचारिक विद्यालय शिक्षा




पाउनु भएन। तथापि १४/१५ वर्षको बाल्य उमेरदेखि नै टोलमा नौबाजा सिक्ने र बजाउने कार्यमा उहाँ सक्रिय हुनुभयो। सांस्कृतिक बाजाहरू पछिमा, लालाखिँ र विणामा उहाँ सिद्धहस्त कलाकार हुनुहुन्छ। त्यस्तै भजन गाउने र गीत रचना गरी गाउने कार्यमा उहाँ उत्तिकै चाख राख्नुहुन्छ।

पुराना बाजागाजा र संस्कृतिहरू नयाँ पुस्तामा हस्तान्तरण गरी भक्तपुरको सांस्कृतिक परिचयलाई दीर्घजीवन प्रदान गर्न सकिन्छ भन्ने मान्यता बोकी उहाँले नयाँ पुस्तालाई विभिन्न बाजाहरूको निरन्तर प्रशिक्षण दिइरहनु भएको छ। यस क्रममा उहाँले अहिलेसम्म पछिमा बाजाको प्रशिक्षण दुई टोलीलाई दिइसक्नुभएको छ भने लालाखिंको प्रशिक्षण पनि दुई टोलीलाई प्रदान गरिसक्नुभयो। त्यस्तै टोलमा नयाँ पुस्तालाई दुई पटक भजन सिकाउनु भयो। नयाँ पुस्ताले आफ्नो बिंडो थामिरहेकोमा उहाँ गर्व गर्नुहुन्छ।

उहाँको आफ्नै परिवारका सन्तानहरू पनि विभिन्न बाजा बजाउने कार्यमा संलग्न हुनुहुन्छ। छोराहरू धिमेबाजा, लालाखिँ बाजा र छोरीहरू विणा बाजा प्रशिक्षणमा लागिरहेका छन्। नाति नातिनाहरू समेत हजुरबुवाको पाइला पछ्याउँदै वाद्य वादनमा प्रशिक्षण लिइरहेका छन्।

### श्री जुजु ब्रजाचार्य-भनपा १०

बुबा रत्नकाजी बज्राचार्य र आमा पूर्णमाया बज्राचार्यका छोरा जुजु बज्राचार्यको जन्म २०३५ भाद्र १६ गते, भक्तपुर नगरपालिका वडा नं. १०, क्वाठण्डौमा भएको हो। श्रीमती ज्ञानी बज्राचार्य, छोरा जेनिस बज्राचार्य र छोरी जेनिसा बज्राचार्य



र उहाँ समेत चार जनाको परिवार रहेको छ। उहाँले गुरुहरू कुलचन्द्र बज्राचार्य र कर्णज्योति बज्राचार्यबाट बाजाको प्रशिक्षण प्राप्त गर्नु भएको थियो। हाल उहाँ विश्वकर्मा गुलाँ बाजा खलमा सेवारत हुनुहुन्छ। वि.सं. २०४४ सालमा बाजा सिक्न शुरु गर्नुभएका उहाँले २०५३ सालदेखि गुरुको रूपमा बाजा सिकाउन थाल्नुभयो। उहाँले यस वर्ष १७ वटा समूहलाई गुलाँ बाजाको प्रशिक्षण दिनुभयो। गुलाँ बाजामा धाँ बाजा, नायोखिं, तँ, भुछ्या र सिछ्या बाजाहरू बजाइन्छ भने यसमा चोताल, प्रताल, जतिताल, पलिमां, नित्यनाथ ग्वारा, भगवान ग्वारा, सातमान, तातली, संगिनी ग्वारा, अष्टरा ग्वालंट, ग्रह, मधुपुरीलगायतका बोलीहरू बजाइन्छ।

**गुलाँ बाजाको संक्षिप्त परिचय :**

श्रावणको गुलाँ एक महिनामात्र नगर परिक्रमा गरी बजाइने बाजालाई गुलाँ बाजा भनिन्छ। यो एक महिना बाजा बजाउँदै बौद्ध धर्माबलम्बीहरू नगरका मठ–मन्दिर, चैत्य, विहार र महाविहारहरू परिक्रमा गर्छन्। नगरपरिक्रमा गर्न आवश्यक गुलाँ बाजा समूह तयार गर्न प्रत्येक वर्ष यो बाजाको प्रशिक्षण दिँदै आइरहेको छ। श्रावणको गुलाँ महिनामा बजाउने गुलाँ बाजा गुलाँ बाहेक पञ्चदान, माघे संक्रान्ति, चुडाकर्म जस्ता सांस्कृतिक पर्वहरूमा पनि बजाउने चलन चल्दै आएको छ।

## श्री ज्ञानभक्त मगजु -भनपा १०

बुबा ज्ञानबहादुर मगजु र आमा लक्ष्मीमाया मगजुका छोरा ज्ञानभक्त मगजुको जन्म वि.सं. २००८ असार १२ गते भक्तपुर नगरपालिका वडा नं. १० नगांचा टोलमा भएको हो। लालाखिं र पछिमा खिंका गुरु मगजुका श्रीमती पंचमाया मगजु, छोराहरू विष्णुभक्त मगजु, राम मगजु र लक्ष्मण मगजु तथा छोरीहरू विष्णुमाया मगजु र नानीमैया मगजु हुनुहुन्छ। उहाँ नगांचा बाँसुरी बाजा समूहसँग आवद्ध हुनुहुन्छ। उहाँले वि.सं. २०५६ सालदेखि लालाखिं र पछिमा खिंको प्रशिक्षण दिँदै आउनुभएको छ। उहाँ पछिमा र लालाखिं, छुस्या र ढलक बजाउन निपूण हुनुहुन्छ। पछिमा बाजामा प्रताल, जति, पलिंमा र तातली लगायतका बोलहरू प्रयोग गरिन्छ।

**पछिमा र ढलकको संक्षिप्त परिचय :**

पछिमा बाजा विशेष गरी बाँसुरी बाजासँगै बजाइने बाजा हो। स्थानीय नेवारहरूको विभिन्न चाड पर्व र जात्रामा देवी देवता स्थलमा पूजा गर्न जाँदा बाँसुरी बाजासँगै पछिमा र ढलक बजाउने प्रचलन छ। नगांचा बाँसुरी बाजा समूह दोलखा भिमसेन स्थान, बाराको तपस्या स्थललगायतका विभिन्न



ठाउँहरूमा समेत गई प्रस्तुत गरिसकेको छ। साथै यो समूहले नयाँ वर्षको भिन्तुना ग्याली, तःमुंज्या, विस्केट जात्रा, तिहारलगायत विभिन्न चाड पर्वहरूमा पनि बाँसुरी बाजा प्रस्तुत गर्दै आएको छ।

# नेपालभाषा साहित्य तःमुंज्या भव्यताकासाथ सम्पन्न

'जनता म्वासा भाषा म्वाई' मूल नारा बोकेको नेपाल भाषा साहित्य तःमुंज्याको ३९ औं वृहत् साहित्य सम्मेलन र सांस्कृतिक कार्यक्रम असोज २३ र २४ गते सफलताकासाथ सम्पन्न भयो । नःपुखु परिसरमा आयोजित तःमुंज्यामा स्थापित एवम् नवोदित साहित्यकारहरूले आ-आफ्ना रचना वाचन गरेका थिए भने दुवैदिन बेलुका अबेरसम्म सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गरिएको थियो । विभिन्न क्षेत्रका व्यक्तित्वहरूले मन्तव्य राखेको सम्मेलनमा चिकित्सा, प्रहसन र सांस्कृतिक गुरुहरूलाई सम्मान गरिएको थियो ।

**पहिलो दिन**



उनन्चालीसौँ नेपालभाषा साहित्य तःमुंज्याको समुद्घाटन साहित्यकार, संस्कृतिविद्, संविधानविद्, शिक्षाविद्, जलस्रोतविद्, पूर्वजर्नेल, पत्रकार, प्राध्यापक, बुद्धिजीवी, किसान, मजदुर, विद्यार्थी, युवा, महिला, शिक्षक, कर्मचारी, उद्योगी–व्यवसायी तथा सर्वसाधारण जनताको उपस्थितिमा इताछेँ टोलका स्थानीय ज्येष्ठ नागरिक एवम् वाद्यवादन गुरू गोपसीं बोय्जूले असोज २३ गते बाँसुरी बाजाको धुनसँगै गर्नुभयो ।

उक्त साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लामो समयदेखि स्वास्थ्य सेवामा समर्पित चिकित्सक डा. अशोकानन्द मिश्र र वरिष्ठ हाँस्य कलाकार ध्रुवरत्न हाडालाई कदरपत्रसहित सम्मान गर्नुभएको थियो ।

साहित्य सम्मेलनमा सम्मानित वरिष्ठ चिकित्सक डा. अशोकानन्द मिश्रको व्यक्तित्वबारे चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले डा.मिश्र जनताको सेवा गर्ने जनताको चिकित्सक भएको बताउनुभयो ।

उहाँले अध्ययनशील, तीक्ष्ण बुद्धि र सुसंस्कृत परिवारमा हुर्कनुभएका डा. मिश्र मानिसलाई खुशी बनाउन वा मानिस रिसाउला भनी झुठो बोल्ने स्वभाव मन नपराउने व्यक्तित्व भएको बताउनुभयो ।

भारतमा राजनीतिक निर्वासनका दिनहरू स्मरण गर्नुहुँदै उहाँले प्रतिकूल परिस्थितिमा पनि डा.मिश्रले सधैं इमानदारीको पक्ष लिएको बताउनुभयो ।

जनताको सेवा गर्ने असल मानिसको सम्मान गरे अरू मानिसलाई पनि असल गुण अनुकरण गर्न प्रेरणा मिल्ने विचार राख्नुहुँदै उहाँले गुणको बदला गुणले तिर्न सके मानिस अरुको सेवा गर्न उत्साहित हुने धारणा राख्नुभयो ।

'डा. मिश्र कुनै पनि रोगीको रोग आफूले हेरेपछि समस्या समाधान नहुञ्जेल लगातार लागिरहने स्वभावको हुनुहुन्छ', उहाँले भन्नुभयो ।

बिजुक्छेँले जुनसुकै ठाउँमा गए पनि जनताको सेवा गर्ने स्वभावका डा.मिश्र जनताको सेवा गरेर नथाक्ने चिकित्सक भएको बताउनुभयो ।

अर्का सम्मानित व्यक्ति ध्रुव हाडाबारे बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले अभिनय र संवादमार्फत जनतालाई हँसाउने अभिनय

कला नयाँ पुस्तालाई पनि सिकाउने जाँगर प्रशंसनीय भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाअन्तर्गत भइरहेका गतिविधिबारे प्रकाश पार्नुहुँदै स्थानीय तहलाई बलियो बनाउन सके जनता र लोकतन्त्र बलियो हुने बताउनुभयो । (मन्तव्य पृष्ठ १९ मा)

कार्यक्रममा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले देशको मुहार फेर्न इमानदार, चरित्रवान र निःस्वार्थपूर्वक देश र जनताको सेवा गर्ने नेताहरूको खाँचो भएको औँल्याउनुभयो ।

राजनीतिको नाममा अकुत सम्पत्ति कमाएर सत्तामा गएका पार्टीका नेताहरू पथभ्रष्ट र चरित्र भ्रष्ट भइरहेकै कारण देशको स्थिति बिग्रिरहेको उहाँले बताउनुभयो ।

संस्कृतिविद् हरिराम जोशीले धर्म, संस्कृति, भाषा, साहित्य र इतिहास जगेर्ना गर्न आफ्नै मातृभाषाको प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै देश अक्षुण राख्न शासन व्यवस्था सधैँ राम्रो हुनुपर्छ भन्नुभयो ।

वरिष्ठ पत्रकार भैरव रिसालले कम्युनिस्ट भनिनेहरू शासक पार्टीहरू कम्युनिस्ट नभएको हुँदा देशले दुर्गति भोग्नुपरेको चर्चा गर्नुहुँदै लिपुलेक र कालापानीको मुद्दा टुङ्ग्याउन सरकारले कूटनीतिक पहल गर्नुपर्ने बताउनुभयो ।

नेपाली जनताले जनताका राष्ट्रपति खोजेको तर नयाँ राजा पाएकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, 'राजनीति सबैको आधार हो, राजनीतिलाई मूल रूपमा लिनुपर्छ ।'

कार्यक्रममा सम्मानित वरिष्ठ चिकित्सक डा. अशोकानन्द मिश्रले भक्तपुर अस्पतालमा काम गर्दाको स्मरण र अनुभव व्यक्त गर्नुहुँदै आफ्नो प्राथमिकता बिरामीको सेवा नै भएको बताउनुभयो ।

आफूलाई तःमुंज्याले गरेको सम्मानले बिरामीको सेवा गर्न थप हौसला मिलेको छ भन्नुहुँदै उहाँले सत्य रिपोर्ट दिँदा जागिरबाट हात धुनुपरेको घटना सुनाउनुभयो ।

अर्का सम्मानित वरिष्ठ हाँस्यकलाकार ध्रुवरत्न हाडाले सांस्कृतिक गतिविधिहरू बेलाबखत भइरहनुपर्नेमा जोड दिनुहुँदै नयाँ पुस्तालाई आफ्नो प्रतिभा हस्तान्तरण गर्न पाए कला क्षेत्र अझ अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

साहित्यकार मोहन दुवालले राजनीतिको नाउँमा कलङ्कित क्रियाकलाप गर्ने व्यक्तिहरूसित सधैँ सचेत र चनाखो हुनुपर्नेमा जोड दिनुहुँदै आफ्नो कविता वाचन गर्नुभयो ।

लेखक नरेन्द्र प्रसाइँले भक्तपुर राष्ट्रियता बोकेका कर्मठहरूको थलो भएको चर्चा गर्नुहुँदै नेकपाले सिद्धान्त र राष्ट्रियताको ध्वाङ फुकेर झूटको खेती गरिरहेको बताउनुभयो ।

उहाँले आफू कम्युनिस्ट हुन नपाए पनि सच्चा कम्युनिस्टहरूको सिद्धान्त, विचारको प्रचार गरिरहने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा डा. सरोज धिताल, कवयित्री इन्दिरा प्रसाइँ, सुलोचना मानन्धर, वरिष्ठ साहित्यकार लक्ष्मण राजवंशी, पूर्व जर्नेल प्रेमसिंह बस्न्यात, वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठ, भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टलगायतले आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

वरिष्ठ शिक्षक उद्धव सुजखूको सभापतित्वमा भएको सम्मेलनमा साहित्यकारहरू हरिहर तिमल्सिना, टेक राना, प्रेम के निडर, अभय श्रेष्ठलगायतका अग्रज तथा नयाँ साहित्यकारहरूले कविता तथा कथा वाचन गर्नुभएको थियो ।

सम्मेलनमा तःमुंज्या आयोजक समितिका अध्यक्ष श्यामसुन्दर माताले स्वागत मन्तव्य, गायकद्वय रवि हाडा र लक्ष्मण पलिखेलले स्वागत गीत गाउनुभएको थियो ।

समारोहमा डा. मिश्र र कलाकार हाडालाई सम्मान गर्दा धिताल ग्रुपको मालश्री धुन बजाइएको थियो ।



8f= czf]sfgGb ld>



snfsf/ wj/Tg xf8f

## दोस्रो दिन



३९ औं नेपालभाषा साहित्य त:मुंज्या (बृहत् साहित्य सम्मेलन) तथा सांस्कृतिक कार्यक्रमको दोश्रो दिन असोज २४ गते स्वागत गानबाट शुरु भयो ।

यस सम्मेलनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले सांस्कृतिक गुरूहरूलाई सम्मान गर्नुभयो । डाफा भजन गुरू गोपसिं बोय्जू, खिं गुरू हरिभक्त सुवाल, बाँसुरी बाजा गुरू काजीलाल बोय्जू र डाफा भजन गीत गुरू लक्ष्मीभक्त व्यान्जू सम्मानित हुनुभएको हो ।

सम्मेलनलाई सम्बोधन गर्नुहुँदै नेमकिपा अध्यक्ष बिजुक्छेँले संस्कृति संरक्षणको लागि लगातार समर्पित सांस्कृतिक गुरूहरूलाई सम्मान गर्ने त:मुंज्याको कार्यक्रम उपयुक्त भएको भन्नुहुँदै त:मुंज्या जनस्तरकै सहयोग र मिहिनेतबाट सफल हुने जनताको दबु भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले चीनको बेल्ट एन्ड रोड परियोजना (बीआरआई) लाई सैनिक गठबन्धन भनी संरा अमेरिकालगायत पश्चिमा देशहरूले गलत प्रचार गरिरहेको बताउनुभयो ।

उहाँले संरा अमेरिकी साम्राज्यवादले अघि सारेको मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) मा नेपाली कांग्रेसका पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाली जनतालाई थाहा नदिई हस्ताक्षर गर्नु देश हितमा नभएको चर्चा गर्नुहुँदै भन्नुभयो, 'नेपाल सार्कको अध्यक्ष देश भए पनि भारतको दबाबमा सार्कको बैठक नेपालले आमन्त्रण गरेको छैन ।'

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्थानीय तहको निर्वाचनमा नेमकिपाले सार्वजनिक गरेको घोषणापत्रअनुसार भक्तपुर नगरपालिकामा जनताको सेवा गरिरहेको बताउनुभयो । (मन्तव्य पृष्ठ २२ मा)

'शहीद' साप्ताहिक काठमाडौंका सम्पादक नारायण महर्जनले सरकारको अकर्मण्यताको कारण काठमाडौँको खोकना र बुङ्मतीका जनताले दु:ख भोग्नुपरेको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले सङ्घीयताको प्रयोग सही तरिकाबाट नहुँदा जनताको लागि सङ्घीयता भार बनिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'जनतालाई वर्षौंदेखि पिउने मनग्य पानी छैन, सरकार भने अझै पनि मेलम्चीको सपना बाँडेर थाकेको छैन ।'

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले जनता बाँचे भाषा बाँच्ने वास्तविकता चेतना भएको हरेक व्यक्तिले मनन गर्न सक्ने बताउनुभयो । जनताको साहित्य र भाषा संरक्षणको लागि त:मुंज्याले गर्दै आएको अभियान प्रशंसनीय भएको चर्चा गर्नुहुँदै उहाँले त:मुंज्या स्तरीय भाषाको दबु भएको प्रष्ट पार्नुभयो ।

मनोविद् धनरत्न शाक्यले आत्महत्या समाजमा विकराल समस्या बनेकोमा चिन्ता व्यक्त गर्नुहुँदै जीवनका समस्या समाधान गर्न नसक्ने व्यक्तिले मात्र आत्महत्याको बाटो रोज्ने गरेको बताउनुभयो ।

चिकित्सक डा. शम्भु पहाडीले अस्पतालमा चिकित्सकलाई सेवा गर्ने वातावरण नबन्दा बिरामी अन्यायमा परेको धारणा राख्नुहुँदै औषधि तीतो भएजस्तै कतिपय साहित्य पनि तीतो हुने गरेको बताउनुभयो ।

लेखक शास्त्रदत्त पन्तले विदेशीको भरमा शासन चलाउने शासकहरूले देशलाई कहिल्यै आत्मनिर्भर बनाउन नसक्ने

विचार राख्नुहुँदै देश लुट्नेहरूलाई जनताबीच उदाङ्ग्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । राजनीति गरेर अकुत सम्पत्ति आय आर्जन गर्ने कम्युनिस्ट भनिने नेताहरू पैसाकै निम्ति मन्त्री बन्न तँछाडमछाड गरिरहेको दृष्टान्त उल्लेख गर्नुहुँदै उहाँले देश र जनताप्रति समर्पित नेताहरूको देशमा खाँचो छ भन्नुभयो ।

वरिष्ठ अधिवक्ता भीमार्जुन आचार्यले देशमा इमानको राजनीति गर्ने नेताहरूको अभाव भएकोमा चिन्ता व्यक्त गर्नुहुँदै जनताको विश्वास नभएको संविधान लामो समय नटिक्ने विचार व्यक्त गर्नुभयो ।

राज्य व्यवस्था सञ्चालन गर्न विदेशीसँग ऋण मागेर कम्युनिस्टको सरकारले संसारमा कसैले नगरेको काम गरेर देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुऱ्याउने काम गरेको उल्लेख गर्नुहुँदै उहाँले नेपाल मनपरी गर्ने सत्तासीन दलको निजी देश होइन भन्नुभयो ।

कवि डा. रामप्रसाद ज्ञवालीले पूँजीवादले व्यक्तिवादी र स्वार्थी भावना विकास गर्ने हुँदा प्रत्येक राजनीतिज्ञ र साहित्यकारले त्यसको विरोधमा बोल्नुपर्ने र साहित्य लेख्नुपर्नेमा जोड दिनुहुँदै शासक वर्गले युवाहरूको श्रमशक्तिलाई विदेशमा लगेर रेमिट्यान्सको आम्दानीबाट देश सञ्चालन गरिरहेको दाबी दास मनोवृत्ति हो भन्नुभयो ।

कवि ज्ञवालीले भन्नुभयो, 'राजनीतिको विकल्प राजनीति नै हो तर खराब राजनीति छोडेर असल राजनीति गर्नुपर्छ ।'

डा. पुकारचन्द्र श्रेष्ठले देशकै लागि उदाहरणीय कार्य गरिरहेको मृगौला प्रत्यारोपण केन्द्रलाई राजनीतिकरण गर्न खोजेको आरोप सत्ताधारी नेताहरूले लगाएकोमा चिन्ता व्यक्त गर्नुहुँदै केन्द्रलाई स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने योजना रहेको बताउनुभयो ।

डा. श्रेष्ठले नेपालमै पहिलोपटक मुटुको सम्पूर्ण उपचार सेवा भक्तपुरस्थित मृगौला प्रत्यारोपण केन्द्रले काम थालेको चर्चा गर्नुहुँदै नेमकिपाको कारण नातेदारबाट मृगौला प्रत्यारोपण गर्नसक्ने सेवा जनताले पाएको हो भन्नुभयो ।

संस्कृतिविद् तीर्थबहादुर श्रेष्ठले नेवार समुदायको अनेक रीतिथिति, संस्कार र पर्वमा विज्ञान लुकेको स्पष्ट पार्नुहुँदै ती रीतिथिति र संस्कारको लेखाजोखा, अन्वेषण गरी तथ्याङ्क सङ्कलन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । भाषा, संस्कृति र कलाको संरक्षण सोही समुदायले नै गर्नुपर्ने उहाँको जोड थियो ।

प्रा.डा. जट्टाधर झाले सोभियत सङ्घमा लेनिनले गर्नुभएको योगदानको चर्चा गर्नुहुँदै 'लेनिन तिमी सदा जीवित छौ !' भन्ने कविता वाचन गर्नुभयो ।

स्त्रीरोग विशेषज्ञ डा. सानुमाया श्रेष्ठले भक्तपुरमा महिलाहरूको लागि गरेको स्वास्थ्य सेवा जीवनभर स्मरणीय भइरहने विचार राख्नुहुँदै स्त्रीसम्बन्धी शिविर खोलेर चेतना जगाउने काममा सहयोग गरेको बताउनुभयो । उहाँले महिला स्वस्थ भएमा समग्र परिवार स्वस्थ रहने हुँदा महिलाहरू चनाखो हुनुपर्नेमा जोड दिनुभयो ।

सम्पदा संरक्षणमा लागिपरेका भावगतनरसिं प्रधानले सत्ता र शक्तिको आडमा काठमाडौँको सार्वजनिक कमलपोखरीलाई छायादेवी कम्प्लेक्सको व्यापारिक भवन बनाएर कालो दाग लाग्ने काम गरेको उल्लेख गर्नुभयो ।

लेखक शिशिर वैद्यले साहित्य भाषाको सेवा गर्ने कलात्मक विधा हो, भाषाविना कुनै पनि जनजातिको अस्तित्व कायम नहुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा लेखक योगेन्द्रमान श्रेष्ठ, धर्म राजकर्णिकार, कृष्णलाल प्रधानलगायतले बोल्नुभएको थियो ।

अधिवक्ता अनिता जधारीको सभापतित्वमा भएको सो सम्मेलनमा आयोजक समितिका उपाध्यक्ष गणेशप्रसाद सुवालले स्वागत मन्तव्य, कोषाध्यक्ष प्रनेश बाटीले आय-व्यय प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको बीच-बीचमा अग्रज तथा नयाँ साहित्यकारहरूको कविता, कथा र गीत प्रस्तुत गरिएको थियो ।

साहित्यिक प्रतियोगिताअन्तर्गत निबन्ध विधामा एल. के. सुन्दर पहिलो र प्रेम के निडर दोस्रो हुन सफल भए भने ओम धौभडेललाई विशेष पुरस्कार प्रदान गरियो । त्यस्तै कवितातर्फ केशव तमखू पहिलो, भक्तलक्ष्मी भासिमा दोस्रो, सुनिता गाइसी तेस्रो र पृथ्वीकुमार प्रजापति सान्त्वना हुन सफल भए ।






;Ddflgt u?x? qmdz M ufkfn; afFh;xl/eeQm ;fn, sfhlnfnf afFh'/ nldleQm Aofh'

"Creation of predecessors — Our art and culture"

# 'सार्वजनिक सम्पत्ति रक्षा गर्न नगरपालिका दृढताकासाथ लागिरहने छ'

- सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

नेपालभाषा साहित्य तःमुंज्याले भाषा र संस्कृतिको क्षेत्रमा ३९ वर्षदेखि निरन्तर योगदान गर्दै आएको छ। यो अत्यन्त सराहनीय काम हो। तःमुंज्याले निरन्तर देश जनताको सेवा गर्न सकोस् हार्दिक शुभकामना दिन्छु।

अहिले चर्चामा रहेका भक्तपुरका केही विषयहरूबारे म यहाँ स्पष्ट पार्न चाहन्छु :

**१. सल्लाघारीस्थित १०८ रोपनी जग्गा सम्बन्धमा :**

हालै उपप्रधान तथा रक्षामन्त्री इश्वर पोखरेलले भनपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गाको निरीक्षण गर्नुभयो। त्यसपछि त्यो जग्गाबारे निकै चर्चा चल्यो। ९९ रोपनी नाउँले चर्चित उक्त जग्गा राजा वीरेन्द्रको पालामा मोहीलाई रु. ६००।- र जग्गाधनीलाई रु. १२००।- गरी प्रति रोपनी रु. १८००।- का दरले अधिग्रहण गरिएको थियो। कति जग्गावालाहरूले अहिलेसम्म पनि त्यसको मुआब्जा लिन सकेका छैनन्। लामो समयसम्म बाँझो रहेको उक्त जग्गा ख्वप विश्वविद्यालय स्थापनाको लागि भक्तपुर नगरपालिकाले माग गर्दै आएको हो।

नेपालमा गणतन्त्र स्थापनापछि उक्त जग्गा नेपाल ट्रष्टको नाउँमा नामसारी भयो। नेपाल ट्रष्ट ऐन निर्माण हुँदा लामै छलफल भयो। हामी पनि उक्त विधेयक निर्माणमा सहभागी थियौं। तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्याको र निजको हक पुग्ने सम्पत्ति नेपाल ट्रष्टको नाउँमा राख्ने र त्यो सम्पत्ति शिक्षा र स्वास्थ्यमा मात्रै प्रयोग गर्ने सहमतिअनुसार नेपाल ट्रष्ट ऐन २०६४ संसद्बाट पारीत भयो।

ऐनमा नेपाल ट्रष्टको सम्पत्ति निम्नबमोजिम प्रयोग गर्ने व्यवस्था गरियो -

१. विद्यालय, महाविद्यालय, विश्वविद्यालयजस्ता प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्ने वा त्यस्तो सञ्चालन गर्न अनुदान दिने,

२. अस्पताल वा स्वास्थ्य चौकीजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्ने।

ऐनको उद्देश्यअनुसार भक्तपुर नगरपालिकाले सल्लाघारीको जग्गा ख्वप विश्वविद्यालयको लागि माग गर्दै आएको हो तर सरकारमा गएका दलहरूले त्यसलाई बेवास्ता गरिरहे।

नेपाल ट्रष्टको सम्पत्ति सरकारको सम्पत्ति हो अर्थात्



त्यो जनताको सम्पत्ति हो। कतिले 'त्यो सरकारको सम्पत्ति होइन, नेपाल ट्रष्ट अलग संस्था हो। त्यो संस्थाको जग्गामा नगरपालिकाले छुन मिल्दैन' भन्दै छन्। प्रधानमन्त्री संरक्षक, नेपाल ट्रष्टको सञ्चालक समितिका अध्यक्ष गृहमन्त्री (पहिले) हाल रक्षामन्त्री हुने र अन्य मन्त्री र सचिवहरू सदस्य रहने ट्रष्ट सरकारी नभइ के हो ? ती मित्रहरूले बुझ्नु पर्ने हो।

१०८ रोपनीको जग्गाधनी प्रमाण पूर्जामा २०२१ सालको नापीमा रोपनी १०८-२-० रहेछ। नगरपालिकाको प्राविधिक टोली पठाएर नापजाँच गर्दा जम्मा रोपनी १०६-४-३ मात्रै बाँकी छ। करिब रोपनी २-०-० जग्गा अतिक्रमण भइसकेको छ। हामीले त्यो जग्गा संरक्षणको लागि गृहमन्त्रालय, नेपाल ट्रष्टका नाउँमा पत्राचार गऱ्यौं। त्यहाँबाट कुनै पनि जवाफ पाएनौं। फोहर थुपार्ने, मोटरसाइकल, गाडी ट्रेनिङ गर्ने, गाईगोरु मरेको फाल्ने जस्ता काममा प्रयोग हुँदै आयो। नगरको प्रवेशद्वारमा त्यस्तो राख्नु अशोभनीय देखिएको हुँदा नगरपालिकाले संरक्षणको पहल गऱ्यो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले *'सार्वजनिक ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण गर्ने'* अधिकार नगरपालिकालाई प्रदान गरेको छ। त्यही अधिकार प्रयोग गर्दै रु. ९८ लाखको ल.इ. र पर्खालको नक्सा स्वीकृत गरी उपभोक्ता समितिमार्फत काम सुरु गरिएको हो। नगरपालिकाले पर्खाल लगाउने काम सुरु गरेपश्चात नेपाल ट्रष्टका पदाधिकारीहरू आउने क्रम सुरु भयो।

नेपाल ट्रष्टको टोलीको नेतृत्व गर्दै सचिव गजेन्द्र ठाकुर, सहसचिव राजेश्वर ज्ञवालीलगायतले उक्त जग्गाको

निरीक्षण गरी २०७५ चैत १ गते नगरपालिकामा आउनुभयो। नगरपालिका र ट्रष्टका पदाधिकारीहरूबीच बैठक भयो। उहाँहरूले खुशी हुँदै पर्खाल लगाएकोमा धन्यवाद दिनुभयो र बैठकले नेपाल ट्रष्टको स्वामित्वमा रहेको जग्गा भक्तपुरवासीको हितमा प्रयोग गर्ने, नगरपालिकाले लगाएको पर्खालमा सहमति दिँदै नगरपालिका र नेपाल ट्रष्टबीच संयुक्त प्राविधिक टोलीले पुनः नाप नक्सा गर्ने निर्णय गऱ्यो र उक्त निर्णयअनुसार संयुक्त प्राविधिक टोलीले नाप नक्सा पनि सम्पन्न गरिसकेको छ।

२०७६ असार १५ गते नेपाल ट्रष्टका पदाधिकारी याङजोङ शेर्पाको टोलीले पुनः निरीक्षण गऱ्यो।

यसरी नेपाल ट्रष्टका पदाधिकारीहरूसित पटक पटक छलफल गरी समन्वयमा कार्य अगाडि बढाइरहेकोमा नेकपाका कार्यकर्ताहरू विशेषगरी भक्तपुर क्षेत्र नं. २ का सांसद, प्रदेश सांसदहरू, सूर्यविनायकका प्रमुख, वडाध्यक्षसहितको व्यक्तिहरू, उपप्रधान तथा रक्षामन्त्री इश्वर पोखरेल र नेपाल ट्रष्टमा गई भक्तपुर नगरपालिकाले पर्खाल बनाएको रोक्न दबाब दिन पुगे। 'ख्वप विश्वविद्यालय बनाउन लाग्यो, नगरपालिकाकै स्वामित्व कायम गर्न खोज्यो' जस्ता झूटा र कपोल्कल्पित कुरा गरेर काम रोक्न दबाब दिन गएका रहेछन्। यी सबै कुरा पछिल्ला भेटहरूमा थाहा भयो। सरकारी जग्गा नगरपालिकाले संरक्षण गर्न खोज्दा रोक्न खोज्नेहरू जनप्रतिनिधिका आवरणमा रहेका जनविरोधीहरू हुन्, समाजका कलङ्क हुन्। त्यस्ता जनविरोधीहरूलाई जनताले घृणा गर्नुपर्छ, छिछि र दुर्दुर् गर्नुपर्छ। यस्ताहरूले जनताको हितमा काम गर्छ भनी सोच्नु नै ठूलो भूल हुनेछ।

नेपाल ट्रष्टले भन्यो –'नगरपालिकाले ट्रष्टको जग्गाको पैसा उठायो। त्यो मिल्दैन।'

हामीले नगरपालिका कुनै एनजिओ नभएको, स्थानीय सरकार भएकोले ऐनभित्रै बसेर काम गरिरहेको बतायौं। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नगरपालिकाले 'व्यापार, व्यवसाय वा सेवा व्यवसायमा कर उठाउन पाउने, त्यस्तै सरकारी जग्गामा बहाल बिटौरी, शुल्क उठाउन पाउने' व्यवस्था छ।

नेपाल ट्रष्टका अनुसार नेपाल ट्रष्टसँग हाल २७ हजार रोपनी जग्गा छ। त्यसमध्ये २० हजार रोपनी वन जङ्गल र ७ हजार रोपनी अत्यन्त महत्त्वपूर्ण स्थानमा छ। नगद करिब रु.७५ करोड, १ लाख ३९ हजार अमेरिकी डलर र ७५ हजार स्टर्लिङ पौण्ड गरी कुल ७८ करोड रहेको छ। हरेक वर्ष ८ करोड ब्याज ९ करोड बहाल गरी १७ करोड आम्दानी जम्मा हुन्छ। केही समय अघिसम्म त्यो एक पैसा पनि नेपाल ट्रष्टले खर्च गर्न पाउँदैनथ्यो। हालको संशोधनले ब्याजको १० प्रतिशत अर्थात् वर्षको ८० लाखजति खर्च गर्न पाउने व्यवस्था भएको छ।

त्यो जग्गा भक्तपुरवासीको हो भक्तपुरवासीकै हितमा प्रयोग गर्नुपर्छ। नगरपालिका यसमा दृढतासाथ लागि रहनेछ।

**२) सल्लाघारी च्वङा गणेशसमेतको जग्गाबारे :**

भनपा वडा नं. १ सल्लाघारी च्वङा गणेश मन्दिरसहितको १४० रोपनी ९ आना जग्गा २०२१ सालमा पर्ति जनिई नापी भएको जग्गा हो। स्थानीय जनताले सांस्कृतिक पर्वहरूमा पूजाआजा गर्ने, धार्मिक आस्थाका रूपमा सार्वजनिक रूपमा उपभोग गर्दै आएको छ। च्वङा गणेश मन्दिर, पाटी, सत्तल, रानीपोखरीसमेतको रहेका जग्गा २०४० सालमा सैनिक महाविद्यालयको नाउँमा दर्ता गरी निरन्तर सैनिकहरूले भोग गर्न थाले। पटक पटक च्वङा गणेशमा पूजाआजा गर्दा वा कुनै सुधारका कामहरू गर्दा तथा रानीपोखरीमा अवस्थित देवाली पूजाको बेला विवादहरू भए।

हामी निर्वाचित हुनुपूर्व र निर्वाचित भएपछि पनि च्वङा गणेश मन्दिर क्षेत्र, रानी पोखरी, दुग्ध चिस्यान केन्द्र रहेको जग्गा, सिद्धपोखरीको उत्तरतर्फको खेल मैदान नगरपालिकामा आउनुपर्ने माग गर्दै पत्राचार गऱ्यौं। सिद्धपोखरी उत्तरतर्फको खेलमैदान तत्कालीन प्रधान सेनापति प्रज्ज्वल शमशेर राणासँग सम्झौता गरी दिनको दुई समय बिहान र बेलुका भक्तपुरवासीले खेल्न पाएका थिए। द्वन्द्वकालपछि त्यो पनि बन्द भयो। हामीले रक्षामन्त्रालय, नेपाली सेनासँग यसबारे पटक पटक पत्राचार गऱ्यौं।

२०७५ चैत महिनामा प्रधान सेनापति पुर्णचन्द्र थापासित भेट्ने अवसर मिल्यो। उहाँलाई सबै विषयमा लिखितरूपमा जानकारी गरायौं। उहाँ भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सांस्कृतिक सम्पदा पुनःनिर्माणमा गर्दै आएको कामबारे परिचित भएको पायौं। जेठ १ गते नेपाली सेनाबाट पत्र प्राप्त भयो। पत्रमा *'रानीपोखरीको नाप नक्सा नगरपालिका र सेनाको प्राविधिक टोलीले संयुक्त रूपमा गर्ने, पोखरी नगरपालिकाले मौलिक शैलीमै पुनर्निर्माण गर्ने, पुरातात्त्विक वस्तुहरूको संरक्षण गर्ने, सीसी क्यामेरा जडान गर्ने र बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म सर्वसाधारण जनताको लागि खुला गर्ने'* उल्लेख छ।

दुग्ध चिस्यान केन्द्र क्षेत्रमा पार्किङस्थल बनाउने तथा सिद्धपोखरी उत्तरतर्फ खेलमैदान नगरपालिकाले काँडेतार लगाइ त्यसको मर्मत सम्भार नगरपालिकाले गर्ने र निश्चित समय हरेक दिन सर्वसाधारण जनताको छोराछोरीको लागि खुला गर्ने उल्लेख गरिएको छ। पत्र प्राप्त हुनासाथ भनपाले बार लगाउन

सुरु गऱ्यो । खेल मैदानमा बार घेर्ने काम करिब अन्तिम चरणमा पुगिसकेको छ । रानी पोखरी निर्माण कार्य पनि धमाधम भइरहेको छ । यसरी जनताको सम्पत्ति संरक्षणमा नगरपालिकाले जोड दिइरहेको छ ।

**३) क्यान्सर अस्पताल सम्बन्धमा :**

भक्तपुर क्यान्सर अस्पताल स्थापना गर्न भक्तपुर नगरपालिकाले रोपनी ५-४-० जग्गा २०५८ सालमा र त्यसपछि सञ्चालन गर्न २० लाख रूपैयाँ दिएको थियो । नगरपालिकाका प्रमुख क्यान्सर अस्पताल सञ्चालक समितिको उपाध्यक्ष र भक्तपुरबाट निर्वाचित सांसदहरू सल्लाहकार तथा स्वास्थ्य मन्त्रालयका प्रतिनिधि सदस्य रहने व्यवस्था थियो । भक्तपुर नगरपालिकाले जग्गा प्रदान गर्दा उक्त जग्गा कुनै व्यक्ति वा संस्थालाई प्रयोग गर्न हक हस्तान्तरण गर्न नपाइने, उक्त जग्गामा कुनै भौतिक संरचना निर्माण गर्दा नक्सापास गरेर मात्रै गर्नुपर्नेलगायतका शर्तहरू राखिएको थियो । क्यान्सर अस्पतालका पूर्व पदाधिकारीहरूले ती सबै सर्तहरू उल्लङ्घन गरे । नगरपालिकाका प्रमुख, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि र निर्वाचित सांसदहरूलाई हटाएर भक्तपुरमा दर्ता नै नभएका गैरसरकारी संस्था ९ल्इ० नेपाल अर्बुद रोग निवारण संस्थाले उपभोग गरिरहेको देखियो, साथै कुनै पनि संरचना निर्माण गर्दा नक्सा पास गरेको देखिएन ।

क्यान्सर अस्पतालभित्र आर्थिक अनियमितताका विषयहरू धेरै पत्र पत्रिकाले लेख्न थालेपछि पटक-पटक तत्कालीन पदाधिकारीहरूसँग सम्पर्क गर्न खोज्यौं । छलफलबाट सत्य तथ्य पत्ता लगाएर समस्या समाधान गर्ने हाम्रो प्रयास सफल भएन ।

हामीले पत्रपत्रिकाले लेखेका विषयहरूबारे अध्ययन गऱ्यौं । ३८ जना कर्मचारीको तलब अस्पतालबाट मासिक रु. २६,५००।- बुझेर कर्मचारीहरूलाई रु. १३०००।- मात्रै दिने गरेको पायौं । भरोसा सर्भिसेज कम्पनीबाट कर्मचारी आपूर्ति गर्ने गरिएकोमा कम्पनी सञ्चालक अस्पताल व्यवस्थापन समितिका सदस्य विमल होडाको रहेछ । आफू संलग्न कम्पनीबाट आफै सञ्चालक रहेको अस्पतालमा जनशक्ति आपूर्ति गर्नु सिधै गैरकानुनी काम हो । मजदुरहरूबाट मात्रै मासिक रु. ५ लाखभन्दा बढी भ्रष्टाचार गरिरहेको प्रमाण भेटिएपछि अन्य विषय खोजी भयो । त्यस क्रममा वार्षिक रु. १६ करोड आम्दानी भएको अस्पतालमा रु. १ करोडको मात्रै कर चुक्ता योग्य देखाएको, सिटी स्क्यानमा रु. ८२ लाखमात्रै आम्दानी देखाई अन्य आम्दानी लुकाएको, ल्याबमा केही समय अघिसम्म ५६ प्रतिशत अस्पताललाई ४४ प्रतिशत सञ्चालकलाई दिई सञ्चालक स्वयम्ले कर्मचारीको भार व्यहोरी आएकोमा २०७४/९/३ गतेबाट ४५ प्रतिशत अस्पताललाई लिने र सम्पूर्ण कर्मचारी अस्पतालले व्यहोर्ने गरी मासिक लाखौं रूपैयाँ अस्पताललाई घाटामा पुऱ्याएको देखिएपछि हामीले छलफल गऱ्यौं ।

आर्थिक अनियमितताको विरोधमा कर्मचारी चिकित्सकहरू उठे । कार्यरत स्टाफहरूले अस्पतालले व्यवस्थापन समिति गठन गर्न आग्रहसहित निवेदन दिए, स्थानीय जनताले पनि अनियमितता गर्नेहरूलाई कारबाही गर्न मागसहित निवेदन दर्ता गरे । त्यसपछि जनभावनाअनुसार २०७६ साउन ३० गते नगर प्रमुखको अध्यक्षतामा क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गर्ने निर्णय भयो ।

नगरपालिकाले व्यवस्थापन समिति गठन गरेपछि जनता खुशी छन् । तर, केही सांसदहरू वास्तविकता नबुझी हावाका भरमा 'बिरामीहरू अलपत्र परे, सेवामा अवरोध भयो' भनेर संसद्मा बोल्न थाले । तथ्यले ती सांसदहरूको कुरा झूट प्रमाणित गर्दछ ।

नगरपालिकाले लिनुअघि साउन महिनामा बिरामी जम्मा ८,७०९ जनाले उपचार पाए भने भदौ महिनामा त्यो बढेर ८,९३८ जनाले अर्थात् भदौ महिनामा २२९ जना बढीले उपचार पाए ।

आर्थिकरूपले हेर्दा साउन महिनामा रु. १ करोड ८९ लाख २२ हजार ५ सय आम्दानी भयो भने भदौ महिनामा १ करोड ९८ लाख ६१ हजार ५ सय आम्दानी भयो । ९ लाख ५६ हजार आम्दानी बृद्धी भएको देखिएको छ ।

अस्पतालप्रति कर्मचारी, स्थानीय जनताको अझ विश्वास बढेको छ । यस्तो अवस्थामा प्रदेश नं. ३ का मुख्यमन्त्री डोरमणि पौडेलले 'नगरपालिकाले अधिकार नाघेर काम गरेकोले प्रदेश सरकार चुप लागेर नबस्ने' बताए । स्थानीय सरकारलाई अस्पताल सञ्चालनको अधिकार नभए एनजीओले कसरी र कहाँबाट अस्पताल सञ्चालनका स्वीकृति पायो ? बोल्न पायौ भन्दैमा जथाभावी नबोल्न हाम्रो आग्रह छ ।

क्यान्सर अस्पताल पनि जनताको सम्पत्ति हो । त्यसको संरक्षण पनि जनताले नै गर्ने छन् । नगरपालिका जनताको हितमा जस्तोसुकै अप्ठेरोबीच पनि काम गर्न सँधै तयार छ । धन्यवाद !

*(३९ औं नेपालभाषा साहित्य तःमुंज्यामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा असोज २३ गते व्यक्त मन्तव्यको सार-सम्पादक)*

# ‘स्मार्ट सिटी’ सुन्दा आकर्षक तर खतरनाक

**- रजनी जोशी, उपप्रमुख, भक्तपुर नपा**

गएको २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनपछि भक्तपुर नगरपालिकाले आजसम्म गर्दै आएका काम नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार हुँदै आएको छ। भक्तपुर नगरका आधारभूत आवश्यकता पूरा गर्न नगरपालिकाले अथकरूपमा काम गर्दै आएको नगरवासीले देख्नुभएको हामीले विश्वास गरेका छौँ। नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणलाई प्राथमिकता दिँदै आएको छ। नगरवासीलाई शिक्षित बनाउन सके नगरलाई व्यवस्थितरूपमा अघि बढाउन सकिन्छ। भक्तपुर नगरले शिक्षामा गरेको प्रगतिका कारण एउटा अनुकरणीय नगर बन्दै गएको सुनिन्छ। नगरवासीका छोराछोरी आर्थिकरूपमा विपन्न हुँदा उच्च शिक्षा हासिल गर्न नसकेको अवस्थामा नगरपालिकाले पाँच लाखसम्म सहुलियत दरमा ऋण सहयोग गर्दै आएको छ।

इतिहास, भूगोल, कला-संस्कृति र राजनीतिशास्त्र पनि महत्त्वपूर्ण विषय हुन्। डाक्टर र इन्जिनियरिङजस्तै ती विषय पनि समाजको लागि महत्त्वपूर्ण छन्। तर, ती विषय अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या कम हुँदै गएको छ। ती विषयमा भक्तपुर नगरपालिकाले छात्रवृत्ति प्रदान गर्दै आएको छ। शिक्षाका हरेक विषयहरूमा अनुसन्धान र अन्वेषण गरी लिपिबद्ध गर्ने काम पनि नगरपालिकाले अघि बढाइरहेको छ। आज लिपिबद्ध बनाइएको ज्ञानले अब आउने नयाँ पुस्ताको लागि सहज बन्ने छ।

शिक्षाको केन्द्र यो नगरका जनताको स्वास्थ्य राम्रो होस् भनेर नगरवासीका घरदैलोमा नपाले नर्स पठाइरहेको छ। नगरवासीको घरदैलोमा परिचालित नर्सहरूले दिनुभएको प्रतिवेदनअनुसार नगरमा थाइराइड, चिनी रोग, क्यान्सर, प्रेसर आदि रोगका बिरामी धेरै देखिएका छन्। त्यसकारण नगरपालिकाले मृगौला फेर्ने, मुटुरोगी, क्यान्सर, मस्तिष्कघात भएका नगरवासीलाई दस हजारसम्मको सहयोग गर्दैआएको छ। भदौको अन्तिमसम्ममा यस्ता रोगका रोगीलाई प्रदान गरिएको सहयोगको आँकडा हेर्दा ८० जना बिरामीले नगरपालिकाबाट सहयोग प्राप्त गरेका छन्। तीमध्ये ३७ जना क्यान्सरका बिरामी छन्।

भक्तपुर नगरमा विभिन्न रोगका विशेषज्ञ तयार गर्ने मनसायले दुईजना चिकित्सकलाई एमडी पढ्न छात्रवृत्तिको बन्दोबस्त गरिएको छ। भक्तपुर नगरभित्रै अस्पतालहरू भएकोले नगरवासीलाई स्वास्थ्य उपचारको लागि सुविधा छ। नगरपालिकाले आधुनिक सुविधासम्पन्न अस्पताल पनि निर्माण गरिरहेको छ। आँखाको रोगीको पनि उपचारको बन्दोबस्त गरिएको छ। च्याम्हासिंहमा छाती रोग पुनःस्थापना केन्द्र स्थापनाको लागि भवन बन्दैछ। जापान सरकारको सहायता



संस्था जाइकाले सो केन्द्र निःसर्त स्थापना गर्न लागेको हो। उक्त केन्द्रमा छाती रोग, दमसम्बन्धी रोग भएका बिरामीले थेरापी गरी उपचार गर्नसक्नेछन्।

आजभन्दा सैँतीस वर्षअघि भक्तपुर नगरपालिकाका अग्रज जनप्रतिनिधिहरूले थालनी गरेको सरसफाइ अभियानलाई नगरपालिकाले निरन्तरता दिँदै आएको छ। नगरपालिकाले नगरवासीको सहभागितामा पाक्षिकरूपमा सरसफाइ कार्यक्रम गर्दै छ। हामी सबै मिलेर सरसफाइ अघि बढाएकै हुनाले भक्तपुर नगर सरसफाइमा उदाहरणीय नगर बनेको छ। तथापि अझै हामी सन्तुष्ट भइहाल्ने अवस्था पनि छैन। आज हामी सफा पानीमा हुर्कने लामखुट्टेले सार्ने डेँगुजस्तो नयाँ रोगले हामीलाई आक्रान्त बनाइरहेको छ। हाम्रो घर, चोकमा पानीलाई छोपेर राख्नुपर्ने पाठ पनि सिकाएको छ। अर्कोतिर हामीले वर्षाको पानी पनि सङ्कलन गर्नुपरेको छ किनभने हाम्रो नगरमा पानीको ठूलो अभाव छ। प्राविधिकरूपमा हामीले वर्षाको पानी सङ्कलन गर्नुपर्छ। त्यस्तो प्रविधिलाई रेन वाटर हार्भेटिङ भनिन्छ। प्राविधिकरूपमा वर्षाको पानी सङ्कलन गर्नसके पानी पनि जम्मा हुनेछ र डेँगुजस्तो रोगबाट हामी आक्रान्त हुने छैनौँ। नगरपालिकाको नारा ‘ज्ञान-विज्ञान र प्रविधिको केन्द्र’ पनि सार्थक हुनेछ।

हाम्रो नगरमा धेरै पोखरीहरू छन्। ती पोखरीले नगरलाई शोभायमान बनाएका छन्। पोखरीहरूले नगरमा पहिलेदेखि पानीको अभाव भएको इतिहास प्रतिबिम्बित गरेको छ। त्यसकारण नगरपालिकाले पानी शुद्धीकरण गर्ने, सरसफाइ गर्ने र फोहोरा बनाएर डेँगुजस्तो रोगबाट जोगिन प्रयास गरिरहेको छ।

पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति भन्ने नारालाई भक्तपुर नगरपालिकाले आत्मसात गर्दै आएको छ। यही हाम्रो परिचय हो, यही हाम्रो सभ्यता हो। हाम्रो कला संस्कृतिको संरक्षण गर्नुपर्छ अनिमात्र नयाँ पुस्ताले

# नवनिर्मित नयाँ पाटी र शारीरिक व्यायाम स्थल उद्घाटन

भनपा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा नवनिर्मित नयाँ पाटी र शारीरिक व्यायाम स्थल उद्घाटन तथा शारीरिक व्यायाम सामग्री न:पली सेजनानगर सेवा समितिलाई कार्तिक ६ गते हस्तान्तरण गर्नुभयो ।




कार्यक्रममा प्रमुख प्रजापतिले नपाका सबै ठाउँमा व्यायाम सामग्री राख्नुको मुख्य उद्देश्य सबै नागरिकहरूलाई स्वस्थ बनाउनु रहेको बताउनुहुँदै 'शारीरिक व्यायाम र खेलकुद मानव जीवनको अभिन्न अंग हो' भन्नुभयो ।

उहाँले समाजवाद उन्मुख व्यवस्थाअनुसार आफ्ना नीति तथा कार्यक्रमलाई अगाडि बढाइरहेको उल्लेख गर्नुहुँदै प्रत्येक नागरिकलाई सैनिक तालिम दिइने व्यवस्थाको माग नेपाल मजदुर किसान पार्टीले अगाडि सारेको बताउनुहुँदै खेलकुदमा सरिक व्यक्तिहरू तन्दुरुस्त हुने बताउनुभयो ।

सिद्धपोखरीको उत्तरतर्फको खेलमैदानमा भक्तपुर नपाले आयोजना गर्ने विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने जानकारी गराउनुहुँदै भाजुपोखरी, रानीपोखरी जस्ता ठूल्ठूला पोखरीहरू पुन:निर्माण कार्य तीव्र रूपमा अगाडि बढाइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपाभित्र रहेका पर्ति जग्गा र सरकारी जग्गालाई सही ढङ्गले सदुपयोग र संरक्षण गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले कुहिने र नकुहिने फोहोर अलग अलग छुट्याएर राख्न सबैलाई आह्वान गर्नुभयो ।

भक्तपुर नपाले सञ्चालन गरिरहेका कलेजप्रति देशभरिकै स्थानीय तहहरूको निम्ति चासोको विषय बनिरहेको र नपाको मुख्य उद्देश्य व्यापक जनताको हितमा काम गर्ने रहेको बताउनुहुँदै उहाँले नगरपालिका जनसहभागिता र व्यापक छलफलमार्फत् अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भनपा–१ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरवासीलाई शारीरिक रूपमा स्वस्थ राख्नको लागि नपाले १० वटै वडामा व्यायामस्थल व्यवस्थापन र व्यायाम सामग्री जडान गरिसकेको बताउनुभयो ।

उहाँले सिद्धपोखरीमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरूको सहजताको लागि पोखरीको पूर्वपट्टि पाटी सहितको शौचालय निर्माण गरिएको र यही आउँदो कार्तिक महिनामा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने जानकारी गराउनुभयो ।

वडा नं १ का पूर्व वडाध्यक्ष लक्ष्मीनारायण राजलवत नवनिर्मित पाटी उपभोक्ता समितिका अध्यक्ष गणेशभक्त कोजुले पनि बोल्नुभएको कार्यक्रममा समितिका कोषाध्यक्ष बाबुकाजी धौबन्जारले पाटी निर्माणको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै लागत इष्टिमेट ५९ लाख ९० हजार भएकोमा कूल खर्च ५२ लाख ३७ हजार भएको जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले न:पली सेजनानगर सेवा समितिलाई सृजनानगरमा राखिने व्यायाम सामग्री हस्तान्तरण गर्नुभयो ।

---

➲➲ त्यसलाई अङ्गीकार गर्नसक्नेछन् । हाम्रो सम्पदा भनेको मन्दिर, पाटी र देवालयमात्र होइनन्, तिनीहरूसँग जोडिएका सबै संस्कृति र रीतिरिवाज पनि हाम्रा सम्पदा हुन् । भौतिक सम्पत्तिसँगै सम्पदा र संस्कृति संरक्षण गर्न हामीले हाम्रा चाडपर्व, जात्राको संरक्षण जनताको सहभागितामा नगरपालिकाले गरिरहेको छ । यही क्रममा सापारु, घिन्ताङघिसी, बिस्का जात्रा, पुलुकिसि जात्रा आदि जात्रा–पर्वको संरक्षण गरिरहेका छौँ ।

२०७२ को भूकम्पले भत्काएका सम्पदालाई भक्तपुर नगरपालिकाले मौलिक प्रविधिअनुसार पुन: निर्माण गरिरहेको छ । उदाहरणको लागि, भक्तपुर दरबार क्षेत्रको वत्सलादेवी मन्दिर, भाज्या पुखु आदि । २०७४ देखि स्थानीय पाठ्यक्रममा कला संस्कृतिसँगै भूगोल र इतिहास आदिको पठनपाठन सुरु भइसकेको छ ।

नगरवासी जनता एकजुट भएमात्र हाम्रो सम्पदाको संरक्षण सम्भव हुन्छ । सम्पदा संरक्षणमा अथक प्रयास गरे पनि हाम्रो अघि चुनौती पनि उत्तिकै छन् । त्यसबारे हामी सचेत हुनुपरेको छ । काठमाडौँ उपत्यकामा चार वटा 'स्मार्ट सिटी'को अवधारणा अघि सारिएको छ । यसको लागि एक लाख रोपनी जग्गा तोकिएको छ । उपत्यकामा दसौँ लाख जनता भित्र्याएर अस्तव्यस्त बनाउने प्रपञ्च बुनिएको छ । 'स्मार्ट सिटी'को नाम सुन्दा आकर्षक सुनिए पनि त्यसले धेरैथरी चुनौती सामना गर्नुपर्नेछ । हाम्रो कृषियोग्य भूमि नष्ट हुनेछ, हाम्रो संस्कृति पनि लोप हुने सम्भावना छ । यस विषयमा जनता सचेत हुन जरुरी छ । साथै हाम्रो पहिचान र गौरव सङ्कटमा पर्नसक्छ । काठमाडौँ उपत्यकाको सभ्यता र गौरव इतिहासमामात्र रहन सक्छ । काठमाडौँ उपत्यकामा जग्गा बेचबिखन गर्न एकपल्ट फेरि सोच्नुपर्ने अवस्था छ । हाम्रो पहिचान सधैँ सधैँ जीवित हुनेमा आशावादी छौँ । नयाँ सहरको आवश्यकता काठमाडौँ उपत्यकामा भन्दा बाहिर आवश्यक भएको कुरा सरकारले विचार गर्नुपर्छ ।

*(३९ औँ त:मुंज्यामा असोज २४ गते दिनुभएको मन्तव्यको सार)*

# सिद्धपोखरीको उत्तरतर्फको खेलमैदानमा सरसफाइ सम्पन्न

भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सफाइ कार्यक्रम अन्तरगत कार्तिक १५ गते सिद्धपोखरीको उत्तरपट्टिको खेल मैदानको सरसफाइ भयो । उक्त मैदान भक्तपुर नपाको आयोजनामा मिति २०७६ कार्तिक १७ देखि २३ गते सम्म हुन गइरहेको भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता हुने स्थलहरू मध्येको एक हो ।

सरसफाइ कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नपाले आयोजना गर्न गइरहेको खेलकुदलाई महोत्सवको रूपमा मनाउनुपर्ने बताउनुभयो । भक्तपुर नगरलाई शिक्षित, स्वस्थ र खेलकुदमा अग्रसर नगरको रूपमा परिचित गराउन सबैले आ–आफ्नो तर्फबाट सहभागिता र सहयोगको लागि उहाँले आह्वान गर्नुभयो ।

भक्तपुर नगरपालिकाको सरसफाइ कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराउनुको मुख्य उद्देश्य सरसफाइ, अनुसन्धान, सम्पदा संरक्षणलगायतका कार्यहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्दै भविष्यसम्म निरन्तरताको लागि हो भन्नुहुँदै उहाँले समाजको सकारात्मक परिवर्तनको लागि सबैले हातेमालो गर्दै सिङ्गो देशको विकासको लागि नपाले अनुकरणीय कार्यहरू गर्दै जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर न.पा. वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नियमित सरसफाइ कार्यक्रमलाई जनप्रतिनिधि, कर्मचारीहरू, स्थानीय समाजसेवी र संघसंस्थाहरूले साझा जिम्मेवारी दायित्वको रूपमा लिनुपर्ने बताउनुहुँदै सरसफाइलाई प्रचारमुखीभन्दा पनि 'आफ्नो ठाउँ आफैं सफा गरौं' भन्ने भावनाले गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र समाजसेवी लक्ष्मी नारायण राजलवटले पनि बोल्नुभएको थियो ।

;/;kmf0sf s]xL b[Zox¿









# ख्वप माविमा प्रतियोगितात्मक सांस्कृतिक कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले चाडबाडको समयमा भड्किलो खर्च नगर्न र विदेशबाट आयात हुने सामानभन्दा यहाँकै मौलिक वस्तु प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

शुभ दिपावली, नेपाल संवत ११४० एवम् छठ पर्वको अवसरमा ख्वप मावि र शारदा माविको संयुक्त आयोजनामा कार्तिक ८ गते आयोजित सांस्कृतिक कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई सांस्कृतिक क्षेत्रमा अगाडि बढाउन सांस्कृतिक प्रतियोगिताको आवश्यकता औंल्याउनुहुँदै विद्यार्थीहरू राजनीतिक, सामाजिक, भौगोलिक रूपमा जानकार हुनुपर्छ भन्नुभयो ।

तिहारको लागि आवश्यक वस्तुहरूमा नेपाल आत्मनिर्भर हुन नसक्नुमा चिन्ता प्रकट गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यालयहरूमा प्रदर्शन हुने सांस्कृतिक प्रस्तुतीहरूहरू जनताको चेतनास्तर उकास्ने, समाजलाई रुपान्तरण गर्ने खालको हुनुपर्ने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य रुपक जोशीले सांस्कृतिक प्रस्तुती केबल मनोरञ्जनको लागि मात्र हुन नहुनेतर्फ सचेत गर्नुहुँदै समाजको वास्तविकता प्रस्तुत गर्ने मञ्चको रूपमा प्रयोग गर्न आह्वान गर्नुभयो ।

ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले नाचगानको राजधानी भनेर चिनिएको भक्तपुरका बासिन्दाहरू सबै कलाकार हुन् भन्नुभयो । उहाँले सांस्कृतिक मञ्चमार्फत् समाजको विकृति–बिसंगति र समाजमा हुनुपर्ने नयाँ कुरालाई रचनात्मक रूपमा प्रस्तुत गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना भएको बताउनुभयो ।

प्रतियोगितामा कलेजमा अध्ययनरत विभिन्न संकायका विद्यार्थीहरूले गीत, नृत्य र नाटकमा भाग लिएका थिए ।

# पाँच दिने भक्तपुर महोत्सव हुने

भक्तपुरको कला संस्कृति, जीवनशैली, स्थानीय उत्पादन लगायतको प्रबर्द्धन गर्दै आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्ने उद्देश्यका साथ भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७६ **चैत्र ४ गतेदेखि ८ गतेसम्म भक्तपुर महोत्सव** हुने भएको छ ।

भक्तपुर नगरपालिकाले जनाएअनुसार उक्त महोत्सवबाट यहाँको कला संस्कृति, परम्परागत उत्पादन, सीप, शैली र मौलिक जीवनशैलीलगायतको प्रबर्द्धन हुने र यसबाट आन्तरिक र वाह्य पर्यटन फस्टाउने अपेक्षा गरिएको छ । २०५४ सालमा नगरपालिकालेनै सम्पन्न गरेको भक्तपुर महोत्सव, २०६९ सालमा सम्पन्न गरेको भक्तपुर सडक महोत्सवको अनुभवबाट सिक्दै भक्तपुर नगरपालिकाले नेपाल पर्यटन वर्ष २०२० लाई समेत टेवा पुग्ने विश्वास लिएको छ । यसले स्थानीय उत्पादनले उचित बजार प्राप्त गरी उद्योगी र ब्यापारीहरू लाभान्वित हुने विश्वास लिएको छ । भक्तपुरको मौलिक परम्परागत उत्पादनहरू भादगाउँले कालो टोपी, हाकुपटासी, ताइचिन चिउरा, जुजु धौ, पौवा चित्र, धातुकला, काष्ठकला, मृत्तिका कलालगायतका उत्पादनहरू अझ प्रबर्द्धन हुने र यसले नेपालकै पर्यटन उद्योगलाई टेवा पुग्याउने अपेक्षा गरेको छ ।

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षति पुगेका यहाँका विश्व सम्पदामा सूचिकृत पुनःनिर्माण र जीर्णोद्धार भैसकेका सम्पदाहरूको प्रत्यक्ष अवलोकनको अवसर पर्यटकलाई प्रदान गर्नेछ । महोत्सवले स्थानीय पूर्वाधार विकास, सरसफाइ, रोजगारीको अवसर र आर्थिक गतिविधि वृद्धि गर्ने विश्वास लिएको छ । महोत्सवमा हस्तकलाको प्रदर्शनी, दही महोत्सव, खाना महोत्सव, व्यापार मेला, नौका विहार, शैक्षिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, चिकेन एण्ड एग फेस्टिबल, परम्परागत बाद्यबादन प्रतियोगिता, मौलिक नेवारी जीवनशैली प्रदर्शनी, परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता, मृत्तिका कला प्रदर्शनी, कृषि उत्पादनको व्यवसायिक प्रदर्शनी, महिला हस्तकला र सहकारी गतिविधि, पुस्तक र फोटो प्रदर्शनी, दीपावली, नौबाजा प्रदर्शनी, हलिमलि प्रदर्शनीलगायतका विभिन्न गतिविधिहरू समेटिने आयोजक भक्तपुर नगरपालिकाले जनाएको छ ।

भक्तपुर महोत्सवको लागि आवश्यक बजेटको व्यवस्थाको लागि भक्तपुर नगरपालिकाले रु १ करोड छुट्याएको जनाएको छ । महोत्सव भव्यताका साथ सम्पन्न गर्न विभिन्न सरोकारवालाहरू सम्मिलित मूल आयोजक समिति गठन गरिने पनि स्रोतले जनाएको छ ।

**बीबीएमका विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण**

# नयाँ कुरा पत्ता लगाउने उत्साहका साथ विद्यार्थीहरू अगाडि बढ्नुपर्ने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेजमा बीबीएम अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम कार्तिक ७ गते सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले विश्वविद्यालय अध्ययन–अनुसन्धानको अगुवाइ गर्ने केन्द्र हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राजनीतिक पूर्वाग्रह र शासक दलको सङ्कीर्णताले गर्दा पूर्वाधारहरू तयार भइसकेर पनि ख्वप विश्विवद्यालयले स्वीकृति नपाएको उहाँले बताउनुभयो ।

नयाँ–नयाँ कुरा सिक्ने अभिलाषाका साथ विद्यार्थीहरू सधैँ अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउँनुहुँदै उहाँले भन्नुभयो, 'अध्ययन कहिल्यै खेर जानेछैन । निराश भएर होइन नयाँ कुरा पत्ता लगाउने उत्साहका साथ विद्यार्थीहरू अगाडि बढ्नुपर्छ ।'




शिक्षा र अनुसन्धानको लागि राम्रो पुस्तकालय आवश्यक भएकोले भनपाका जनप्रतिनिधिहरूले सुविधा सम्पन्न पुस्तकालय सञ्चालन गर्ने अपेक्षा गर्नुहुँदै उहाँले भन्नुभयो, 'पुस्तकालय त्यस्तो होस् जहाँ तलाअनुसार बिहानदेखि बेलुकासम्म सञ्चालन हुने प्रयोगशाला कक्ष, अध्ययन कक्ष र सबै विषयको शिक्षा दिने प्राज्ञहरूको व्यवस्था होस् र सःशुल्क गुणस्तरीय चिया र खानाको व्यवस्था गर्ने चमेना गृह होस् ।'

समूहगतरूपमा अध्ययन–अनुसन्धान गर्ने परिपाटी आवश्यक भएको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले अनुसन्धानमा राम्रो भए देश अगाडि बढ्ने धारणा राख्नुभयो ।

सम्पन्न व्यक्तिहरूले जागीर खाने उद्देश्यले नभई समाज र देशको लागि सेवा गर्ने भावनाका साथ अध्ययन गर्नुपर्छ, उहाँले भन्नुभयो ।

चीन र संरा अमेरिकाबीचको व्यापार युद्धबारे जानकारी गराउँनुहुँदै उहाँले चीन र अमेरिकाबीचको व्यापार युद्धले कसैलाई फाइदा नहुने चीनको विचार सही रहेको बताउनुभयो ।

'अमेरिकी अर्थशास्त्रीले अनुमान गरेजस्तै सन् २०२१ सम्ममा चीन विश्व अर्थतन्त्रको पहिलो नम्बरमा पर्ने देखिएपछि संरा अमेरिका छटपटिएर चीनसँग व्यापार युद्ध छेडेको हो', अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो । चीनको विकास र समृद्धिबाट सिक्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'चीनले अरू देशलाई कहिल्यै ऋणमा डुबाउने छैन । चिनियाँ चरित्र र संस्कारले कहिल्यै पनि औपनिवेशिक नीति नअङ्गाल्ने स्पष्ट छ ।'

भनपाका प्रमुख एवम् ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भनपाले २० वर्ष अगाडि उच्च मावि सञ्चालन गरेको स्मरण गराउँनुहुँदै भन्नुभयो, 'शिशु स्याहारदेखि विश्वविद्यालयसम्म सञ्चालन गर्ने लक्ष्य लिई भनपा अगाडि बढिरहेको छ ।'

प्रमुख प्रजापतिले जोड दिनुभयो, 'हाम्रा विद्यार्थीहरू असल, सभ्य र देशभक्त हुनुपर्छ । समाजलाई सुसंस्कृत बनाउन सस्तो र गुणस्तरीय शिक्षा दिन भनपा तयार छ ।'

उपभोक्ता समितिमार्फत कार्य गराउँदा काम गुणस्तरीय हुनुको साथै अपनत्वको भावना हुने र स्थानीय रोजगार सृजना हुने भएकोले भनपाले उपभोक्ता समितिमार्फत विकास निर्माण गराइरहेको उहाँले बताउनुभयो ।

कलेज सञ्चालक समितिका सदस्य एवम् भनपा वडा नं. ९ का वडा सदस्य रविन्द्र ज्याख्वले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यका साथ भनपाले कलेजहरू सञ्चालन गरिरहेको र ख्वप कलेजहरू ब्राण्डको रूपमा चर्चित भइरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवाल र ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत एवम् विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्नुभयो ।

**स्थानीय तहको महालेखापरीक्षणसम्बन्धी छलफल**

# विदेशीको दबाब भक्तपुर नगरपालिकालाई अमान्य

महालेखा परीक्षकको कार्यालय काठमाडौंको आयोजनामा काठमाडौं उपत्यकास्थित स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखहरूसँग स्थानीय तहहरूले सम्पादन गरेको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोबार, विकास निर्माण, सेवा प्रवाह, खर्च व्यवस्थापन र राजस्व संकलनमा देखिएका समस्या समाधानका लागि स्थानीय तहबाट भएको प्रयासका सम्बन्धमा कार्तिक ६ गते लेखापरीक्षणसम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा विकास निर्माणका अधिकांश कार्यहरू उपभोक्ता समिति गठन गरेर स्थानीय जनताको सहभागिता र श्रमदानसमेत जुटाएर भइरहेको विचार व्यक्त गर्नुभयो। उपभोक्ता समितिमार्फत् निर्माण हुने संरचनाहरू गुणस्तरीय र बलियो हुनुका साथै विकास निर्माणका सबै रकम स्थानीय जनतामाझ खर्च हुने र स्थानीय जनताका लागि रोजगारीको अवसर पनि प्राप्त हुने स्पष्ट पार्नुभयो।

नेपाल सरकारमार्फत आउने बजेटमा लापरबाही भइरहेका तथ्यहरू प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले समयमा काम नगर्ने र गुणस्तरहीन निर्माण गर्ने ठेकेदारहरूलाई कारबाही गर्नुपर्ने माग राख्नुभयो।

जर्मनी सरकारले प्रदान गरेको १ अर्ब २० करोडको आर्थिक सहयोग भक्तपुर नगरपालिकाले उनीहरूको शर्त स्वीकार नगर्दा प्राप्त गर्न नसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशी सहयोग विनास्वार्थ प्राप्त नहुने र विदेशीको दबाब भक्तपुर नगरपालिकालाई मान्य नहुने बताउनुभयो।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले पुरातत्त्व विभाग र गुठी संस्थासँग महानगरपालिकालाई काम गर्न निकै कठिनाइ भइरहेको बताउनुभयो।

मेलम्ची आयोजनाकै कारण सडक मर्मतमा धेरै खर्च बढेको बताउनुहुँदै उहाँले समयमा काम सम्पन्न नगर्ने ठेकेदारहरूलाई जरिवाना गर्नुपर्ने र जनप्रतिनिधिहरूको विदेश भ्रमण र सेवा सुविधालाई नियमसंगत ढंगले लिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

महालेखा परीक्षक टंकमणि डंगालले नेपाल सरकारले पहिलोपटक स्थानीय तहको लेखा परीक्षण गर्ने अधिकार दिएको जानकारी गराउनुभयो। भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत् गरिरहेको विकास निर्माण कार्यहरूबाट अरु स्थानीय तहहरूले पनि सिक्न जरुरी भएको उल्लेख उहाँले गर्नुभयो।

उहाँले स्थानीय तहहरूले गर्ने विकास निर्माण, सेवा प्रवाह, सार्वजनिक खरिद प्रक्रिया र आन्तरिक स्रोत परिचालनका विषयलाई विशेष जोड दिएर लेखा परीक्षण गरिरहेको बताउनुभयो।

कार्यक्रममा काठमाडौं उपत्यकाका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरूले लेखा परीक्षण र खरिद प्रक्रियाको लागि आवश्यक दक्ष जनशक्तिको अभाव रहेको, टेन्डर प्रक्रियामा सहभागिता नहुँदा उपभोक्ता समितिमार्फत काम गराउन बाध्य भएको, १ करोडभन्दा माथिको काम टेन्डर प्रक्रियामार्फत अगाडि बढाइरहेको, उपभोक्ता स्वयम् ठेकेदार बन्ने प्रचलन बढेकोलगायतका धारणाहरू व्यक्त गर्नुभयो।



egkf kl/v kfklt sfo{qmddf af]lgxb]-0G ;f]_

# दक्षिणकाली नपाको प्रतिनिधिमण्डल भक्तपुर नपामा

भनपा प्रमुख सुनिल प्रजापतिले दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतसहितको टोलीलाई कार्तिक ६ गते भक्तपुर नगरपालिकामा भादगाउँले टोपी र खादा लगाएर स्वागत गर्नुभयो ।

भेटमा उहाँले भक्तपुर नगरपालिकाको विषयमा जानकारी दिनुहुँदै नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमा उल्लेख भए अनुसारको कार्य गर्दै आएको बताउनुभयो । साथै उहाँले शिक्षा र स्वास्थ्यलाई प्रमुख प्राथमिकतामा राख्दै कार्य गर्दै आएको जानकारी दिनुहुँदै भक्तपुर नगरपालिकाद्वारा ७ वटा विभिन्न कलेजहरू सञ्चालन गरी इन्जिनियरिङ, नर्सिङ, विज्ञान, वाणिज्यशास्त्र, मानविकी लगायतका विभिन्न विषयहरूको



अध्ययन अध्यापन भइरहेको जानकारी गराउनुभयो ।

उहाँले नगरपालिकाले ६ वटा शिशुस्याहार सञ्चालन गरिरहेको, यस वर्षदेखि कानुन र चित्रकला विषयको अध्ययन अध्यापन गरिरहेको र इतिहास, राजनीनीतिशास्त्र, भूगोल जस्ता विषयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिरहेको बताउनुहुँदै नगरपालिकाले आर्थिक रूपमा कमजोर भएका विद्यार्थीहरूलाई स्नातक तह र सोभन्दा माथिको तह अध्ययन गर्नका लागि प्रत्येक वर्ष नगरभित्रका १०० जना विद्यार्थीलाई प्रति विद्यार्थी रु ५ लाख सम्मको शैक्षिक ऋण प्रवाह गर्दै आएको जानकारी गराउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा स्वास्थ्य क्षेत्रमा भइरहेको प्रगतिबारे जानकारी गराउनुहुँदै १०० शय्याको ख्वप अस्पताल निर्माणाधीन रहेको र घरदैलो नर्सिङ सेवाद्वारा ज्येष्ठ नागरिकलगायतका नगरवासीहरूको नियमित स्वास्थ्य परीक्षण भैरहेको बताउनुहुँदै तिलगंगा आँखा अस्पतालको सहयोगमा सस्तोमा आँखाको शल्याक्रिया भइरहेको, आयुर्वेदिक सेवा सञ्चालनमा रहेको तथा छाती पुन:स्थापना केन्द्र सञ्चालनको क्रममा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिरहेको जानकारी गराउनुहुँदै सम्पदा पुन:निर्माणमा विदेशीको सहयोग विनानै कार्य भैरहेको उहाँले बताउनुभयो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालन भइरहेको आवास योजनाहरूको बारेमा जानकारी गराउनुहुँदै उहाँले स्थानीय सरकारको रूपमा स्थानीय तहहरूले प्रचलित कानुनअनुसार व्यवस्थित रूपमा काम गर्ने स्वायत्तताको अभ्यास भक्तपुर नगरपालिकाले गरिरहेको बताउनुभयो ।

भेटमा दक्षिणकाली नगरपालिकाका प्रमुख बस्नेतले दक्षिणकाली नपा ६ वटा गाविसहरू मिलेर बनेको सानो सांस्कृतिक र धार्मिक महत्त्व बोकेको नगरपालिका भएको जानकारी गराउनुहुँदै उक्त नगरपालिका प्राकृतिक श्रोतले भरिपूर्ण रहेको बताउनुभयो ।

उहाँले भ्रमणको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै भक्तपुर नगरपालिकाले गर्दै आएका उदाहरणीय कार्यहरूलाई पछ्याउँदै शिक्षाको विकासको लागि भनपाद्वारा सञ्चालित कलेजहरूको अवलोकन र निरीक्षणको लागि भ्रमण टोली आएको बताउनुभयो ।

भ्रमण टोलीमा उपप्रमुख बसन्ती तामाङ डंगोल, वडाध्यक्षहरू श्यामबहादुर खत्री, शंकरमान महर्जन, अमृका वलामी, कार्यपालिका सदस्य राजेश परियार र अन्य पदाधिकारी तथा कर्मचारीहरू रहेको थियो ।

# कृषि प्रविधि तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाद्वारा आयोजित पाँच महिने कृषि प्राविधिक तालिमका प्रशिक्षार्थीहरूलाई कार्तिक १० गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभयो ।

नगरपालिकाले सञ्चालन गरेको पाँच महिने कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा गठित कृषि समितिमार्फत् मौसमअनुसारको उन्नत जातको धान, गहुँ, र आलुको बीउ वितरण गरिरहेको अवगत गराउनुभयो ।

कृषि उत्पादकत्व बढाउनको लागि भक्तपुर नगरपालिकाले माटो परीक्षण तालिम, विषादी प्रयोगसम्बन्धी तालिम, कौसी खेती तालिमलगायतका विभिन्न तालिम सञ्चालनमा जोड दिइरहेको बताउनुहुँदै परम्परागत शैलीलाई आधुनिक शैलीको खेतीमा रूपान्तरण गर्दै नयाँ प्रविधिहरूको विकासलाई ध्यान दिनु आजको आवश्यकता भएको बताउनुभयो ।

चुनावबाट समाजवाद नआउने कुरा अहिलेको नेकपा सरकारले प्रमाणित गर्दैछ भन्नुहुँदै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीले चुनावमा भाग लिएर त्यसको क्रान्तिकारी उपयोग गर्ने कुरा प्रस्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनका सन्देशहरूबारे प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले महाधिवेशनले टोल–टोलमा पुस्तकालय तथा वाचनालय स्थापना र नयाँ पुस्ताको लागि राजनैतिक कक्षा सञ्चालनमा जोड दिने विचार प्रस्तुत गर्नुभयो ।



भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष तथा कृषि समितिका संयोजक राजकृष्ण गोराले तालिम सञ्चालनका उद्देश्यहरूबारे प्रस्ट पार्नुहुँदै कृषि क्षेत्रमा नयाँ प्रविधिको प्रयोगले उत्पादनमा वृद्धि गर्ने बताउनुभयो ।

कार्यक्रममा नेक्राकिसङ्घ भक्तपुरका गोविन्द दुवालले पैसाको निम्ति नैतिकता बेच्नेहरू समाजका घृणित पात्र हुन् भन्नुहुँदै देशको कृषि उत्पादन बढाउन तालिम प्राप्त प्रशिक्षार्थीहरूले भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा पाँच महिने कृषि प्राविधिक तालिमका प्रशिक्षक रमिन्द्र सुवालले तालिमबाट सिकेको सीपलाई व्यवहारिक रूपमा प्रयोग गर्न उत्प्रेरित गर्नुभयो भने प्रशिक्षार्थी चन्द्रशेखर रन्जितकारले कृषि प्राविधिक तालिम निकै उपयोगी भएको बताउनुभयो । कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवालले पनि बोल्नुभएको थियो ।

# भाषा, संस्कृति पहिचान भएकोले जगेर्ना गर्नु आवश्यक

भनपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा इष्ट प्वाइन्ट एकेडेमीबाट २०७५ सालको एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई सम्मान कार्यक्रम र देउसी भैलो प्रतियोगिता कार्तिक ७ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले भाषा, संस्कृति हाम्रो पहिचान हो र यसको जगेर्ना गर्नु आवश्यक छ भन्नुभयो । साथै विद्यार्थीहरूले प्रस्तुत गर्ने प्रस्तुतिहरू देशभक्तिपूर्ण हुनुपर्नेमा जोड दिनुहुँदै सबै जातजातीले आ–आफ्नो भाषा र संस्कृतिको संरक्षण गरी अस्तित्व जोगाउनु आवश्यक भएको कुरा बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई मौलिक परम्पराबारे जानकारी दिन भनपाले स्थानीय पाठ्यक्रम लागू गरी सबै विद्यालयहरूमा लागू भइसकेको जानकारी दिनुहुँदै यसमार्फत नयाँ पुस्तालाई स्थानीय विषयवस्तुमा पारङ्गत गर्दै लान सकिने बताउनुभयो ।

देश अहिले सांस्कृतिक अतिक्रमणको चपेटामा रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यालयहरूले आयोजना गरेको देउसी भैलो प्रतियोगिताको पूर्ण सफलताको कामना गर्नुभयो ।

प्याब्सन भक्तपुरका जिल्ला सल्लाहकार कृष्ण के.सी.ले विश्व जगतमा प्रतिष्पर्धी विद्यार्थी तयारी गर्नु आजको आवश्यकता भएको बताउनुहुँदै स्थानीय पाठ्यक्रममार्फत् विद्यार्थीहरूलाई यहाँको संस्कृति, कलाबारे अवगत गराउँदै लानु आवश्यक भएको बताउनुभयो ।

प्याब्सन, भक्तपुरका अध्यक्ष चन्द्र अधिकारीले विद्यालयहरूले सिकाइमा आधारित शिक्षामा जोड दिनुपर्ने र विद्यालयस्तरबाटै विद्यार्थीहरूलाई सांस्कृतिक महत्त्व र चाडबाडबारे अवगत गराउँदै लानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विद्यालयका संस्थापक प्रिन्सिपल रमेशचन्द्र श्रेष्ठले देउसी भैलो कायक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई सांस्कृतिक पर्वको महत्त्वबारे अवगत गराउँदै विद्यार्थीको सर्वाङ्गिण विकासमा विद्यालय अग्रसर रहेको बताउनुभयो ।

प्रमुख अतिथि प्रजापतिले सी– बर्ड कलेज कक्षा ११ का उत्कृष्ट विद्यार्थी अन्जु खड्कालाई प्रमाणपत्र वितरण गर्नुभएको कार्यक्रममा सांस्कृतिक प्रदर्शनी पनि प्रस्तुत गरिएको थियो ।

# वडा नं. १ मा कौसी खेती तालिम

भक्तपुर नगरपालिका वडा नं. १ द्वारा गठित कृषि समितिको आयोजनामा कार्तिक ३ गते ३ दिने कौसी खेती तालिमको उद्घाटन भक्तपुर नगर प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले कम जग्गामा बढी उत्पादन गर्ने विभिन्न प्रविधिको विकास भइसकेको उदाहरणहरू प्रस्तुत गर्नुहुँदै महिलाहरूको श्रमशक्तिलाई अधिकत्तम उपयोग गर्न नगरपालिकाले सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिइरहेको बताउनुभयो ।

समाज विकासको क्रममा महिलाहरू शक्तिशाली भएको बताउनुहुँदै समयक्रमसँगै महिलाहरूलाई ओझेलमा पार्ने, महिलाहरूलाई वस्तुसरह बेचबिखन गर्ने र बोक्सीको आरोपलगाउने जस्ता कार्यहरू हुँदै आएको बताउनुभयो । उहाँले महिलाहरूको आर्थिक समानताको निम्ति पनि भक्तपुर नगरपालिकाले महिलाकेन्द्रित विभिन्न सीपमूलक तालिमहरूको सञ्चालन गरिरहेको र सो तालिमले धनी–गरिब वर्गबीच, महिला–पुरुषबीचको विभेद स्वतः हट्दै जाने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिका समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुहुँदै नगरपालिकाले सञ्चालन गरिरहेको विभिन्न तालिमहरूको जानकारी गराउनुभयो । उहाँले विषादीरहित तरकारी उत्पादन गर्न र कौसीको जग्गालाई उपयोग गर्न नगरका सबै वडामा कौसी खेती तालिम सञ्चालन भइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपाद्वारा गठित कृषि समितिका संयोजक राजकृष्ण गोराले स्वस्थ र सार्थक जीवन बाँच्न स्वास्थ्यवर्द्धक खानपिनमा जोड दिनुपर्ने र बाँझो जग्गा सदुपयोगको निम्ति कौसी खेती तालिमले सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

नेमकिपा वडा नं. १ का इन्चार्ज लक्ष्मीनारायण राजलवटले नेपालीहरू विदेशबाट आयात हुने विषादीयुक्त तरकारीहरू उपभोग गर्न बाध्य भइरहेको समयमा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको कौसी खेती तालिमले आफूलाई पुग्दो तरकारी आफ्नै बारीमा उत्पादन गर्न मद्दत पुग्ने बताउनुभयो ।

कौसी खेती तालिमका प्रशिक्षक सबिन ख्याजुले कृषकहरूलाई विषादी प्रयोग नगर्न उत्साहित गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै घर, पसल तथा संस्थाहरूबाट संकलन हुने फोहर व्यवस्थापन गर्न कुहिने फोहरबाट मल बनाई खेतीमा प्रयोग गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् वडा नं. १ कृषि समितिका अध्यक्ष पुण्यराम बाइजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्य सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## कौसी खेती तालिम सम्पन्न

भनपा वडा नं. १ कार्यालयको आयोजनामा भएको तीनदिने कौसी खेती तालिमको कार्तिक ५ गते समापन भयो ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले घरको परिवार स्वस्थ राख्न महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको र घरेलु काममा मात्र व्यस्त हुने महिलाहरूले तालिममा सहभागिता जनाउनुभएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले कौसी खेती गरेमा स्वस्थवर्द्धक तरकारी खान पाइनुका साथै आफ्नो घरको सुरक्षा पनि हुने बताउनुभयो ।

प्रशिक्षक सबिन ख्याजुले कौसी खेती तालिम कौसी खेती गर्नलाई मात्र नभई व्यवसायिक पुष्प खेती तथा करेसाबारी पनि प्रयोग गर्न मिल्ने बताउनुभयो । घरमा उत्पादन हुने कुहिने फोहरलाई सकेसम्म घर बाहिर ननिकाली सदुपयोग गर्नुपर्नेमा प्रशिक्षक सबिन ख्याजुले जोड दिनुभयो ।

लक्ष्मीनारायण राजलवटले कौसी खेती तालिम अन्य क्षेत्रमा पनि नमुनाको रूपमा काम गर्न सकोस् भन्ने कामना गर्नुभयो ।



कृषि समिति सदस्य कृष्णबहादुर दुगुजूले कौसी खेती तालिम लिनुहुने सम्पूर्ण प्रशिक्षार्थीहरूलाई बधाई दिनुभयो ।

उक्त कार्यक्रममा प्रशिक्षार्थी ममता सुवेदीले घरबाट उत्पादन हुने कुहिने फोहर प्राङ्गारिक मल बनाई अर्गानिक खेती गरी विषादीमुक्त शुद्ध तरकारी तथा फलफूल खान पाउने हुँदा जनचेतना जगाउनुपर्ने बताउनुभयो ।

अर्का प्रशिक्षार्थी सीमा न्याईच्याईले हाम्रै घर आँगनमा खेर गइरहेको झारपातबाट जडिबुटी उत्पादन गर्न सकिने शिक्षा कौसी खेती तालिमबाट प्राप्त गरेको अनुभव सुनाउनुभयो ।

# चारदिने विपद् व्यवस्थापन तालिम सम्पन्न




भक्तपुर नगरपालिकाको आयोजना र नेपाली सेना विपद् व्यवस्थापन शिक्षालयको प्राविधिक सहयोगमा चार दिने विपद् व्यवस्थापन तालिमको समापन कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कार्तिक २ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले तालिम लिएकाहरूले साहसपूर्वक उद्धार कार्य गर्नुपर्ने र उद्धार भनेकै सेवा हो भन्नुभयो।

तालिमको सदुपयोग गरी पीडितको उद्धार गरेर जनताबाट अनुमोदित हुनसके महत्त्वपूर्ण हुने र जनता र समयले त्यसको मूल्याङ्कन गर्ने बताउनुभयो।

कार्यक्रममा प्रमुख सेनानी शिवप्रसाद पौडेलले विकास, स्वास्थ्य र शिक्षा सबै आयाम कभर हुने गरी कार्य गरेको भक्तपुर नगरपालिकाले विपद्मा उद्धार गर्न तालिम दिएकोमा खुसी व्यक्त गर्नुहुँदै विपद्मा तुरुन्तै उद्धार गर्न आधारभूत तालिम महत्त्वपूर्ण छ भन्नुभयो।

प्रहरी उपरीक्षक सबिन प्रधानले विपद्मा धेरैको ज्यान जोगाउन उद्धारमा समुदायको नै पहिलो हात हुने बताउनुहुँदै ज्ञान र सीप भएकाले उद्धार गर्दा मानिसको ज्यान जोगाउन सक्ने तर ज्ञान र सीपविना उद्धार गरे जोखिममा पर्ने बताउनुभयो।

सशस्त्रका प्रहरी उपरीक्षक रमेशसिं ठकुरीले विपद्मा एकजुट भई उद्धार गर्नुपर्ने बताउनुभयो।

उपप्रमुख रजनी जोशीले स्वागत र वडाध्यक्ष श्याम खत्रीले उद्घोषण गर्नुभएको कार्यक्रममा प्रशिक्षार्थी बलराम न्हिसुतुले पनि बोल्नुभएको थियो।

प्रमुख सुनिल प्रजापतिले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

उक्त तालिमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज २९ गते गर्नुभएको हो।

उद्घाटन कार्यक्रममा विपद् व्यवस्थापन तालिमका प्रमुख प्रशिक्षक सेनानी दिपेन्द्र पोखरेल, भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले बोल्नुभएको थियो।

# नगरवासी र पर्यटककालागि दत्तात्रय क्षेत्रमा हरियाली प्रवर्द्धन

भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सरसफाइअन्तर्गत कार्तिक १ गते भक्तपुरको दत्तात्रय क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विभिन्न बोटको विरुवासहितको गमला राख्ने कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख सुनिल प्रजापतिले भक्तपुर सानो नगरपालिका भए पनि देशको राम्रो र व्यवस्थित नगरपालिकाको रूपमा विकास गर्ने लक्ष्य राखेको बताउनुहुँदै भक्तपुर महोत्सवको तयारी स्वरूप नगरका मूल सडकमा ढुङ्गा छाप्ने, तार भूमिगत गर्ने लगायतका कार्य भइरहेको बताउनुभयो।

उहाँले भक्तपुरमा प्रत्येक सम्पदा अद्वितीय भएकाले त्यसको संरक्षण र व्यवस्थापनमा नपाले ध्यान दिइरहेको भन्नुहुँदै नगरपालिकाले राखेको गमला र विरुवाको संरक्षण र व्यवस्थापनको जिम्मा स्थानीय वडावासीको पनि रहेको बताउनुभयो।

विश्व सम्पदा क्षेत्रको सूचीमा सूचिकृत सम्पदास्थलहरूमा अव्यस्थित पार्किङ्ग निषेध गर्दै लाने, पर्यटकलाई सहज आवागमनको लागि आवश्यक व्यवस्थापन र भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने लक्ष्य नगरपालिकाको रहेको प्रमुख प्रजापतिले बताउनुभयो।

युनेस्कोको प्रतिनिधि मण्डलले भक्तपुरको सम्पदा अवलोकनपश्चात यहाँको सम्पदा संरक्षणको प्रशंसा गरेको बताउनुहुँदै नपाले गरिरहेको नियमित सरसफाइ अरुलाई देखाउनको निम्ति नभई नगर, नगरवासी रपर्यटकहरूको लागि हो भन्नुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले पर्यटकीय क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न विभिन्न ठाउँहरूमा बोटविरुवासहितको गमला राख्ने कार्यको थालनी गरिएको बताउनुहुँदै जनसङ्ख्या वृद्धिका कारण हरियाली प्रवर्द्धन कार्यक्रमहरूको आवश्यकता रहेकोमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपाद्वारा गठित वातावरण समितिका सदस्य तथा कार्यपालिका सदस्य सुनिता अवाल, भक्तपुर नपा वडा नं ९ का पूर्ववडाध्यक्ष कृष्णभक्त लवजु, वडा सदस्य इन्द्रबहादुर प्याथ, कार्यपालिका सदस्य छोरीमैया सुजखुले पनि बोल्नुभएको थियो।

# युनेस्कोका प्रतिनिधिमण्डल भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युनेस्कोबाट पाल्नुभएका डा. गमीनी वीजीसुरीया, क्याथरिन फोर्बस् र नपिना श्रेष्ठ सिंहलगायत पुरातत्त्व विभागबाट आउनुभएका कर्मचारीहरूलाई भक्तपुर नगरपालिकामा असोज ३० गते स्वागत गर्नुभयो ।

प्रमुख प्रजापतिले प्रतिनिधि मण्डललाई सम्पदा संरक्षण र सरसफाइमा उत्कृष्टता हासिल गर्दै आएको जानकारी गराउनुहुँदै भक्तपुर नगरलाई सांस्कृतिक सम्पदाहरू संरक्षित नगरको रूपमा विकास गर्न कोसिस र घरधनीहरूलाई मौलिक शैलीमा घर निर्माण गर्न उत्साहित गर्दै आएको बताउनुभयो ।

उहाँले मौलिक शैलीमा घर निर्माण गर्नेहरूलाई मोहडामा लाग्ने इँटा, काठ र झिँगटीको खर्च मध्ये ३५ प्रतिशत अनुदान दिँदै आएको, विश्व सम्पदा सूचीमा रहेका दरबार क्षेत्र र टौमढी क्षेत्रमा गाडी निषेध गरिएको तथा मूल सडकमा ढुङ्गा छाप्ने काम भैरहेको पनि बताउनुभयो ।

नगरपालिकाले सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम गरेको उल्लेख गर्नुहुँदै उहाँले भूकम्पपछि क्षतिग्रस्त सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार गरिरहेको र हालसम्म ९० वटा सम्पदाहरू पुनःनिर्माण सम्पन्न भैसकेको, १५ वटाभन्दा बढी निर्माणाधीन अवस्थामा रहेको तथा हाल सिंहध्वाका दरबार पुनःनिर्माणको चरणमा रहेको बताउनुभयो । सिंहध्वाका दरबार पुनःनिर्माणको लागि भएको कार्यशाला गोष्ठीबाट भक्तपुर नगरपालिका र पुरातत्त्व विभागले संयुक्त रूपमा गर्ने निर्णय गरेको स्मरण गर्नुभयो ।

उहाँले भक्तपुरको प्रसिद्ध मन्दिर भैरवनाथको मन्दिर भर्खरै जीर्णोद्वार सम्पन्न गरिसकेको र हाल प्रसिद्ध ५ तले मन्दिरलगायत कयौं सम्पदाहरू जीर्णोद्वारकै क्रममा रहेको जानकारी गराउनुभयो ।

युनेस्कोका डा. गमीनीले भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा संरक्षणको प्रशंसा गर्नुहुँदै सम्पदा पुनःनिर्माणका चरणमा मूर्त र अमूर्त संस्कृति संरक्षणमा भक्तपुर नपाले गरिरहेको प्रयास र उपभोक्ता समिति मार्फत सम्पदा पुनःनिर्माणको प्रभावकारिता बारेमा जानकारी लिनुहुँदै भक्तपुर नगरपालिकाको भावी योजना, कार्यक्रम र सम्पदा संरक्षणको प्रगतिको बारेमा पनि जानकारी लिनुभयो ।

प्रनिनिधि मण्डलका क्याथरिन फोर्बस्ले सम्पदा पुनःनिर्माणले जनभावनाको कदर गरे वा नगरेको तथा पुरानै शैलीमा सम्पदा पुनःनिर्माणका चुनौतीका बारेमा जानकारी लिनुभएको थियो ।

भनपाका उपप्रमुख रजनी जोशीले निर्माणाधीन सिंहध्वाका (न्ह्यकं झ्या दरबार) बारेको विस्तृत प्रस्तुतिकरण गर्नुहुँदै प्रतिनिधि मण्डलले राखेका जिज्ञासाहरूबारे स्पष्ट पार्नुभयो ।

प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रको स्थलगत भ्रमण गरेको थियो । नगर प्रमुख सुनिल प्रजापतिले युनेस्कोका प्रतिनिधि मण्डललाई मयूरको झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।



**स्थानीय पथप्रदर्शक भेला तथा मार्गनिर्देशन कार्यक्रम**

# भक्तपुरमा १५ बुँदे पथप्रदर्शक कार्यविधि लागू



भनपा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा भएको स्थानीय पथ प्रदर्शकहरूको असोज ३० गते भएको भेलामा बोल्नुहुँदै भक्तपुर नगरपालिकाले बनाएको १५ बुँदे पथप्रदर्शक कार्यविधि कार्तिक १ गतेदेखि लागू हुने बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरका पथप्रदर्शकहरूले अलग पहिचान कायम गर्ने ढंगले इमानदारीपूर्वक काम गर्न र देशभरिकै लागि नमूनाको रूपमा प्रस्तुत हुन पथप्रदर्शकलाई आग्रह गर्नुहुँदै पथप्रदर्शकहरूले भक्तपुरलाई सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा परिचित गराउन सहयोगी भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिनुभयो।

उहाँले नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न भक्तपुर महोत्सवलाई भव्य रूपमा मनाउने सोचका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो।

भनपाका उपप्रमुख रजनी जोशीले सम्पदाको नगर भक्तपुरलाई हरेक क्षेत्रमा नमुना नगरको रूपमा विकास गरी भक्तपुर नपालाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्य नपाले बोकेको बताउनुभयो। उहाँले भक्तपुरलाई सम्पदाको सहरको रूपमा व्याख्या गर्नुभयो।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरिक्षक सविन प्रधानले भक्तपुरमा पथप्रदर्शकहरूले खेलिरहेको भूमिका प्रशंसनीय भएको बताउनुहुँदै पर्यटकहरूलाई भक्तपुरमा सुरक्षित गराउने जिम्मा पनि पथप्रदर्शककै भएको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले नेपाल भ्रमण वर्ष २०२० सफल पार्न भक्तपुर नगरपालिकाले गरिरहेको तयारीबारे जानकारी गराउनुहुँदै भक्तपुरको विशेषताहरूबारेमा पथप्रदर्शकहरूले सही ढङ्गबाट सूचना सम्प्रेषण गर्नुहुन आग्रह गर्नुभयो।

भक्तपुर पर्यटक सेवा केन्द्र तथा सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले नगरपालिकाले लागू गरेको कार्यविधि र आचारसंहितालाई अक्षरसः पालना गर्न अनुरोध गर्नुहुँदै पथप्रदर्शकहरू अपराधिक गतिविधिहरूबाट जोगिन सचेत गर्नुभयो।

कार्यक्रममा टुर्गानका अध्यक्ष केदार तामाङ, चिनियाँ भाष पथप्रदर्शकका अध्यक्ष निसान प्रधान, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेले र पर्यटन सूचना केन्द्रका मुरज दिदियाले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले स्थानीय पथप्रदर्शकलाई लाइसेन्ससँगै नम्बर लेखिएको ब्याच र पोशाकको व्यवस्था गरेको छ। उनीहरूलाई पोशाकको रूपमा आकाशे नीलो सर्ट, गाढा नीलो पाइन्ट र खरानी रंगको कोटको व्यवस्था गरेको छ।

# प्रदेश प्रमुखहरू

केन्द्रीय सरकारको प्रतिनिधिका रूपमा रहने प्रदेश प्रमुखहरू २२ महिनापछि पदमुक्त भएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा सातै प्रदेशका प्रदेश प्रमुखलाई कार्तिक १७ गते पदमुक्त गरेकी छन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारको सिफारिसमा २०७४ माघ ३ मा प्रदेश प्रमुखहरू नियुक्त भएका थिए ।

पदमुक्त हुनेहरूमा प्रदेश १ का प्रमुख प्राडा गोविन्दबहादुर तुम्बहाङ (धनकुटा), प्रदेश २ का रत्नेश्वरलाल कायस्थ (काठमाडौं), प्रदेश ३ का अनुराधा कोइराला (काठमाडौं), गण्डकी प्रदेशका बाबुराम कुँवर (अर्घाखाँची), प्रदेश ५ का उमाकान्त झा (धनुषा), कर्णाली प्रदेशका दुर्गाकेशर खनाल (सुर्खेत) र सुदूरपश्चिम प्रदेशका मोहनराज मल्ल (कैलाली) हुन् ।

संविधानको धारा १६५ को उपधारा १ को खण्ड (ख) मा प्रदेश प्रमुखको पदावधि ५ वर्ष हुने भनिए पनि राष्ट्रपतिले पदावधि समाप्त हुनुअगावै पदमुक्त गर्न सक्ने व्यवस्था छ । धारा १६५ को उपधारा १ को खण्ड (ख) मा निजको पदावधि समाप्त भएमा वा सोअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा पदावधि समाप्त हुने व्यवस्था छ ।

राष्ट्रपतिबाट मन्त्रिपरिषद्ले सिफारिसगरेअनुसार रिक्त सातै प्रदेशका नयाँ प्रमुखहरू कार्तिक १८ गते नियुक्त भएका छन् । नयाँ प्रदेश प्रमुखहरू प्रदेश १ मा - सोमनाथ अधिकारी 'प्यासी'; प्रदेश २ मा - तिलक परियार; प्रदेश ३ मा - विष्णु प्रसाईं; गण्डकी प्रदेशमा - अमिक शेरचन; प्रदेश ५ मा - धर्मनाथ यादव; कर्णाली प्रदेशमा - गोविन्द कलौनी र सुदूरपश्चिम प्रदेशमा - शर्मिला त्रिपाठीले कार्तिक १९ गते शपथग्रहण गरेका छन् ।

"नेपाल र चीन असल छिमेकी"-प्रमुख प्रजापति

# सिन्ह्वाका पत्रकारहरू भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग असोज २१ गते चिनियाँ समाचार संस्था सिन्ह्वाको प्रतिनिधिमण्डलले भेट गऱ्यो ।

भक्तपुर नगरपालिकाको कार्यकक्षमा भएको उक्त भेटघाट कार्यक्रममा नगर प्रमुख प्रजापतिले नेपाल र चीन असल छिमेकी भएको चर्चा गर्नुहुँदै नेपाल सधैँ एक चीन नीतिको पक्षमा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'चीनको एक देश दुई शासन व्यवस्थाको नीतिलाई हामीले नजिकबाट अध्ययन गरिरहेका छौं ।'

चिनियाँ राष्ट्रपति सी चिनफिङले प्रस्तुत गर्नुभएको 'एक क्षेत्र एक मार्ग' कार्यक्रमले चीनलाई मात्र होइन संसारलाई नै नयाँ दिशा दिएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले चिनियाँ राष्ट्रपतिको केही दिनपछि नेपाल भ्रमण हुने समाचारले नेपालीहरू उत्साहित भएको र भ्रमणले दुई देशबीचको सम्बन्धमा सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले २०७२ को भूकम्पले क्षति भएका भक्तपुरका ११५ सम्पदाहरूमध्ये ८७ वटा सम्पदा पुन:निर्माण भइसकेको र ८ हजार घरको क्षति भएको जानकारी दिनुभयो ।

सम्पदा निर्माणको लागि भनपाले वैदेशिक सहयोग स्वीकार्ने तर सर्तसहितका सहयोग भनपालाई स्वीकार नहुने उहाँले बताउनुभयो ।

भेटवार्ताको क्रममा चिनियाँ पत्रकारहरूले काठमाडौँ अवलोकनको क्रममा चीनको सहयोगमा पुन:निर्माण भइरहेको वसन्तपुर दरबारबारे चर्चा गर्नुहुँदै चिनियाँ प्राविधिकहरूले नेपाली प्राविधिकहरूबाट धेरै सिकेको जानकारी दिनुभयो ।

नेपाल-चीनबीच कला-सांस्कृतिक आदानप्रदान अरनिकोको समयदेखि भइरहेको र हाल पनि निरन्तरता पाएकोमा चिनियाँ पत्रकारहरूले खुसी व्यक्त गर्नुभयो ।

प्रतिनिधिमण्डलमा पाकिस्तान र हङकङमा कार्यरत सिन्ह्वाका संवाददाताहरूको सहभागिता रहेको थियो ।

# सिलाइका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न तीन महिने आधारभूत सिलाइ तालिमका प्रशिक्षार्थीहरूलाई असोज २९ गते प्रमाणपत्र वितरण गरियो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले हातमा सीप भएका महिलाहरू आत्मनिर्भर हुने बताउनुहुँदै शैक्षिक र आर्थिक रूपान्तरणले महिला-पुरुषबीच समानता ल्याउने धारणा व्यक्त गर्नुभयो ।

उहाँले तालिम धेरै प्रशिक्षार्थीले लिए पनि थोरैले सीपको उपयोग गर्दै निरन्तता दिने गरेकोले तालिमका प्रशिक्षार्थीहरूलाई आफूले सिकेको सीपको अधिकतम उपयोग गर्दै ग्राहकको विश्वास जित्ने ढंगले आफ्नो पेशालाई अगाडि बढाउनु उपयुक्त हुन्छ भन्नुभयो ।



प्रमुख प्रजापतिले भक्तपुर जिल्लास्थित विद्यालय, कलेज तथा संघसंस्थाहरूको पोशाक सिलाइको निम्ति वर्षको करोडौं बजेट लाग्ने हुँदा ज्यालाको लागि धेरै पैसा राजधानीलगायत अन्य जिल्लामा गइरहेको बताउनुभयो ।

उहाँले प्रशिक्षार्थीहरूलाई समयानुसार नयाँ प्रविधिसँग जानकारी हुनुपर्ने बताउनुहुँदै अरुको मन जितेर इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले सीप नभएको व्यक्ति स्वरोजगार नहुने बताउनुहुँदै नगरपालिकाले दिएको सीप जीवनोपयोगी भएको र आफ्नो पेशामा समयानुसारको दक्षता विकास गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले नगरपालिकाले सञ्चालन गरिरहेको विभिन्न तालिमहरूबारे जानकारी दिनुहुँदै आफूले सिकेको सीप निरन्तर प्रयोगमा ल्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, कार्यपालिका सदस्य रोशनमैया सुवाल, प्रशिक्षक कमला शाक्य र प्रशिक्षार्थी अन्जु सिल्पकारले पनि बोल्नुभएको थियो ।

# चीनका राष्ट्रपति एवम् चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी चिनफिङको नेपाल भ्रमण

घनिष्ठ छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका राष्ट्रपति एवम् चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी चिनफिङ (Xi Jinping) राष्ट्रपति विद्यादेवी भण्डारीको निमन्त्रणामा नेपालको दुई दिवसीय राजकीय भ्रमण गर्नुभयो। उहाँ असोज २५ गते विशेष विमानबाट भारतको भ्रमण गरी काठमाडौं आइपुग्नुभयो।

त्रिभुवन विमानस्थलदेखि सोल्टी होटलसम्मको मार्गका दुवै किनारमा उभिएका युवा, विद्यार्थी, कर्मचारी, बालबालिका र सर्वसाधारणले नेपाल र चीनका राष्ट्रिय झन्डा फहराएर स्वागत गरेका थिए। निकट विगतमा नेपाली जनस्तरबाट यति हार्दिक र भव्य स्वागत पाउने अन्तरराष्ट्रिय नेताहरूमध्ये सी चिनफिङ अग्रपङ्तिमा हुनुहुन्छ।

उहाँलाई विभिन्न जातजातिको पहिचान झल्कने झाँकी, पञ्चेबाजा र नाचले समेत स्वागत गरिएको थियो। तीनकुने, नयाँ बानेश्वर र बबरमहल, माइतीघर मण्डला, थापाथली, त्रिपुरेश्वर, कालीमाटी र सोल्टीमोडसम्म उहाँको स्वागतका लागि सर्वसाधारणको उल्लेखनीय उपस्थिति थियो।

राष्ट्रपति सीलाई स्वागतका लागि बनाइएका स्वागतद्वार, परम्परागत संस्कृति झल्कने ब्यानर, सडकको दुवैतर्फ फूलसमेत राखिएको थियो। उहाँ त्रिभुवन विमानस्थलमा ओर्लिएसँगै सवारी मार्गलाई खाली गरिएको थियो।

चिनियाँ विशिष्ट पाहुनाको आवागमन हुने सडकमा ठाउँठाउँमा 'सर्वोच्च शिखर सगरमाथाजस्तै उँचो नेपाल चीन मैत्री', 'नेपाल चीन मित्रता विशाल, गहन र अटल', 'बुद्ध र सगरमाथाको देशमा हार्दिक स्वागत छ' लेखिएका ब्यानर र स्वागतद्वार बनाइएका थिए।

२३ वर्षपछि नेपालमा चिनियाँ राष्ट्रपतिको भ्रमण भएको हो। यसअघि चीनका तत्कालीन राष्ट्रपति लि श्यानन्यानले सन् १९८४ मा र चियान चमिनले सन् १९९६ मा नेपालको भ्रमण गर्नुभएको थियो। त्यसबाहेक विभिन्न समयमा दुवै देशबाट उच्चस्तरीय भ्रमण आदान-प्रदान भएका थिए।

चिनियाँ कम्युनिस्ट पार्टीको अठारौँ महाधिवेशनबाट महासचिव र त्यसपछि चीनका राष्ट्रपति बन्नुभएका सी चिनफिङले चिनियाँ कम्युनिस्ट पार्टी र चीनमा भ्रष्टाचार नियन्त्रणको लागि कडा नीति र अनुशासन लागू गर्नुभएको छ। राज्यकोषको दुरूपयोग गर्ने, फजुल खर्च गर्ने, व्यक्तिगत हितमा पार्टी र राज्यकोष खर्च गर्ने विकृतिलाई सी चिनफिङको कार्यकालको आरम्भबाट नै नियन्त्रण गर्न थालेको हो। चिनियाँ



/fi6«kt ;Llrglkª

क्रान्तिको नयाँ पुस्ताका प्रतिनिधि सी चिनियाँ क्रान्तिबारे राम्रो जानकारी भएको नेता मानिनुहुन्छ। महासचिव भएपछि उहाँले पार्टीमा मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालगायत सैद्धान्तिक विषयमा नियमित अध्ययन कक्षको अनुशासन लागू गर्नुभएको छ।

सीको नेतृत्वलाई सन् १९७० को दसकमा देङ स्याओ पिङ नेतृत्वमा विकास गरिएको सुधार र खुलापनको नयाँ अध्यायको रूपमा हेर्ने गरिएको छ। सुधार र खुलापन नीतिलाई अझ विस्तार गर्दै चीनलाई विश्व मञ्चमा सशक्तरूपमा उभ्याउन सीले नेतृत्वदायी भूमिका खेलिरहनुभएको छ। विशेषतः सी नेतृत्वमा आएयता 'दुई शताब्दी लक्ष्य' प्राप्तिको लागि चिनियाँ जनताको अभियान अझ गतिवान बनेको छ। चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको एक शताब्दी पुगेको अवसरमा सन् २०२१ सम्ममा चीनलाई मध्यम हिसाबले अघि बढेको देश बनाउने र जनवादी गणतन्त्र चीन स्थापनाको एक शताब्दी पुगेको अवसरमा सन् २०४९ भित्र चीनलाई विकसित देश बनाउने चिनियाँ जनताको लक्ष्यलाई सीको नेतृत्वले प्राथमिकतासाथ अघि बढाइरहेको छ।

सी राष्ट्रपति बन्नु भएपछि संसारसँग चीनको विकासको अनुभव आदानप्रदान गर्ने लक्ष्यले प्राचीन रेशम मार्गलाई आधुनिक

समाज सुहाउँदो उपयोग गर्न 'एक क्षेत्र एक बाटो' परियोजना घोषणा गर्नुभयो। यो परियोजना संसारका सबै देश एक आपसमा अन्तरनिर्भर भएको र एक आपसको सहयोगको आदान प्रदानले नै मानव जातिको साझा भविष्य सुन्दर हुने मान्यतामा आधारित छ। मानव जातिको साझा भविष्यको लागि यो परियोजना अघि बढाउन लागिएको चीनले आफ्ना औपचारिक दस्तावेजमा भन्दै आएको छ।

'एक क्षेत्र एक बाटो' परियोजनाको घोषणासँगै अन्तर्राष्ट्रियरूपमा चीनको भूमिका पनि बढेको छ। चीनको बढ्दो अन्तर्राष्ट्रिय भूमिकासँगै राष्ट्रपति सी चिनफिङको अन्तर्राष्ट्रिय छवि अझ उँचो बनेको छ।

सीको नेपाल भ्रमणले नेपाल र चीनबीचको मैत्री सम्बन्ध अझ उचाइमा पुग्ने आशा गरिएको छ। चीनका राष्ट्रपति सी चिनफिङको स्वागतमा सरकारमात्र होइन, जनस्तरबाट पनि व्यापक हार्दिकता प्रदर्शन भएको छ। सामाजिक



/fi6«kt ;lnf0{k~rsGofåf/f :jfut

सञ्जालमा समेत राष्ट्रपति सीको स्वागतमा धेरै सङ्ख्यामा हार्दिक अभिव्यक्ति लेखिएका छन्। यसले चीन र नेपालबीच जनस्तरसम्म फैलिएको मैत्रीपूर्ण सम्बन्ध प्रतिबिम्बित गर्दछ। चीनले पञ्चशीलको सिद्धान्तअनुसार नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप नगर्ने, नेपालको सार्वभौमिकता र भूअखण्डताको सम्मान गर्ने मैत्रीपूर्ण व्यवहारकै कारण चीन र चिनियाँ नेतृत्व नेपाली जनताबीच लोकप्रिय छ।

२०७२ को विनाशकारी भूकम्पको समयमा एउटा छिमेकी नेपाली जनताको आहतमा अझ पीडा थप्न लागिरहेको बेला अर्को छिमेकी देश चीनले जनताको दैलो दैलोसम्म पुऱ्याएको सहयोगबाट नेपाली जनता प्रभावित छन्। भूकम्पसँगै संविधान निर्माणले गति लिनखोजेको अवस्थामा भारतले नेपालमाथि नाकाबन्दी घोषणा गऱ्यो। नेपाली जनताको जीवन अत्यन्त कष्टकर बन्यो। तर, अर्को छिमेकी देश चीनले भने पञ्चशीलको सिद्धान्तअनुसार नै नेपालको संविधान निर्माण आन्तरिक मामिला भएकोले कुनै अवरोध गर्न चाहेन। चीनको यस्तो परिपक्व मैत्रीपूर्ण व्यवहारकै कारण पनि नेपाली जनताबीच चीनको सकारात्मक प्रभाव विस्तार भएको हो।

चीन र नेपालबीचको सम्बन्ध भौतिक विकास निर्माणभन्दा माथिल्लो सम्बन्ध हो। चीन वा नेपालले केही दिएपछि मात्र दुई देशबीचको सम्बन्ध अघि बढ्ने नत्र नबढ्ने हुनसक्दैन। नेपाल र चीनबीचको सम्बन्ध कुनै भौतिक कुराको लेनदेनको सम्बन्धमात्र होइन। सीको भ्रमणलाई लेनदेनको आँखाले मात्र बुझ्नेहरूले छिमेकीबीचको उच्च मूल्यको सम्बन्ध बुझेका हुँदैनन्।

### सी चिनफिङ - छोटो परिचय

जन्म : सन् १९५३ जुन १५

पिता : सी झोङसुन    माता : छि सिन

श्रीमती : पेङ लियुआन    छोरी : सी मिङचे

- पेइचिङको सिन्ह्वा विश्वविद्यालयमा रसायन इन्जिनियरिङमा स्नातक तहसम्म अध्ययन, कानुनमा उच्च अध्ययन
- मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराको गहन अध्ययन
- सन् १९८५ मा संरा अमेरिकी कृषिको अध्ययनका क्रममा संरा अमेरिकी आइवा राज्यको मस्कान्ते सहरमा एक अमेरिकी परिवारसँग बसोबास
- सन् १९७१ मा कम्युनिस्ट युथ लिग अफ चाइनामा सदस्य
- कम्युनिस्ट पार्टीमा सदस्य बन्न दस पटक आवेदन, सन् १९७४ मा दसौं पटकमात्र कम्युनिस्ट पार्टीको सदस्यता प्रदान
- हपेई (सन् १९८२-१९८५), फुजियान (सन् १९८५-२००२), चेच्याङ (सन् २००२-२००७) र साङ्घाई (सन् २००७) मा पार्टी सचिवको भूमिका
- सन् २००७ को अक्टोबरमा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको १७ औं महाधिवेशनबाट ९ जना पोलिटब्युरो सदस्यमध्ये एकजना निर्वाचित
- सन् २००८ को मार्चमा चीनको उपराष्ट्रपति पदमा निर्वाचित
- सन् २००८ को पेइचिङ ग्रीष्मकालीन ओलम्पिकको तयारी प्रमुख
- हङकङ र मकाउ मामिला हेर्न चीनको केन्द्रीय सरकार प्रतिनिधि
- सन् २०१२ नोभेम्बर १५ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको अठारौँ महाधिवेशनबाट चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव, चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय सैनिक आयोगको अध्यक्षमा निर्वाचित
- सन् २०१३ मा जनवादी गणतन्त्र चीनका राष्ट्रपति पदमा निर्वाचित
- सन् २०१३ को सेप्टेम्बरमा कजाकिस्तानबाट 'बेल्ट एन्ड रोड' परियोजनाको घोषणा
- सन् २०१८ मा दोस्रो कार्यकालको लागि चीनको राष्ट्रपतिमा निर्वाचित।

## चिनियाँ राष्ट्रपति स्वदेश प्रस्थान

चीनका राष्ट्रपति सी चिनफिङ नेपालको द्विदिवसीय राजकीय भ्रमण पूरा गरी असोज २६ गते विशेष विमानबाट स्वदेश प्रस्थान गर्नुभयो । राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्ना चिनियाँ समकक्षी सीलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा बिदाइ गर्नुभयो । यसैगरी चिनियाँ विशिष्ट अतिथिलाई उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री केपी शर्मा ओलीलगायतले बिदाइ गर्नुभयो ।

## नेपाल र चीनबीचका बीस बुँदे समझदारी र सम्झौता

चीनका राष्ट्रपति सी चीनफिङ र प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा नेपाल र चीनबीच असोज २६ गते बीस समझदारीपत्र र 'लेटर अफ एक्सचेन्ज' (आदानप्रदानपत्र) का दस्तावेजमा हस्ताक्षर भएको राससले जनाएको छ ।

नेपाल सरकार र चीन सरकारका उच्च अधिकारीले ती दस्तावेजमा हस्ताक्षर गरी आदान प्रदान गर्नुभयो । हस्ताक्षर भई आदानप्रदान भएका दस्तावेज –

१. नेपाल र जनवादी गणतन्त्र चीनबीच शासकीय क्षमता अभिवृद्धि तथा आदानप्रदान सम्बन्धी समझदारीपत्र
२. नेपाल र जनवादी गणतन्त्र चीनबीच सगरमाथा क्षेत्रको पर्यावरणीय संरक्षणसम्बन्धी समझदारीपत्र
३. नेपाल र जनवादी गणतन्त्र चीनबीच राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच लगानी तथा सहयोग अभिवृद्धिसम्बन्धी समझदारीपत्र
४. नेपालको भौतिक तथा यातायात मन्त्रालय तथा जनवादी गणतन्त्र चीनको यातायात मन्त्रालयबीच चीन – नेपाल सीमापार रेलपरियोजनाको सम्भाव्यता अध्ययन सम्बन्धी समझदारीपत्र
५. नेपालको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र जनवादी गणतन्त्र चीनको परम्परागत औषधि व्यवस्थापन राष्ट्रिय प्रशासनबीच परम्परागत उपचार पद्धतिमा सहयोगसम्बन्धी समझदारीपत्र
६. नेपालको गृह मन्त्रालय र जनवादी गणतन्त्र चीनको आपत्कालीन व्यवस्थापन मन्त्रालयबीच दैवीविपत्ति न्यूनीकरण तथा आपत्कालीन द्रुत उद्धारका लागि सहयोगसम्बन्धी समझदारीपत्र
७. नेपालको महान्यायाधिवक्ताको कार्यालय र जनवादी गणतन्त्र चीनको सर्वोच्च महान्यायाधिवक्ताको कार्यालयबीच सहयोगसम्बन्धी समझदारीपत्र
८. नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालयबीच व्यापारसम्बन्धी संयुक्त कार्यदल गठनको समझदारीपत्र
९. नेपालको अर्थ मन्त्रालय र जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालयबीच लगानी सहयोग कार्यदल गठनसम्बन्धी समझदारीपत्र
१०. नेपालको अर्थमन्त्रालय र चिनियाँ अन्तरराष्ट्रिय विकास सहयोग नियोगबीच सुरुङ निर्माण सहयोगसम्बन्धी समझदारीपत्र
११. नेपाल र जनवादी गणतन्त्र चीनबीच सीमा व्यवस्थापन प्रणाली सम्झौता
१२. नेपालको काठमाडौँ महानगरपालिका र जनवादी गणतन्त्र चीनको नान्जिङ शहरबीच भगिनीसम्बन्ध स्थापनाको सम्झौता
१३. नेपालको बुटवल उपमहानगरपालिका र जनवादी गणतन्त्र चीनको सियान नगरबीच भगिनीसम्बन्ध स्थापनाको सम्झौता
१४. नेपालको त्रिभुवन विश्वविद्यालय र कन्फ्युसियस अध्ययन संस्थानको मुख्यालयबीच त्रिभुवन विश्वविद्यालयमा कन्फ्युसियस अध्ययन संस्थान स्थापना गर्नेसम्बन्धी सम्झौता
१५. नेपाल र जनवादी गणतन्त्र चीनबीच आपराधिक गतिविधि नियन्त्रणसम्बन्धी कानुनी सहायता सन्धि
१६. नेपाल र जनवादी गणतन्त्र चीनबीच सिचुआन प्रान्तको राजधानी छन्दुमा नेपालको महावाणिज्यदूतावास स्थापना गर्नेसम्बन्धी 'लेटर अफ एक्सचेन्ज' (आदानप्रदानपत्र)
१७. नेपालको कृषि विभाग र जनवादी गणतन्त्र चीनको सामान्य भन्सार प्रशासनबीच अमिला वर्गका फलफूल चीन निर्यात गर्नेसम्बन्धी फाइटोस्यानेटरी आवश्यकतासम्बन्धी प्रोटोकल
१८. चिनियाँ सहयोगमा नेपालमा भूकम्प अनुगमन सञ्जाल परियोजना आपूर्ति तथा स्वीकार प्रमाणपत्र
१९. सीमा सुरक्षा तथा कार्यालय उपकरणका लागि 'लेटर अफ एक्सचेन्ज' (आदानप्रदानपत्र)
२०. चीनको सहयोगमा काठमाडौँ उपत्यकाका नगर क्षेत्रमा खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययनसम्बन्धी बैठकका निर्णय ।

# जर्मन प्रतिनिधिमण्डलको भक्तपुर भ्रमण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज १८ गते भक्तपुर भ्रमणमा आउनुभएका जर्मनीको आर्थिक सहायता तथा विकास सम्बन्धी सङ्घीय मन्त्रालय एसिया विभाग प्रमुख नोबोर्ट बाथ्र्लेको नेतृत्वमा आएको प्रतिनिधिमण्डललाई भक्तपुरको दरबार स्क्वायरमा स्वागत गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले जर्मनी प्रतिनिधिमण्डललाई भादगाउँले टोपी लगाएर स्वागत गर्नुभयो भने प्रतिनिधिमण्डलले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू कला सङ्ग्रहालय, दरबार क्षेत्र, तलेजु, पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको स्थलगत अवलोकन गर्‍यो ।

भेटमा प्रमुख प्रजापतिले जर्मनी सरकारले भक्तपुरको विकासको निम्ति पुर्‍याउनुभएको सहयोगको लागि धन्यवाद दिनुहुँदै नेपाल सरकार र जर्मनी सरकारबीचको सम्बन्ध अझ बलियो हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरले सांस्कृतिक पहिचानलाई जोगाउन प्रयास गरिरहेको, भक्तपुर प्रवेश गर्ने पर्यटकहरूसँग शुल्क उठाएर शिक्षा, स्वास्थ्यका साथै सांस्कृतिक सम्पदाहरूको पुन:निर्माणमा खर्च गरिरहेको बताउनुभयो । उहाँले २०७२ सालको भूकम्पपश्चात जर्मनी सरकारले भक्तपुरका सम्पदाहरू पुन:निर्माणको निम्ति सहयोगको घोषणा गरेको तर विभिन्न कारणले गर्दा त्यो सहयोग भक्तपुरले पाउन नसकेकोबारे पनि अवगत गराउनुभयो ।

भेटमा प्रमुख नोबोर्ट बाथ्र्लेले भूकम्प गएपछि भक्तपुरको संरचना पुन:निर्माणको लागि तत्काल सहयोगको घोषणा गरेको बताउनुहुँदै दुई देशबीचको आपसी सम्बन्ध अझ राम्रो हुँदै जानेमा आशा प्रकट गर्नुभयो । भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा पुन:निर्माणबाट आफूहरू निकै प्रभावित भएको र यहाँका सम्पदाहरू निश्चय नै अद्वितीय रहेको बताउनुभयो ।

भेटमा सङ्घीय सचिवालयका निजी सचिव कोर्नेलिया गोर्हीं, जर्मनीको आर्थिक सहायता तथा विकास सम्बन्धी सङ्घीय मन्त्रालयका एसियाका सदस्य जिसेला हामर्समिट्थ, सङ्घीय मन्त्रालय नेपाल र श्रीलंकासम्बन्धी नीति निर्देशक एन्नेटे फ्रिक, जर्मन सहयोग संस्था (जीटीजेट) का दक्षिण एसियाली क्षेत्रीय निर्देशक कोर्निया कुसेल, जर्मन विकास बैङ्क केएफडब्लु दक्षिण एसिया विभागीय प्रमुख कारोलिन गास्नेर, नेपालका लागि जर्मनी राजदूत रोलान्ड सेफर, दूतावासका विकास सहायता नियोगका उपप्रमुख क्लाउडिया हेइपे, अधिकृतहरू फ्लोरेन्स बेनेडिक्ट भिओग्ट र प्रमोद भगतलगायतको उपस्थिति रहेको थियो ।

भेटमा भक्तपुर नगरपालिकाको तर्फबाट उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रविन्द्र ज्याख्व, राजकृष्ण गोरा, कार्यपालिका सदस्य सुनिता अवाल, प्रशासन प्रमुख दामोदर सुवाल र पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवा उपस्थित हुनुहुन्थ्यो ।

## यो अति भएन ?

पेटी मोटरसाइकलले भरिएपछि बटुवा हिँड्ने कहाँबाट ?



**शुभकामना कार्यक्रमहरू**

# भनपा र कर्मचारी एशोसिएसनको आयोजनामा

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका र नेपाल नगरपालिका एशोसिएसन, भनपा समितिको संयुक्त आयोजनामा विजया दशमी २०७६ को शुभकामना आदान प्रदान तथा मार्गदर्शन कार्यक्रम असोज १७ गते सम्पन्न भयो।




कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले दशैंको समयमा फोहोर व्यवस्थापन चुनौतीपूर्ण हुने हुँदा कर्मचारीहरूले विदाको समयमा पनि सरसफाइलाई निरन्तरता दिनुपर्ने बताउनुहुँदै समाजवादी देशहरूमा अतिरिक्त समय सेवा गरेवापत पैसाभन्दा सम्मान दिइने जानकारी गराउनुभयो।

समाज राम्रो बनाउन अभिभावकहरूको महत्त्वपूर्ण भूमिका रहने भएकोले आफूले राम्रो काम गरेर आफ्ना सन्तानलाई सदाचार, अनुशासन, मीठो बोल्न सिकाउनुपर्ने बताउनुहुँदै नेता बिजुक्छेँले नगरलाई राम्रो बनाउन नगरपालिकाको अगुवाई आवश्यक भएको कुरा बताउनुभयो।

कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापतिले व्यक्तिको क्षणिक गल्तीले जीवनमा ठूलो बर्बादी निम्तिनेमा सचेत पार्नुहुँदै दशैंको समयमा अवाञ्छित क्रियाकलापबाट टाढा रहनुपर्ने र खानपानको विषयमा पनि सचेत हुनु आवश्यक रहेको बताउनुभयो।

दशैं विदाको समयमा पनि सफाइ मजदुरहरूले नगरलाई सफा पार्न सक्रिय हुनुपर्ने र चाडबाडको समयमा फोहोर तुलनात्मक रूपमा बढी हुने हुँदा जिम्मेवारीपूर्वक काम गर्न प्रेरित गर्नुभयो।

उहाँले नगरपालिकाको निर्देशन अनुसार काम नगर्ने कर्मचारीहरू दण्ड सजायको भागीदार हुने र नगरपालिकाले गरेको काममा पैसाभन्दा सेवाभावले गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले कर्मचारीहरूलाई व्यवहारिक बन्दै सिद्धान्तमा टेकेर भक्तपुर नगरपालिकालाई नमूना नगरपालिकाको रूपमा अगाडि बढाउँदै लानको लागि हरेक क्षेत्रमा जनप्रतिनिधिहरूलाई कर्मचारीहरूको साथ र सहयोगको आवश्यकता रहेको औंल्याउनुहुँदै भक्तपुर नगरपालिका शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेर अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले प्रदेश सरकार अन्तर्गत रहेको भक्तपुर अस्पताल आफै बिरामी अवस्थामा रहेको बताउनुहुँदै कर्मचारी समायोजनका कारण सङ्घीय सरकारअन्तर्गतका अस्पतालहरूमा विशेषज्ञ डाक्टरहरूको आकर्षण बढेको हुँदा भक्तपुर अस्पतालमा समस्या देखिरहेको बताउनुभयो।

उहाँले भक्तपुरका मुख्य मुख्य सम्पदा निर्माण पश्चातमात्र भक्तपुर महोत्सव आयोजना गर्नु उपयुक्त हुने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले जनप्रतिनिधिहरू छोटो अवधिमा नतिजामूखी कार्य गर्न चाहने तर कर्मचारीहरू प्रकृयामूखी हुने हुनाले केही नीतिगत समस्या हुने बताउनुहुँदै जनप्रतिनिधिहरूले लिएको नीति निर्देशनलाई पालना गर्नु कर्मचारीको प्रमुख दायित्व रहेको बताउनुभयो।

निवर्तमान प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुर नगरपालिकामा कार्यरत रहँदाको क्षणको स्मरण गर्नुहुँदै भक्तपुर नपा स्थानीय तहमा स्वायत्तता कार्यान्वयन गराउनमा उदाहरणीय रहेको स्मरण गर्नुभयो।

नेपाल नगरपालिका एसोसिएसन, भक्तपुर नपाका अध्यक्ष गौतम प्रसाद लासिवाले विगतका कार्यकारी अधिकृतहरू र प्रमुख प्रशासकीय अधिकृतहरूको बारेमा जानकारी दिनुहुँदै नगरपालिकालाई अगाडि बढाउन कर्मचारीहरूले खेल्नुपर्ने भूमिकाको विषयमा जानकारी गराउनुभयो भने भनपा वडा नं २ का वडासचिव राजेश दिस्तीले पनि बोल्नुभएको थियो।

कार्यक्रममा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालालाई स्वागत तथा निवर्तमान प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीलाई विदाई गरिएको थियो।

**ख्वप कलेज तथा शारदा क्याम्पस**

# क्रान्तिकारी प्रचार सामग्रीले क्रान्तिको ज्वारभाटा उठाउन सहयोग गर्ने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेज तथा शारदा क्याम्पसको आयोजनामा असोज १७ गते शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष रोहितले पार्टी सङ्गठन विस्तारको लागि आर्थिक, भौतिक र नैतिक सहयोग गर्न सबैमा अनुरोध गर्नुहुँदै नेमकिपाले जनतालाई राजनीतिकरूपले शिक्षित गर्न मार्क्सवादी साहित्य र विभिन्न अन्तर्राष्ट्रियवादी कम्युनिस्ट नेताहरूको जीवनीलाई प्रकाशन गर्दै आएको बताउनुभयो ।




उहाँले भन्नुभयो, 'क्रान्तिकारी प्रचार सामग्री कागजको खोस्टामात्र नभई क्रान्तिको बिउ हो। जसले समयकालपछि बेथिति र निरङ्कुशताविरुद्ध बम–बारुद बनेर क्रान्तिको ज्वारभाटा उठाउन सहयोग गर्नेछ ।'

'समाजमा आमूल क्रान्तिको लागि अगाडि बढ्ने असल मान्छेको उद्देश्यलाई विफल बनाउन प्रतिक्रियावादीहरूले अन्तिम हदसम्म पनि बाधा–व्यवधान खडा गर्नेप्रति सचेत भई क्रान्तिकारीहरू उद्देश्य प्राप्तिमा अविचलित भई अगाडि बढ्नु आवश्यक छ', अध्यक्ष रोहितले भन्नुभयो ।

'रातो झण्डा खसाल्न रातो झण्डा उचाल्ने' काम सत्तामा गएका पार्टीहरूले गरिरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष रोहितले नेमकिपाका कार्यकर्ताहरूलाई विभिन्न लोभलालच देखाई पथभ्रष्ट गर्ने काम नेकपाले गरिरहेको छ भन्नुभयो ।

'आमाको नाममा नागरिक दिएकै कारण तराईको जनसङ्ख्या २७ प्रतिशतबाट बढेर ५२ प्रतिशत पुगिसकेको छ । यो भारतीय विस्तारवादको योजना अनुसार नै भएको हो', उहाँले भन्नुभयो ।

समाजलाई कतातिर डोर्‍याउने भन्ने हात शिक्षकहरूमा हुनेतर्फ सचेत गराउनुहुँदै उहाँले शिक्षकहरूले नयाँ पुस्तालाई देश र जनताको सेवामा निःस्वार्थपूर्वक सेवा गर्ने शिक्षा दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, 'चाड–पर्वलाई भौतिकवादी/आलोचनात्मक दृष्टिकोणले हेर्नुपर्छ । समाजमा कायम रहेको अन्धविश्वासलाई हटाउनमा शिक्षित समुदायले भूमिका निभाउनुपर्छ । फुर्सदको समयमा साहित्य, दर्शनलगायतको विषयमा अध्ययन गर्नुका साथै बौद्धिक विकासमा लगाउनुपर्छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भनपाले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले कलेजहरू सञ्चालन गरिरहेको चर्चा गर्नुहुँदै भन्नुभयो, 'हाम्रा शैक्षिक संस्थानहरूले मात्र प्रमाणपत्र वितरण गर्ने हिसाबले अध्यापन गराउने होइन । हामी राम्रोमध्येमा पनि सबभन्दा राम्रो शिक्षा दिने उद्देश्यले सबैले मिहिनेत गर्नु आवश्यक छ ।'

राज्यको हरेक क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको र भ्रष्टाचारमा जनप्रतिनिधिहरू समेत मुछिएको समाचारहरू सङ्घीयताप्रति व्यङ्ग्य भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले सरकार भ्रष्टाचार, ठेकेदार र माफियाको अगाडि लाचार भएको छ भन्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भ्रष्टाचार भइरहेको साथै उक्त अस्पतालले भनपासँग भएको सम्झौता पालना नगरेको हुँदा अस्पताललाई राम्रो बनाउने उद्देश्यले भनपाले क्यान्सर अस्पतालको व्यवस्थापनको जिम्मा लिएको हो, प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

नेमकिपाले देश र जनताको निःस्वार्थपूर्वक काम गर्न सिकाएअनुसार भनपाका जनप्रतिनिधिहरूले काम गरिरहेको चर्चा गर्नुहुँदै उहाँले पैसाले मानिसलाई आत्मसन्तुष्टि नदिने बरु समाज सेवाले मात्र आत्मसन्तुष्टि दिने स्पष्ट पार्नुभयो ।

भनपाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले स्वस्थ जनताले नै देशको सेवा गर्न सकिने भएकोले सबभन्दा पहिला हामी स्वस्थ रहन जरूरी छ भन्नुभयो । संस्कृति र संस्कारलाई जोगाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले क्यान्सर रोग एउटा व्यापारको रूपमा विकृति भइरहेकोतर्फ सजग गराउनुभयो । भनपाले गरिरहेको विभिन्न कार्यक्रमहरूबारे जानकारी दिनुहुँदै उहाँले नेमकिपाको घोषणापत्रअनुसार नै नगरपालिकामा विकास निर्माणका काम भइरहेको बताउनुभयो ।

प्राध्यापक समाजका अध्यक्ष एवम् नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले राजनीतिको नेतृत्व 'रोल मोडल' हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठ र इन्चार्ज कमिनिका न्याइच्याईले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

नेमकिपाको सातौं महाधिवेशनबाट चुनिनु भएका केन्द्रीय पदाधिकारीहरूलाई प्राचार्य जोशीले कार्यक्रममा सम्मान गर्नुभएको थियो ।

## सफाइ कर्मचारीबीच

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपामा कार्यरत सफाइसँग सम्बन्धित कर्मचारीहरूबीच असोज १८ गते भएको बडा दशैंको शुभकामना आदान कार्यक्रममा भक्तपुर नगरपालिकाका सफाइ मजदुरहरूकै कारण नगरको



सरसफाइ सम्भव भएको बताउनुहुँदै दशैंको समयमा सबैले आ–आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले चाडपर्वको वैज्ञानिक विषय अंगीकार गरी अन्धविश्वासलाई हटाएर उल्लासमय ढंगले दशैं मनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य,



कार्यपालिका सदस्य सुनिता अवाल, भक्तपुर नपा श्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवालले पनि दशैंको शुभकामना व्यक्त गर्नुभएको थियो ।

## भक्तपुर क्यान्सर अस्पतालमा

भक्तपुर नगरपालिकाका प्रमुख तथा भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका संघ–संस्थाहरूमा भएको आर्थिक अनियमितताबारे स्पष्टीकरण र छानबिन भइरहेको कुरा भक्तपुर क्यान्सर अस्पतालले असोज १७ गते आयोजना गरेको दसैंको शुभकामना आदानप्रदान कार्यक्रममा बताउनु भयो ।

उहाँले सत्तासीन दलहरूको पक्षपातीपूर्ण व्यवहारका कारण भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनको लागि स्वीकृति नपाएको बताउनुभयो ।

कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर डा. ऋषिकेशनारायण श्रेष्ठले दशैंको शुभकामना व्यक्त गर्नुहुँदै अस्पतालको असहज स्थितिमा भक्तपुर नगरपालिका, कर्मचारी,



चिकित्सक तथा स्थानीय जनताले गरेको सहयोगमा धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका पूर्व मेडिकल डाइरेक्टर डा. आरती शाहले आफू अस्पतालमा कार्यरत रहँदाका अनुभव आदानप्रदान गर्नुहुँदै भक्तपुरको क्यान्सर अस्पतालले देशभरिका क्यान्सर रोगीहरूको उपचार र सेवा गरिरहेको बताउनुभयो ।

कार्यक्रममा कर्मचारी कल्याणकारी समितिका संयोजक शिवराम धुख्व र अस्पतालका प्रशासन प्रमुख राजाराम तजले र सर्जन डा. उत्सवमान श्रेष्ठले पनि बोल्नुभएको थियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**



**नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले संस्कृति शिरोमणि हरिराम जोशी र लोहँकर्मी (प्रस्तर कलाका कलाकार) कान्छा भनिने काजीराम रञ्जितकारलाई सम्मान गर्नुभएको छ । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाको २२ औं वार्षिक साधारणसभाको उद्घाटन कार्यक्रममा उहाँहरुलाई सम्मान गरिएको हो ।**

**➲ अध्यक्ष बिजुक्छें जोशीलाई सम्मान गर्नुहुँदै**

# चण्डेश्वरी अजिमाको साधारणसभा

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले चण्डेश्वरी अजिमा बचतको १२ औं साधारणसभा पानसमा द्वीप प्रज्वलन गरी कार्तिक ९ गते उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि प्रजापतिले भक्तपुरमा क्यान्सर, मृगौला, हृदयघाट आदि रोगीहरू निकै बढिरहेको बताउँनुहुँदै भनपाले कडा रोग लागेका नगरवासीलाई प्रति व्यक्ति रु १० हजार बराबरको आर्थिक सहयोग प्रदान गर्दै आइरहेको बताउनुभयो । तरकारी र फलफूलजस्ता खाद्यान्नमा प्रयोग गरिने किटनाशक विषादी प्रयोगका कारण नसर्ने रागेको जोखिम बढेको उहाँले प्रष्ट पार्नुभयो ।

उहाँले नेपाल भ्रमण वर्ष २०२० सफल पार्न नगरपालिकाले चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्ने जानकारी दिनुहुँदै विभिन्न भाषा तालिम सञ्चालन गरी युवाहरुलाई सीप प्रदान गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा सानो नपा भएर पनि सबै क्षेत्रमा व्यवस्थिति रूपमा जनताको सहभागितामा काम भइरहेको बताउँनुहुँदै भक्तपुर नपाको उपभोक्ता समितिबाट निर्माण भएका कार्यहरू सबैले प्रशंसा गरेको बताउनुभयो । अव्यवस्थित तारहरूका कारण सम्पदा कुरूप देखिएको बताउँनुहुँदै तार भूमिगत गर्ने प्रक्रिया अगाडि बढिरहेको उहाँले बताउनु भयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले सहकारी संस्था समुदायको आर्थिक, सांस्कृतिक, शैक्षिक हितमा जोड दिँदै समाज विकासको लागि आवश्यक सहयोग गर्न जोड दिनुभयो । नेमकिपाको घोषणापत्रअनुसार भक्तपुर नपाले आफ्नो कार्य अगाडि सारिरहेको र वडा बजेटले सांस्कृतिक सम्पदा पुनः निर्माणलाई निरन्तरता दिँदै आइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपा साविक वडा नं. ८ का पूर्ववडाध्यक्ष हिमालयश्वरलाल मूलले समुदायमा आधारित सहकारी संस्थाले बैंकको नीतिअनुरूप धेरै ब्याज प्रतिशत कायम गर्नु नियमसंगत नभएको बताउनुभयो । बैंक र सहकारी संस्थाबीच भिन्नताबारे प्रष्ट पार्नुहुँदै उहाँ मूलले जनताको हितमा काम गर्नेले सेवा शुल्क उठाउनु भनेको शेयर सदस्यहरूमाथि शोषण हुने भन्नुभयो ।

भक्तपुर बचतका प्रतिनिधि जगन्नाथ प्रजापतिले समुदायमा आधारित सहकारी संस्थाको पक्षमा भक्तपुर जिल्ला बचत संघ रहेको बताउनुहुँदै राज्यले सहकारी संस्थाको व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष नारायणप्रसाद त्वानाबासुले संस्थाले सामाजिक दायित्व बहन गर्दै आएको बताउँनुहुँदै शेयर सदस्यहरूलाई संस्थाको गतिविधि थाहा पाउन संस्थाको प्रतिवेदन अध्ययनमा जोड दिनुभयो ।

कार्यक्रममा लेखा परीक्षक श्यामसुन्दर मुनंकर्मी, संस्थाका उपाध्यक्ष पूर्णगोपाल राजचलले पनि बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले ज्येष्ठ नागरिक, संस्थापक सदस्यहरू र एसईई उत्तीर्ण विद्यार्थीलाई कदर पत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

# भक्तपुर नपाका केही गतिविधि तस्विरमा





भक्तपुर नपाको आह्वानमा भएको पाक्षिक सफाइ अन्तरगत कार्तिक १ गते दत्तात्रय चोकमा हरियाली प्रवर्द्धन (बायाँ) र कार्तिक १५ गते सिद्धपोखरी परिसर सरसफाइ (दायाँ)



भक्तपुर नपाका प्रमुख र उपप्रमुख नेपाल भ्रमणमा रहेका युनेस्कोका प्रतिनिधिहरूसँग (२०७६ असोज ३० गते )



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति दक्षिणकाली नपाका प्रमुख र उपप्रमुखलाई स्वागत गर्नुहुँदै (२०७६ कार्तिक ६ गते )

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति वडा नं १ मा खेलकूद सामग्री हस्तान्तरण गर्नुहुँदै । (कार्तिक ६ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत दरबार क्षेत्र र तौमढीको निर्माण कार्यको स्थलगत निरीक्षणमा (असोज २९ गते)

## नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिताका केही झलक





भक्तपुर नपाका केही गतिविधि तस्विरमा









## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



हालै निर्माण सम्पन्न वडा नं १ स्थित पाटी । यस पाटीको पछाडि शौचालय रहेको छ ।



प्रसिद्ध भाज्या पुखुको पुन:निर्माण जारी छ

**श्री गुरु गणेश बचतको १२ औं साधारणसभा**

# आफ्नो ठाउँको विकास गर्न विदेशीको भर पर्न नहुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्री गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को १२ औं वार्षिक साधारणसभाको असोज १७ गते उद्घाटन गर्नुभयो।

आफ्नो मन्तव्यमा प्रमुख प्रजापतिले कृषकको बाहुल्यता भएको नगरमा नगरपालिकाले कृषिसँग सम्बन्धित धानको बीऊ वितरण, कृषि प्राविधिक तालिम, कौसी खेती तथा बेमौसमी तरकारी बालीका तालिमहरूको सञ्चालन गरिरहेको बताउनुभयो।

आफ्नो ठाउँको विकास गर्न विदेशीको भरपर्नु भनेको आफ्नो अस्तित्व गुमाउनु हुनेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सांस्कृतिक सम्पदाहरू नगरपालिकाकै बजेटबाट उपभोक्ता समितिमार्फत् निर्माण भइरहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले साधारणसभाको पूर्ण सफलताको कामना गर्नुहुँदै सहकारी संस्थाले आफ्ना कार्यक्रम र आर्थिक गतिविधि पारदर्शी राख्नुपर्ने बताउनुभयो।

कार्यक्रममा संस्थाका संस्थाका सल्लाहकार कृष्णभक्त लवजु, अध्यक्ष श्रीप्रसाद प्रजापति, उपाध्यक्ष कृष्णराम कासिछ्वा, सचिव सत्यराम ज्ञामरु र कोषाध्यक्ष तुल्सीकेशरी प्रजापतिले संस्थाका स्थापनाको उद्देश्य, आ.व. २०७५/७६ को वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले असल नियमित बचतकर्ता, असल बाल बचत, असल ऋणी र ज्येष्ठ सदस्यहरूलाई सम्मानपत्र प्रदान गर्नुभयो।

**विकास बचतको साधारणसभा**

# सहकारी संस्था जनताको चेतनास्तर उकास्ने शिक्षालय

नेपाल मजुदर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारणसभा असोज २५ गते सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले संस्थाको उन्नति र प्रगतिको कामना गर्नुहुँदै नयाँ पुस्ताले देशको आवश्यकताअनुसार विषय छनोट गरी आफ्नो विषयमा विशेषज्ञता हासिल गरी देश र जनताको हितमा काम गर्न प्रेरित गर्नुभयो।

सहकारी संस्था भनेको जनताको चेतनास्तर उकास्ने शिक्षालय पनि भएको बताउनुहुँदै उहाँले व्यक्तिको प्रवृत्ति र गलत कामले संस्थाको बद्नाम हुनेतर्फ सचेत हुनुपर्नेमा जोड दिनुभयो।

आफ्नो व्यक्तिगत फाइदाको निम्ति संस्थाको रकम दुरूपयोग गर्नेहरूलाई ठगको संज्ञा दिनुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले नयाँ पुस्तालाई परम्परागत बाजा र नाचहरूको तालिम सञ्चालन गरी सीप हस्तान्तरणतर्फ ध्यान दिनु उपयुक्त हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाले कृषकहरू लक्षित गरी विभिन्न कृषि पेशासँग सम्बन्धित तालिमहरू सञ्चालन गर्नुका साथै परिवारलाई पुग्दो तरकारी उत्पादन गर्न र आत्मनिर्भरता बढाउन नगरका सबै वडाहरूमा कौसी खेती तालिम सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिका ७ नं. वडाध्यक्ष उकेश कवांले साधारणसभामा सेयर सदस्यहरूले संस्थाको आर्थिक कारोबार र प्रगति प्रतिवेदनमाथि छलफल गर्दै सो संस्थाले समुदायमा आधारित बचत संस्था नीति नियम, आर्थिक अनुशासन पालना भएको छ वा छैन, न्यून आय भएका सदस्यहरूलाई सीपमूलक तालिम दिनेजस्ता कार्यलाई प्राथमिकता दिएर अगाडि बढ्नुपर्ने बताउनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले नेतृत्व गरेका सहकारी संस्थाले निश्चित व्यक्तिको फाइदाभन्दा पनि समुदायमा आधारित रहेर सदस्यहरूको व्यक्तित्व विकासमा टेवा पुऱ्याउने ढङ्गले कामहरू गर्दै आएको बताउनुभयो।

संस्थाका अध्यक्ष बुद्धिराम दुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सल्लाहाकार पुरुषोत्तम ग्वाछा, उपाध्यक्ष सानुबहादुर गोसाई, सचिव रोशनराज तुईतुई र विभिन्न मित्र संस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापति र अतिथि उकेश कवांले ज्येष्ठ नागरिक र संस्थाका संस्थापक र एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो।

**च्वङा गणेश स्थान विकास संस्थाको चौथो साधारणसभा**

# आफ्नो सांस्कृतिक सम्पदा संरक्षण आफैले गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज ३० गते च्वङा गणेश स्थान विकास संस्थाको चौथो साधारणसभाको उद्घाटन गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले आफ्नो ठाउँको सांस्कृतिक सम्पदा संरक्षण आफैले पुन:निर्माण गर्ने भावनाले भक्तपुर नपाले आफ्नै पहलमा संरक्षण गरिरहेको बताउनुभयो।

च्वङा गणेश स्थानलाई सुरक्षित र आकर्षक गन्तव्यस्थलको रूपमा विकास गर्नु आवश्यक भएको बताउनुहुँदै यहाँको सरसफाइको बन्दोबस्त व्यवस्थित गर्दै विकास निर्माणमा उपभोक्ता समितिलाई सशक्त बनाउनुपर्ने उहाँले बताउनुभयो।

'१०८ रोपनी जग्गा व्यवस्थापनको लागि नगर सरकारले पर्खाल लगाएको हो' भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले पर्ति जग्गा र सरकारी जग्गाहरू संरक्षण गर्दै पुरानो मौलिक शैलीमा पुन:निर्माणमा जोड दिइरहेको बताउनुभयो।

वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सांस्कृतिक महत्त्व बोकेको च्वङा गणेश स्थानको वातावरण सफा र स्वच्छ बनाउन संस्था क्रियाशील रहेको बताउनुहुँदै नगरपालिकाद्वारा गठित विभिन्न समितिबाट भएका गतिविधिबारे जानकारी गराउनुभयो।

संस्थाका अध्यक्ष लक्ष्मीनारायण राजलवटले '२०२१ सालको भूमि नापीमा च्वङा गणेश स्थान पर्ति जनिएको र २०४० सालमा नेपाली सेनाको नाममा दर्ता भएको हो' भन्नुभयो। उहाँले संस्थाको हरेक काममा जनताको सहयोगको अपेक्षा गर्नुभयो।

कार्यक्रममा संस्थाका सचिव शारदाभक्त ब्यान्जुले संस्थाको प्रतिवेदन, कोषाध्यक्ष विष्णुप्रसाद प्रजापतिले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उक्त कार्यक्रममा संस्थाका उपाध्यक्षले ओमकृष्ण श्रेष्ठ र सहसचिव कृष्णगोविन्द मुलगुठीले पनि बोल्नुभएको थियो।

**सामूहिक बचतको वार्षिकोत्सव**

# ज्येष्ठ नागरिक र एसईई उत्तीर्ण विद्यार्थी सम्मानित

भक्तपुर नगरपालिका वडा नं. ३ बोलाछेँको सामूहिक बचत तथा ऋण सहकारी संस्थाको २२ औं वार्षिकोत्सव कार्यक्रममा कार्तिक २ गते ३१ जना ज्येष्ठ नागरिक तथा एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरियो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा द्वीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको उक्त वार्षिकोत्सव कार्यक्रममा पैसाको निम्ति जे पनि गर्न पछि नहट्ने सञ्चालक सदस्यहरूले संस्थाको हित नगर्ने बताउनुहुँदै समाजमा नैतिक मूल्यको ह्रास हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो।

ज्येष्ठ नागरिक र एसईई सम्मान कार्यक्रम निकै सराहनीय भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहारको स्तर वृद्धि गर्नुका साथै सबै वडामा शिशुस्याहार सञ्चालन गर्ने तयारीमा जुटिरहेको बताउनुभयो।

सरकारले पक्षपात नगरी ख्वप विश्वविद्यालय स्वीकृति दिएको खण्डमा भक्तपुर नगरपालिका मेडिकल कलेजसहितको विश्वविद्यालय सञ्चालन गर्ने पहिलो नगर सरकार हुनेछ - उहाँले भन्नभयो।

नगरपालिकाद्वारा सञ्चालित विभिन्न कलेजहरूले भक्तपुरका परिवारै पिच्छे इन्जिनियर, नर्सलगायतका देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गरिरहेको प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नेपाल सरकार देशका युवाहरूलाई स्वदेशमै रोजगारी प्रदान गर्ने नीतिअनुरूप चल्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले देशको राजनीतिक स्थिरताले जनताको आर्थिक स्तर उकास्न मद्दत पुग्ने बताउनुहुँदै संस्थालाई बद्नाम गर्नेहरू संस्थाका शत्रु भएको बताउनुभयो। बजार अनुगमनका क्रममा धेरै अखाद्य र मिसावटयुक्त खानेकुराहरू भेटिएको हुँदा उपभोक्ताहरू आफ्नो स्वास्थ्यप्रति सजग रहनुपर्ने बताउनुभयो।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी संस्थाहरूले धेरै प्रतिशत ब्याज प्रदान गर्नुभन्दा पनि समुदायमा आधारित कार्यक्रमहरू सञ्चालन र सहकारीभित्र व्याप्त विकृतिहरूलाई हटाउँदै लानुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा संस्थाको निर्वाचित अध्यक्ष धनेशराज राजोपाध्याय, संस्थापक अध्यक्ष श्यामप्रसाद मुनंकर्मी, उपाध्यक्ष राजाभाइ भेले र सचिव विष्णुगोपाल खिम्बाजालगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले ज्येष्ठ नागरिक सदस्यहरूलाई कदर पत्र र दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने अतिथिहरूले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई कदरपत्र प्रदान गर्नुभएको थियो।

भक्तपुर नपाको बजार अनुगमन

# अधिकांश मिठाई पसल फोहर

## जगाती-च्याम्हासिंहमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा असोज २९ गते जगाती–च्याम्हासिंहमा रहेका मिठाई पसलहरूमा अनुगमन गर्दा अधिकांश पसल फोहोर देखिएको छ ।

पोलारी मिटरले तेल जाँच गर्दा २४ भन्दा बढी देखाए त्यो तेल उपयोग र उपभोग गर्न नमिल्ने साथै ५ किलोग्राम मिठाईमा एक ग्राममात्र खाद्य रंग हाल्नु पर्नेमा धेरै



kf]nf/ ld6/af6 t]n hfFr}

मिठाई पसलहरूमा मिठाई पकाउने तेल पोलारी मिटरमा जाँच गर्दा रानसिड (एसिड) बढी भई गुणस्तरहीन भएको र रंग बढी राखेर पकाउने गरेकोले त्यस्ता तेल र रंग भएको मिठाई, बासी मिठाईहरू र म्याद नाघेका सामानहरू ठूलो मात्रामा जफत गरी त्यही नष्ट गरिएको छ ।

रंग बढी राखी मिठाई पकाउने साथै तेल धेरै पकाई रानसिड (एसिड) बढी भई गुणस्तरहीन भएको तेलमा पकाएको मिठाई बेचबिखन गरेमा ५ वर्ष जेल सजाय र रु. ५०,०००।– (पचास हजार रूपैयाँ) समेत जरिवाना हुने खाद्य अनुसन्धान अधिकृत सान्तोष ढकालले बताउनुभयो ।

अनुगमनको क्रममा पसल नवीकरण गर्न, पसल र भान्छाको सरसफाइमा ध्यान दिन, पुरानो र बासी सामान नराख्न र बिक्री वितरण नगर्न, कामदारलाई एप्रोन प्रयोग गर्न, आफूले उत्पादन गरेको प्याकेजिङ मिठाई सामानमा लेबल राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, पसलको दर्ता नवीकरण गर्न, सम्बन्धितलाई निर्देशन दिइएकोछ ।

त्यस्तै न्यु लासिवा मिठाई भण्डारलाई पटक पटकको अनुगमनमा दिइएको सुझावअनुसार सुधार नभएकोले तराजु एक थान जफत गरी नगरपालिकामा कार्यवाहीको लागि हाजिर हुन निर्देशन दियो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू ६ नं वडाका वडाध्यक्ष हरिराम सुवाल, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका खाद्य अनुसन्धान अधिकृत सान्तोष ढकाल, खाद्य निरीक्षक कौसल ओझा, खाद्य निरीक्षक नवराज आर्चाय, भक्तपुर स्वास्थ्य कार्यालयका ल्याव टेक्निसियन योगिता खनाल, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा र उद्योग वाणिज्य संघका संजय जोन्छे सहभागी रहेको थियो ।

## कमलविनायक, दत्तात्रय र सुकुलढोकामा

त्यस्तै असोज ३० गते भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य एवं वडा नं ६ का वडाध्यक्ष हरिराम सुवालको नेतृत्वमा कमलविनायक, दत्तात्रय र सुकुलढोकामा रहेको सात वटा मिठाई पसलहरूमा अनुगमन गरियो ।

अनुगमनको क्रममा सम्बन्धितलाई मिठाईमा लेबल राखेर मात्र बिक्री वितरण गर्न, निर्देशन नगरे अर्को अनुगमनमा लेवल नभएको सामान भेटिए उठाउने चेतावनी दिइयो । त्यस्तै भान्छा र सामानलगायत सफा राख्न, कामदारलाई एप्रोन गराउन, पेटी र पेटीमुनि बाटोमा सामान नराख्न निर्देशन दियो ।

एक मिठाई पसलमा अखाद्यवस्तु हाईड्रो प्रयोग गरेकोले आवश्यक कार्यवाहीकोलागि नगरपालिकामा उपस्थित हुन निर्देशन दिँदै तराजू एक थान जफतसमेत गरियो ।

अनुगमनमा भेटिएका म्याद नाघेका, दुषित र बासी

विभिन्न सामान जफत गरी नष्ट गरियो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू ६ नं वडाका कार्यपालिका सदस्य रोशनमैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका खाद्य अनुसन्धान अधिकृत सान्तोष ढकाल, खाद्य निरीक्षक कौसल ओभ्का, खाद्य निरीक्षक प्रविणकुमार अधिकारी, भक्तपुर स्वास्थ्य कार्यालयका ल्याव टेक्निसियन योगिता खनाल, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा, उद्योग वाणिज्य संघका संजय जोन्छे र भनपा कर उपशाखाका मोहनदेवी ब्याञ्जु सहभागी रहेको थियो ।

## गपलीमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा गपलीमा कार्तिक ७ गते पसल अनुगमन गरियो ।

खाद्य पसलहरूमा खाद्य विभाग, खाद्य तथा गुण नियन्त्रण कार्यालयको अनुज्ञापत्र विना प्याकेजिङ्ग सामानमा आफू खुसी लेबल राख्ने, लेबलबिना बिक्री वितरण गर्ने किराना र मिनिमार्टमा मादक पदार्थ रक्सी नगरपालिकामा दर्ता विना संचालन गरेकोले दर्ता गर्न निर्देशन दिएको छ ।

अनुगमनमा सफारी हेल्थ सनफ्लोर तेलमा उत्पादन मिति प्रष्ट नभएकोले प्रष्ट देखिने गरी ल्याएकोमात्र बिक्रीवितरण गर्न र ढक तराजु नापतौल विभागमा नविकरण गर्न, पटक पटक पसल दर्ता गर्न निर्देशन दिंदासमेत अटेर भएकोले तीन दिन भित्र दर्ता गर्न कामदारहरूले एप्रोन, माक्स, पञ्जा र हेयरनेट प्रयोग गर्न, सरफाइमा ध्यान दिन निर्देशन दियो ।

अनुगमनमा समितिका सदस्यहरू कार्यपालिका सदस्य रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी ब्याञ्जू, वडा सचिव साहिंला बैद्य, व.नि.पुरुषोत्तम डाकुसी महानगरीय प्रहरी परिसरका प्रहरी हरिबहादुर भण्डारी र सुजन नेपाली, उद्योग वाणिज्य संघका संजय जोन्छे, राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधिहरू सहभागी थिए ।

## सल्लाघारीमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा सल्लाघारीमा कार्तिक ८ गते पसल अनुगमन गरियो ।

अनुगमनमा पटक पटक दर्ता गर्न निर्देशन दिंदा समेत अटेर भई दर्ता नगरेकोले एक पसलको माइक्रो ओभन एक जफत गरियो, एक फलफुल पसलमा म्याद नाघेको सामानहरू जफत गरी नष्ट गरी पसल नबीकरण गर्न, एक मिष्ठान



u0f:t/xlg t]h gi6 ub}

भण्डार अटेर गरेकोले पसल दर्ता गराएर रंग बढी भएको वस्तु जफत गरी कामदारहरूलाई एप्रोन, माक्स, पञ्जा र हेयरनेट प्रयोग गर्न निर्देशन दिइयो ।

त्यस्तै अन्य पसलमा म्याद नाघेको विभिन्न पेय र खाद्य पदार्थ जफत गरी नष्ट गरियो, बिग्रेको मासु फ्रिजमा छुट्टै राख्न र सफाइ शुल्कसमेत तिर्न निर्देशन दियो ।

अनुगमन कै क्रममा सल्लाघारी कम्प्लेक्समा अधिकांश पसलहरू दर्ता नभएको पाइएकोले दर्ता गर्न निर्देशन दिइएको छ ।

अनुगमनमा समितिका सदस्यहरू वडाध्यक्ष हरिराम सुवाल, कार्यपालिका सदस्य रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजबहादुर डगौरा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय उपभोक्ता मञ्चका नारायण राजथला, जिल्ला प्रसाशन कार्यालय भक्तपुर, जिल्ला जनस्वास्थ्य भक्तपुरका प्रतिनिधिहरू सहभागी रहेका थिए ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ असोज १३ गते सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री दिपक कोइराला | ऐ |

## निर्णयहरू

### रानी पोखरी अध्ययन समिति

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक रानी पोखरी पुनः निर्माण गर्न निम्न पदाधिकारी रहने गरी रानी पोखरी अध्ययन समिति गठन गर्ने निर्णय गरियो –

संयोजकः प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठ
सदस्यः सह प्रा. विश्वमोहन जोशी
सदस्यः पुरातत्त्व विभाग भक्तपुरका कार्यालय प्रमुख
सदस्यः दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका प्रमुख
सदस्यः ई. सुर्यभक्त खर्बुजा, भ.न.पा. सम्पदा शाखा
सदस्य सचिव : आर्क.रामगोविन्द श्रेष्ठ, योजना शाखा प्रमुख, भनपा

### शैक्षिक ऋण

भक्तपुर नगरपालिकाद्वारा नगरवासी विद्यार्थीहरूलाई विभिन्न विषयमा स्नातक तह वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका र गर्न चाहने विद्यार्थीहरूलाई आ.व.२०७६।७७ का लागि सहुलियत ब्याजदरमा शैक्षिक ऋण प्रदान गर्ने विषयमा असोज २४ गतेदेखि कार्तिक १० गतेसम्मको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

विभिन्न समितिका निम्न अनुसारका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो –

**भक्तपुर नगरवासीहरूमा भक्तपुर नगरपालिकाको अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटना दर्ता गरौं ।
- करदाताहरूले समयमै आ–आफ्नो व्यवसाय कर, सफाइ कर, घर बहाल कर, घरजग्गा मूल्याङ्कन करलगायतका करहरू बुझाऔं ।
- नगरपालिका क्षेत्रभित्र घर, टहरा, ग्यारेज आदि कुनै पनि निर्माण गर्दा नक्सापास गरौं, पास भएको नक्साबमोजिम मात्र निर्माण कार्य अघि बढाऔं, समयमै निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरौं ।
- ऐतिहासिक एवं सांस्कृतिक भक्तपुर नगरको मौलिकतालाई संरक्षण गरौं, परम्परागत शैलीमा घर निर्माणलाई प्राथमिकता दिऔं ।
- आफू बस्ने घर, चोक, गल्ली, सडक, टोल र नगर सफा गरौं, सफाइगर्दा इज्जत घट्दैन बरु सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।
- सडकको दायाँबायाँ पेटी र फुटपाथमा पसलका सामानहरू राखेर पैदल हिंड्ने यात्रुहरूलाई आवागमनमा कठिनाइ नपुऱ्याऔं, ऐतिहासिक सम्पदा स्थल तथा सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सार्वजनिक स्थलहरूमा गाईवस्तु जस्ता चौपायाहरू जथाभावी नछाडौं, आफ्ना घरपालुवा कुकुरलाई घरबाहिर जथाभावी फोहर नगराऔं ।
- नगरपालिका नगरवासीहरूको साझा संस्था हो । नगरपालिकालाई भ्रष्टाचार मुक्त बनाउने अभियानमा सहयोग गरौं ।

## निर्माण समिति

### मिति २०७६।६।८ र १२ गते

| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क)** | **ल.ई. पेश सम्बन्धमा** | | | | | | | | | |
| १ | सल्लाघारी (१०६–४–३–२१८) जग्गा वाउण्डरी पर्खाल निर्माण कार्य | १ | ४,६६६,३८९।०० | | | | | | नपा | दोस्रो चरण |
| २ | कमलविनायक आवास क्षेत्र त:मुंज्या चोक बाल उद्यान निर्माण कार्य | १० | ५,६३५,४८४।२३ | | | | | | नपा | |
| ३ | जगाती वासिकचा बाटो पीच कार्य | ७ | १,३६३,३५२।७६ | | | | | | नपा | |
| **ख)** | **पेश्की फर्छ्यौट सम्बन्धमा** | | | | | | | | | |
| १ | सिद्धपोखरी उत्तरतर्फको चौरमा बार घेरा लगाउने कार्य | १ | ७,७५९,२६२।८८ | | ४,८१०,३२१।८३ | ४४१७०५३।०० | २,५००,०००।०० | १,९१७,०५३।०० | नपा | कार्य सम्पन्न पे. फ. |
| २ | सिद्धपोखरी शौचालय निर्माण कार्य | १ | ५,९९०,६८५।५९ | | ४,५४३,०९८।९८ | २,८१४,८१३।०३ | १,५००,०००।०० | १,३१४,८१३।०३ | नपा | कार्य सम्पन्न पे. फ. |
| ३ | श्री महालक्ष्मी काति क्ल्वा महालक्ष्मी पाटी पुन:निर्माण | १० | ३,२१८,३१७।०० | | २,२८४,९६३।४२ | २,१२६,८८८।६० | १,५००,०००।०० | ६२७,८८८।६० | नपा | ६,००,०००।०० थप पेश्की दिने |
| **ग)** | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा सिसा राख्ने | ९ | | | | | | ४३,९७३।०० | नपा | भ्याटसहित |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि खापा बनाए बापत | ९ | आर.पि. प्लाईउड सेन्टरलाई | | | | | २२९,०६०।०४ | नपा | |
| **घ)** | **अन्य** | | | | | | | | | |
| १ | सडक बोर्डको बजेट नआउँजेल हाललाई सोधभर्ना हुने गरी नपा बजेटबाट कार्य सञ्चालन गर्न निर्णय गरियो । | | | | | | | | | |
| २ | २०७६/२०७७ को लागि | | | | | | | | | |
| | पेश गरिएको दररेट स्वीकृतका लागि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । | | | | | | | | | |

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | नपा | |
| १ | हनुमानघाटदेखि वासिकचासम्म सर्वबेस कार्य | ७ | ४८८,५०५।४४ | | | | | | नपा | |
| ख) | **पेश्की फछ्र्योट सम्बन्धमा** | | | | | | | | | |
| १ | लिबाली पूर्वतर्फको खोला छेउ डिप बोरिङ गर्ने कार्य | ८ | ४,१९१,१८७।१४ | | ३,०९८,१६७।५४ | २९००८९०।२८ | १,४००,०००।०० | १,५००,८९०।२८ | नपा | पे. फ. |
| २ | महेश्वरी घाट सुधार कार्य | ८ | ३,४५८,५५५।५१ | | ३,७५९,८९८।०९ | २,९६८,०३०।५६ | २,५१५,०३५।१७ | ४५२,९९५।३९ | नपा | अन्तिम तेस्रो किस्ता पे.फ. फरफारक |
| ३ | गय:भिंद्यो हनुमन्ते खोला पुल निर्माण कार्य | ७ | ९,९९४,०८३।९५ | | ८,२७०,९४५।९० | ६,१०७,४३७।०० | ५,०००,०००।०० | १,१०७,४३७।०० | नपा | थप पेश्की माग रू. ३५,००,०००।०० |
| ४ | हनुमानघाटदेखि वासिकचासम्म बाटोमा फुटपाथ निर्माण कार्य | ७ | २,८३७,१५२।६७ | | २,३२९,९१९।०३ | १,७७७,४७०।०७ | ८००,०००।०० | ९७७,४७०।०७ | नपा | भैरवनाथ मन्दिर जीर्णोद्धार शीर्षकबाट भुक्तानी तथा थप पेश्की रू. ७,५०,०००।०० माग |
| ५ | जगाती आदर्श ढल निर्माण कार्य | ७ | १,७८२,८७६।९४ | | १,६९३,८९४।०० | १,२२१,०१९।८० | ५००,०००।०० | २९७,५८९।६५ | नपा | आर्थिक श्रमदान रू. ४,२३,४३०।६५ |
| ६ | मुदिप सुधार कार्य | ५ | | | १,२६४,१३१।५३ | ११४४४१२ | ७५०,०००।०० | | नपा | |
| | | | २,२९३,०११।२२ | | | | | ३९४,४१२।०० | | |
| ७ | हनुमानघाटदेखि घलाते ढल निर्माण कार्य | ३ | २,८४२,२५९।८८ | | २,६५७,८१४।३४ | १७४२०२०।९४ | ८००,०००।०० | ९४२,०२०।९४ | नपा | पे.फ. |
| ८ | महेश्वरीदेखि लिबालीसम्म सडक कोलोपत्रे (पीच) कार्य | ८ | ४,६२८,४१०।०८ | | ४,४९८,४३७।१४ | ४,३९१,८९०।८६ | २,०५०,०००।०० | २,३४१,८९०।८६ | नपा | पे.फ. |
| ग) | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | आर.आर. कन्स्ट्रक्सन | | २०७६ असोज मसान्तसम्म मात्र म्याद थप भएकोमा २०७६ साल पौष मसान्तसम्म म्याद थप गर्न माग | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | हनुमानघाटदेखि वासिकचासम्म बाटोमा फुटपाथ निर्माण कार्य | ७ | २०७६/८/३० गतेसम्म म्याद थप गर्न | | | | | | नपा | |
| घ) | **उपभोक्ता समिति अनुमोदन** | | | | | | | | | |
| १ | असंगालदेखि नयां फलामे पुलसम्म जाने कच्ची बाटो मर्मत तथा ग्राभेलिङ्ग कार्य | १ | एपभोक्ता समिति अध्यक्ष : श्री पुरूषोत्तम कोजू/ अनुगमन समिति संयोजक : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | | सार्वजनिक मर्मत सम्भार | |
| ङ) | **कोटेशन प्राप्त भएको सम्बन्धमा** | | | | | | | | | |
| १ | हनुमानघाटदेखि वासिकचासम्म सर्वबेस कार्य | ७ | प्राप्त कोटेशनहरूमध्ये डोलेश्वर इन्फ्रास्ट्रक्चर एण्ड डेभलपर्स प्रा.लि., भक्तपुरको सर्वबेस रू. १४००।०० ® भ्याट प्रति घ.मि. र जे.सि.वि. रू. २२००।०० ® भ्याट प्रतिघण्टा इन्धनसहित भएकोले स्वीकृत गर्न | | | | | | नपा | |
| च) | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | च्याम्हासिंहस्थित ब्रम्हायणी बहुउद्देश्यीय भवनमा wall plaster, wood work, cora masino कार्य | ९ | शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि. | | | | | २,२९२,३२३।५८ | नपा | |
| २ | च्याम्हासिंहस्थित ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि सिमेन्ट खरिद | ९ | सिरूवा कन्स्ट्रक्सन कम्पनीबाट ६२० बोरा | | | | | ५७३,७९१।४० | नपा | |
| ३ | च्याम्हासिंहस्थित ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि दाचि ईंटा र बुट्टा ईंटा उपलब्ध गराए बापत | ९ | आर आर कन्स्ट्रक्सन | | | | | २६५,४४७।१७ | नपा | |
| ४ | च्याम्हासिंहस्थित ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि | ९ | ज्याला, सुपर भाइजर, रात्रि गार्ड, सफाइ निकास बनाउन | | | | | २६८,४००।०० | नपा | |
| ५ | वडा नं. १ स्थित १०८ रोपनीमा माटो सम्याउने कार्य | १ | | | | | | ८९,५००।६० | नपा | |
| ६ | हनुमानघाटदेखि वासिकचासम्म सर्वबेस कार्य | ७ | ४८८,५०५।४४ | | ३४०,६४९।८० | | | ३४०,६४९।८० | नपा | |
| छ) | **अन्य** | | | | | | | | | |
| १ | सडक डिभिजन कार्यालयलाई अरनिको राजमार्गको सूर्यविनायक पसिखेल जगातीसम्मको बाटोमा भनपा उत्तरतर्फ ट्याक खोल्नलाई आवश्यक डिजेल उपलब्ध गने निर्णय गरियो । | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

**क)** भ.न.पा २ स्थित नःपुखु परिसरमा हुने ३९ औं नेपाल भाषा साहित्य तःमुंज्या भव्यताका साथ सम्पन्न गर्न आर्थिक सहयोग पाउँ भनी निवेदन दिएको बारे छलफल हुँदा नेपाल भाषा साहित्य तःमुंज्या ग्वसाखलःलाई यस नगरपालिका कार्यालयको तर्फबाट रु. ७०,०००।– (अक्षेरूपी सत्तरी हजार रूपैया) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**ख)** यस नगरपालिकामा ५ वर्ष वा सोभन्दा बढी समय अटुट रूपमा सेवारत निम्न सफाइ मजदुरहरूलाई मासिक रु. १०००।– का दरले प्रदान गरिने प्रोत्साहन रकम प्राप्त गर्न योग्य २२ जना कर्मचारीहरू छुट भएकोले मिति २०७६।३।३१ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम छुट कर्मचारीहरूलाई पनि २०७६ श्रावण महिनादेखि लागू हुनेगरी प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो ।

**ग)** यस नगरपालिकाको प्रेस इकाईमा फाइल, खाम, लेटर हेड, पर्यटक टिकटलगायतको स्टेशनरी सामग्री छपाइ कार्य गर्दै आएका प्रेस अपरेटर गोपालकृष्ण कोजूलाई मिति २०७६।२।१ गतेदेखि २०७७ असार मसान्तसम्मको लागि सेवा करारमा नियुक्त गर्ने निर्णय गरियो ।

**घ)** यस नगरपालिकाको कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई २०७६ श्रावण महिनादेखि लागुहुने गरी मासिक पारिश्रमिक रु. २५०००।– (अक्षेरूपी, पच्चीस हजार रूपैंया) का दरले प्रदान गर्ने निर्णय गरियो ।

**ङ)** भक्तपुर नगरपालिका क्षेत्रभित्र सूर्यविनायकदेखि जगातीसम्मको बाटोको ट्रयाक खोल्ने कार्यको लागि डिभिजन सडक कार्यालय कटुन्जे भक्तपुरबाट प्रयोग गर्ने हेभि इक्विप्मेन्ट मेशिनको लागि कार्य गरे अनुसारको लागि आवश्यक इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**च)** भक्तपुर जिल्ला समन्वय समितिबाट मिति २०७५।४।७ को च.नं. २१ को पत्रानुसार मिति २०७५ भाद्र १५ गतदेखि समायोजन भई कार्य गर्दै आएका कम्प्युटर अधिकृत जौवन कोजुको तलब लिष्ट भक्तपुर नगरपालिकाका कर्मचारीहरूको तलब लिष्टमा समावेश गरी नगरपालिका श्रोतबाट यस नगरपालिकाका कर्मचारीहरू सरह निजको पदअनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**छ)** जिल्ला पशु सेवा कार्यालय भक्तपुरबाट मिति २०७६।४।१ को च.नं. ४८११ को पत्रानुसार सोही मितिदेखि यस कार्यालयमा समायोजन भई कार्य गर्दै आएका पाँचौ तहका कार्यालय सहयोगी चुडामणी चालिसेको तलब लिष्ट भक्तपुर नगरपालिकाका कर्मचारीहरूको तलब लिष्टमा समावेश गरी नगरपालिका श्रोतबाट यस नगरपालिकाका कर्मचारीहरू सरह निजको पदअनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**ज)** यस नगरपालिकाको कागज पुनः प्रयोग कार्यक्रममा दैनिक ज्यालादारीमा कार्यरत न्हुछेमाया सैंजु, रामप्यारी दुवाल र पार्वती राजभण्डारीले पाउँदै आएको ज्याला यस नगरपालिकाका कर्मचारीहरूको बृद्धि तलबअनुसार २०७६ श्रावण महिनादेखि लागु हुने गरी २० प्रतिशत बृद्धि गर्ने निर्णय गरियो ।

**झ)** भक्तपुर जिल्ला जिम्नाष्टिक संघको मिति २०७६।६।१३ गतेको प्राप्त पत्रानुसार यस संघबाट यस नगरपालिकाभित्रका विभिन्न विद्यालय, टिम, क्लब र संघसंस्थाहरूका ६ वर्षदेखि १२ वर्षसम्मका बालबालिकाहरूलाई जिम्नाष्टिक सम्बन्धी प्रशिक्षण दिँदै आएकोमा सो सम्बन्धी सम्झौताको म्याद मिति २०७६ श्रावण महिनादेखि सकिएको हुँदा सो सम्झौता मिति २०७६ श्रावणदेखि २०७७ असार मसान्तसम्मको लागि पुनःसम्झौता गर्ने निर्णय गरियो ।

**ञ)** मिति २०७६।६।७ र १३ गते बसेको यस कार्यालयको **बोलपत्र मूल्याङ्कन समिति**को निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो –

### मिति २०७६।६।७

भक्तपुर नगरपालिकाबाट चालू आ.व.२०७६/७७ का लागि आवश्यक स्टेशनरी (मसलन्द) सामानहरू खरिद गर्न मिति २०७६/५/१०, ११ र २६ गते 'मजदुर' दैनिकमा सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका ३ (तीन) थान दरभाउपत्रहरू मध्ये सबभन्दा न्युनत्तम अङ्क कबोल गर्ने दरभाउपत्रदाता श्री इन्द्रेणी ट्रेड लिंक, काठमाण्डौको दरभाउ सम्बन्धमा मिति २०७६/०६/०६ गतेको बोलपत्र मूल्याङ्कन समितिको बैठकबाट पेश भएका आइटमहरू मध्ये सि.नं. ५ को दररेट बढी हुन आएकोले नमुना सामान पेश गराउने निर्णयअनुसार आज मिति २०७६/०६/०७ को बैठकमा पेश भएको नमुनाअनुसारको फोटोकपी पेपर सक्कल भएकोले न्यूनत्तम अङ्क जम्मा रकम रु. ४,४७,२४०।०० (भ्याट बाहेक) भएको हुँदा सारभूत रूपमा प्रभावकारी दरभाउपत्रदाता इन्द्रेणी ट्रेड लिंकको दरभाउ स्वीकृत गरी खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो ।

### मिति २०७६।६।१३

**१)** भक्तपुर नगरपालिका कार्यालयमा चालू आ.व.२०७६/७७ का लागि आवश्यक प्रेस (छपाई) का सामानहरू खरिद गर्न मिति २०७६/०५/१०,११ गते 'मजदुर' दैनिकमा सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी प्रकाशितसूचना अनुसार म्यादभित्र

पर्न आएका घ (तीन) थान दरभाउपत्रहरू मध्ये सबभन्दा न्युनत्तम अङ्क कबोल गर्ने दरभाउपत्रदाता श्री ख्वप ट्रेडिङ्ग प्रा.लि. भक्तपुरको बोलपत्र सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिको बैठकमा छलफल हुँदा न्यूनत्तम अङ्क जम्मा रकम रु. २५,२२४८७।८५ अक्षरेपि पच्चीस लाख बाइस हजार चार सय सतासी रूपैया पैसा पचासी मात्र (भ्याट बाहेक) भएको हुँदा सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता ख्वप ट्रेडिङ्ग प्रा.लि.को बोलपत्र स्वीकृत गरी खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**२)** भक्तपुर नगरपालिका कार्यालयमा चालू आ.व. २०७६/७७ का लागि सवारी साधन गाडीको टायर, ट्युव र अन्य सरसफाइका सामानहरू खरिद गर्न 'मजदुर' मिति २०७६/०५/१० र ११ गते 'मजदुर' दैनिकमा प्रकाशित सिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचनाअनुसार म्यादभित्र दर्ता हुन आएका ३ (तीन) थान सिलबन्दी बोलपत्र/दरभाउपत्रहरू मध्ये सबभन्दा न्युनत्तम अङ्क कबोल गर्ने बोलपत्रदाता श्री आर एन इन्टरप्राइजेज भक्तपुरको बोलपत्र सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिको बैठकमा छलफल हुँदा न्यूनत्तम अङ्क जम्मा रकम रु. २७,२६७००।०० अक्षरेपि सताइस लाख छबीस हजार सात सय रूपैया मात्र (भ्याट बाहेक) भएको हुँदा सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता श्री आर एन इन्टरप्राइजेज भक्तपुरको बोलपत्र स्वीकृत गरी खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**३)** भक्तपुर नगरपालिका कार्यालयको बा १ क ४५५४ नं को जेट मेसिन गाडी मर्मत कार्य गर्न 'मजदुर' मिति २०७६/०६/२५ र २६ गते 'मजदुर' दैनिकमा प्रकाशित सिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचनाअनुसार म्यादभित्र दर्ता हुन आएका ३ थान सिलबन्दी दरभाउपत्रहरू खोली बोलपत्र मूल्याङ्कन समितिमा छलफल हुँदा तीन वटै दरभाउहरूमा धरौटी रकम नभएकोले उक्त सिलबन्दी दरभाउपत्र रद गरी पुनः ७ (सात) दिनको दरभाउपत्र आह्वान सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**४)** यस नगरपालिकाद्वारा भ.न.पा. ९ च्याम्हासिंह (तुमचो दुगुरे चोखा आवास (क्षेत्र) मा निर्माणाधीन छाती पुनःस्थापना केन्द्र निर्माणको क्रममा पहिलो चरणमा भवनको स्ट्रक्चर ढलान कार्यका लागि ल.ई. रु.९९,००,१०७।९६ बमोजिम स्थानीय रत्नप्रसाद प्रजापतिको अध्यक्षतामा उपभोक्ता समिति गठन भई योजनाअनुसार स्ट्रक्चरल ढलान कार्य सम्पन्न भई कार्य मूल्याङ्कन रु. ३४,०६,२५४।१५ खूद खर्च २४,९९,०५७।– भएकोमा उक्त योजनाको पेश्की फछ्र्यौट गर्ने, नपुग रकम रु. १०,९१,६२१।– भुक्तानी गर्ने । साथै भवनको दोश्रो चरणको कार्य अन्तर्गत फिनिसिङ्ग कार्यको लागि स्थानीय जनताको भेलाबाट रत्नप्रसाद प्रजापतिको अध्यक्षतामा बसेको उपभोक्ता समितिलाई नै निरन्तरता दिन लिखित माग अनुरोध भई आएकोमा सोही बमोजिम तपसिलका पदाधिकारीहरू रहने गरी उपभोक्ता समिति र अनुगमन समिति गठन भएको निर्णय अनुमोदन गरी उक्त समितिसँग भवन फिनिसिङ्ग कार्यका लागि सम्झौता गर्ने र ल.ई. रु. ७१,३३,४५७।७२ को ३३ प्रतिशत बराबरको रकम रु. २३,५४,०४१।०५ पेश्की प्रदान गर्ने निर्णय गरियो ।

**उपभोक्ता समिति**

अध्यक्ष : रत्नप्रसाद प्रजापति
कोषाध्यक्ष : तारादेवी धन्छा
सचिव : विष्णुकुमार प्रजापति
सदस्य : ईन्द्रबहादुर प्याथ
सदस्य : लक्ष्मीप्रसाद कुसी
सदस्य : विकास प्रजापति
सदस्य : रामेश्वरी कोजु
सदस्य : मोहनकुमार पछी
सदस्य : सत्यनारायण सायंजु

**५)** वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले गाईजात्रा कार्यक्रम २०७६ को लागि रु. २०,००,०००/– (बीस लाख मात्र) पेश्की लिई सांस्कृतिक टोलीहरूको मूल्याङ्कनकर्ताहरूको मूल्याङ्कन भत्ता खर्च रु. ८३३००।– मूल्याङ्कनकर्ताहरूले मूल्याङ्कन गरेका दिनहरूको भत्ता रु. ११३९००।–, गाईजात्रा मूल्याङ्कनमा बसेका कर्मचारीहरूको भत्ता रु. १४८७५०।–, सांस्कृतिक टोलीहरूको खाजा खर्च रु. ९७०००।–, सांस्कृतिक टोलीहरूलाई पुरस्कृत गर्दाको रु. ९७४०००।–, नाटक तथा ख्याल प्रतियोगिताका विजयीहरूको पुरस्कार रु. २९०००।–, साउण्ड सिस्टम वापत रु. २३४१५०।–, टेन्ट, सायर, मेच र टेवल वापत रु. ५९३७३।– भक्तपुर टेन्ट हाउसलाई, प्रमाणपत्र फ्रेमिङ्ग गर्दाको रु. ४६५४१।– ब्रम्हायणी ग्लास सेन्टरलाई र खाजा वापत रु.४९२५०।– लवज् मिठाइलाई र फूलको गुच्छाको लागि रु. ६३०४।– समादेवी गीफ्ट सेन्टरलाई, कार्यक्रम छायाङ्कन गर्दाको रु.११७५२०।– ख्वप मल्टिपर्पोज प्रा.लि. लाई भुक्तानी गरी कुल रकम १९५९०८८।– भ्याटबाहेक खर्च गरी बाँकी रकम रु. ४०९१२।– बैंक दाखिला गरी पेश्की फछ्र्यौट गरिएको जानकारी दिइयो ।

**६)** यस नगरपालिकाका ना.सु. श्री सकुन्तला भद्राले मिति २०७६।६।१५ गते राखेको जनज्योति पुस्तकालयको २' X २' को ७ वटा टेबुल मिनाहा गरी पाऊँ भनी निवेदन पेश

भएकोमा छलफल हुँदा उक्त टेबुलहरू हाल हराइसकेको हुँदा मिनाहा गर्ने निर्णय गरियो ।

७) वडा नं. ९ का वडा सचिव पुण्यराम लाखाले गाईजात्राको मूल्याङ्कनको लागि रु. १,३०,०००।– पेश्की लिएकोमा रु. १०७१०७।५० खर्च गरी बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको जानकारी दिइयो ।

८) नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापतको रु. ७१९२५।– दिब्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

९) भक्तपुर नगरपालिकाद्वारा सन्चालित मो.सा. नं १६१४ को मर्मत गर्दाको रु. ११०५०।– लक्ष्मी अटो पार्टस्लाई भुक्तानी गर्ने निर्णय गरियो ।

१०) ४० औं विश्व पर्यटन दिवसको उपलक्ष्यमा नगरपालिकाद्वारा आयोजित कार्यक्रमको लगि आवश्यक मेच उपलब्ध गराएवापतको रु. ६४००।– भक्तपुर टेन्ट हाउसलाई भुक्तानी दिने निर्णय गरियो ।

११) ४० औं विश्व पर्यटन दिवसको उपलक्ष्यमा नगरपालिकाद्वारा आयोजित कार्यक्रमको लगि चिया र बिस्कुट उपलब्ध गराएवापतको रु. ५४७८।२४ सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

१२) नगरपालिकामा विभिन्न समयमा फलफूल उपलब्ध गराएवापतको रु. ११३७०।– एच एच जुस स्टोरलाई भुक्तानी दिने निर्णय गरियो ।

१३) नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापतको रु. १२४०।– भ्:छे खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

१५) भनपाद्वारा सञ्चालित ब्याट्री वाला ट्राइसाईकल मर्मत गर्दाको रु. ८०३४३।– एस क्यूब इन्टरप्राइजेजलाई भुक्तानी दिने निर्णय गरियो ।

१५) भनपाद्वारा सञ्चालित गाडी नं. ६०४९ मर्मत गर्दाको रु. ८०६२५।५० र गाडी नं ८७५० मर्मत गर्दाको रु ९८२८१।७५ गरी कुल रु.१७८९०७।२५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

१६) नगरपालिकाबाट सञ्चालित प्रेसको पम्प मेसिन मर्मत गर्दाको रु. ३१२५। मतिना स्टोरलाई भुक्तानी दिने निर्णय गरियो ।

१७) नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापतको रु. २५०३५।– ब्रदर्श क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।


**नेपाल सम्वत ११४०**

**नव वर्षको अवसरमा**

**नगरको विकासमा**

**आ–आफ्नो क्षेत्रबाट**

**सक्दो सहयोग पुऱ्याउन**

**उत्प्रेरणा प्राप्त होस्**

**हार्दिक भिन्तुना !**

**भक्तपुर नगरपालिका**



**शिक्षा प्रचारक व समाज सुधारक**

**मास्तर जगतसुन्दर मल्लया**



बुदिं : विसं १९३९ कार्तिक १५ बुधबाः

मदुगु दिं : २००९ साउन १४ मंगलबाः

**१३७ औं बुदिंया लुमन्ति दुनुगलंनिसें श्रद्धाञ्जली देछाय् ।**

**भक्तपुर नगरपालिका**

# भक्तपुरको एक मौलिक संस्कृति भीष्मदाह संस्कार



ओम धौभडेल

भक्तपुर एक सांस्कृतिक विविधताले भरिएको नगर हो । सांस्कृतिक राजधानीले समेत चिनिने भक्तपुर भित्र त्यस्ता कयौं विविधताले भरिएका छन् जसको आजसम्म कहिंकतैबाट सुक्ष्मदृष्टिले अध्ययनसमेत भएको पाईदैन ।

भक्तपुरजस्तो एउटा सानो नगर भित्र सातसयभन्दा बढी विभिन्न थरका मानिसहरू बसोबास गरिरहेको सन्दंभमा प्रत्येक थरका मानिसहरूको आ–आफ्नै सांस्कृतिक वीधीविधानहरू छन्, जुन एक अर्कासँग भिन्न छ । यो विविधताले भरिएको संस्कृति हरेकको लागि गर्वको विषय हो । उदाहरणको लागि कसैले रातो टिकामाथि लगाई मोहनी टिका तल लगाउँछ । कसैले मोहनी टिका माथि लगाई रातो टिका तल लगाउँछ । कसैले रातो तुलबाला मात्र लगाउँछ । कसैले रातोसँग सेतो पनि तुलबाला लगाउँछ । कसैले भोजमा दहीको टिका लगाउँछ त कसैले लगाउनु पर्दैन । कोही नेवारको जनै हुन्छ, तर प्रायःको हुदैंन । कोही नेवारको मृत्यु संस्कार १३ दिनमा चोखिन्छ त कसैको ४५ दिनमा मात्र चोखिन्छ । हरेक पूजापर्व, संस्कार, खानपान , भेषभुषादेखि दैनिक क्रियाकलापमा समेत पाउने विविधताले भक्तपुरको नेवार सभ्यता कति धनी छ भन्ने प्रष्ट हुन्छ । नेवार भएर योमारी पूर्णेको दिन योमारी पकाउन नहुने धौभडेल यही समाजभित्र छ । भक्तपुरका सबै बासिन्दा कछलाथ्व प्रतिपदाको दिन आफ्नै घरमा म्हापूजा गरिरहेको हुन्छ । तर थाछें जोशी खलक र तलेजुभित्रका गुथियारहरूले आफनै घरमा नभई तलेजुभित्र म्हापूजा गर्नुपर्छ । बोलाछैं तःननीका सुवालहरूको घरमा व्रतबन्ध गरिरहनुपर्दैन । यस्ता कयौं विधिविधानहरूले भक्तपुरको संस्कृति धनी रहेको थाहा पाउन सकिन्छ । यस्तै विविध संस्कृतिमा भक्तपुर भोलाछैंतीर बस्ने कुम्पाखहरूको एउटा मौलिक संस्कृतिबारे यहाँ चर्चा हुनेछ ।

सबभन्दा पहिले भक्तपुर नगरमा करिव सातसय भन्दा बढी थरका मानिसहरू रहेको एउटा महत्त्वपूर्ण जानकारी यहाँ आएकोछ । तलेजुलाई केन्द्र बनाई पहिलो घेरामा मल्लराजा एवम् उनका परिवार बस्ने क्रममा तत्कालीन त्रिपुर एवम युथुनिमम दरबारदेखि पछि बनेका बसन्तपुर दरबार, ५५ झ्याले दरबार, थथु दरबार, सिंहद्वार दरबार, चौकोट दरबार, भण्डारखाल दरबारहरूसमेत यही घेराभित्र बनेको पाइन्छ । त्यस्तै दोश्रो घेरामा राजाका पुरोहित अर्थात राजगुरु ब्राम्हण वर्गको निवास रहेको छ । विशेषगरी दरबारसँग सम्बन्धित राजोपाध्यायहरूको निवास खौमा, लास्कुढोका, इपाछेँ , सोमला, इच्छु, घट्खा, इटाछेँ, बालाखु वरपर पाउनु यही विशेषता हो । राजोपाध्यायलगायत शर्मा, सुवेदी, झा, मिश्र, भट्ट जस्ता थरका पनि आवास यही घेरामा देख्न सकिन्छ । यसभन्दा बाहिर रहेको तेश्रो घेरामा राजदरबारसँग सम्बन्ध राख्ने भारदार अर्थात भारो वर्गको वासस्थान रहेको हुन्छ । जसलाई ६ थरी भन्ने गरिन्छ । अमात्य, प्रधानाङ्ग, तिमिला, राजभण्डारी, हाडा, बिजुक्छेँ, मलेपति, मूल, धौभडेल, पक्वान, राय, मुनंकर्मी, जोशी, राइठोर जस्ताको बसोबास यहाँ रहेको हुन्छ । जहाँ उनीहरूको कूलघर आगमघरसहितको चोक तथा इनार, जलद्रोणी र चारैतिर आफ्नै घर हुन्थ्यो । चोक पस्ने दुइभन्दा बढी ढोका र चोर बाटोको माध्यमबाट दरबारसम्म पुग्ने बाटो हुन्थ्यो । यस्ता बस्तीहरू भक्तपुर नगरको लायकु वरपरको टौमढी, इच्छु, क्वाछेँ, थाछेँ, गहिती, बालाखु, खौमा, कोलाछेँ, तुलाछेँ, घटखा, सोमला, दोक्छेँ जस्ता थरहरू गुच्चमुच्च बस्ती भित्र रहेका छन् । जसमा क्वाछेँका अमात्य, थाछेँका जोशी, टौमढीका तिमिला, बोलाछेँका राजभण्डारी, खौमाका कायस्थ, क्वाछेँका मुलेपति, टिवुक्छेँका प्रधानाङ्ग, कोलाछेँका हाडा बस्ती यसका ठोस प्रमाणहरू हुन् । यसभन्दा बाहिरको अर्को एउटा घेरामा देवदेवीकहाँ तान्त्रिक विधिबाट पूजा उपासना गर्ने कर्माचार्यको बस्ती हुन्छ । तलेजु भवानी उच्च तान्त्रिक देवी भएको कारण तलेजु वरपरको टौमढी, बालाखु, तुलाछेँ, सुकुलढोकामा कर्माचार्य थरको बाक्लो बस्ती बसेको छ । ५ थरीका कर्माचार्यबाहेक यसभित्रका अन्य थरहरू जस्तै कक्षपति, भद्रा, पसखल, मुल्मी, होरा, मधिकर्मी, मास्के, बनेपाली, दिस्ती, खागी, बरिया, फैजु, फाँजुहरूको बस्ती भने यो चौथो घेरामा भएको पाइँदैन । पाँचौ घेरा नगरको त्यस्तो महत्त्वपूर्ण घेरा हो जहाँ कर्माचार्यबाहेक माथि उल्लेखित ५ थरी लगायत कृषि, उद्योग तथा सीपमुलक कार्य गर्नेहरूको मूल बास रहेको छ । विशेषगरी गुच्चमुच्च टोलबस्तीको रूपमा यो घेरामा पर्ने बजारी भेगमा उद्योग ब्यापार गर्नेहरू र गल्ली चोक उपटोल भित्र कृषि पेशा अँगाल्ने किसान वर्गको बाहुल्यता रहेको हुन्छ । वंशगोपाल, नासमना, बोलाछेँ, सुकुलढोका, इताछेँ, गोलमढी, इनाचो दत्तात्रय जस्ता बजार भेगमा ब्यापार अँगाल्ने थरहरूको बाहुल्यता रहेको छ भने यता चासुखेल, चोछेँ, ब्यासी, जेँला, सूर्यमढी, लाकुलाछेँ, खलाँ, तालाक्व, तपालाछी, भोलाछेँ, क्वाठण्डौ जस्ता टोल इलाकामा अधिकांश किसान वर्गको बाहुल्यता रहेको छ । श्रमजीवीहरूको यो घेराको महत्त्व वर्षभरिको लागि आवश्यक खाद्यान्न सुरक्षित गर्न भण्डारको रूपमा उपयोग गरेबाट हुन्छ । यहाँ सुवाल, कोजु, बासुकला जस्ता खेतीसँग आवद्ध थरहरू बाहेक खेतीका

साथ निर्माण कार्यमा लाग्ने दुवाल, अवाल, खेतीका साथ धार्मिक कार्यमा लाग्ने राजचल, मुलगुठी, चगुठी, बनमाला, खेतीका साथ काठको काम गर्ने शिल्पकार, खेतीका साथ ढुङ्गाको काम गर्ने शिलाकार जस्ता कयौं विविध थरहरू भेटिन्छन् । अझ कृषि पेशासँग आवद्ध हुनेको सयौं अन्य थरहरू यहाँ देख्न पाइन्छ । जो जनावर, अन्न, फलफुल, चराचुरुङ्गी वासस्थानदेखि ब्यक्तिको हाउभाउ, शारीरिक बनावट जस्ता विविध विषयवस्तुमा केन्द्रित गरि कुनां बिनांको आधारमा थर बनेको सन्दर्भमा नेवार थरको रोचकता यहाँ देख्न सकिन्छ । साथै यो घेरामा सीप मुलककाम गर्ने जस्तो माटाका भाँडा बनाउने प्रजापती, कपडा रंगाउने छिपा (रञ्जीतकार), तामाको काम गर्ने ताम्राकार, टोपी बनाउने साखकर्मी, चुल्याद, देवप्रधान, काठको कामगर्ने शिल्पकार, तेलपेल्ने मानन्धर, सुनको कामगर्ने शाक्य, बज्राचार्य, ढुङ्गाको काम गर्ने शिलाकार, चित्र कोर्ने चित्रकार, फलामको काम गर्ने नकर्मी आदिको वासस्थान हुन्छ । यसभन्दा बाहिरको छैटौं घेरामा धार्मिक लगायतका कार्य लागि परम्परा देखि आफ्नो भूमिका निभाउँदै आएका महत्त्वपुर्ण थरहरू जस्तै नापित, कारञ्जीत, शिवार्चाय, रजक, दिवाकर, शुध्दाकार, कुश्ले, साही आदिको बसोबास हुन्छ । सातौं घेरामा खोला सँगै पोडे, च्यामखल, हालाहुलु जातिको बसोबास हुन्छ ।

यसमा भक्तपुरको भोलाछे टोलमा विभिन्न जातजातीका मानिसहरूको बसोबास छ । यसमा एक कुम्पाख पनि हो । यस अर्थमा उनीहरूको उद्‌भव स्थल नै यही ठाँउ हो भन्नेमा विमति नहोला । यहाँ उनीहरूको करिव ५० घर जति छ । र ५०० भन्दा बढीको सङ्ख्यामा उनीहरूको जनसङ्ख्या छ । उनीहरूको मुख्य बासस्थान भोलाछैँ र वरपरको ठाउँ नै हो । सदियौदेखि कृषि पेशा अँगाल्दै आएका कुम्पाखहरूमध्ये कोही हालै २०७२ सालको भूकम्पपछि नगरको यताउता वा बाहिर बस्न पुगेपनि भोलाछैँ टोलसित उनीहरूको कहिल्यै नटुट्ने साइनो गाँसिएको



e'id bfxsf]nflu lrQf agfO5F}

छ । जसरी आफ्नो विवाह, व्रतबन्ध जस्ता संस्कार होस् वा बिस्का, मोहनी, दिगुपूजा जस्ता चाड होस्, भोलाछैँ नै सम्झन्छन् । यसमा कुम्पाखहरूले मनाउने एउटा अनौठो संस्कारमा त सबै कुम्पाख दाजुभाइहरू भोलाछैँ मै अनिवार्य रूपमा पुग्नेगर्छन् । कुम्पाखहरूले प्रत्येक वर्ष श्री पंचमीको भोलिपल्ट एउटा अनौठो, तर महत्त्वपूर्ण संस्कार मनाउने चलन छ । यसलाई उनीहरू भिष्म पितामहको दाह संस्कार भन्न रुचाउँछन् । यस सांस्कृतिक पर्वबारे आजसम्म कहिंकतै लिपिवध्द नभएको अवस्थामा प्रथम पटक यहाँ लिपिवध्द हुँदैछ । जसले कुम्पाखहरूको यो चलन बारे गहिरो अध्ययनको खाँचो महसुस गराउँछ । यहाँ भीष्म पितामहको दाह संस्कार भनी जुन क्रियाकलाप हुन्छ । त्यो यद्यपि निरन्तरतामा छ । त्यो अत्यन्त महत्त्वपूर्ण पक्ष हो । त्यसको लागि एउटा निजी गुथि समेत छ ।

यस गुथि अर्न्तगत प्रत्येक वर्ष माघशुक्ल पंचमी अर्थात श्री पंचमीको भोलिपल्ट भोलाछैँ टोलका प्रत्येक घरबाट एक एकजना कुम्पाखहरू हातमा एक एकवटा दाउरा लिएर भोलाछैँ टोलको मध्य भागको चोकको पाटीमा राख्न ल्याइछ । यसरी दाउरा राख्ने सबै गुथिका गुथियारहरू हुन् । सबै गुथियारहरूले दाउरा ल्याइसकेपछि आवश्यक अरु सबै सामग्री पालो पर्नेले ब्यवस्था गरी हनुमानघाटतिर लाग्छन् । भोलाछैँबाट लालाछैँ हुँदै सुकुलढोका, गोल्मढी, याता हुँदै हनुमानघाट खोहेँ पुग्छन् । हनुमानघाटको उत्तरतर्फको घाट छेउ ती सबै गुथियारले ल्याएको दाउरा बिसाइछ । त्यहाँ पूर्व पश्चिम लाम्चो हुनेगरी चारवटा खाडल खन्छन् । त्यसमा चारवटा लामो दाउरा ठड्याई अरु दाउराहरू खाट जस्तै तह तह मिलाएर राखिन्छ । यी दाउराहरू नखसोस भनी परालको डोरी अर्थात लु खिपःले बाँध्छ । त्यसमाथि कुकुर, सुँगुर, गाईवस्तु, केटाकेटीले उक्त चिता नबिगारोस् भन्ने उदेश्यले गोबरले लिपिन्छ । यसदिन यति काम सम्पन्न भएपछि उक्त चितालाई त्यतिक्कै छोडी आ–आफ्नो घर फर्कन्छन् । भोलिपल्ट झिसमिसे उज्यालोमै पुनः सबै गुथियारहरू हनुमानघाटको सोही चिता बनाएको ठाउँमा पुग्छन् । सबै गुथियारहरूको उपस्थितिमा कुम्पाखहरूको ज्येष्ठ ब्यक्तिले दाग बत्ती दिन्छ । त्यसपछि अरु कुम्पाखहरूले तीनतिरबाट आगो लगाउँछ । एकतिर भने पोडेहरूले आगो लगाउँछ । यसरी चारैतिरबाट आगो लगाइसकेपछि उक्त भीष्म पितामहको चिता आगोको मुस्लोमा परिणत हुन्छ । यो भीष्म पितामहको दाह संस्कार हेर्न वरपरका मानिसहरू, बटुवाहरू, जानकारहरू त्यहाँ भेला हुन्छन् । यो आगो अरु बेलाको आगोभन्दा फरक हुन्छ भन्ने मान्यता छ । यो आगोको मुस्लो एकनासले धेरै माथिसम्म पुग्छ । यसबारे एउटा भनाई के छ यो आगोको मुस्लो चाँगुनारायणको डाँडा र साँखुको मणिचूड पर्वतबाट समेत देखिन्छ भन्ने गरिन्छ । तर एउटा कुरा आगोको मुस्लो जति माथिसम्म पुगेपनि खरानी अलिकति पनि यताउता हुँदैन । उक्त चिता खरानीमा परिणत भैसकेपछि ती सबै खरानी एकै ठाँउमा जम्मा पारिन्छ । तत्पश्चात सबै गुथियारहरूले उक्त खरानीको विभूति लगाउँछन् । उक्त दिन भक्तपुरको हनुमानघाटमा कुम्पाखहरूबाट हुने भीष्म पितामहको चिता दाह



lr0f bfx ul/b}

सस्कार हेरेमा आफनो जुनसुकै काम सिध्द वा पूरा हुन्छ भन्ने विश्वासका साथ हेर्न आएका सबैले विभूति लगाउँछन् । अन्तमा सबै गुथियारहरू खोलामा गई मुख धोई शुध्द भई घर फर्कन्छन् । पालो पर्नेको घरमा भोजसमेत हुन्छ ।

यो परम्परा किन अनि कहिलेदेखि चल्यो एउटा महत्त्वपूर्ण सवाल यहाँ आउँछ । यो परम्परा भक्तपुरलगायत सोही दिन ललितपुरको शंखमुलघाटमा पनि यस्तै प्रकारले भीष्म पितामहको दाह सस्कार हुने परम्परा रहेको बुझिन्छ । त्यतिमात्र हैन सोही दिन काशीस्थित मणिकर्णिकाघाटमा पनि यस्तै दाह संस्कार गर्ने चलन रहेको पनि अर्को महत्त्वपूर्ण तथ्य हुनसक्छ ।

अरुभन्दा पनि भक्तपुरमा भएका सातसयभन्दा धेरै थरहरूमा कुम्पाखहरूकै मात्र यो परम्परा किन भयो ? यो अत्यन्तै महत्त्वपूर्ण सवाल हुन आउँछ । यहाँ कुम्पाखहरूबारे अध्ययन गर्ने हो भन्ने सत्यको नजिक पुग्न सकिन्छ । त्यसको निम्ति सर्वप्रथम कुम्पाखको अर्थ खोज्नु जरुरी हुन्छ । यहाँ कुम्पाख नेपालभाषाको शब्द हो भन्ने बुझ्नु जरुरी छ । कुम र पाख दुईटा नेपालभाषाको शब्दबाट नै कुम्पाख बनेको छ । तर यहाँ कुम्पाखको मूलरूप चाहिं कुं + पाखे हो । यहाँ कुं भनेको दिशाबोध शब्द हो । यसको अर्थ कुना हो । पाखे भनेको तिर हो । यहाँ कुं पछि गएर कुम बन्न पुग्यो । पाखे को परिवर्तित रूप पाख भई अन्तमा कुम्पाख भयो । जुन भाषाविज्ञानको हिसाबले पनि धेरै हदसम्म सत्यताको नजिक छ । यसबाट कुम्पाख शब्दले दिशालाई संकेत गरेको हुन्छ । यसको ठूलो प्रमाण त भक्तपुरको उत्तरपूर्व दिशामा पर्ने ठाँउको नाम कुम्पाखे छ । भक्तपुर नगरबाट चाँगु जाने बाटोमा पर्ने उक्त ठाउँलाई यद्यपि शुध्द रूपमा कुम्पाखे नै भनी आसबाट यो ठाउँसित कुम्पाखहरूको कुनै न कुनै सम्बन्ध हुनुपर्छ । यस्तै श्री पन्चमीको भोलिपल्ट मनाउने भीष्म दाहसंस्कारकै कुरा गर्ने हो भने पनि उनीहरूको थर किन कुम्पाख भयो आफैं पुष्टि हुन्छ । भिष्म दाहसंस्कार गर्दाको अवस्थाबारे केही जानकारी राख्नु आवश्यक हुन्छ । भीष्म पितामहको चिता बनाइसकेपछि कुम्पाख खलकको नाईकेले चिताको एक कुनातिरबाट आगो लगाउने चलन छ । यसरी एक कुनातिर अर्थात कुंपाखे दिशा बाट आगो लगाउने भएर ती ब्यक्ति कुंपाखे-कुंपाख-कुम्पाख भएको देखिन्छ ।

यसरी चिता जलाउने चलन भक्तपुरमा भएका सयौं थरमध्ये कुम्पाखहरूको मात्र छ । कुम्पाखहरू स्वयम् यो चिता भीष्म पितामहको भएको मान्दछन् । यहाँ भीष्म महाभारतको एक पात्र रहेको र महाभारत युध्द गर्ने सम्पूर्ण पाण्डव र कौरवहरूको ज्येष्ठ ब्यक्ति उनै भीष्म हुन् । त्यसैले उनलाई सबैको बाजे अर्थात् पितामह भने र भीष्म पितामह बने । तर उनी जीवनभर कुमार नै रहे । आजीवन विवाह नगर्ने प्रतिज्ञा उनले कायम राखे । त्यही भएर एउटा उखान नै छ, प्रतिज्ञा होस् त भीष्मको जस्तो । अर्थात् भीष्म प्रतिज्ञा जस्तो भन्ने चलन छ । अरुभन्दा पनि आफनो मृत्यु आफ्नै स्वइच्छाले मात्र हुने भीष्म आफ्नै नाति अर्जुनको वाणले जब मृत्युशयामा पुगे उनको अन्तिम इच्छा आफ्नै आँखाले महाभारत युध्द पूरा भएको देख्न चाहन्थे । महाभारत युध्द नसकुन्जेल उनी वाणैं वाणको शय्यामा रही सम्पूर्ण युध्द आफनै आँखाले हेरे र आफ्नै स्वइच्छाले मृत्युवरण प्राप्त गरे महाभारतमा भीष्मको दाहसंस्कार कसले गरेको थियो स्पष्ट छैन । तर भक्तपुरमा प्रत्येक वर्ष श्री पञ्चमीको भोलिपल्ट भीष्म पितामहको शवमा भक्तपुरका कुम्पाखहरूले दागबत्ती दिने परम्परा कायम नै छ । यसबाट अर्को एउटा महत्त्वपूर्ण जानकारी यो पनि मिल्छ कि महाभारत युध्दको क्रममा भीष्म पितामहको मृत्यु माघ शुक्ल षष्ठिको दिन भएको थियो । यो कुराको पुष्टि हुने आधारबाट महाभारत युध्द काल्पनिक होइन भन्ने पनि मिल्छ । साथै भीष्म पितामहसित कुम्पाखहरूको के सम्वन्ध थियो त्यो महत्त्वपूर्ण प्रसङ्ग यहाँ उठिहाल्छ । किनभने भीष्म पितामहले आजीवन बिबाह नगरेको कारण उनका सन्तान त हुने सवाल आउँदैन । त्यसो भए कुम्पाखहरूले किन वर्षेनी यो परम्परालाई निरन्तरता दिदैं ? यहाँ नेर यो परम्परा चलाउन कुम्पाखहरूको आफ्नै निजी गुथि समेत रहेको सन्दर्भले त यो परम्परा सदियौं पहिलेदेखि चल्दै आएको हो भन्ने पुष्टि हुन्छ । यो परम्पराबारे अझ विस्तृत अध्ययन अनुसन्धान हुन सके कुम्पाखहरूको मात्र नभई नेपालकै एक अनौठो तर महत्त्वपूर्ण संस्कृति बारे सबै जानकार हुने अवसर मिल्नेछ भन्ने आशा गर्छु ।

# भारतको नक्सामा लिम्पियाधुरा राखिएकोमा नेपाल मजदुर किसान पार्टीको विरोध

भारतको गृहमन्त्रालयले तयार गरेको भारतको नयाँ राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा (कालापानी र लिपुलेक क्षेत्रसमेत) भारतीय क्षेत्रमा राखिएको सम्बन्धमा कार्तिक १८ गते प्रकाशित समाचारप्रति ध्यानाकर्षण गर्दै नेपाल मजदुर किसान पार्टीले कार्तिक १९ गते प्रेस वक्तव्य जारी गरेको छ ।

पार्टी सचिव प्रेम सुवालले जारी गर्नुभएको वक्तव्यको पूर्ण विवरण प्रस्तुत छ :


'भारतको गृहमन्त्रालयले यही कार्तिक १८ गते तयार गरेको भारतको नयाँ राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा (कालापानी र लिपुलेक क्षेत्रसमेत) भारतीय क्षेत्रमा राखिएको सम्बन्धमा कार्तिक १८ गते प्रकाशित समाचारप्रति नेपाल मजदुर किसान पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । यसको वास्तविकताबारे तत्काल आधिकारिक धारणा सार्वजनिक गर्न नेमकिपा नेपाल सरकारसँग जोडदार माग गर्दछ र भारत सरकारको यस्तो विस्तारवादी प्रवृत्ति र उद्देश्यको चर्को विरोध र निन्दा गर्दछ ।

नेपालको नापी विभागले तयार गरेको नक्सामा लिम्पियाधुरा (कालापानी र लिपुलेक क्षेत्रसमेत) नेपालभित्र परेको र यो नक्सा सबै सरकारी कार्यालय र निजी संस्थानहरूले प्रयोग गर्दै आएको बारे नेमकिपा यहाँ उल्लेख गर्दछ ।

नेपालका तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सन् १९५२ मा काठमाडौं र उत्तरी सीमा नाकाहरूमा भारतीय सेना राख्न अनुमति दिएका थिए । नेपाली जनताको निरन्तर विरोधपछि सन् १९६९ मा भारतीय सेना फिर्ता पठाइएको थियो तर नेपालको कालापानीबाट भारतीय सेना हटेनन्, यथावत छन् ।

भारतीय सेना नेपाली भूमिमा तैनाथ गरिएको, नेपालको सीमामा भारत सरकारले बाँध र तटबन्ध बनाएर नेपाली भूमि डुबानमा पारेको र ७१ भन्दा बढी ठाउँमा नेपाली भूमि अतिक्रमण गरेको विरोधमा नेपाली जनतासँगै नेपाल मजदुर किसान पार्टीले सडक र संसद्मा सङ्घर्ष गर्दै आएको छ । वि.सं. २०२२ सालमा भारतीय विस्तारवादले नेपालको सुस्ता क्षेत्र अतिक्रमण गरेको बेला नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले वि.सं. २०२५ मा जुलुससहित विरोध गरे । त्यो घटना नै नेपाली जनताले सुस्तामाथि भारतीय हस्तक्षेपको सडकमा उत्रेर गरेको पहिलो विरोध भएको यहाँ उल्लेख गर्न चाहन्छौं ।

नेपाल र बेलायती-भारतबीच भएको सन् १८१६ को सुगौली सन्धिअनुसार नेपालले करिब ६० हजार वर्ग किमि भूमि गुमाएको थियो । सन् १९४७ मा भारत बेलायती उपनिवेशबाट मुक्त भयो तर सुगौली सन्धिमा गुमेको भूमि फिर्ता भएन । सुगौली सन्धि नेपाल र बेलायती-भारतबीच भएको थियो । सन्धिमार्फत हत्याएको नेपाली भूभाग बेलायतले भारतीय उपनिवेशमा गाभेको हो । बेलायतले भारतमा उपनिवेश छाडे तापनि बेलायती-भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४, ६६१००९६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np

च.नं.

मिति : २०७६/७/१९

**प्रेस वक्तव्य**

भारतको गृहमन्त्रालयले यही कार्तिक १८ गते तयार गरेको भारतको नयाँ राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा (कालापानी र लिपुलेक क्षेत्रसमेत) भारतीय क्षेत्रमा राखिएको समाचार प्रकाशित भएकोप्रति नेपाल मजदुर किसान पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । यसको वास्तविकताबारे तत्काल आधिकारिक धारणा सार्वजनिक गर्न नेमकिपा नेपाल सरकारसँग जोडदार माग गर्दछ र भारत सरकारको यस्तो विस्तारवादी प्रवृत्ति र उद्देश्यको चर्को विरोध र निन्दा गर्दछ ।

नेपालको नापी विभागले तयार गरेको नक्सामा लिम्पियाधुरा (कालापानी र लिपुलेक क्षेत्रसमेत) नेपालभित्र परेको र यो नक्सा सबै सरकारी कार्यालय र निजी संस्थानहरुले प्रयोग गर्दै आएकोबारे नेमकिपा यहाँ उल्लेख गर्दछ ।

नेपालका तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सन् १९५२ मा काठमाडौं र उत्तरी सीमा नाकाहरुमा भारतीय सेना राख्न अनुमति दिएका थिए । नेपाली जनताको निरन्तर विरोधपछि सन् १९५९ मा भारतीय सेना फिर्ता पठाइएको थियो तर नेपालको कालापानीबाट भारतीय सेना हटेनन्, यथावत छन् ।

नेपाली जनतासँगै नेपाल मजदुर किसान पार्टीले भारतीय सेना नेपाली भूमिमा तैनाथ गरिएको, नेपालको सीमामा भारत सरकारले बाँध र तटबन्ध बनाएर नेपाली भूमि डुबानमा पारेको र ७१ भन्दा बढी ठाउँमा नेपाली भूमि अतिक्रमण गरेको विरोधमा सडक र संसदमा सङ्घर्ष गर्दै आएको छ । वि.सं. २०२२ सालमा भारतीय विस्तारवादले नेपालको सुस्ता क्षेत्र अतिक्रमण गरेको बेला नेपाल मजदुर किसान पार्टीका अग्रजहरुले वि.सं. २०२५ मा जुलुससहित विरोध गर्नुभयो । त्यो घटना नै नेपाली जनताले सुस्तामाथि भारतीय हस्तक्षेपको सडकमा उत्रेर गरेको पहिलो विरोध भएको यहाँ उल्लेख गर्न चाहन्छौं ।

नेपाल र बेलायती भारतबीच भएको सन् १८१६ को सुगौली सन्धीअनुसार नेपालले करिब ६० हजार वर्ग किमी भूमि गुमाएको थियो । सन् १९४७ मा भारत बेलायती उपनिवेशबाट मुक्त भयो तर सुगौली सन्धिमा गुमेको भूमि फिर्ता भएन । सुगौली सन्धी नेपाल र बेलायती-भारतबीच भएको थियो ।

सन्धिमार्फत हत्याएको नेपाली भूभाग बेलायतले भारतीय उपनिवेशमा गाभेको हो । बेलायतले भारतमा उपनिवेश छाडेतापनि बेलायती-भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गरेन । भारत सरकारमा बेलायती उपनिवेशवादको धङ्धडी कायम नै छ । नेपाली जनता भारतीय विस्तारवाद र एकाधिकार पुँजीको लगातार विरोध गर्दैछन् ।

भारत सरकारले नेपालको भूमि लिम्पियाधुरा (कालापानी र लिपुलेकसमेत) आफ्नो क्षेत्रमा राखेर तयार पारेको नयाँ नक्साबारे नेपाल सरकारको आधिकारिक धारणा अविलम्ब सार्वजनिक गर्न र यसको कडा विरोध गर्न नेमकिपा जोडदार माग गर्दछ ।

२०७६/७/१९


प्रेम सुवाल
सचिव

गरेन । भारत सरकारमा बेलायती उपनिवेशवादको धङ्धडी कायम नै छ । नेपाली जनता भारतीय विस्तारवाद र एकाधिकार पूँजीको लगातार विरोध गर्दैछन् ।

भारत सरकारले नेपालको भूमि लिम्पियाधुरा (कालापानी र लिपुलेकसमेत) आफ्नो क्षेत्रमा राखेर तयार पारेको नयाँ नक्साबारे नेपाल सरकारको आधिकारिक धारणा अविलम्ब सार्वजनिक गर्न र यसको कडा विरोध गर्न नेमकिपा जोडदार माग गर्दछ ।'

## विरोध जुलुस र सभा

नेमकिपाको आह्वानमा कार्तिक २० गते भक्तपुरको कमलविनायकदेखि सूर्यविनायकसम्म नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने भारतीय विस्तारवादको विरोधमा विभिन्न नारा लगाउँदै विरोध जुलुस र सभा गरेको छ । उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवाल, राजेन्द्र चवाल र नीरज लवजुले बोल्नुभएको थियो ।





नेपालको पश्चिम सीमा महाकाली नदी हो र यसको मुहान लिम्पियाधुरा हो । त्यस मुहानबाट निस्किएको काली नदी (कालो थोप्ला) नै सीमा नदी हो, तर भारतले लिपुलेकमा बनाइएको कृत्रिम पोखरीबाट निस्किएको सानो खोला (सेतो थोप्ला) लाई सीमा नदी भन्दै आएको छ ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा सुस्ता र कालापानीसहित सबै सीमाविवाद समाधान गर्ने सहमति भएको थियो । सुस्ता र कालापानीका विषयमा टुंगो लगाउने प्रस्ताव तयार गर्न दुवै देशका परराष्ट्रसचिवहरूलाई जिम्मा दिइएको थियो । तर उक्त परराष्ट्रसचिवस्तरीय संयन्त्रको बैठक एकपटक पनि नबसी भारतले भर्खरै एकतर्फी रूपमा नक्सा सार्वजनिक गरेको छ । भारतले निकालेको नक्साअनुसार नेपालको ३७२ वर्ग किलामिटर भूमि मिचिएको छ ।

त्यस्तै सुशील कोइराला नेतृत्वको सरकारका पालामा जलस्रोतविज्ञ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख सूर्यनाथ उपाध्याय नेतृत्वको पाँच सदस्यीय विज्ञ टोलीले लिपुलेक तथा सुस्ता र कालापानीबारे प्रमाणसहितको प्रतिवेदन बुझाएको पनि थियो । केपी ओली नेतृत्वको पहिलो सरकारलाई विज्ञ समूहले बुझाएको प्रतिवेदन परराष्ट्रको दराजमा थन्किएको छ । 'हामीले लिम्पियाधुरा नै कालीनदीको मुहान भएको र हाम्रो सिमाना पनि त्यहीँ हो भन्ने प्रमाणसहित प्रतिवेदन सरकारलाई बुझायौँ,' उपाध्यायले भनेका छन्, 'त्यसपछि के भयो भन्नेबारे सरकारसितै सोध्नुहोला ।'

नेपाल सरकारका तत्कालीन जोनल अफिसर भैरव रिसाल (वरिष्ठ पत्रकार)ले वि.सं. २०१८ मा लिम्पियाधुरा क्षेत्रको गुन्जी, गर्ब्याङ र नाभी गाउँमा नेपालले जनगणना गराएका थिए ।

रिसालका अनुसार कालापानीमा भारतीय फौज आइसकेपछि पनि स्थानीय बासिन्दाले मालपोत नेपाललाई तिर्ने, भारतलाई नतिर्ने भनेर अडान लिएका थिए । तर, नेपाल सरकारले वास्ता नगरेकाले उनीहरू मौन बस्न बाध्य भए ।



# सन् १८५७ को विद्रोह र त्यसका प्रभावः सन्दर्भ आधुनिक भारतको इतिहास



डा. बलराम कायस्थ

**सार** – भारतीयहरू स्वतन्त्रता, समानता, मौलिक हक, अधिकार, स्वायत्तता, सुशासनजस्ता राजनीतिक कुराहरूमा जति सचेत, जागरुक र प्रबुद्ध छन्, त्यति दक्षिण एशियाका अन्य मुलुकका बासिन्दाहरू छैनन् । यद्यपि १९ औं शताव्दीको उत्तरार्द्धदेखि प्रारम्भ भएको भारतीय स्वतन्त्रता आन्दोलनको क्रममा त्यसको लहरले अन्य छिमेकी मुलुकका बासिन्दामा पनि जागरणको भावना ल्याई दियो, त्यो बेग्लै कुरा थियो । तर राजनीतिक चिन्तनका मामलामा भन्ने हो भने भारतीयहरू जति अगाडि छन्, त्यति अरु छैनन् । यसैकारण सन १८५७ को सिपाहीं विद्रोह दबाउन नेपालले अंग्रेजलाई गरेको सहयोगको फलस्वरूप अंग्रेजहरूले खुसीसाथ नेपाललाई नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कंचनपुर) फिर्ता गर्न सके पनि त्यसभन्दा कैयन गुणा बढी सहयोग गरेको प्रथम तथा द्वितीय विश्वयुद्धबाट नेपाललाई कुनै भूभाग प्राप्त हुनसकेन । यसमा भारतीय जनतामा आएको राजनीतिक चेतना वा उग्र राष्ट्रियताको भावना नै मुख्य कारण थियो भन्दा अत्युक्ति नहोला किनकि राजनीतिक परिस्थिति अब १९ औं शताव्दीको मध्यतिरको जस्तो थिएन, २० औं शताव्दीको प्रारम्भमा आएर भारतीयहरूको राजनीतिक चेतनाको स्तर निक्कै वृद्धि भइसकेको थियो । यसैले भारतीय जनताको उग्रविरोध हुने देखेर अब अंग्रेजले चाहेरपनि नेपाललाई कुनै भूभाग उपहारस्वरूप फिर्ता दिन सक्दैनथ्यो ।

यसरी बिसौं शताव्दीको प्रारम्भदेखि भारतीय जनतामा आएको उग्र राजनीतिक चेतना र व्यापक राष्ट्रिय एकताको भावना अर्थात् भारत भनेको एउटै हो, हामी सबै भारतीय हौं भन्ने भावनालाई बेवास्ता गरेर अंग्रेजले चाहेर पनि अब नेपाललाई उसका भूभाग फिर्ता गर्नसक्ने अवस्था थिएन । यताबाट राजनीतिक चिन्तनका मामिलामा भारतीयहरू अरु भन्दा एक कदम अगाडि नै रहेको कुरा प्रष्ट रूपमा बुझिन्छ ।

**पृष्ठभूमि**–अंग्रेजहरूको शोषण, दमन, अन्याय, अत्याचारबाट उन्मुक्ति पाउन देशभक्त भारतीयहरूले अनेक संघ, संगठनहरू खोले । अनेक नेताहरू देखा परे । गोपालकृष्ण गोखले, बालगंगाधर तिलक, सुवासचन्द्र बोस, महात्मा गान्धीजस्ता महान् युगपुरुष नेताहरूको नेतृत्वमा त्यहाँ अनेक किसिमका आन्दोलनहरू भए । जस्तो–उग्रवादी आन्दोलन, स्वदेशी आन्दोलन, गृहशासन आन्दोलन, खिलाफत आन्दोलन, महात्मा गान्धीको असहयोग आन्दोलन, सविनय अवज्ञा आन्दोलन, भारत छोडो आन्दोलन आदि आदि । यिनै आन्दोलनहरूको परिणामस्वरूप अन्तमा १९४७ अगस्त १५ मा भारतलाई स्वतन्त्र गर्न अंग्रेज सरकार बाध्य हुनुपर्‍यो । यसलाई मानिसहरू एउटा युगान्तकारी घटनाको रूपमा लिने गर्दछन् । किनकि यो अंग्रेजी दासताबाट मुक्ति मिलेको घटना थियो । हुनपनि एउटा पक्षबाट हेर्दा अंग्रेजहरूले भारतमा २०० वर्षसम्म शासन गर्दायसक्रममा भारतीयहरूमाथि कठोर शोषण दमनका साथ घोर अन्याय, अत्याचारहरू गरेका देखिन्छन् । तथापि अर्को पक्षबाट हेर्दा आजको आधुनिक र शक्तिशाली भारत जुन छ, त्यसको निर्माणको आधारशिला अंग्रेजी शासन नै थियो भन्ने कुरामा कसैको दुईमत हुन सक्तैन । यसरी यसका सकारात्मक र नकारात्मक दुवै पक्षहरू रहेकाछन् । वास्तवमा आजको विशाल भारत अंग्रेजी शासनकै देन थियो । टुक्राटुक्रामा विभाजित रहेका अनेकौं भारतीय राज्यहरूलाई एकै सूत्रमा आबद्ध गरी विशाल भारतको निर्माण हुनु निश्चय पनि सकारात्मक पक्ष थियो । त्यस्तै आजको कोलकता, चेन्नई, मुम्बई जस्ता विशाल र सुविधासम्पन्न शहरहरूको निर्माण अंग्रेजी शासनको परिणाम थियो । भारतभर तार, टेलिफोनका साथै रेलवेसेवा विस्तार गरी भारतीयहरूमा अप्रत्यक्ष रूपमा व्यापक राष्ट्रिय भावनाको विकास गराउनु अनि अंग्रेजी शिक्षाको प्रचारप्रसार गरी भारतीयहरूलाई हरेक क्षेत्रमा योग्य र परिपक्व गराउनु, भारतीय समाजमा प्रचलित कुरीति, कुप्रथा, अन्धविश्वासहरू समाप्त पार्ने प्रयास गर्नु आदि क्रियाकलापहरू अंग्रेजहरूका महत्त्वपूर्ण देन थिए । प्रस्तुत लेखमा भारतीय स्वतन्त्रता आन्दोलनको पृष्ठभूमिको रूपमा रहेको सन १८५७ को सिपाहीं विद्रोह र त्यसको प्रभावबारे चर्चा गरिएको छ ।

**विद्रोहको स्वरूप** – सन् १७५७ को पलासी युद्धपश्चात् भारतमा स्थापना भएको अंग्रेजी साम्राज्यको थिचोमिचो विरुद्ध पहिलोपल्ट सन १८५७ मा आएर भारतीयहरूले विद्रोह गरे । यसरी भारतमा अंग्रेजी शासन शुरु भएको ठीक १०० वर्षपछि विद्रोह भयो, जुन विद्रोहलाई Sipoy Mutiny अर्थात् सिपाहीं विद्रोह भनिन्छ । किनकि यो विद्रोह सैनिक ब्यारेकबाट शुरु भएको थियो । विद्रोह कसरी शुरु भयो भने त्यतिखेर भारतीय सैनिकहरूलाई दिइएको Enfield राइफलको गोली प्रयोग गर्दा त्यसलाई आफ्नो दाँतले टोकेर बन्दुकभित्र हाल्नुपर्दथ्यो । यसरी

गोली बन्दूकभित्र घुसार्दा त्यसकालागि एक प्रकारको चिप्लोपन (ग्रीज)को आवश्यकता पर्दथ्यो । तर त्यस चिप्लोपनमा सुंगुर र गाईको बोसो मिलाइएको छ भन्ने कुरा जब भारतीय फौजले थाहा पाए, तब तिनीहरू रिसले क्रुद्ध बने । किनभने गाई हिन्दूहरूका लागि पवित्र मानिने अर्थात् गाई हिन्दूहरूले नखाने, सुंगुर मुसलमानकालागि निषिद्ध हुने भएकाले उनीहरू असन्तुष्ट बन्न पुगे । यही असन्तोषको ज्वारभाटाले गर्दा विद्रोह शुरु भयो र थोरै समयमा नै भारतभर फैलियो ।

यस विद्रोहको स्वरूपलाई लिएर विभिन्न विद्वानहरूले आआफ्नै किसिमका धारणाहरू प्रस्तुत गर्ने गरेका छन् । विशेष गरेर यस सम्बन्धमा दुई फरक विचार रहेको पाईन्छ, । जस्तो–१८५७ को विद्रोह केवल भारतीय सैनिकहरूप्रति गरिएको दुर्व्यवहार विरुद्धको आक्रोसमात्र थियो वा अंग्रेजी साम्राज्यविरुद्ध गरिएको सम्पूर्ण भारतीय जनताको आन्दोलन थियो । यी दुई भिन्न विचारलाई लिएर भारतीय र विदेशी इतिहासकारहरूले आआफ्नै किसिमका तर्कहरू प्रस्तुत गर्ने गरेका छन् । एकथरी विद्वानहरू यस विद्रोहलाई राष्ट्रिय रूप दिंदै भारतको प्रथम स्वतन्त्रता आन्दोलन भन्ने गर्दछन् । किनभने यो आन्दोलन भारतको कुनै एक वर्ग, जाति वा सम्प्रदायको सक्रियता र संलग्नतामा मात्र भएको थिएन । यो हिन्दू र मुसलमान दुवैको संयुक्त प्रयासले संभव भएको थियो । यस आन्दोलनमा हिन्दू र मुसलमान दुवै एकअर्काका सहयोगी र सहयात्रीका रूपमा देखापरेका थिए । जबकि अरु बेला हिन्दू र मुसलमान आपसमा कति पनि मिल्दैनथे । मुगलकालीन समयमा हिन्दूहरूप्रति मुस्लिमहरूको ज्यादति थियो । अद्यावधि भारतमा हिन्दू र मुसलमानहरू बीच बेलाबेलामा धर्मका नाममा संघर्ष हुने गर्दछ । तर यस विद्रोहमा अंग्रेज फिरंगीहरूको दुर्व्यवहारको विरुद्ध दुवै एक भए । यसैकारण यो भारतमा अंग्रेजी शक्तिलाई समाप्त पार्ने उद्देश्यले सुनियोजित र संगठित ढंगबाट भएको पहिलो राजनैतिक र सैनिक विद्रोह थियो भन्ने धारणा तिनको रहेको देखिन्छ । तर अर्काथरी विद्वानहरूका अनुसार भने यो लाखौं सिपाहींहरूले भाग लिएको केवल एउटा सैनिक विद्रोह मात्र थियो । यसमा लोकप्रिय हुने कुनै तत्व वा माध्यम थिएन । केवल केही सैनिकहरूको असन्तुष्टीको पराकाष्ठताको प्रतीक थियो । भारतीय इतिहासकार रमेशचन्द्र मजुमदार र डा. एस.एन. सेनका अनुसार यस विद्रोहलाई पहिलो स्वतन्त्रता आन्दोलन भन्न मिल्दैन । किनभने त्यसबेला भारतमा राष्ट्रिय भावनाको विकास भइसकेको थिएन । भारत एउटा भौगोलिक अभिव्यक्ति मात्र थियो । विद्रोहमा भाग लिने प्रत्येक नेताको राष्ट्रियभन्दा व्यक्तिगत स्वार्थ ठूलो थियो । जस्तोकि पेशवाका धर्मपुत्र नानासाहेव आफ्नो पेन्सन कायम गराउन चाहन्थे । त्यस्तै झाँसीकी रानी लक्ष्मीबाई पनि आफ्नो अधिकार र सहुलियत पुनः प्राप्ति गर्ने प्रयासमा थिइन् । उनीहरू कसैमा पनि एकरूपता थिएन र विद्रोहलाई राष्ट्रिय रूप दिने एकता पनि थिएन । साथै सबै जनताले विद्रोहमा भाग लिएका पनि थिएनन् । यसैले यो विद्रोह राष्ट्रिय आन्दोलन नभएर केवल एउटा सिपाहीं विद्रोह मात्र थियो । अन्तमा जसले जे भनेता पनि १८५७ को यस सिपाहीं विद्रोहको भारतीय इतिहासमा निक्कै महत्त्वपूर्ण स्थान रहेको छ ।

यद्यपि यो विद्रोह असफल भयो, तर यसबाट अंग्रेज र भारतीय दुवै पक्षको मानसिकता र दृष्टिकोणमा व्यापक परिवर्तन ल्याइदियो । अंग्रेजहरूले भारतीयहरूको धर्म संस्कृतिमा आघात पुग्ने कुनै काम गर्नु हुन्न भन्ने कुरा राम्ररी बुझे । त्यसले गर्दा अंग्रेजहरूमा भारतीय सभ्यता र संस्कृतिका बारेमा अध्ययन गर्ने रुची उत्पन्न हुन गयो । त्यसैगरी भारतीयहरूमा पनि अंग्रेजी भाषा तथा साहित्यप्रति आकर्षण बढ्न गयो । पढेलेखेका भारतीयहरूले अंग्रेजी भाषा बोल्न र लेख्नमा आफ्नो गौरव ठान्न थाले अर्थात् कोट पाइण्ट, टाई लगाएर अंग्रेजी भाषा बोल्नुमा आफूलाई गर्व महसुस गर्न थाले । यस विद्रोहबाट भारतको इतिहासमा परेका राम्रा–नराम्रा प्रभावलाई निम्न बुँदामा अध्ययन गर्न सकिन्छ ।

## विद्रोहका प्रभावहरू

१) **कम्पनी शासनको अन्त्य** – यस विद्रोहपश्चात् बेलायत सरकारद्वारा भारतमा अंग्रेज ईष्ट इण्डिया कम्पनीको शासन अन्त्य गरियो । १६, १७ औं शताव्दीतिर पूर्वका मुलुकहरूसँग व्यापार गर्न अंग्रेज ईष्ट इण्डिया कम्पनी नामक संस्था स्थापना गरिएको थियो । यस कम्पनीले प्रारम्भिक वर्षहरूमा भारतमा साम्राज्य फैलाउँदै आएको थियो । तर यस विद्रोहपश्चात् भारतमा ब्रिटिश सम्रातको नामबाट प्रत्यक्ष शासन संचालन गरियो । अब गवर्नर जनरलले भायसरायको रूपमा काम गर्ने भए । board of control र board of director खारेज गरेर त्यसको सट्टा भारतमंत्री (Secretery of state for India) को पद स्थापना गरियो ।

२) **राजा रजौटाप्रतिको नीतिमा परिवर्तन**– भारतका विभिन्न राज्यका राजा रजौटाहरू यदि निसन्तान भएमा तिनले धर्मपुत्र पालेर धर्मपुत्रलाई नै आफ्नो राज्यको उत्तराधिकारी बनाउने चलन प्राचीनकालदेखि चल्दैआएको थियो । तर गवर्नर जनरल लर्ड डलहौजीले Doctrine या Lapse सिद्धान्त लागू गरेर कसैले पनि राज्यको उत्तराधिकारका लागि धर्मपुत्र पाल्न नपाउने तर व्यक्तिगत सम्पतिको अधिकारका लागि मात्र धर्मपुत्र पाल्न पाउने नियम बनाइदिए । यही सिद्धान्त लागू गरेर लर्ड डलहौजीले सतारा, नागपुर, झाँसी राज्यलाई अंग्रेजी साम्राज्यमा मिलाएका थिए । अतः ती राज्यका शासकहरूले विद्रोहका बेला आफ्ना सम्पूर्ण शक्ति लगाएर अंग्रेजलाई पराजित

गरी आफ्नो अधिकार कायम गर्न चाहेका थिए । यसका अतिरिक्त लर्ड डलहौजीले राजा रजौटाहरूलाई पेन्सन र जागिर स्वरूप प्रदान गरिएका सहुलियत पनि झिकिदिएका थिए । यसबाट अंग्रेजहरूका ठूला हितैषीका रूपमा रहेका भारतीय शासकहरू पनि अंग्रेजका कट्टर दुश्मन बन्न पुगे । अतः यिनै विभिन्न कारणहरूले गर्दा यस विद्रोह पश्चात् अंग्रेज सरकारले राजा रजौटाहरूप्रति नरम नीति अपनाए । उनीहरूलाई भारतमा सम्मानपूर्वक बस्ने वातावरणको सिर्जना गरियो साथै उनीहरूलाई धर्मपुत्र पाल्न पाउने अधिकारका अतिरिक्त उनीहरूलाई दिइएको मानपदवी यथावत राखियो ।

**३) बाह्य नीतिमा परिवर्तन–** यस विद्रोह पश्चात् ब्रिटीश भारत सरकारको बाह्यनीतिमा परिवर्तन आयो । यूरोपको राजनीतिक गतिविधिका आधारमा भारतको बाह्यनीति निर्धारण हुने भयो । यसको कुनै छुट्टै स्वतन्त्र विदेश नीति कायम हुने भएन । भारतको विदेशनीति बेलायतबाट संचालित हुन थाल्यो अर्थात् बेलायतको विदेशनीति नै भारतको पनि बाह्यनीति भयो । यसैकारण प्रथम तथा द्वितीय विश्वयुद्धमा Allied Power (मित्रराष्ट समूह) बाट बेलायत सम्मिलित हुँदा भारतपनि स्वतः त्यसै समूहबाट युद्धमा सहभागी हुन पुगेको थियो । तर यसको एउटा राम्रो परिणाम के देखा पर्‍यो भने अंग्रेज सरकारले बाह्यनीतिबाट आफ्नो ध्यान हटाएर त्यसलाई भारतको आन्तरिक विकासतर्फ केन्द्रित गर्न सक्यो ।

**४) सैनिक संगठनमा परिवर्तन–** यस विद्रोहपछि अंग्रेजहरू भारतीय सैनिकहरूप्रति विशेष चनाखो हुन थाले । अतः अब उप्रान्त भारतीय सेनाको संगठन भविष्यमा हुनसक्ने यस्तै किसिमको विद्रोहलाई ध्यानमा राखेर गरियो । भारतमा भारतीय सैनिकहरूको संख्यामा कटौती गरेर यूरोपीय सेनाको संख्यामा वृद्धि गरियो । वंश तथा जातिको आधारमा सेनाको रेजिमेन्ट बनाइयो । ब्राम्हणहरूको सट्टा शिख, जाट, राजपुत र गोर्खालीहरू बढी मात्रामा सेनामा भर्ति गरिए । तोपखाना अंग्रेजी फौजको नियन्त्रणमा राखियो ।

वास्तवमा यो विद्रोह पूर्वीय र पश्चिमी विचारधाराको आपसी संघर्ष थियो । विद्रोहपछि दुवैबीचको खाडल बढ्दै गयो । दुवैले एक अर्कालाई घृणा गर्न थाले अर्थात् दुवैको मानसिकतामा एक अर्कोप्रति घृणाभाव उत्पन्न हुनगयो । भारतीयहरू अंग्रेजहरूलाई आक्रमणकारी, अनार्य, म्लेच्छ (पानी नचल्ने, छोयो भने जात जाने) जस्तो तुच्छ र निकृष्ट जाति सम्झन्थे भने अंग्रेजहरू पनि भारतीयहरूलाई अविश्वासी, असभ्य र जंगली ठान्दथे । एक आपसको यो घृणाको भाव विस्तारै बढ्दै गयो । स्वतन्त्रता आन्दोलनको बेला यो एउटा यस्तो घाउ बन्यो, जसलाई निको पार्ने कुनै औषधी नै थिएन ।

**५) हिन्दू र मुस्लिमबीच फूट–** यद्यपि यस विद्रोहमा हिन्दू र मुसलमानहरूले संयुक्त रूपमा भाग लिएका थिए तापनि अधिक सक्रियता मुसलमानहरूले देखाएका थिए । यसैकारण विद्रोह नियन्त्रण गर्ने क्रममा हिन्दूलाई भन्दा ज्यादा मुसलमानहरूलाई नै दमन गरियो । दिल्लीमा मात्र २४ मुस्लिम राजकुमारहरूलाई झुण्ड्याइयो । तर यसरी मुसलमानहरूमाथि भइरहेको अत्याचारलाई हिन्दूहरूले कुनै प्रतिरोध नगरेर उल्टो तमासे भएर हेरिरहन्थे । यसलेगर्दा मुसलमानहरूले हिन्दूहरूलाई विस्वास गर्न छोडे । एक अर्कालाई घृणाको दृष्टिले हेर्न थाले । अतः भारतीय समाज जातीय झगडाको थलो बन्न पुग्यो । भारतमा हिन्दू र मुसलमानबीच दंगा हुन थाल्यो । फलस्वरूप धर्मकै नाममा विशाल भारत हिन्दूस्थान र पाकिस्तानको रूपमा टुक्रियो । तैपनि यी दुई बीचको वैमनस्यता आजसम्म रोकिएको छैन ।

**६) नेपालमाथि प्रभाव–**भारतमा भएको यस सिपाहीं विद्रोहले अप्रत्यक्ष रूपमा नेपालको राजनीतिमाथि पनि प्रभाव पारेको थियो । यो विद्रोह दबाउन नेपाली फौजले महत्त्वपूर्ण भूमिका खेलेको थियो । नेपालका प्रधानमंत्री जंगबहादुर राणा स्वयंले नेपाली फौजको नेतृत्व गरेर अंग्रेजहरूलाई मद्दत पुर्‍याएका थिए । यद्यपि प्रारम्भमा सिपाहीं विद्रोहलाई दबाउन अंग्रेजहरूलाई सहयोग गर्ने नेपालको प्रस्तावलाई अंग्रेज सरकारले ठाडै अस्वीकार गरेको थियो । किनकि नेपाल जस्तो सानो मुलुकसँग सहयोग लिएर बेलायत जस्तो महाशक्ति राष्ट्रले आफ्नो इज्जत, प्रतिष्ठामा दाग लाग्न दिन चाहँदैनथ्यो । यसैकारण यस सम्बन्धमा छलफल गर्न नेपाल दरबारले पठाएको विशेष दूतलाई काठमाडौंस्थित अंग्रेज रेसिडेन्टले भेट दिन समेत अस्वीकार गरेको थियो । तर पछि परिस्थिति जटिल बन्दै गएपछि अर्थात् विद्रोहले उग्र रूप लिंदै गएपछि अंग्रेज सरकारले नेपालको सहयोग प्रस्तावलाई स्वीकार गर्‍यो । नेपालबाट गएको फौजले विशेषगरेर लखनउको विद्रोहलाई दबाउन महत्त्वपूर्ण सहयोग गर्‍यो । यद्यपि विद्रोह दमन गर्ने क्रममा लखनऊका नबाबको महललाई आफ्नो नियन्त्रणमा लिइसकेपछि गोर्खाली लेत्यहाँ जुन हरकत देखाए, त्यसलेगर्दा तिनीहरू अनपढ, अशिक्षितका साथसाथै जंगली, असभ्य र मूर्ख भएको कुरा पनि साबित गराइदियो अर्थात् नबाबको दरबारमा बहुमूल्य हिरामोती, पन्ना मुगा, माणिक जस्ता रत्नको विशाल खजाना भेट्टाए पनि त्यसको महत्त्व नबुझेका नेपाली फौजले नेपाली जातिकै बेइज्जत हुने काम गरेर आफूलाई सबैका सामु हाँसोको पात्र बनाईदिए (जस्तो– सुनको धागोमा उनिएका मोतीका माला भेट्टाए पनि मोतीको महत्त्व नबुझेका सोझा गोर्खालीले सुनको धागो लिनका लागि बहुमूल्य मोतीका दानालाई दाँतले टोक्दै फाल्दै गरे । यो एउटा उदाहरण मात्र हो ।) तापनि नेपालीहरूको साहस र बलिदानपूर्ण सहयोगको बदलास्वरूप अंग्रेज सरकारले सुगौली सन्धिद्वारा नेपालबाट खोसेर लिएका भूभागहरूमध्ये केही भूभाग फिर्ता

दियो अर्थात् सिपाहीं विद्रोहमा सहयोग गरेवापत नेपालले बाँके, बर्दिया, कैलाली, कंचनपुरका साथै राप्तीदेखि कालीसम्मका भूभाग फिर्ता पायो । यसले गर्दा नेपाल र बेलायत एक अर्काका घनिष्ट मित्र भए । अंग्रेजहरूको समर्थन पाएपछि राणाहरूलाई नेपालमा अझ निरंकुशतापूर्वक शासन गर्न सजिलो भयो । र सन १९४७ मा अंग्रेज सरकारले भारत नछाडेसम्म नेपालमा राणाहरूले निर्वाध रूपमा शासन गर्न सके ।

**निष्कर्ष**–विश्वको इतिहास अध्ययन गर्दा के कुरा थाहा पाइन्छ भने कुनै पनि देशमा हुने जनआन्दोलन यदि सफल भएमा त्यो पूर्णक्रान्ति कहलिन्छ भने यदि असफल भएमा त्यसलाई केवल विद्रोह मात्र भनिन्छ । संसारमा यस्ता थुप्रै विद्रोहहरू भएका छन्, जो गनेर साध्य छैनन् । जस्तोकि चीनको इतिहासमा ताइपिङ विद्रोह, बक्सर विद्रोह, नेपालको इतिहासमा भण्डारखाल पर्व, लखन थापाको विद्रोह, ३८ साल पर्व, ४२ साल पर्व, डा. के.आइ. सिंहको विद्रोह आदि आदि । तर जहाँसम्म भारतमा भएको सन् १८५७ को सिपाहीं विद्रोहको सवाल छ, त्यस सम्बन्धमा के भन्न सकिन्छ भने तत्कालीन राजनीतिमा यो विद्रोह असफल रहे पनि भारतवासीको स्वाधीनता प्राप्तिको संग्राममा भने यसको ठूलो दूरगामी महत्त्व रहेको देखिन्छ । यसैले यसमा सफल, असफल दुवै पक्षहरू समाहित रहेका छन् । जस्तोकि यो विद्रोह एकातर्फ यसकारणले असफल रह्यो कि यसले भारतमा तत्काल अंग्रेजी शासन समाप्त गर्न सकेन । किनकि भारतमा ब्रिटीश साम्राज्य भारतीय जनताकालागि एउटा कलङ्क थियो, एउटा अपमानजनक घटना थियो । भारतमा यो साम्राज्यको स्थापना छल, कपट, कुचक्र, धोखाबाजी र षडयन्त्रद्वारा भएको थियो । यसैले त्यहाँका सबै वर्ग असन्तुष्ट थिए । यो विद्रोहको मुख्य उद्देश्य पनि अंग्रेजी साम्राज्यको जरा नै उखेली सदाका लागि फ्याँक्नु थियो, तर विद्रोहीहरू आफ्नो उद्देश्यमा असफल रहे । तर अर्कातर्फ यसकारण सफल पनि रह्यो कि यसले भविष्यमा हुने स्वतन्त्रता आन्दोलनका लागि आवश्यक पृष्ठभूमि तयार गरिदियो ।


यस विद्रोहलाई तत्काल दमन गर्न सकिए पनि भविष्यमा यसबाट दुष्परिणामहरू निस्कन सक्ने संभावना कायमै थियो । अतः अंग्रेज सरकारले यस घटनापछि आफ्नो ध्यान भारतको आन्तरिक स्थिति सुधार्नेतर्फ केन्द्रित गरे । यसक्रममा भारतमा रेल्वे, डाँक, तार, सडक, कृषि, सिंचाई, उत्पादन, उद्योगधन्दाको विकासका योजनाहरू बनाउन थाले । देशमा शान्ति सुव्यवस्था कायम राख्न विभिन्न उपायहरू अपनाउन थाले । शासन व्यवस्थामा स्थिरता ल्याउन वैधानिक विकासको प्रक्रिया अपनाउन थाले । भारतको इतिहासमा यहींदेखि विस्तारैविस्तारै भारतीयहरूलाई आफ्नो देशको शासन व्यवस्थामा भाग लिने अवसर दिइयो । भारतमा प्रजातान्त्रिक शासनको विजारोपण हुनपुग्यो । यताबाट भारतको इतिहासमा मध्ययुगको अन्त्य भई आधुनिक युगको सूत्रपात भएको देखिन्छ ।

यस विद्रोहको असफलताबाट भारतीयहरूले पनि यो पाठ सिके कि सेना, शक्ति र युद्धको आधारमा मात्र अंग्रेजहरूबाट मुक्ति पाउन सकिंदैन, बरु सबै वर्गको सहयोग, समर्थन प्राप्त गरी अंग्रेजविरुद्ध असहयोग र अहिंसाको नीति अपनाउनु पर्छ । आफ्नो देशभक्तिको निम्ति यस विद्रोहले भारतीयहरूलाई त्याग र बलिदानको पाठ सिकाएर राष्ट्रिय एकता र राष्ट्रियताको भावनालाई राष्ट्रवादको रूपमा अगाडि बढाउनु पर्ने प्रष्ट पारिदियो । यसक्रममा राष्ट्र र राष्ट्रियताको भावनाबाट अभिप्रेरित भारतीयहरूले सन १८८५ मा भारतीय राष्ट्रिय कांग्रेसको स्थापना गरे । राष्ट्रवादी भारतीयहरूले यसै विद्रोहबाट सफलताको लागि आवश्यक सामग्री, योग्य नेतृत्व, सैनिक संगठन, निश्चित उद्देश्य, सुनियोजित कार्यक्रम र योजनाको आवश्यकता पर्दछ भन्ने कुरा बुझेकाले सन् १९४७ को आन्दोलनमा सफलता पाएको थियो ।

### सन्दर्भ ग्रन्थसूची


- मजुमदार, आर.सी. र अन्य, एन एडभान्स हिस्ट्री अफ इण्डिया, भाग ३, लण्डनः मैकमिलन लि. कं., १९६२ ।
- रबर्ट, पि.ई., हिस्ट्री अफ ब्रिटिश इण्डिया, लण्डनः क्लारेन्डन प्रेस अक्सफोर्ड, लेटेस्ट इडिसन ।
- डड वेल, एच.एच., दि क्याम्ब्रिज हिस्ट्री अफ इण्डिया, भाग ७, दिल्लीः एस. चाँद एण्ड कम्पनी, १९५८ ।
- स्पीयर, पर्सिबल, दि अक्सफोर्ड हिस्ट्री अफ इण्डिया (१७४०–१९७५), दिल्लीः अक्सफोर्ड युनिभरसिटी प्रेस, १९७५ ।
- छाबरा, ओ.एस., एडभान्स्ड स्टडी अफ हिस्ट्री अफ मोडर्न इण्डिया, भाग ३, दिल्लीः स्टर्लिङ पब्लिसर्स प्रा.लि. १९७१ ।
- एम्ब्री,ए.टी.(सं.), इण्डिया इन १८५७ : म्युटिनी अर वार अफ इण्डिपेण्डेन्स, बोस्टन, यु.एस.ए.: हेल्थ एण्ड कम्पनी, १९६३ ।


## बसिबियाँलोको उत्तर



# निर्मलाका हत्यारा र रोशनीका बलात्कारी

प्रकाश नेपाल

दुई तिहाइको सरकारको उपादेयता र औचित्य नेपाल र नेपालीका लागि के कहाँ कति भएको छ ? यो खोजीकै विषय भएको छ । भद्रगोल प्रशासनलाई व्यवस्थित गर्न, अनियमितता र भ्रष्टाचारलाई नियन्त्रण गर्न, संविधानको प्रस्तावनामा फूलझैँ सिउरिएको 'समाजवाद उन्मुख' लाई व्यवहारमा ल्याउन दुई तिहाईको सरकारबाट सिन्को भएपनि भाच्ने जनताले अपेक्षा गरेका थिए । तर 'जुन जोगी आएपनि कानै चिरेको' आहानमात्र चारितार्थ भएको छ ।

अहिले जनप्रतिनिधिहरूको सर्वोच्च संस्था प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महरा बलात्कार प्रयासमा थुनिएका छन् । महराले एक कर्मचारी रोशनीलाई बलात्कार प्रयास गरेको उजुरीपछि सभामुखबाट राजीनामा दिए । शालिन र शिष्ट जस्ता विशेषण पाउने गरेको महराको चरित्र बलात्कार काण्डले क्षतविक्षत भएको छ ।

त्यसो त कथित जनयुद्धकै बेला माओवादीभित्र यौन काण्डका थुप्रै घटनाहरू प्रकाशमा आएका थिए । 'सर्वहारा क्रान्ति', 'समाजवाद र साम्यवाद' को नारा भट्याउने माओवादीहरूको राजनैतिक चरित्रका काला दागहरू बेलाबखत छताछुल्ल हुँदै आएको छ । त्यो चरित्रलाई महरा काण्डले अझ स्पष्ट पारेको छ । कथित जनयुद्धको नाममा आर्थिक लुटका घटना त अल्याख छन् ।

महरा र रोशनीको सम्बन्ध एक दशकभन्दा पुरानो बताइन्छ । बलात्कार प्रयासको घटना भर्खरै प्रकाशमा अएको छ । अर्काको घरमा गएर मदिरा पिएको र मातिएको के यो पहिलो पटक होला ? कि महरालाई 'दशा' नै लागेको हो ?

पूँजीवादीहरू परस्त्रीगमनलाई सामान्य ठान्दछन् । स्त्रीलाई भोग्या ठान्ने तिनीहरूको चरित्र र आचरण हो । विगतमा 'पर्खाल मन्त्री' पनि यो देशमा देखिएको थियो । अमेरिकाका राष्ट्रपति क्लिन्टन पनि यौन काण्डका चर्चित नाम हो । यस्ता यौनकाण्डमा विभिन्न देशका उच्चपदाधिकारीहरू मुछिएको समाचार पनि बरोबर आउने गरेको छ । विभिन्न धर्मका बाबा र पादरीहरू पनि यसमा समेटिएका छन् । यसै लाममा माओवादी नेता महरा उभिएका छन् ।

पूर्व सभामुख महराको मुद्दामा प्रहरीले एकपछि अर्को प्रमाण जुटाइरहेको बेला महराले आफूलाई षडयन्त्रमा फसाइएको बयान दिएका छन् । सभामुख जस्तो उच्चाशनमा रहेका महरालाई षड्यन्त्रमा फसाउन सक्ने शक्ति पनि चान्दुने पक्कै नहोला । चीन विरोधी अमेरिकी गठबन्धन अर्थात् इन्डो–प्यासिफिक रणनीति र क्ष्लमय( एबअषष्अ तचबतभनथ का सम्झौताको प्रस्ताव सदनमा नल्याइएकोमा प्रम ओली सभामुख महरादेखि असन्तुष्ट रहेको चर्चा पनि चलेको थियो । महराको संकेत त्यतै हो कि ? अथवा नालीमा बगेको प्रतिष्ठा जोगाउने अन्तिम प्रयास ?

'बलात्कारको प्रयास' को आरोपमा प्रतिनिधि सभाका निवर्तमान सभामुख पक्राउ परे पनि किशोरी निर्मला पन्तका बलात्कारी र हत्यारा पत्ता नलाग्नु भने सर्वत्र उदेकको विषय भएको छ । पन्तका बलात्कारी र हत्यारा पत्ता नलाग्नुमा प्रहरीको भूमिकालाई सर्वत्र शंकाको दृष्टिले हेरिरहेका छन् । त्यसमा पर्दा पछाडि सत्तामा जाने दलहरूको नियोजित भूमिका पनि 'ओपन सिक्रेट' भइरहेको छ । 'बलात्कारको प्रयास' भन्दा बलात्कार र हत्या थप जघन्य अपराध हो तर दोषी पत्ता नलाग्नु वा लाग्न नसक्नु भने सामान्य हिसाबले पनि स्वाभाविक देखिँदैन । अपराध अनुसन्धानमा हाम्रा प्रहरी र गुप्तचर संस्था यति निरीह र पंगु होला भन्ने कसैलाई लागेको छैन तर यथार्थमा सक्षम र सशक्त भनी प्रशंसा गर्ने ठाउँ पनि पाइएको छैन ।

निर्मलाको बलात्कारी र हत्यारालाई जोगाउने प्रयासको संकेत लास भेटिएकै बेला निर्मलाको लुगा प्रहरीले पानीमा चोपल्दै धोएबाटै दिएको थियो । प्रहरीले कुनै अपराधिक घटना हुँदा घटनास्थलमा नजान, त्यहाँको सामान नचलाउन भन्ने गर्छन् । चोरीको घटनामा समेत सर्वसाधारणलाई दिइने निर्देशन प्रहरीले हत्याको घटनामा ठाडै वा जानाजानी उल्लंघन गरेको स्पष्टै देखिन्छ ।

एकपछि अर्को छानबिन समितिले काम गर्दा पनि दोषी पत्ता नलागेको निर्मला हत्या प्रकरणमा अहिले डिएनए परीक्षणमा त्रुटि भएको नयाँ 'ठहर' प्रकाशमा आएको छ ।

यसरी निर्मलाका हत्यारा पत्ता लगाउने काम जटिल बन्दै गएको सन्दर्भमा धेरैले दोषी बचाउने सिलसिला नै ठानेका छन्, नदिने बराजुले बुधबार बछि भन्ने उखानलाई नै स्मरण गराएको छ ।

अहिले देशमा केही सांसद र पूर्वमन्त्रीलाई हिजो लुकाइएका, दबाइएका अपराधको आरोपमा कारबाही चलाइएको छ । यसलाई दुईतिहाइको 'करामत' भन्ने गरेको पनि सुनिन्छ । कोही कानुनी राजको बहाली त कसैले प्रजातन्त्र र कांग्रेसमाथि नै हमला पनि भन्न थालेका छन् । परन्तु मन्त्रीसांसद न्यायधीस .... जस्ता 'ठूला माछा' लाई हिजो दुई तिहाईको सरकार नहुँदा पनि कारबाही गरिएको र जेलमा थुनिएका थिए । त्यो पनि के नेकपाको दुई तिहाईको सरकारको पालामा भएको हो र ? यथार्थमा 'पापको घैंटो' भरिएर जनदबाबलाई थेग्न नसकेपछि पूँजीवादी सरकारहरूले यस्तो कारबाही बेला बखत गर्नु कुनै सफलता होइन, बाध्यता हो सत्ताको अकर्मण्यताको पराकाष्ठाको परिणाम हो । त्यसैले अदालतबाट मुद्दाको टुँगो नलागेदै डीङ हाँक्नुको कुनै तुक छैन ।

'बलात्कारको प्रयास' मा निवर्तमान सभामुखलाई कानुको कठघरामा पुऱ्याए जस्तै पन्तका बलात्कारी र हत्यारालाई पनि कारबाही गरे कानुनी राजको झल्को भएपनि अनुभव गर्ने थिए जनताले !

# चिस्यान प्रणाली विकास गर्नु अपरिहार्य



सबिन ख्याजू

नेपालको अर्थतन्त्रको विषयमा छलफल गर्दा कृषिले पहिलो प्राथमिकता पाउने गरेको छ। कृषि उत्पादन जति धेरै हुन्छ त्यति नै अर्थतन्त्रमा मलजल मिल्छ। कृषिलाई उद्योगसँग मिलान गर्नु पर्दछ। कृषि वस्तुको एउटा महत्त्वपूर्ण पाटो भनेको त्यसको आयु हो। कृषि वस्तु केही दिनमात्र टिक्दछ।कृषिउपजको आयु बढाउन सके धेरैभन्दा धेरै उपज उपभोक्तामाझ पुऱ्याउन सकिन्छ।

चिस्यान प्रणालीका तीन आधारभुत पक्षहरू भनेको खाद्यवस्तुलाई स्वस्थ बनाउने, खेतबारीबाट आउने बालीलाई जतिसक्दो चाँडो चिस्यान प्रणालीमा ल्याउने र निरन्तर चिस्यानमा राख्ने हुन्। चिसो भूगोलमा लागतकम लाग्छ भने तातो भूगोल र मौसममा लागत बढी लाग्छ। अफ्रिकी महादेशमा बढी तापक्रमका कारण कृषिउपजका धेरै वस्तु नोक्सान हुने गरेको छ। यसकारण ती देशहरूलाई आर्थिक रूपमा पनि निकै ठूलो घाटा हुने गरेको छ। पशुजन्य वस्तुमा २५-३० प्रतिशत र फलफूल तथा तरकारीमा ४०-५० प्रतिशतसम्म नोक्सान हुने गरेका छन्। भू-मध्ये देशहरूको स्थिति पनि यही हो। चिस्यान प्रणालीको भरपर्दो उपलब्धता गर्न नसक्दा पनि कृषिउपज बजारसम्म पुग्नु अगाडि नै सड्ने र कुहिने समस्या हुन्छ। यहीं कारणले गर्दा चिस्यान प्रणाली खाद्य सुरक्षासँग सम्बन्धित छ।

कृषिउपजहरूको भण्डारण आयु (क्जभाि षिभ) छोटो हुन्छ। यसलाई विशेष स्याहारको महत्त्व हुन्छ। तरकारी तथा फलफूल, मासु, माछा र दूधजन्य वस्तुको उत्पादनलाई ढुवानी, प्रशोधन र बजारीकरणका चरणहरूमा चिस्यान प्रणालीको महत्त्व हुन्छ। खेतबारीदेखि ढुवानीको समयमा कृषिउपजको तापक्रम, सापेक्षित आद्रता, वातावरणको ग्यासहरू, कृषिउपजको क्षति, भौतिक पूर्वाधार आदिको व्यवस्थापन नै चिस्यान प्रणाली हो। यसलाई दुई चरणमा विभाजन गरिएको छ : भण्डारण र ढुवानी। सामान्यतया, हरेक देशमा ढुवानीमा भन्दा भण्डारणमा चिस्यान प्रणाली बढी क्षमताको रहेको पाइन्छ। ढुवानीको चरणमा गाडीहरूमा पनि चिस्यान यन्त्रहरू जडान गर्नुपर्ने भएर महँगो पर्न गएको हुनुपर्छ।

यी सबैको उद्देश्य कृषिउपजको गुणस्तर कायम गर्नु हो। कृषि उत्पादन, सङ्कलन, ग्रेडिङ, ढुवानी, प्रशोधन र बजारीकरणबीच समन्वय आवश्यक छ। कुनै एक चरणमा चिस्यान प्रणाली टुटेमा मुख्य उद्देश्य पूरा गर्न सकिन्न। भौतिक संरचना जस्तै सडक निर्माण, यातायातका साधनको उपलब्धता, चिस्यान सामग्रीहरूको उपलब्धता, शीत भण्डार र भण्डारण केन्द्रहरूको निर्माण र कानुनी सहजता गराइनु आवश्यक छ। नेपालमा कमसेकम शीत भण्डारहरूको स्थापना आवश्यक स्थानहरूमा संचालन गर्नु राम्रो हुन्छ। यसका साथै नागरिकलाई शिक्षित गर्ने, जनचेतनाको अभिवृद्धि र क्षमता विकासमा पनि त्यतिनै ध्यानदिनु पर्दछ। कृषकहरूलाई आफुले गरेको उत्पादनलाई बेमौसममा बिक्री गर्न उत्साहित गर्न सकिन्छ।

शीत भण्डारको अभावका कारण देशमा उत्पादन हुने कृषिउपजको बजारीकरणमा समस्या निम्तियो। यसले कृषिउपज खेर नजाने, उपभोक्ताको मागअनुसार बिक्रीवितरण गर्न पर्याप्तमात्रामा भण्डारण हुने, कृषिउपजको क्षति नहुने, रोजगारीको सिर्जना हुने र बजारीकरणमा मद्दत पुग्न जान्छ। नेपालमा एउटा शीत भण्डार २-३ करोड रूपैयाँमा निर्माण भइरहेको देख्न सक्छौं।

कर्णाली क्षेत्रको स्याउले नेपालका प्रमुख शहरहरूसम्म पुऱ्याउन सरकार सफल हुन सकेको छैन। कर्णालीदेखि काठमाडौंसम्मको सडकको असहजताले ढुवानी न्यून रह्यो। स्याउ सुक्ने, आकार प्रकार बिग्रने, चोट लाग्नेजस्ता मुख्य समस्याहरू भएका कारण बजारीकरण पूर्ण रूपमा असफल भएको हो। हिमाली भेगमा उत्पादन हुने आलुको हालत पनि त्यस्तै देखिन्छ। यसको लागि सडक फराकिलो, खाल्डाखुल्डी नभएको र छोटो दूरीको हुनुपर्ने हुन्छ। ढुवानी गर्ने गाडीमा चिस्यानको व्यवस्था मिलाउनु पर्ने हुन्छ। फलमा चोट नलाग्ने गरी प्याकिङ गर्नुपर्ने हुन्छ। यी सबै व्यवस्थापन गर्न सम्भव



lr:ofg s]b|

छ। सरकारले हिम्मत गरेर लगानी गर्ने र काममा चुस्तता कायम गर्न सक्नुपर्दछ।

खाद्य क्षेत्रमा चिस्यान प्रणालीको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ। नेपालका कृषि क्षेत्रहरूमा चिस्यान प्रणालीको निम्ति भौतिक पूर्वाधारको कमी छ। चिस्यान प्रणाली व्यवस्थापन गर्न नसक्दा हरेक वर्ष करोडौं रकम बराबरको बाली क्षती/नोक्सान हुने गरेको छ। कृषि नीति निर्माताहरूले कृषि योजनाहरूमा यसलाई समावेश गरेर काम प्रभावकारी गर्नु पर्दछ। भरपर्दो र प्रभावकारी चिस्यान प्रणालीबाट कृषिउपजको नोक्सान कम हुन्छ। भोकमरीले आक्रान्त जनताको खाद्य–सुरक्षाको लागि यसले मद्दत पुऱ्याउन सकिन्छ। धेरै मानिसको जिविकोपार्जनमा सहयोग पुग्छ। यसर्थ, खाद्य सुरक्षामा हरेक तवरले गाँजेकै छ।



lr:ofg o6q hl8t uf8L

चिस्यान प्रणाली विभिन्न बाली र तिनका उपजलाई एकैसाथ लागु गर्नुभन्दा बालीअनुसार फरक–फरक लागु गर्नु राम्रो हुन्छ। किनकि, बालीअनुसार तापक्रम, सापेक्षित आद्रता र पानीको मात्रा व्यवस्थापन गर्नुपर्ने हुन्छ।

नेपालको भूगोल हिमाल, पहाड र तराईमा भिन्नभिन्न हावापानी र मौसम छ। तापक्रम समुद्री सतहबाट माथि चढ्दा घट्दै जान्छ।एक क्षेत्रमा मौसमी बाली त्यही समय अर्को क्षेत्रमा पुग्दा बेमौमसी हुन्छ। वातावरणअनुसार भिन्दाभिन्दै शैलीको व्यवस्थापन आवश्यक रहन्छ। खाद्यवस्तुको मूल्य बढी र कम हुनुमा भूगोल पनि एक कारक तत्व हो। कठिन भूगोलजस्तै लामो दूरी, उकालो–ओरालो आदिमा लागत बढ्न जान्छ।

इन्टरनेशनल इन्स्टिच्युट अफ रेफ्रिजरेशन विकसित देशहरूमा (७० प्रतिशत मानिस सहरमा बस्ने) प्रतिव्यक्ति २०० लिटर चिस्यान क्षमता रहेको, कम विकसित देशहरूमा (५० प्रतिशत मानिस शहरमा बस्ने) प्रतिव्यक्ति १९ लिटर चिस्यान क्षमता रहेको र चीनजस्तो विकासशील देशमा त्यसको बीचको अवस्थामा रहेको अनुमान गरेको छ। यसले के संकेत गर्छ भने मध्यम वर्गको प्रतिशत वृद्धि वा सहरीकरणमा चिस्यान केन्द्र र प्रणालीको माग बढ्दो छ। कृषिउपजको बजारीकरणअन्तर्गत मूल्य श्रृंखलामा काम गर्नेहरू झन् सक्रिय हुनेमा आशा नै राख्नुपर्छ।

कृषिउपजको नोक्सान बढेमा कृषकले निर्धारण गरेको मूल्य र व्यापारीले निर्धारण गरेको मूल्यमा धेरै अन्तर हुन जान्छ। उपभोक्तासम्म खाद्यवस्तु पुग्ने मात्रामा कमी आउँछ।

चिस्यान प्रणाली विकासमालाग्ने लागत सधैं फाइदाजनक नहुन सक्छ। फाइदाको लागि उत्पादन मात्रा र गुणस्तर आर्थिक थ्रेसहोल्ड कटेको हुनुपर्दछ। लागत र नाफाको आर्थिक सन्तुलनबाट माथि उठ्न जरुरी हुन जान्छ। वस्तुको उपलब्धता र बजारीकरण (बिक्री) को निरन्तरता पनि त्यतिकै महत्त्वपूर्ण छ। हचुवाको भरमा लगानी गर्नु पनि व्यर्थ हुनसक्छ। लगानी गर्नु अगाडि दीगोपनामा पनि ध्यानदिनु आवश्यक छ।

चिस्यान केन्द्रका सामानहरूलाई राम्रो अवस्थामा राख्न दक्ष प्राविधिक कर्मचारीहरूको त्यतिकै जरुरी हुन्छ। तालिमको व्यवस्था गर्नको लागि पनि पूर्ण रूपमा चालु रहेको स्थान अपरिहार्य हुन्छ। तालिमको लागि लागत र रोजगारीको ग्यारेन्टीबारे राम्ररी विचार पुऱ्याउनु पर्ने हुन्छ। साथै, मौसम, बिजुली, यातायात पुर्वाधार, बजारको दूरी, खरिद क्षमता, आर्थिक–सामाजिक संगठन, खाने बानी इत्यादीसँग चिस्यान प्रणालीको सम्बन्ध रहन्छ।

तसर्थ, चिस्यान प्रणाली स्थापना गर्न संयुक्त वा एकीकृत पहलकदमी आवश्यक छ। कृषि, भौतिक पूर्वाधार, कृषिमा आधारित उद्योग, वितरण र जनशक्ति उत्पादनबीच आवश्यक सहकार्य गर्नु राम्रो हुन्छ।

खाद्य सुरक्षा र वातावरणीय दीगोपनाको लागि गुणस्तर नियमन र मापदण्ड निर्धारण गर्नु आवश्यक हुन्छ। उपभोक्ताको स्वास्थ्यको सुरक्षा गर्नुका साथै उपभोक्ता र मूल्य श्रृङ्खलाका पात्रहरूबीचको समन्वय सकारात्मक हुनु जरुरी छ।

इन्जिनियरिङ र व्यवस्थापनको पाटोलाई चिस्यान प्रणालीमा राम्ररी प्रयोग गरिनुपर्दछ। प्रविधिलाई स्थानीय कृषक, मजदुर, व्यवसायीमाझ हस्तान्तरण गर्न तालिम, गोष्ठी र भ्रमणलगायतलाई जोड दिनु आवश्यक हुन्छ। अध्ययन अनुसन्धानको फाँटलाई स्रोतसाधन सम्पन्न बनाउन सके नतिजा निकाल्न सहज हुन्छ। कृषि अर्थतन्त्रका साथै कृषकको आर्थिक पक्षलाई बलियो बनाउन यस प्रविधिले राम्रो प्रभाव अवश्य पार्नेछ।

**सहयोग सामग्रीः**


- ElhadiYahiaKazuz, Food and Agriculture Organization of the United Nations
- http://www.nccd.gov.in/PDF/NCCDGuidelines 2014-15.pdf
- विभिन्न वेबसाइटहरू।

# उत्तरी नर्वेको एक हप्ता यात्रामा जाँदा



अनिता प्रजापति

नर्वेको उत्तर पश्चिमतिर पर्ने ट्राना टापू नर्वेका धेरै टापूहरू मध्येको एउटा सानो टापू हो । कतैबाट पनि मुख्यभूमिसँग नजोडिएको यो टापू पुग्न द्रुतगतिको जहाजबाट झन्डै ३ घण्टाको दूरीमा पर्दछ । ५०० जनसङ्ख्या रहेको उक्त टापू नर्वेको गाउँको रूपमा चिनिन्छ तर गाउँ त शब्दमा मात्रै पो रहेछ । यहाँ गाउँलाई urban village (शहरी गाउँ) भनिंदो रहेछ । नर्वे बस्दा चिनजान भएको एउटा नर्वेजियन परिवार (अनिता बाक्केन र ह्यारी बाक्केन) को मा हिउँदे पर्व इस्टर (Easter) मनाउन उनीहरूको घर स्यान्नेसोयन (Sandnessjoen) जाँदा उनीहरूले घुमाएका थुप्रै ठाउँ मध्येको एक हो ट्राना टापू । स्थानीय बासिंदासँग घुम्दा जति कुरा सिकिन्छ त्यति सायद अरु माध्यमबाट थाहा पाइन्न । त्यो मौका हामीलाई मिलेको थियो । धेरै जसो नर्वेजियनहरूको दुइवटा घर हुँदो रहेछ । बिदाको समय र यस्तै पर्वहरूमा बस्ने घरलाई हित्ता (hytte) भन्दा रहेछन् र धेरैजसोको यस्तै घर हुँदो रहेछ । ५५ लाख जनसङ्ख्या भएको देशमा ५०,००० त हित्ता नै छन् । बिदाको दिनमा आराम गर्न हित्ता जाँदारहेछन् । उनीहरूको जीवनशैली हेर्दा केही कुरामा पनि हतारो देखिंदैन । एकदम सरल र सजिलै बिताइरहेको अनुभव हुन्छ । हामी बसेको नर्वेजियनको उक्त हित्ता भने सन् १७८० मा बनेको रहेछ । उक्त घरको इतिहास पनि गजबकै छ । पुरानो झोपडीलाई किनेर मर्मत गरी बनाएको उक्त घरमा बाक्केन परिवार १७ वर्ष ट्राना बस्दाको रहेछ । उक्त घरलाई बेचेर स्यान्नेसोयन सरिसकेपछि सो घर किन्ने व्यक्तिले घर खर्च धान्न नसक्दा सरकारले लिलामीमा राखेर भत्काउने निर्णय गरेको कुरा पत्रिकामार्फत् उनीहरूले थाहा पाए र यस्तो ऐतिहासिक घरलाई नभत्काउन आग्रह गर्दा नमानेर पुनः आफैले किनेर मर्मत संभार गरेका रहेछन् । उनीहरूको भाषामा हित्ता आराम घर भएपनि घरको सरसामान, सजावत हेर्दा कुनै हिसाबले कमको थिएन । वर्षमा २/३ पटक आउने यस्ता घरबाट जानु अघि घरको सरसफाइ गरेर जाँदा रहेछन् ताकि अर्को पटक आउँदा सफा सुग्घर होस् ।

ट्राना टापूमा बस्ती थोरै भएपनि ३ वटा ठूलठूला माछा फार्महरू छन् । हामीले दुई वटा फार्म घुम्ने अवसर पायौं । ह्यारीको जन्म थलो नै ट्राना भएको हुँदा ट्रानाको उद्योगको विकासमा उनले पनि निकै योगदान पुऱ्याएका रहेछन्, त्यसैलै त्यहाँका उद्योगहरूमा घुम्न जाँदा हामीलाई सजिलो भएको थियो । फार्ममा जाँदा हामीलाई कानमा आवाजले असर नगरोस् भनेर earplug दिइयो । भित्रबाट देख्यौं नर्वेजियाली समुद्र । त्यहाँ माछा समात्ने डुंगाबाट सिधै पम्प मार्फत् conveyor मा पठाइन्छ र conveyor हुँदै सफा गर्ने मेसिन, काट्ने मेसिन, कलेजो र अन्डा छुट्याउने मेसिनहुँदै माछालाई २१ दिनसम्म नुनमा हालेर –२०°C मा राखेर प्याकिङ गर्ने ठाउँ, त्यसपछि पुनः प्याकिङ गर्ने मेसिन र प्याकिङ पश्चात पुनः –२०°C मै भण्डार गर्दो रहेछ । अनि कम्पनीबाट ट्रक आएर लाँदोरहेछ । सबै कुरा स्वचालित मेशिनमार्फत् नै भइरहेको थियो । माछाको कलेजोबाट भने tran (एक प्रकारको तेल) बन्दो रहेछ जुन भिटामिन डी को प्रचुरस्रोत हो । सबै नर्वेजियनहरूले सधैं खाने गर्छन् । माछाको कत्लाहरूबाट एकप्रकारको तेल निकालिन्छ जुन क्रिमहरूमा प्रयोग गरिन्छ । यस माछा फार्मबाट केही पनि चिज नफालेर सबैको उपयोगी चिज निकाल्ने त्यो पनि मेसिनबाटै । अर्को माछा फार्म पनि यस्तै सबै स्वचालित मेशिन मार्फत् नै सञ्चालित थियो, यसबाट भने सुकेको माछा उत्पादन गर्दो रहेछ । नर्वेको तेलपछि सबैभन्दा धेरै निर्यात हुने माछा हो र त्यसमा पनि सालमोन salmon माछा रहेछ । यस ट्राना टापूका सबै जसो बासिन्दाको पेशा माछा र यससँग सम्बन्धित व्यवसाय रहेछ । तर फार्ममा काम गर्न अन्य देशबाट पनि आउँदा रहेछन्, धेरै जसो पोल्यान्डबाट



6kgf 6fk"

रहेछ । सबै स्थानीयहरूको आ–आफ्नै माछा समात्ने डुंगा रहेछ तर ठूलो माछा समात्ने डुंगा आएपछि पहिलेभन्दा अहिले सङ्ख्या घटेको गुनासो गर्दै थिए ट्रानाकै स्थानीय–बाक्केनको बहिनी ज्वाइँ ।

यसै समयमा हामीले नर्वेजियन समुद्रमा माछा मार्ने मौका पनि पायौँ । हावा पानी नछिर्ने पूरै ढाकेको कपडा लगाएर navigating boat मा तीन घण्टामा झण्डै ५ किलोको सिङ्गो माछा समातेको अनुभव त बेग्लै छ । उक्त जहाजमा जाँदा हावा, हुरी, असिना, पानी, हिउँ र घाम सबै केही छिनको फरकमा अनुभव गर्न पायौं । यस्तो बेला धेरैलाई sea sick हुँदो रहेछ म पनि अछुतो रहिनँ ।

उक्त सानो बस्तीमा बिजुलीको तार समुद्रबाट मुख्यभूमिबाट ल्याइएको रहेछ । त्यहींको पानीको स्रोत ठूलो पानी ट्याङ्कीबाट पाइपमार्फत् सबैको घरमा पुऱ्याएको रहेछ । माछा फार्म बन्नथालेपछि भने खाने पानी नपुगेकोले समुद्रको पानीलाई नै खान योग्य बनाएर वितरण गरिएको रहेछ । समुद्रको पानीलाई नै खान योग्य बनाउने केन्द्र (sea water desalination plant) मा पनि जाने मौका मिल्यो । ह्यारीले उक्त योजनामा पनि काम गरेका रहेछन् । समुद्री पानी खान योग्य बनाउन धेरै खर्चिलो हुने भएको हुँदा कति देशमा सफल नभएको सुनिरहँदा ५०० जना नभएको सानो बस्तीमा सरकारले गरेको लगानी निकै प्रशंसनीय लाग्यो ।

हामीले एउटा विद्यालयमा जाने मौका पनि पायौं । अनिता बाक्केनकी बहिनी डोली उक्त विद्यालयमा १५ वर्षदेखि काम गर्दै आएकी रहिछिन् । उनीमार्फत् हामीले विद्यालयको व्यवस्थापनबारे केही जान्ने मौका पाएका थियौं । जम्मा ५८ जना विद्यार्थी रहेको उक्त विद्यालयमा १० कक्षासम्म रहेछ जुन निःशुल्क छ । प्रत्येक ६ जनाको लागि एकजना शिक्षकको व्यवस्था रहेछ । ६ वर्षसम्म भने महिनाको ३००० क्रोनर (नेपाली १०,०००/–) तिर्नु पर्ने उक्त कक्षाहरूमा प्रत्येक तीन जनाको लागि एकजना शिक्षकको व्यवस्था रहेको पनि बताइन् । थोरै विद्यार्थी भएको उक्त विद्यालयको भौतिक सुविधा हाम्रो जस्तो देशको शहरी विद्यालयको भन्दा निकै धेरै भएको जस्तो लाग्यो– swimming pool, conference हल समेतको व्यवस्था थियो । कक्षा १० पछि भने उच्च शिक्षाको लागि मुख्यभूमि मै पुग्नुपर्ने बाध्यता रहेछ । तर यस्तो ठाउँबाट आएका विद्यार्थीहरूलाई भने सरकारले छुट्टै सुविधाको बन्दोबस्त पनि गरेको रहेछ । शिक्षा त निःशुल्क नै भयो त्यसमाथि प्रत्येक नर्वेजियनले जन्मेदेखि १८ वर्षसम्म महिनाको २००० क्रोनर (नेरु ६०००) पाउँछन्, त्यस बाहेक बस्नको लागि यस्तो गाउँबाट आएकाहरूलाई थप आर्थिक सहयोगको व्यवस्था गरेको छ । जम्मा १३ जना विद्यार्थीहरू शिशुशाला (Pre–nursery) मा



cfb/ lgs]tg

रहेछन् । साना–साना बच्चाहरूलाई सानैदखि हिउँ, पानी, चिसोसँग खेलाउँदो रहेछ, त्यसैलै –३०°C भन्दा कमसम्म पुग्ने मौसमसँग पहिले परिचित हुँदा रहेछन् । स्कुलपछि हामी आदर निकेतन पनि गयौं । उक्त आदर निकेतनमा अहिले जम्मा ३ जना मात्र रहेछन् । उक्त आदर निकेतनको भौतिक सुविधा पनि प्रशंसा योग्य नै थियो । यस्तो सानो गाउँमा उक्त आदर निकेतनमा तीनजना नर्स, एकजना भान्छे हामीले भेट्यौं । सागसब्जी त्यही बारीमा उत्पादन गर्दो रहेछ । बुढापाकाहरू फुर्सदको बेला सक्नेहरू बुन्ने र अन्य गफ गर्ने गर्दो रहेछन् । तिनीहरूले बुनेको स्वेतर, मोजा, झुण्डाएर राखेको थियो । ती सामानहरू बेच्ने समेत गर्दा रहेछन् । अहिले ३ जना मात्रै भएपनि उक्त आदर निकेतन ६० जनासम्मको क्षमता रहेछ । तत्काल समस्या परेमा एम्बुलेन्सको पनि व्यवस्था गरेको छ ।

यस ट्रानामा ठूलो अस्पताल चाहिं रहेनछ तर २४ सै घण्टा सेवा दिने स्वास्थ्य चौकी रहेछ । कुनै ठूलो समस्या आयो भने आकस्मिक जहाज र गम्भीर प्रकृतिको रोग लागेमा हेलिकप्टर मार्फत् मुख्यभूमिको अस्पतालमा लगिंदो रहेछ । शहरमा बस्नेहरूले भन्दा छिटो उनीहरूले सुविधा पाउँछन् डोलीले भन्छिन् । उनीहरूले आदर निकेतन जानुलाई उच्च आदरका साथ नै बोल्छन् । “अहिले तीन जनामात्र भएपनि पछि हामी पनि यही जानुपर्छ” डोली थप्छिन् । यस्तै आदर निकेतन जाने कुरामा अनिता बाक्केन पनि भन्छिन् “बुढ्यौलीमा आदर निकेतन बस्दा बुन्ने काम गर्नुपर्छ त्यसैले अहिलेदेखि बुन्ने काम सिकिरहेको ”। छोरा छोरी सँगै नबस्ने चलन भएको सामाजिक संरचना र कुनै किसिमको सुविधाबाट बंचित हुन नपर्ने भएकोले पनि आदर निकेतन जानुलाई खुलेरै भन्दा रहेछन् ।

ट्रानामा गर्मी याममा भने ठूलो महोत्सव हुँदो रहेछ, करिब ४००० मान्छेहरू जम्मा हुने रहेछ । त्यस्तो बेला



emG8}% lsnf}sf]df5f ;dfKb}nl]vsf

ट्रानावासीहरू सबै स्वयंमसेवकको रूपमा काम गर्दा रहेछन् । विभिन्न देशबाट पनि मान्छेहरू आउने उक्त महोत्सवको बेला ट्रानाको रूप नै अर्को हुँदो रहेछ । घुम्न आउनेहरू आफै पाल (tent) बोकेर समेत आउँदा रहेछन् । ५०० जनाको बस्ती भएको टापूमा एउटा सानो होटल मात्रै छ ।

अर्को अचम्मको कुरा त ५०० जना मान्छेहरूको पनि एउटै बस्ती होइन रहेछ । ट्राना पनि स-साना टापूहरू मिलेर बनेको रहेछ । यहाँ एकजना मात्रै बस्ने टापू पनि रहेछ । एक जना मात्रै भएपनि उसको लागि ओहोर दोहोर गर्नलाई डुङ्गाको यातायात व्यवस्था रहेछ । एउटा shoping mall रहेछ जहाँ सबै किसिमका सामानहरू खानेकुरा, लुगा, घर मर्मतका सामानहरू, कापी कलम जस्ता सामानहरू लगायत सबै रहेछन् ।

गाउँमा बसे पनि कुनै कुराको अभावको महसुस गर्दैनन् । ट्रानावासीहरू शहरमा बसाइ सर्ने कुरामा असहमती नै जनाउँछन् । यस्तो राम्रो ठाउँ छोडेर अन्त किन जाने, भन्छिन् डोली । कुनै देशको विकास हेर्नलाई शहरको विकास नभई गाउँको विकास हेर्न पर्ने रहेछ । गाउँमा बस्नेहरूलाई गाउँमै बस्नु ठिक छ भन्ने अनुभुति गराउन सक्नु नै नर्वेको विकासको उत्कर्ष हो जस्तो लाग्यो । शहरको विकास त सबैले गर्छन् तर यसरी गाउँको विकास गरेको देखेपछि बल्ल विकासको अर्थ बुझे झैं लाग्यो । प्राकृतिक हिसाबले पनि एकदमै रमणीय ट्राना टापू साँच्चिकै आकर्षक ठाउँ रहेछ । नर्वेको प्रख्यात टापू लोफोटन (Lofoten) भएपनि ट्राना र स्यान्नेसोयन जस्तो ठाउँको प्रचार कम भएकोले त्यति प्रख्यात नभएको तर सबै कुरामा उत्तिकै आर्कषक भएको बताउन्छिन् अनिता बाक्केन । यसरी केही दिनको नर्वेजियनहरू सँगको बसाइले उनीहरूको संस्कार र जीवनशैली बुझ्ने मौका पायौं । त्रोन्ह्याम (Trondheim) (नर्वेको मध्य भागमा पर्ने एउटा शहर) मै बसेको भए त नर्वे र नर्वेजियनहरूलाई हामीले चिन्नै नसक्ने रहेछौं र साथै गाउँ र विकासको परिभाषा गर्न अझै नसकिने अनुभवका साथ इस्तर (Easter) बिदा मनायौं । हाम्रो नर्वेको बसाइ यो यात्राबाट झनै अविस्मरगीय रह्यो ।

स्यान्नेसोयानमै रहँदा नर्वेकै एउटा ठूलो पशुपालन क्षेत्र पनि हेर्न गयौं । स्यान्नेसोयानमा रहेको उनकै छोरीको ससुराबुवाको उक्त फार्मको रेखदेख आफै गर्दा रहेछन् र उनको सहयोगको लागि जम्मा एक जना कामदार रहेछ । गाई र बंगुर पालन रहेको उक्त फार्ममा सबै मेशिनले नै खाना, पानी दिने र दूध दुहुने गर्दो रहेछ । पाइपबाट गाईको दूध सिधै ट्यांकीमा जान्छ र दुग्ध कम्पनीको ट्रक आएर उक्त ट्यांकीनै लाने रहेछ जसबाट दुध, चिज लागायतका वस्तु बनाई बजारमा पुर्याइन्छ । बंगुरको रेखदेख गर्दा भने स्वास्थ्यको निकै ख्याल गरिन्छ । जन्मेदेखि २५ किलो नहुन्जेल उक्त फार्ममा पालेर अर्को फार्म बेच्दारहेछन् जहाँ ८० किलो सम्मको बनाएर काट्ने ठाउँमा पठाइन्छ । फार्ममा कतै पनि प्लास्टिकका टुक्राहरू थिएन कारण जथाभावी फाल्दा जरिवाना तिर्न पर्ने रहेछ । प्लास्टिकका फोहरहरू उठाउन निश्चित दिनमा गाडी आएर लगिन्छ । कुहिने चिज भने त्यहीं मल बनाएर घाँस बारीमा लगाइन्छ । घाँस बारी पनि निकै ठूलो छ जुन मेशिनबाटै जोत्ने, छर्ने, काट्ने गरिन्छ । वर्षको ६ महिनाभन्दा बढि हिउँ लाग्ने उक्त ठाउँमा हिउँ हटाउने मेशिन पनि छुट्टै रहेछ । सबै कुराको बन्दोबस्त रहेछ त्यही भएर दुई जनाले यति ठूलो फार्म चलाउँदा रहेछन् ।

स्यान्नेसोयान र ट्रानाको परम्परागत पक्वान र माछाका विभिन्न परिकारको स्वाद अझै पनि ताजै छ । न्यानो माया र महत्त्वपुर्ण समय दिएकोमा अनिता बाक्केन, ह्यारी बाक्केन र उनको परिवार प्रति आभार व्यक्त गर्दछु । बाक्केन परिवारको एकदमै सौहार्दपूर्ण व्यवहारले नर्वेजियनहरू प्रति हेर्ने दृष्टिकोण र उनीहरू प्रतिको सम्मान बढेको छ । सधैं हाँसेर स्वागत गर्ने, नयाँ ठाउँको बारे सुनाइरहने, एक पटक आएको बेला मिलेको जति नयाँ कुरा सिक्न पर्छ अनि आफ्नो देशमा लागू गर्नुपर्छ भनेर हामीलाई सधैं हौस्याइ रहन्थे । धेरै रमाइला सम्झना बोकेर त्यहाँबाट हामी नर्वेको अझै उत्तरतर्फ पर्ने बोदो (Bodo) को लागि छुटियौं ।*(क्रमशः)*

# विश्व सम्पदा कहिलेसम्म खतरामा ?



श्रीराम कासिछ्वा

## के हो विश्व सम्पदा ?

संयुक्त राष्ट्र सङ्घीय अङ्ग युनेस्कोद्वारा बहुमूल्य सम्पदाका रूपमा सूचीकृत विश्वका स्मारक र स्थानहरूलाई युनेस्को विश्व सम्पदा क्षेत्र भनिन्छ । यसको उद्देश्य विश्वका यस्तो स्थलहरूलाई सूचीबद्ध गर्ने तथा संरक्षित गर्ने हुन्छ जुन विश्व संस्कृतिको दृष्टिले मानवताको लागि महत्त्वपूर्ण हुन्छ । खास परिस्थितिमा यस्ता सम्पदाहरूलाई यसले आर्थिक सहयोग पनि प्रदान गर्ने गरिन्छ । सन् २०१३ सम्ममा १६० राष्ट्रका ९८१ क्षेत्रलाई विश्व सम्पदाका रूपमा सूचीकृत गरिएको छ जसमा ७५९ सांस्कृतिक, १९३ प्राकृतिक र २९ मिश्रित रहेका छन् । प्रत्येक सम्पदा क्षेत्र त्यस देशको विशेष सम्पत्ति हुन्छ, । साथै जुन देशमा त्यो स्थल रहेको हुन्छ त्यसलाई अन्तर्राष्ट्रिय समुदायको हितमा तथा आउने पिंढी र मानवताको हितको लागि पनि सम्पदाको संरक्षण गरियोस । तसर्थ पुरै विश्व समुदायलाई यसको संरक्षणको जिम्मेवारी रहन्छ ।

## नेपालमा रहेका विश्व सम्पदाहरू

युनेस्को विश्व सम्पदा सूचीमा नेपालका विभिन्न सम्पदा (सांस्कृतिक र प्राकृतिक) लाई सूचीकृत गरिएका छन् । सांस्कृतिक सम्पदा अन्तर्गत काठमाडौं उपत्यकाभित्रका सात स्मारक क्षेत्र (तीन वटा ऐतिहासिक दरबार, दुई वटा बौद्ध स्तुपा र दुई वटा हिन्दू मन्दिर) र लुम्बिनी तथा प्राकृतिक सम्पदा अन्तर्गत चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् । उपत्यकाका ती सम्पदालाई सन् १९७९ मा युनेस्कोले विश्व सम्पदामा सूचीकृत गरेको थियो ।

## नेपाललाई पटक पटकको मौका

काठमाडौं उपत्यकामा विश्व सम्पदाको सूचीमा चाँगुनारायण मन्दिर, बौद्ध स्तुप, स्वयम्भू स्तुप, पशुपतिनाथ मन्दिर, भक्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र र हनुमानढोका दरबार क्षेत्र गरी सात स्मारक क्षेत्र रहेका छन् । उपत्यका यी सम्पदा सन् १९७९ मा विश्व सम्पदा सूचीमा समावेश गरिएको हो । सम्पदा क्षेत्रमा अतिक्रमण रोक्न सकेको छैन । यता युनेस्कोले काठमाडौं उपत्यकाका विश्व सम्पदा क्षेत्रमा रहेका सम्पालाई खतराको सूचीमा विभिन्न समस्या राख्दै आइरहेको पाइन्छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले काठमाडौं उपत्यकाका सबै विश्व सम्पदालाई 'खतराको सूची' मा राख्ने प्रस्ताव गरेको छ । प्रस्तावबारे युनेस्कोको सन् २०१९ जुन ३० देखि जुलाई १० सम्म अजरबैजानको बाकुमा भएको ४३औं सेसनमा छलफल समेत भएको थियो । तर यसपटक पनि नेपाल खतराबाट जोगिएको छ । युनेस्कोको विश्व सम्पदा कमिटिको बैठकले विश्व सम्पदा पुनः निर्माणका लागि एक वर्ष थप गर्न सहमत भएसँगै बाटो खुलेको हो । विभिन्न देशका प्रतिनिधिहरूले २०७२ सालको भूकम्पले सम्पदा पुनः निर्माणका लागि समय लाग्ने भएकाले प्रस्ताव १ वर्ष पछि धकेलिएको हो । हुन त केही देशहरूले विश्व सम्पदा क्षेत्रलाई खतरामा राख्नुपर्छ भन्दै आए पनि नेपालको पर्यटनमा नकारात्मक असर पर्ने भएकोले नेपालको लागि अर्को अवसर प्राप्त भएको छ ।

विश्व सम्पदा परिचालन निर्देशिकामा यदि सांस्कृतिक पुरातात्त्विक सामान, संरचना तथा गरगहना, वास्तुकला, सहर वा गाउँ वा कुनै प्राकृतिक पर्यावरणमा क्षति भए, ऐतिहासिक प्रमाण नष्ट भए र सांस्कृतिक महत्त्वको नोक्सान भए खतराको सूचीमा राख्नुपर्ने अवस्था आउँछ । विश्व सम्पदा क्षेत्रमा जथाभावी अग्ला घर बनाएको भन्दै युनेस्कोले काठमाडौंलाई सन् २००३ मा पनि खतराको सूचीमा राखेको थियो । पछि सरकारले सुधार गरेपछि सन् २००७ मा खतरा सूचीबाट हटेको थियो । वि.सं. २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पले सम्पदामा क्षति पुगेको थियो । तत्पश्चात युनेस्कोले सन् २०१६ फेब्रुवरी १ सम्म विश्व सम्पदाको अवस्था सुधार गर्नुपर्ने चेतावनी समेत दिएको थियो । जुलाई १० देखि टर्कीको इस्तानबुलमा भएको विश्व सम्पदा समितिको बैठकले सन् २०१७ सम्ममा ध्वस्त भएका सम्पदाको सुधार गर्न समेत मौका दिएको हो । यसरी युनेस्कोले काठमाडौं उपत्यकाका विश्व सम्पदा क्षेत्रलाई पटक पटक खतरामा राख्ने काम भएको छ । राज्यले सम्पदा निर्माणमा गरेको सुस्त गतिले यस किसिमको परिणाम ल्याएको स्पष्ट हुन्छ । विश्व सम्पदा क्षेत्रभित्र अस्वभनीय रूपमा नयाँ भवनहरू बन्ने गरेको र त्यसले मौलिकता गुमाएको आधारमा यस्तो समस्या सिर्जना भएको हो । युनेस्कोले उपत्यकामा भूकम्पमा क्षतिग्रस्त पुरातात्त्विक दरबार र मन्दिर पुनर्निर्माणमा ढिलाइ गरेको, सम्पदा संरक्षणमा उचित ध्यान दिन नसकेको, पशुपतिनाथ क्षेत्रको बीचबाट सडक खोलेको, कंक्रिटको संरचना बनाएको उल्लेख गर्दै खतराको सूचीमा राखेको हो । त्यस्तै स्वयम्भू स्तुप

छेउमै केही समययता धमाधम कंक्रिट संरचना बनाएर त्यहाँको पुरातात्त्विक स्वरूप मास्ने काम हुँदैछ । विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध, चाँगुनारायण र पशुपति क्षेत्रमा मापदण्डविपरीतका संरचना निर्माण भएकाले खतराको सूचीमा राखेको हो । काठमाडौं उपत्यकाबाहेक लुम्बिनी, सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदामा सूचीकृत छन् । युनेस्कोले ती सम्पदामाथि भने कुनै प्रश्न उठाएको छैन ।

## असर

विश्व सम्पदा स्मारकका क्षेत्रहरू खतराको सूचीमा परेको भए त्यसले लामो समयसम्म असर पार्न सक्ने छ । नेपाल सरकारले सन् २०२० सम्ममा २० लाख पर्यटक भित्र्याउने भनेको छ तर यस किसिमको चुनौतिले कतै लक्ष्य पूरा हुने होइन कि भन्ने आशंका उब्जिएको छ । विश्व सम्पदा क्षेत्र एक ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले निक्कै महत्त्व रहेको हुन्छ । यसमा सूचीकृत भइसकेपछि नेपाललाई विश्व जगतमा चिनाउन सकिन्छ । संसारभरिका मानिसहरू त्यस्ता सम्पदा अवलोकनका लागि आउने गर्छन् । यसले पर्यटन व्यवसायमा राम्रो प्रभाव पार्छ । पर्यटन गन्तव्यको रूपमा रहने गर्छ । देशले विदेशी मुद्रा आय आर्जन गर्न सकिन्छ । राष्ट्रिय आयमा वृद्धि गर्न सकिन्छ । साथै ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्व बोकेका धरोहर, मठमन्दिर, पोखरीहरूको मौलिक रूपमा सम्पदाको रूपमा सदाका लागि सुरक्षित गर्न सकिन्छ । खतराको सूचीमा परेपछि त्यसबाट हटाउन १०/१२ वर्ष गृहकार्य गर्नुपर्छ भने पर्यटन क्षेत्रलाई पनि असर गर्छ । विश्व सम्पदामा सूचीकृत हुने सम्पदाको विश्व पर्यटन बजारमा विशेष महत्त्व हुन्छ । अर्कातिर युनेस्कोबाट सहयोगसमेत प्राप्त हुन्छ । एकपटक खतराको सूचीमा परिसकेपछि त्यसबाट पुनः विश्व सम्पदा सूचीमा फर्कन धेरै समय लाग्छ ।

## चाल्नुपर्ने कदम

नेपाल र नेपालीको गौरवका रूपमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका यस्ता विश्व सम्पदाको उचित संरक्षण र सम्बर्द्धन नहुँदा सक्तटमा पर्ने खतरा रहेको छ । त्यसैले यसको सरंक्षण गर्नुपर्छ । सम्पदा क्षेत्र वरपर रहेका मापदण्डविपरीत निर्माण, अतिक्रमण रोक्नुपर्छ । कतिपय सम्पदाहरू संरचनागत कमजोरीको कारण गत २०७२ साल वैशाखमा गएको विनासकारी भूकम्पले देशभरिमा करिव ७४३ वटा सम्पदाहरू क्षति हुन पुगेको तथ्याङ्कले देखाएको छ । यसरी क्षति हुन पुगेको करिव ७४३ वटा सम्पदाहरूमध्ये अभिलेखीकरण गर्दा भक्तपुर जिल्लाभरिमा करिव ७३ वटा सम्पदाहरूलाई असर पारेको देखिन्छ जसमध्ये २० वटा पूर्ण क्षति, १० वटा आँशिक क्षति र ४३ वटा सामान्य क्षति भएको पाईन्छ । भूकम्पबाट भएको क्षतिको पुनःनिर्माणमा चाडोभन्दा चाँडो गर्नुपर्छ । काठमाडौं उपत्यकाको सानो क्षेत्रफलमा सातवटा विश्वसम्पदा सूचीमा समावेश भएका ऐतिहासिक, धार्मिक सम्पदा हुनु हाम्रो लागि गौरवको कुरा हो । यसले हाम्रो जीवन्त इतिहास, कलाकौशल र संस्कृतिलाई बचाएर राखेका छन् ।

पुर्खाले सिर्जेको सम्पति हाम्रो कला र संस्कृति हो । यही हेर्न देश–विदेशबाट पर्यटक आउने भएकाले हाम्रो पर्यटनको आधार पनि भएको छ । तर राज्यले यसको संरक्षणमा भने पर्याप्त ध्यान दिन सकेको छैन जुन चिन्ताको विषय हो । यी सम्पदाको ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्वलाई ध्यान दिएर संरक्षण गर्नु हाम्रो कर्तव्य पनि हो । यसका लागि सरोकारवाला निकायबीच समन्वयको खाँचो छ । कुनै पनि निर्माण कार्यमा स्थानीय तहको भूमिका रहने भएकाले सम्बन्धित नगरपालिकाले विशेष होशियारी अपनाउनैपर्छ । पुरातत्त्व विभाग, सम्बन्धित दरबार क्षेत्र संरक्षण अड्डा र प्रहरी प्रशासनले यसलाई बेवास्ता गर्न मिल्दैन । धन, सम्पत्ति र शक्तिको आडमा सार्वजनिक सम्पत्तिको अतिक्रमण गर्ने र मापदण्डविपरीत संरचना निर्माण गर्नेप्रति कडाइ गर्नुपर्छ । बढ्दो सहरीकरण र बदलिएको जीवनशैलीका कारण विकसित आवश्यकतालाई पनि ध्यान दिनुपर्छ । परम्परागत शैली र कलाकौशलको सम्बर्द्धनमा व्यक्तिले बहन गर्नुपर्ने अतिरिक्त खर्चबारे स्थानीय तहले ध्यान पुऱ्याउनुपर्छ । तर पनि स्थानीय जनताको सजगताविना हाम्रा सम्पदाको संरक्षण सम्भव छैन । भूकम्पबाट क्षति भएकामध्ये धेरै सम्पदाको पुनःनिर्माणमा ढिलाई भइरहेकाले यसलाई गति दिनु आवश्यक छ । जमिनमुनि पुरातात्त्विक अवशेष हुनसक्ने सम्भावना रहेकाले ती अवशेष लोप नहुन् भनेर मापदण्ड निर्धारण गरिएको हो । यसका लागि सम्पदा क्षेत्रको चार किल्ला तोकिएको छ र त्यसभित्र निर्माण कार्य गर्दा विशेष मापदण्डको पालना गर्नु जरुरी हुन्छ यसप्रति सरोकारवाला निकाय र स्थानीय बासिन्दाको पर्याप्त ध्यान पुग्न सकेको देखिँदैन । सम्पदा संरक्षणमा राज्य, प्रदेशीय सरकार एवं स्थानीय सरकारले यसमा विशेष चासो राख्न जरुरी छ ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# टोल-टोलमा शिशु स्याहार

• लीला श्रेष्ठ

भक्तपुर नगरपालिका-७ गोल्मढीकी रञ्जना तचामो दम्पती फर्निचरमा काम गर्छन् । उनकी २१ महिने छोरी घरनजिकै नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार तथा बाल विकास केन्द्र गोल्मढीमा भर्ना गरिएको छ । 'घरमा हेर्ने मान्छे छैन । छोरीलाई १६ महिनादेखि शिशु स्याहारमा राखेका छौं,' उनले भनिन्, 'नगरपालिकाले शिशु स्याहार खोलिदिँदा हामीले ढुक्कले काम गर्न पाएका छौं ।'

रञ्जनाको जस्तै गोल्मढीकै कृष्णा किसीको आफ्नै रेस्टुरेन्ट छ । २३ महिने छोरीलाई शिशु स्याहारमा राखेकी किसी दम्पती दिनभर रेस्टुरेन्टमै व्यस्त हुन्छन् । छोरीलाई बिहान साढे ९ बजे शिशु स्याहार पुऱ्याएपछि बेलुका ५ बजेसम्म ढुक्क हुने उनी बताउँछिन् । नहोस् पनि कसरी ? केन्द्रमा बालबालिकलाई पर्याप्त खेलौना राखिएका छन् ।

टीभी स्क्रिनबाट बालकेन्द्रित सामग्री देखाइन्छन् । स्याहार गर्ने २ जना सहयोगी र २ महिला शिक्षक हुन्छन् । 'घरमा बच्चा हेर्ने मान्छे राख्दा मासिक १२ देखि १३ हजार रूपैयाँ छुट्टै तलब दिनुपर्थ्यो, अहिले केन्द्रमा १ हजार रूपैयाँले खान र सरसफाइमा गरिदिन्छ,' उनले भनिन्, 'हामी त सन्तुष्ट छौं । ढुक्कले काम पनि गर्न पायौं ।' शिशु स्याहारमा गएदेखि छोरीले खेल्न, बोल्न, पढ्न र खानेकुरामा समेत चासो दिने गरेको उनले बताइन् ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार तथा बाल विकास केन्द्रबाट रञ्जना र कृष्णाले जस्तै २ सय ८५ दम्पती लाभान्वित भएका छन् । कार्यालय समयभित्र आमाबाट हेरचाह तथा रेखदेख पाउन नसक्ने अभिभावकका शिशु सहज वातावरणमा हुर्किन पाएका छन् । भक्तपुर नगरपालिका शिशु स्याहार तथा बाल विकास केन्द्र शाखा प्रमुख दीपेन्द्र प्रजापतीले नगरका बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा समेत सहयोग पुगोस् भनेर टोल-टोलमा यस्तो केन्द्र सञ्चालन गरिएको बताए । 'बच्चाकै कारण आमा कामबाट वञ्चित हुन नपरोस्, महिलाको श्रमशक्ति जोगियोस् भनेर केन्द्र सञ्चालन गरेका हौँ,' नगरप्रमुख सुनील प्रजापतीले भने, 'नगरपालिकाले शिशु स्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा प्रदानको प्रयास थालेको छ ।'

नगरप्रमुख प्रजापतीका अनुसार २०५४ को स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिले तत्कालीन १७ वटै वडामा १-१ वटा शिशु स्याहार केन्द्र स्थापनाको अवधारणा ल्याएको थिए । 'त्यसबेला नगरपालिकाले ६ वटा शिशु स्याहार तथा बाल विकास केन्द्र सञ्चालनमा ल्यायो तर, झन्डै दुई दशक जनप्रतिनिधि नहुँदा शिशु स्याहार व्यवस्थित थिएन,' उनले भने, 'हामी निर्वाचित भएपछि व्यवस्थित गर्न थाल्यौं ।' शिशु स्याहार केन्द्रलाई सुधार र थप व्यवस्थित गर्न यस वर्ष एक करोड बजेट छुट्याइएको उनले बताए ।

शिशु स्याहार केन्द्र नियमित र व्यवस्थित गर्न छुट्टै शाखासमेत खोलिएको छ । नगरको ६ वटा शिशु स्याहार तथा बाल विकास केन्द्रमा २ सय ८५ शिशु छन् । ४० जना शिशु क्षमताको ६ केन्द्रमा २४ कर्मचारी छन् । नगरपालिकाकै भवनमा शिशु स्याहार केन्द्रहरू सञ्चालित छन् । एउटा केन्द्रमा २ शिक्षिका र २ सहयोगीले खाना पकाउने, खुवाउने, सरसफाइ गर्छन् । केन्द्रमा राखिएका शिशुलाई समयमा खाना खुवाउने, सुताउने, उठाउने, सरसफाइ गर्ने, खेल्ने तथा संगीत सिकाउने गर्छन् । 'शिशुलाई श्रव्य-दृश्यमार्फत् अक्षर उच्चारण सिकाउने कामलाई प्राथमिकतामा राखेका छौं,' शिशु स्याहार तथा बाल विकास केन्द्र गोल्मढीकी शिक्षिका अनिता सुवालले

➲➲



eQmk/ gu/kflnsfn];~rfng u/]sf]lzz':ofxf/ s]Gb|df afnaflnsf. tl:a/ M nLnf÷sflGtk/

# व्यवसायजन्य रोगबारे ७५ प्रतिशत मजदुर बेखबर

## सोही सङ्ख्यामा दीर्घरोगी

ईँटा भट्टामा कार्यरत ७५ प्रतिशत मजदुरलाई कार्यस्थलमा रहेको धूलो धुवाँका कारण दीर्घ रोग लाग्नेबारे थाहा नभएको र सोही नै सङ्ख्यामा दीर्घरोगीहरू रहेको पाइएको छ ।

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) ले काठमाडौं उपत्यकाका ईँटा भट्टाहरूमा गरेको अध्ययन प्रतिवेदन अनुसार ११ प्रतिशत कामदारको तत्काल दम, खोकी र न्यूमोनिया भएको देखिएको छ ।

सो सम्वन्धमा कार्तिक ८ गते आयोजना गरेको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव सुजन जोजीजूले भने, 'नेपालमा व्यवसायजन्य दुर्घटनामा वर्षेनी २ सयभन्दा बढीको मृत्यु हुन्छ तर विभाग वा मन्त्रालयमा रिपोर्ट नै आउँदैन ।'

हरेक उद्योग प्रतिष्ठानले श्रम अडिट र व्यवसायजन्य स्वास्थ्यमा वर्षेनी अडिट गरेको खण्डमा मजदुरहरूको स्वास्थ्य र जीवन सुरक्षित हुने उनको कथन थियो ।

मजदुरहरूमा सचेतना नहुँदा व्यवसायजन्य सुरक्षा नभएको र रोजगारदाताले व्यवसायजन्य स्वास्थ्य र सुरक्षा कार्यान्वयन गर्न नसक्दा धेरै मजदुरहरू अङ्गभङ्ग भइरहेको उनले जानकारी दिए ।

उनले भने,'उद्योग प्रतिष्ठानमा दुर्घटना भई मजदुर अशक्त भएमा वा व्यवसायजन्य रोग लागेमा उनले खाइपाइ आएको ६० प्रतिशत बराबरको मासिक पेन्सन दिनु पर्ने प्रावधान छ । यसैले यो अवस्था आउनै नदिनका लागि उद्योग प्रतिष्ठान व्यवसायजन्य स्वास्थ्यको दृष्टिकोणले सुरक्षित हुनुपर्छ । '

अध्ययनकर्ता पूर्णभक्त दुवालले ईँटाभट्टामा मजदुरहरूको स्वास्थस्थिति भयावह रहेको र मजदुरहरूले घाम र चिसोबाट बच्नका लागि आश्रयस्थल नै नभएको बताए ।

उनले भने, '६९.५ प्रतिशत मजदुरले कामकै कारण स्वास्थ्य बिग्रिएमा उपचार खर्च आफैले व्यहोर्दै आएको र दुर्घटना भएको अवस्थामा पनि रोजगारदाताले केही अंशमात्र व्यहोर्दै आएका छन् ।'

अध्ययनमा सहभागी ३२.५ प्रतिशत उद्यमीलाई व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका बारेमा जानकारी नै नभएको र ७.५ प्रतिशतले यससम्बन्धमा सुन्दै नसुनेको पाएको उनले

---

➲➲ भनिन् । शिशुलाई नेपाली, अङ्ग्रेजी र स्थानीय भाषामा उच्चारण सिकाउने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले शिशुको सर्वाङ्गिण विकासको लागि खानाको परिकारलाई समेत ध्यान दिएको नगरपालिकाले जनाएको छ । '६ वटै केन्द्रका शिशुले दैनिक २ पल्ट एकै किसिमको खाना खान्छन्,' शिशु स्याहार तथा बाल विकास केन्द्र शाखा प्रमुख प्रजापतीले भने । ६ वटै शिशु स्याहार केन्द्रमा दिइने खानाको परिकार पनि एउटै छ । आइतबार अण्डा, दूध, जाउलो; सोमबार दूध, पाउरोटी, जाउलो खुवाइन्छ । मंगलबार दूध, बिस्कुट, जाउलो; बुधबार फलफूल, दूध, जाउलो; बिहीबार दूध, पाउरोटी, जाउलो र शुक्रबार खीर खुवाउने व्यवस्था रहेको केन्द्रले जनाएको छ । शिशु केन्द्रमा कार्यरत कर्मचारीलाई सरकारले तोकेको सुविधा दिएको केन्द्रका प्रमुख प्रजापतीले बताए ।

शिशु स्याहार केन्द्रलाई नगरको १० वटै वडामा विस्तार गर्ने लक्ष्य लिएको नगरपालिकाले जनाएको छ । हाल भक्तपुर-१ भार्वाचो, वडा नम्बर ४ मंगलतीर्थ, वडा नम्बर ७ गोल्मढी र इनाचो (खंचा), वडा नम्बर ६ भोलाछें र वडा नम्बर ८ लिवालीमा शिशु केन्द्र सञ्चालित छन् । नगरपालिकाको पूर्ण निगरानीमा सञ्चालन गर्ने गरी भार्वाचो, जेलाँ, कमलविनायक, खौमालगायतमा केन्द्र स्थापना गर्न अध्ययन तथा छलफल भइरहेको शाखा प्रमुख प्रजापतीले बताए । 'निजी लगानीमा सञ्चालन भएको शिशु स्याहार केन्द्रसँग हामी प्रतिस्पर्धा गर्न योग्य भएपछि थप वडामा पनि केन्द्र बिस्तार गर्छौं,' मेयर प्रजापतीले भने, 'अहिले निजीले १० हजार पनि लिने गरेका छन्, हामीचाहिँ एक हजार लिएर नगरवासीका छोराछोरीको स्याहार गर्ने व्यवस्था गरेका छौं ।'

केन्द्रसँगै बाल कक्षा (यूकेजी र एसकेजी) को माग अभिभावकहरूको रहेको नगरपालिकाले जनाएको छ । 'घरनजिकै शिशुको राम्रो रेखदेख देखेपछि अभिभावकको अपेक्षा बढेको छ,' शिशु केन्द्र शाखा प्रमुख प्रजापतीले भने, 'कक्षाको क्षमता बढाउने अनुरोध अभिभावकको छ ।'

नगरपालिकाले शिशु केन्द्रलाई थप व्यवस्थित बनाउन निर्देशिकाको खाकासमेत तयार गरेको छ ।

*(कान्तिपुर, कार्तिक २, २०७६ बाट)*

बताए । मजदुरहरूको वासस्थान ४ फिटभन्दा अग्लो नभएको र भुइँको चिसोमा सुत्न बाध्य भएको पनि उनले अध्ययनको क्रममा पाएको बताए । शौचालय अव्यवस्थित र खानेपानी पनि स्वस्थकर नभएको पाइएको अध्ययनकर्ता दुवालले जानकारी दिए ।



कार्यक्रममा नेपाल इँटा उद्योग व्यवसायी महासंघका महासचिव केपी अवालले इँटाभट्टामा मजदुरहरू मौसमी हुने र वर्षेनी कामदार फेरिने गरेकाले श्रम ऐन अनुसार मजदुरहरूलाई बुझाउन गाह्रो भइरहेको बताए । उनले भने,'सरकारको नीति नियम एकातिर छ र वस्तुस्थिति अर्कै हुँदा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा कार्यान्वयन गर्न समस्या भइरहेको छ ।'

इँटा भट्टाबाट हुने प्रदूषण अत्यन्तै कम भइसकेको र सरकारी मापदण्डअनुरूप काम भइरहेको बताउँदै उनले ५ ओटा प्रदेशमा इँटा प्रयोगशाला स्थापना गर्ने तयारी भइरहेको बताए । व्यवसायजन्य स्वास्थ्य र सुरक्षामा इँटा उद्योग महासंघ एकदमै संवेदनशील रहेको र यसमा सबैपक्षको उत्तिकै सहयोग आवश्यक रहेको उनको टिप्पणी थियो ।

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रका कार्यकारी निर्देशक शान्तलाल मुल्मीले जनताको स्वास्थ्य अधिकारका लागि रेस्फेकले काम गर्दै आएको र मजदुरहरूको स्वास्थ्य राम्रो भएमा मात्र उत्पादन बढ्ने बताए । उनले भने, 'व्यवसायी, मजदुर र सरकारसँग मिलेर इँटा भट्टामा देखिएको समस्यालाई समाधान गर्न त्रिपक्षीय छलफल निरन्तर गरी कार्यक्रम अगाडि बढाइनेछ र नीति तथा कानुन कार्यान्वयनमा रहेका व्यवहारिक कठिनाइ पहिल्याई भावी कार्यक्रम तय गरिनेछ । उनले अध्ययन प्रतिवेदनका आधारमा इँटा भट्टामा सचेतनामुलक तालिम चलाइने पनि जानकारी उनले दिए ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का उपाध्यक्ष विदुर कार्कीले कुनै पनि पेशा वा व्यवसायको प्रकृति अनुसार कार्यथलोमा काम गर्दा श्रमिकहरूको स्वास्थ्यमा पर्ने शारिरिक, मानसिक वा जोखिमयुक्त असुरक्षित वातावरणलाई घटाउँदै स्वस्थ र सुरक्षित वातावरण स्थापित गर्न विकसित भएको अवधारणालाई नै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य भनिने जानकारी दिए। उनका अनुसार व्यवसायजन्य स्वास्थ्य र सुरक्षामा ध्यान दिए औद्योगिक दुर्घटना ९० प्रतिशत रोक्न सकिन्छ ।

नेपाल ट्रेड युनियन कंग्रेसका महासचिव योगेन्द्र कुँवरले कुनै पेशा/व्यवसायमा संलग्न भएकै कारण काम वा पेशाको प्रकृतिअनुसारको लाग्ने अल्पकालीन तथा दीर्घकालीन विभिन्न रोगहरू व्यवसायजन्य रोग भएको जानकारी दिए। यस्तो किसिमको रोग बैंकमा काम गर्ने कर्मचारीदेखि उद्योगमा काम गर्ने मजदुरसम्मलाई लाग्ने जानकारी उनले दिए।

जनस्वास्थ्य अभियन्ता प्राडा शरदराज वन्तले व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका सम्बन्धमा नेपालमा खासै अध्ययन नभएको र रेस्फेकले गरेको अध्ययन नीति निर्मातादेखि मजदुरसम्मका लागि उत्तिकै महत्त्वपूर्ण रहेको बताए ।

xflb${ ;dj]bgf



**स्व. महेश्वरी प्रजापति**

**जन्म : १९८२ वैशाख २३ | निधन : २०७६ कार्तिक २**

यस नगरपालिका वडा नं ४ का नगरसभा सदस्य पशुपति प्रजापतिकी ममतामयी आमा **महेश्वरी प्रजापति**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# भक्तपुर अस्पताल रिफर सेन्टर बन्दै

भक्तपुर नगरपालिका वडा नं. १ स्थित प्रदेशस्तरीय भक्तपुर अस्पताल फेरि पनि रिफर सेन्टर बन्दैछ । अस्पताललाई प्रदेश सरकार अन्तर्गत राखिएपछि सत्ताधारी नेकपाका कार्यकर्तालाई अस्पताल व्यवस्थापन समितिको अध्यक्षमा राजनैतिक नियुक्ति त गरियो, तर अस्पताल आफै थलापर्दा अध्यक्ष मुकदर्शकमात्र बनिरहे । केही महिना अघिसम्म अस्पतालमा दरबन्दीअनुसार ७० प्रतिशत जनशक्ति पूर्ति भएको थियो र अस्पतालको सेवाप्रति स्थानीय जनतामा विश्वास बढ्न थालेको थियो । तर चिकित्सकहरूको समायोजनको नाममा हाल दरबन्दी खालीजस्तै बनेको छ ।

अस्पतालमा कन्सल्ट्यान्ट डाक्टरको दरबन्दी १० रहेकोमा हाल एकजना पनि नरहेको अस्पताल स्रोतले बताएको छ । अस्पतालमा छाला रोगको १ जना, स्त्री रोगको २ जना, बाल रोगको १ जना, नाक,कान, घाँटीको १ जना, प्याथोलोजिस्ट १ जना, रेडियोलोजिस्ट १ जना र एनेस्थेसिया विशेषज्ञ १ जनाको दरबन्दी छ । त्यस्तै एमजीडीपी १ जना र फिजिसियन २ जनाको दरबन्दी छ । तर सबै विशेषज्ञ डाक्टरहरू सङ्घीय समायोजन भई काठमाण्डौका विभिन्न अस्पतालमा सरुवा भए ।

ल्याव टेक्नोलोजिस्ट एकजना रहेकोमा उनी पनि निकट भविष्यमा सङ्घीय समायोजनमा जाने तयारीमा रहेको स्रोतले बताएको छ ।

मेडिकल अफिसरको दरबन्दी ८ जना रहेकोमध्ये ५ जना समायोजन भई जाने अन्तिम तयारीमा रहेको र १९ जना स्टाफ नर्सको दरबन्दीमध्ये १० जना विभिन्न अस्पतालमा सरुवा हुने खबर आइसकेको समेत स्रोतले जानकारी दिएको छ ।

'अब अस्पताल चिकित्सक शून्य हुने खतरा बढेको छ', अस्पतालका एक कर्मचारीले बताए, 'भर्खरै २ जना डाक्टरहरू सरुवाभई अस्पताल आउनुभएको छ, अब उहाँहरूको भरमा चलाउनुपर्ने बाध्यता आउने भयो ।'

अस्पतालको सबैभन्दा संवेदनशील आकस्मिक सेवासमेत नराम्रोसँग थलिने सम्भावना रहेको बताइएको छ । आकस्मिक सेवामा कार्यरत डाक्टर, नर्स र अहेवहरू समेत समायोजनमा जाने तयारीमा रहेका छन् ।

बिरामीहरूको आशाको केन्द्रको रूपमा रहेको अस्पतालमा प्रदेश सरकार र शासक दलले यति गैरजिम्मेवारीपूर्ण कार्य गर्नु स्वास्थ्य क्षेत्रमा अपराध भएको स्थानीयहरूबीच चर्चा छ । वैकल्पिक व्यवस्था नगरी जथाभावीचि कित्सकहरूलाई अन्यत्र सरुवा गर्दा आइपर्ने सम्भावित नकारात्मक असरको विषयमा शासक दलहरू जिम्मेवार नहुनु दुर्भाग्यहो । अस्पताल कुनै दलको राजनैतिक भर्ती केन्द्र बन्नु हुँदैन । जनअभिमत यही नै छ ।

जतिखेर भक्तपुरका जनता लामखुट्टेका कारण डेंगु रोगबाट प्रभावित थिए र ज्वरोमात्र आउँदा पनि डेंगुको आशंकामा अस्पतालमा परीक्षण गर्न आएका थिए, त्यतिखेर भक्तपुर अस्पताल आफै मेडिकल सुपरिटेन्डेन्ट् (मेसु) विहिन थियो । वास्तवमा अस्पताल आफै बिरामी थियो । रोगीहरू छटपटिएर वरपरका निजी अस्पतालमा जान बाध्य थिए । भक्तपुर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रले केही हदसम्म बिरामीको चाप थेगेको स्वयं अस्पतालको आकस्मिक सेवाका चिकित्सक बताउँछन् । संकटको बेला साथ नदिएकोमा भक्तपुर अस्पतालप्रति बिरामीहरू रुष्ट बनेका थिए ।

तत्कालीन मेसु डा. सुधा देवकोटा सरुवा भएपछि स्थानीय डा. रविभूषण सुवाललाई मेसु बनाइएको थियो । स्थानीय व्यक्ति आफै मेसु बनेपछि अस्पतालको सुधार हुने अपेक्षा गरिएको थियो, तर उनी मेसु बनेको ३ हप्ता नबित्दै समायोजन भई वीर अस्पताल गए । अस्पतालको सुधारको पक्षमा प्रदेश सरकार नरहेको हो वा डा. सुवाल आफै अस्पतालमा बस्न नचाहेको हो ? स्थानीयले बुझ्न सकिरहेका छैनन् ।

अस्पतालका मेट्रोनले सामाजिक संजालमा सार्वजनिक रूपमा आफ्नो असन्तुष्टि पोखिन्, *'अस्पतालले जनताको विश्वास जित्न नसकेको अवस्थामा राजनैतिक आस्थाकै कारण कनिष्ठलाई बढुवा गरी वरिष्ठप्रति अन्याय गर्दै रह्यो, मेसु बनेका डाक्टरसा'व पनि ३ हप्ता नबित्दै वीर अस्पताल सरुवा हुनुभयो ।'*

५० शय्यामाथिका ८ वटा जिल्ला अस्पतालहरू अहिले प्रदेश नं. ३ सरकारको मातहतमा राखिएका छन् । भक्तपुर



अस्पतालमात्र नभई प्रदेश अन्तर्गतका अन्य अस्पतालहरूको हालत पनि यस्तै रहेको एक स्रोतले जानकारी दिएको छ । सरकारले अस्पताल संचालन कार्यविधिसमेत हालसम्म तयार नगरेबाट प्रदेश सरकार स्वास्थ्य क्षेत्रमा कति जिम्मेवार छ भन्ने प्रस्त भएको जानकारहरू बताउँछन् । भक्तपुर अस्पतालमा लामो समयदेखि वार्षिक बजेटसमेत पास गरेको देखिँदैन । आफू अन्तर्गत संचालित अस्पतालहरूमा बेथिति व्याप्तहुँदा समेत ध्यान दिन नसकेको प्रदेश सरकारका मुख्यमन्त्रीले एक सार्वजनिक कार्यक्रममा भक्तपुर क्यान्सर अस्पताल प्रदेश सरकारले हेर्ने अभिव्यक्ति दिनु हाँस्यास्पद भएको स्वास्थ्य क्षेत्रका विज्ञहरूको भनाइ छ ।

भक्तपुर अस्पताल देशकै दोस्रो जेठो अस्पताल हो । स्थापनाको ११४ वर्ष नाघिसक्दा पनि अस्पतालको स्तरोन्नती नहुनु, अस्पतालमा बिरामीको विश्वास बढ्नुको साटो घट्दै जानुको पछाडि सत्तासीन दलहरूको बेवास्ता र भागबन्डाको केन्द्र बन्नु नै भएकोमा कसैको दुइमत नहोला । स्वास्थ्य मन्त्री जुन दलको हुन्छ, त्यही दलका आसेपासेलाई व्यवस्थापन समिति अध्यक्ष बनाउने र अनि 'आफ्ना मान्छे'लाई प्रकृयाविना भर्ना गरेर अस्पतालको सम्पत्तिमाथि ब्रम्हलुट गर्ने बाहेक अस्पतालमा सेवा सुविधा थप्ने र बिरामीको राम्रो उपचार दिने विषयमा अहिलेसम्म कसैले पनि ध्यान दिएको देखिएन ।


विगतमा अस्पतालको सुधारकालागि स्थानीय तवरबाट केही पहल नभएको होइन । तर भक्तपुरको राजनैतिक नेतृत्व, अझ स्पष्ट भाषामा नेपाल मजदुर किसान पार्टीलाई अस्पताल व्यवस्थापनको जिम्मेवारी दिएमा अस्पतालको स्तरोन्नती होला, जनतामा नेमकिपाप्रति आस्था बढ्ला र आफ्नो पार्टीको राजनैतिक भविष्य समाप्त होला भन्ने कलुषित भावनासहित शासक दलका स्थानीय नेता कार्यकताहरूबाट मन्त्रालयमा दबाब गएको अग्रज स्थानीयवासी बताउँछन् । त्यहीकारण अस्पताल उँभो नलागेको उनीहरूको भनाइ छ ।

अस्पताल भ्रष्टाचारको केन्द्र बनेकोमा कार्यरत चिकित्सकहरू समेत चिन्ता व्यक्त गरिरहेका छन् । अस्पतालको वार्षिक आय व्यय कति छ ? अस्पतालका आवश्यक सामग्री तथा औषधी खरिद प्रकृया कसरी चल्छ ? स्वयं कार्यरत कर्मचारीहरूलाई थाहा छैन । 'व्यवस्थापन समितिका तत्कालीन अध्यक्षहरूले आफ्ना मान्छेहरूलाई अस्पतालमा भर्ना गरे, तर नियुक्ति पत्र पनि दिइएको छैन, वार्षिक नवीकरण पनि गरिएको छैन, तलव सुविधा भने सरकारी कर्मचारीसरह प्रदान गरिएको छ ।'

अस्पतालमा जाँच्न आएका बिरामीहरूबाट उठाइएको शुल्कमा चिकित्सक, नर्स, प्रयोगशालाका कर्मचारीमात्र नभई प्रशासक, लेखापाल, स्टोर किपर र पियनसम्मले भागवन्डा गरेको गुनासो छ । हुँदाहुँदा ५ हजार लिटर क्षमताको ट्यांकीमा पानी भरे, नभरेको हेर्नका लागि राखिएको कर्मचारीले समेत नियमित तलबबाहेक भत्ता खान्छन् भन्ने कुराले सबैलाई आश्यर्चचकित बनाएको छ । जनताको पैसा ब्रम्हलुट गर्ने अधिकार कसैसँग छैन, तर व्यवस्थापन समिति किन मौन ? प्रश्न उठ्नु स्वभाविक छ ।

केही दिनअघिबाट आठौं तहको एमबीबीएस डाक्टरलाई अस्पतालको निमित्त मेसु बनाइएको खबर छ । उनी सुदूर पश्चिमको एउटा सरकारी अस्पतालमा जिम्मेवारी सम्हालेर आएका हुन् भन्ने जानकारीमा आएको छ । भक्तपुर अस्पताललाई अहिलेको अवस्थाबाट माथि ल्याउन उनलाई निश्चय पनि गाऱ्हो हुनेछ । त्यसमाथि उनीभन्दा सिनियर कर्मचारीहरूले उनीप्रति कस्तो व्यवहार गर्लान् ? उनलाई अस्पताल व्यवस्थापन समितिले सकारात्मक सहयोग गर्ला कि नगर्ला ? हेर्न बाँकी नै छ । अस्पतालको प्रशासनिक, प्राविधिक र चिकित्सकीय सुधारमा धेरै चुनौतिहरू उनी साम् छन् । अस्पतालमा कार्यरत चिकित्सक, नर्स, कर्मचारी, व्यवस्थापन समिति अनि स्थानीयतहसँग समन्वय गरेर सामूहिक नेतृत्वमा अघि बढ्न सके नयाँ मेसुलाई अस्पताललाई प्रगतिउन्मुख गर्ने अवसर पनि रहेको बताइन्छ ।


xflb{s ;dj]bgf



**स्व. ओमप्रकाश भुजु**

**जन्म : २०१३ चैत्र २४ | निधन : २०७६ कार्तिक १३**

यस भक्तपुर नगरपालिकाको साविक वडा नं. १६ का पूर्व वडाध्यक्ष **ओमप्रकाश भुजु**को दुःखद निधनमा मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# भक्तपुर क्यान्सर अस्पताल सुधारोन्मुख

• रसिक

विगत डेढ महिनादेखि भक्तपुर क्यान्सर अस्पतालको विषयमा सकारात्मक र नकारात्मक समाचारहरू विभिन्न अनलाइन तथा छापा सञ्चारमाध्यमहरूमा आइरहेका छन्। अस्पतालका तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरूबाट भएको भ्रष्टाचार, अस्पतालका चिकित्सक एवं कर्मचारीहरूमा विभेदपूर्ण कृयाकलाप गरेको, सफाइ मजदुरहरूमाथि शोषण गरेको जस्ता विषय संचारमाध्यममा प्रकाशित भएपछि स्थानीय जनता, स्वयं अस्पतालका डाक्टर र कर्मचारीहरूबाट भक्तपुर नगरपालिकालाई अभिभावकीय भूमिका निर्वाह गर्न लिखित माग भएको भन्ने आधारमा नगरपालिकाले गत साउन ३० गते विद्यमान व्यवस्थापन समिति भंग गरी नगर प्रमुखको अध्यक्षतामा नयाँ कार्य समिति गठन भएको भन्ने समाचार आएपछि क्यान्सर अस्पतालको विषयमा सबैको ध्यान गएको हो भन्ने लाग्छ। यतिसम्म कि पूर्व स्वास्थ्य मन्त्री एवं कांग्रेसी नेता तथा पूर्व उद्योग मन्त्री एवं नेकपाका नेताले संसदमै चर्को स्वरमा भक्तपुर नगरपालिकाविरुद्ध आवाज उठाए। अहिले सर्वोच्च अदालतमा यससम्बन्धी मुद्दा विचाराधीन छ।

एक जिम्मेवार पत्रकारको नाताले ठोस प्रमाण र आधारविना कसैको भनाइको पछाडि लागेर समाचार वा लेख लेख्न आफ्नो नैतिकताले दिएन। त्यसैले अस्पतालको अहिलेको अवस्थाको विषयमा आफ्नै आँखाले नहेरेसम्म केही नलेख्ने विचारमा थिएँ। संयोग अस्पतालका कर्मचारी र डाक्टरहरूबीच असोज १७ गते शुभकामना आदानप्रदान कार्यक्रमको समयमा अस्पताल छिर्ने मौका पाएँ। त्यहाँ मैले जे देखेँ र अनुभव गरेँ, त्यही लेख्दैछु।

भक्तपुर नगरपालिकाका प्रमुखको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको विरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको र अदालतले नयाँ कार्य समितिलाई कुनै पनि कार्य नगर्न अन्तरिम आदेश दिएको छ। तर पुरानो व्यवस्थापन समितिका कोही पनि पदाधिकारी अस्पताल छिर्न सकेको छैन। शायद अस्पतालभित्र पस्ने नैतिक बल नै पो भएन कि ? अथवा अस्पतालका डाक्टर र कर्मचारीहरूसँग शीर ठाडो पारेर उभिने आँट पो भएन कि ? नभए अदालतले बाटो खोल्दा पनि किन उनीहरू अस्पताल छिर्न सकेनन् ?

अस्पतालका विभिन्न विभागका डाक्टर, नर्स र कर्मचारीहरूसँग अनौपचारिक कुराकानी गरियो। त्यस क्रममा मैले कसै सामू आफ्नो परिचय दिइनँ, यथार्थ कुरा नआउला कि भनेर सचेत थिएँ। सबै डाक्टर, नर्स र कर्मचारीहरूमा गजबको एकता देखेँ। सबैजना पुरानो व्यवस्थापन समितिका पदाधिकारीहरूबाट असन्तुष्ट र रुष्ट देखिए। साथै नगरपालिकाले अभिभावकत्व ग्रहण गरेकोमा सबैजना खुशी देखिन्थे। 'आखिर नगरपालिकाले अस्पतालको लागि जग्गा र अनुदान दिएको छ भने अस्पतालमा संकट आउँदा नगरपालिकालाई गुहारेर हामीले के अपराध गऱ्यौं ? नगरपालिका स्थानीय सरकार हो, आफ्नो क्षेत्राधिकारभित्रको अव्यवस्थाप्रति उसले जिम्मेवारी लिनैपर्छ।' मैले भेटेका कर्मचारी र चिकित्सकहरूको भनाइ जस्ताको तस्तै राखेँ।




भक्तपुर क्यान्सर अस्पतालको जिम्मा भक्तपुर नगरपालिकाले लिएपछि हजारौं बिरामीहरू अलपत्र परे भन्ने समाचार आयो। त्यस विषयमा यथार्थ बुझ्नु थियो। त्यसैले अस्पतालमा नयाँ व्यवस्थापन समिति आउनु एक महिना अगाडि र नयाँ व्यवस्थापन समिति आइसकेपछि एक महिनाको तथ्याङ्क खोजी गरेँ। अस्पतालबाट प्राप्त तथ्याङ्क यस्तो छ :

| विवरण | साउनमहिनाको तथ्यांक (नयाँव्यवस्थापन समितिआउनु अघि) | भाद्र महिनाको तथ्यांक (नयाँव्यवस्थापन समिति आएपछि) | फरक (वृद्धि वा घटी) |
|---|---|---|---|
| बहिरंग सेवाप्राप्तगर्ने नयाँबिरामी संख्या | १८६१ जना | १८७५ जना | १४ जना बढी |
| फलो अपमाआउने पुरानाबिरामी परिक्षण संख्या | ५६७६ जना | ५८३३ जना | १५७जना बढी |
| रेडियोथेरापी सेवाप्राप्तगर्ने विरामी संख्या | १२० जना | १५२ जना | ३२ जना बढी |
| विरामीभर्ना संख्या | ८०१ जना | ८१२ जना | ११ जना बढी |
| आकस्मिक सेवाप्राप्तगर्ने विरामी संख्या | २५१ जना | २६६ जना | १५ जना बढी |
| जम्मा सेवाग्राहीविरामी | ८७०९ जना | ८९३८ जना | २२९ जना बढी |

त्यस्तै क्यान्सर अस्पतालले गरेको मासिक आम्दानीको तथ्याङ्क यस्तो देखियो :

| महिना | आम्दानी रकम | फरक |
|---|---|---|
| साउनमहिनाको आम्दानी | रु.१,८९,२२,५७५। | रु.९,३९,०१८। ले वृद्धि |
| भाद्र महिनाको आम्दानी | रु.१,९८,६१,५९३। | |
| असोज १५ गतेसम्मको आम्दानी | रु.९२,५६,५६९। | |

अस्पतालमा बिरामीले सेवाप्राप्त गरेको सङ्ख्या र अस्पतालको आम्दानी रकमको तुलनागर्दा मात्रपनि यो कुरा प्रष्ट हुन्छ कि भक्तपुर नगरपालिका अन्तर्गत भक्तपुर क्यान्सर अस्पताल संचालन भएपछि बढी बिरामीले सेवाप्राप्त गरेका छन्। तथ्याङ्क नै सामु भएपछि थप व्याख्या गर्न आवश्यक परेन। निश्चय पनि भक्तपुर नगरपालिकाको अभिभावकत्वलाई सहर्ष स्वीकार गरेर अस्पतालका डाक्टर तथा कर्मचारीहरूले उत्साहपूर्वक बिरामीको सेवा गरेको तथ्याङ्कको लुकेको पाटो हो भन्ने लाग्छ।

यो अवधिमा विभिन्न अनलाइन तथा छापा संचारमाध्यमहरूमा प्रकाशित समाचारहरू विश्लेषण गर्दा पनि नगरपालिकाअन्तर्गत क्यान्सर अस्पताल संचालन भएपछि स्थानीय जनता, सेवाग्राही बिरामीहरू र अस्पताल परिवार खुशी रहेको देखिन्छ। पुरानो व्यवस्थापन समितिबाट प्रायोजित एक दुईवटा समाचारले केही नाप्दैन भन्ने स्पष्ट छ।

क्यान्सर अस्पतालको विषयमा सबैभन्दा चर्कोसँग उठेको विषय भनेको अस्पतालका सफाइ कर्मचारीहरूको श्रम शोषण नै हो। अस्पतालले मासिक रूपमा प्रति कर्मचारी रु.२६,५००।- को दरले भरोसा सर्भिसेज प्रालिलाई भुक्तानी गरिएको र भरोसाले कर्मचारीलाई प्रतिव्यक्ति मासिक रु.१३,५००।- मात्र दिइएको प्रमाण भेटिएको समाचार छ। यो त सरासर भ्रष्टाचार नै हो भन्ने एकातर्फ आवाज उठ्दैछ। म यतातिर लागिनँ।

भरोसा सर्भिसेज प्रालिको वेभसाइट खोल्दाभने म अचम्मित भएँ। क्यान्सर अस्पतालको पुरानो व्यवस्थापन समितिका एक जिम्मेवार पदाधिकारी विमल होडा भरोसा सर्भिसेज प्रालिका विजनेस डाइरेक्टर रहेछन्। अस्पतालको जिम्मेवारी पदाधिकारीले आफू प्रत्यक्ष रूपमा संलग्न रहेको संस्थामार्फत कर्मचारी नियुक्तिको ठेक्का पाउनु र त्यसबाट आर्थिक लाभ लिनु के न्यायोचित छ र ? यो भ्रष्टाचार होइन र ? अस्पतालमा सफाइ मजदुर नियुक्ति गर्ने ठेक्का भरोसाले कसरी पाए ?

क्यान्सर अस्पतालमा उपचार गर्ने बिरामीहरूले डाक्टरको सल्लाहमा अस्पताल परिसरभित्र सीटी स्क्यान गर्दा, एक्सरे र भिडियो एक्सरे लिंदा वा औषधी खरिद गर्दा निजी कम्पनीहरूको बिल प्राप्त गर्छन् भन्ने केही प्रमाणहरू संकलन भएका छन्। यसो गर्न पाइने कि नपाइने भन्ने प्रश्न त छँदैछ। पाइने नै हो भने अस्पतालसँग ती निजी कम्पनीहरूले निश्चित प्रकृया त अवलम्बन गर्नै पर्छ होला नि। भोलि विधि र प्रकृयामा चुकेकै कारण अख्तियारमा तानिने विषयवस्तु त रहला नै। म यसमा पनि जान चाहिनँ।

अस्पतालको ल्याव सेवासम्बन्धी अपारदर्शी ढंगबाट सेरोल्याव प्रालिसँग तत्कालीन व्यवस्थापन समितिले सम्झौता गरी भ्रष्टाचार गरेको चर्चा चलिरहेको बेला त्यही विवादित सेरोल्यावको आर्थिक प्रायोजनमा नेपाल अर्वुद रोग निवारण संस्था (एन सि आर एस) को केन्द्रीय अधिवेशन काठमाण्डौ दरबार मार्गको एक होटेलमा हालै सम्पन्न भएको समाचारले एकछिन सोच्न बाध्य बनायो। अदालतमा मुद्दा चलिरहेको अवस्थामा विवादित कम्पनीको प्रायोजनमा कार्यक्रम गर्नुको रहस्य के हो ? यस विषयमा अस्पतालका वरिष्ठ चिकित्सक एवं एन सि आर एसका पूर्व पदाधिकारीहरूबाट सामाजिक संजालमा असन्तोष व्यक्त गरेको देखियो। त्यस्तै उक्त अधिवेशन अधिकांश एन सि आर एस जिल्ला समितिहरूले बहिष्कार गरेको समाचार पनि आयो। यसबाट 'दालमेँ कुछ काला हैं' भनी ➲➲

# पाँचतले मन्दिरका अनौठा कुरा



डा.पुरुषोत्तमलोचन श्रेष्ठ

समय परिस्थितिले कोल्टे फेर्दा भ्यागुतोले पनि हात्ती निल्न भ्याउँछ, एक्लो सिंहलाई पनि स्यालहरूको समूहले सजिलै सिध्याउँछन् र लामखुट्टेले पनि हात्तीका चारवटै खुट्टा च्याप्प समाएर हल्लाई हल्लाई खान्छु भन्छन्। (श्रेष्ठ, 'भैरवचोकका कलाकृति', भक्तपुर : १/१७/२०५५) यी कुरा पत्याउनुहुन्न भने भक्तपुर राजदरबारको भैरवचोकमा जानुहोस्।

त्यहाँ भित्र पस्नेबित्तिकै देखिने पश्चिमाभिमुख तीनमुखे कलात्मक काष्ठ–झ्यालमुनिका भागमा माथि वर्णित कुरा त 'लाइभ' नै देख्न पाउनुहुन्छ।

अझै पनि विश्वास लाग्दैन भने भक्तपुर सहरका बाजेबज्यै, काका काकीहरूलाई यसबारेमा सोध्नुहोस, उहाँहरूले त मल्लकालदेखि लोकजीवनमा जीवन्त रहिआएको यस विषयको थप पूरै गीतसमेत सुनाउन पुग्छ। गम्भीर भएर यस विषयमा अलिकता गहिरिएर विचार गरेपछि तपाईंको अन्तःस्करणबाट अनायास उठ्ने उत्तरले नै तपाईंलाई माथिका कुरा 'सत्य रहेछ' भनी पत्याउन बाध्य पार्छ। बलभन्दा बुद्धि ठूलो हो। बुद्धिले बल हुन्छ। बुद्धिले 'कमान्ड' गरेको एकीकृत बलले समूहको अद्भुत बल पैदा गर्छ र त्यस्तो बलले सिर्जना हुने कृति पनि उस्तै अतुल्य र अद्भुत हुन्छ। पत्याउनुहुन्न भने छ महिनाको छोटो समयावधिमा निर्माण सम्पन्न भएको पाँचतले मन्दिरलाई नै हेर्नुहो।

नेपालमण्डलका तीनवटै सहरमा पाँचतले मन्दिरहरू छ। तैपनि 'पाँचतले मन्दिर' को स्मरण मात्रले पनि हाम्रो आँखासामुन्ने भक्तपुरकै विश्वप्रसिद्ध पाँचतले मन्दिर झल्झली नाच्न आइहाल्छ। सो मन्दिर तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्ल (नेसं ८१६–८४२) ले बनाउन लगाएका हुन। जति हेरे पनि हेरिरहूँजस्तो लाग्ने यो विशाल मन्दिर जति सुन्दर छ, उस्तै भव्य छ। नेपालको यो एकमात्र सबैभन्दा अग्लो (१०८ फिटर ३३.२३ मिटर अग्लो) बहुछाने शैली मन्दिर हो। वास्तुतन्त्र विधिअनुरूप बनेको यस मन्दिरको गर्भस्थानमा वेताल+भैरवि+रुद्रासन गरेकी सिद्धिलक्ष्मीदेवीको मूर्ति (माथि एक मुख+त्यसमुनि तीन मुख+त्यसमुनि पाँच मुख गरी ९ मुख र १६ हात भएकी) प्रतिस्थापित गरिएको छ। मन्दिरको भव्यता विचार गर्दा 'भूपतीन्द्र मल्लले धेरै वर्ष लगाएर बनाउन लगाएका होलान्' भन्ने लाग्छ सक्छ।

---

➲➲ शंकागर्न सकिने ठाउँ पक्का रह्यो।

भक्तपुर क्यान्सर अस्पतालका तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरू (एन सि आर एसका केन्द्रीय पदाधिकारीहरू पनि तीनै हुन्) ले भक्तपुर क्यान्सर अस्पतालमा गरेका गलत कृयाकलापहरूको विषयमा छानबिन हुँदा यी कोणहरूबाट केलाएमा सत्यको नजिक पुग्न सकिन्छ कि भन्ने आशयमात्र हो।

निश्चयपनि अस्पतालमा देशैभरिका र अझ विदेशबाट समेत बिरामीहरूले सहज रूपमा उत्कृष्ट उपचार पाउने अधिकार राख्छ। अस्पताल जस्तो संवेदनशील क्षेत्र कुनै राजनैतिक स्वार्थ वा गैरसरकारी संस्था र व्यक्तिको स्वार्थ पूरा गर्ने कृडास्थल बन्नु हुँदैन भन्ने कुरामा सबैजना सचेत हुनैपर्छ। नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य क्षेत्राधिकारभित्रको अस्पतालको बेथितिबारे भक्तपुर नगरपालिका मौन रहन सक्दैन भन्ने कुरा पनि उत्तिकै सत्य हो। स्थानीय सरकारको दायित्व निर्वाह गर्ने क्रममा भक्तपुर नगरपालिकाले गरेको काम ठीक या बेठीक भन्ने छुट्याउने अधिकार अदालतसँग छ। तर अस्पतालमा कार्यरत चिकित्सक र कर्मचारीहरू सबैले एकमतले अस्वीकार गरेको व्यवस्थापन समितिले पुनः अस्पतालमा गएर काम गर्ने नैतिक अधिकार भने पुरानो समितिले गुमाएको यथार्थ हो। पुरानो व्यवस्थापन समितिका पदाधिकारीहरूविरुद्ध लागेको आर्थिक अनियमितता र भ्रष्टाचारको कालो धब्बा मेटाउन सजिलो हुने छैन।

अस्पताल जनताको हो, कुनै गैर सरकारी संस्था वा व्यक्ति र समूहको निजी होइन। यसमा सबैजना प्रष्ट छन्। अस्पतालका लागि भक्तपुर नगरपालिकाले दिएको जग्गा प्रदान गर्दा उक्त जग्गा कसैलाई हक हस्तान्तरण वा बिक्री वा भाडामा लगाउन नपाइने शर्त उल्लेख थियो। यसको कागजात पनि बाहिर आइसकेको छ। त्यसैले जनताको सम्पत्ति दुरूपयोग गर्ने वा भ्रष्टाचार गर्ने जो कोही पनि कानुनी कठघरामा उभिनै पर्छ। त्यसमाथि भक्तपुर भ्रष्टाचारविरोधी आन्दोलनको इतिहास बोकेको जिल्ला हो। सम्बन्धितपक्षको बेलैमा चेतना खुले जाती हुन्छ।

(२०७६।६।१९)

भूपतीन्द्र मल्लले ङातापोल देवल बनाउन लगाउनुभन्दा पहिले टौमढीटोलमा 'ङातापुल' नामको पाँचतले मन्दिर थियो। ङातापोलल देवल (वर्तमानको पाँचतले मन्दिर) बनाउनका लागि ङातापुल भत्काइएको नूतन तथ्य पनि थाहा हुन आएको छ। राष्ट्रिय अभिलेखालयमा रहेको ग्रन्थ 'सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा' बाट यो रहस्य खुलेको हो। डा. जनकलाल वैद्यले पत्ता लगाएको यो ग्रन्थबाट अरु पनि रोचक कुरा थाहा भएका छन्। पुरानो मन्दिरलाई नेसं ८०१ को भूकम्पले भत्काएको पो थियो कि भन्ने अनुमान पनि छ।

पाँचतले मन्दिरको निर्माणकार्य नेसं ८२२ पौष कृष्ण त्रयोदशी, बुधबारको दिनबाट आरम्भ भएको प्रमाण सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा लगत-ग्रन्थको पत्रांक १ ख बाट प्रष्ट हुन्छ। मन्दिरको टुप्पोमा रहने गजूर पूर्णताको प्रतीक हो। पाँचतले मन्दिरको निर्माणकार्य पूरा भएपछि नेसं ८२२ आषाढ सुदि १ मा सो मन्दिरको टुप्पोमा गजूर राख्ने काम भएको रहेछ।

भूपतीन्द्र मल्ल र जनताको एकीकृत शक्तिले मिलेर काम गर्दा नेपालकै सबभन्दा विशाल मन्दिर ६ महिनाको छोटो समयावधिमा बनेको देखिन्छ। मन्दिर निर्माण कार्य पूरा गरी गजूर हालेको उत्सव-दिनको स्मरण गर्दै हरेक वर्षको आषाढ सुदि १ मा पाँचतले मन्दिरको वर्षबन्धन पुजा र, त्यसको भोलिपल्ट भक्तपुर तलेजुमा ब्राह्मण, जोशी र कर्माचार्यहरूद्वारा पञ्चोपचारसहितले 'था पूजा' (कुनै विशेष कार्य सम्पन्न भएको उपलक्षमा गरिने तान्त्रिक पूजाविशेष) गर्ने चलन आज पनि छ। पाँचतले मन्दिर निर्माण भएको अवसरमा भूपतीन्द्र मल्लले सो मन्दिरकै अगाडिको ठूलो डबलीमा (तहाँ दवु) सिद्धाग्नि कोट्याहुति यज्ञ गर्न लगाएका थिए। त्यस अवसरमा उनले यज्ञकर्ता पुरोहित ब्राह्मण, जोशी र कर्माचार्यहरूलाई स्वर्णमुकुट प्रदान गरेका थिए। आफ्ना पूर्वजलाई प्रदान गरेको स्वर्णमुकुटलाई त्रिपुर विद्यापीठ आगमका कर्माचार्यहरूले आज पनि जोगाएर राखेका छन्। सो स्वर्णमुकुटको पार्श्वभागमा कुँदिएको अभिलेख यस प्रकार छ :

*श्रीश्रीजय भूपतीन्द्र मल्लदेवसन सिद्धाग्नि कोट्याहुति यज्ञ यातं दयका ॥ सं.८२२ जेष्ठ शुदि ९ शुभ ॥'* (श्रेष्ठ २००२, पृष्ठ ८५)

पाँचतले मन्दिरको प्रतिष्ठा नेसं ८२२ आषाढ महिनामा भएको रहेछ भन्ने कुराको थप प्रकाश पार्ने पहिलो शिलालेख प्रमाण भक्तपुर राजदरबारको अनुसन्धानको क्रममा त्यहाँको एउटा ठूलो इनार भएको चोक 'तुंथि चुक' बाट पत्ता लाग्न आएको छ। (सो शिलालेख अहिले राष्ट्रिय कला संग्रहालयमा राखिएको छ)।

यी माथिका थप प्रमाणहरूबाट पनि पाँचतले मन्दिरको निर्माण ६ महिनाको छोटो समयावधिमा सम्पन्न भएको थियो भन्ने कुरा निश्चित रूपले ज्ञात हुन्छ। र, यसरी असम्भव भन्नेहरूका लागि एउटा अनुपम उदाहरण हो पाँचतले मन्दिर। एकतामा बल छ वा भनौं 'म' होइन 'हामी' भई मिलेर काम गरेमा अविश्वसनीय लाग्ने जस्तोसुकै असम्भव काम पनि आश्चर्यचकित पार्ने अद्भुत ढंगले सम्पन्न हुँदो रहेछ भन्ने कुराको अतुल्य उदाहरण हो पाँचतले मन्दिर। यति कुरा थाहा भएपछि 'संसारका सात आश्यर्च' मा एकपल्ट पुनर्विचार गरी तिनको सङ्ख्यालाई आठ पुऱ्याएर तीमध्येको एउटा उदेकलाग्दो आश्चर्यमा अब पाँचतले मन्दिरलाई राख्नतिर लाग्ने होइन र!

बुद्धिले बल हुन्छ। बुद्धिले परिचालित हुने एकीकृत बलले पत्याउनै नसकिने गरी चौतर्फी विकास र सिर्जना हुन्छ, सुन्दरता र शोभा ल्याउँछ। देश विकास हुन्छ, बलियो हुन्छ, बाहिरकाले हेप्न सक्दैन। देशलाई आत्मनिर्भर तुल्याउँछ। मलाई लाग्छ यो मन्दिरबाट हामीले लिनुपर्ने एउटा सन्देशदृष्टान्त यो पनि हो।

पाँचतले मन्दिरको निर्माण भएलगत्तै अनेक सांगीतिक कार्यक्रमहरू पनि भए। त्यसबेला गाइएको तल प्रस्तुत एउटा दाफा भजन भने आज पनि गुञ्जने गर्छ। (ठाकुरलाल मानन्धरको पुलांगु मे मुना, प्रथम संस्करण, पृष्ठ १९-२० मा सर्वप्रथम प्रकाशित। भावानुवाद : वैद्य : २०६१, पृष्ठ ६२)



**राग**

*जयभूपतीन्द्र मल्ल धरममूरती ॥धु॥*
*वसन देगोल दाङ देवी प्रीतिन ॥ .....*
*नसे च्याया दथुसं नसे ताङाव ॥*
*दितरा थोकया पादु जुया दिन जाव धरममूरती ॥*
*क्वथु फले जयप्रताप वया चोसं किसि ॥*
*सिंह शार्दूल अना अतिशोभा जुल धरममूरती ॥*
*ङातपोलया चोसं छाल लुंगजुल ॥ ......*
*वसन जज्ञ यात कोटी आहुति ॥*
*बिल पुरोहितयात मूल लुंमुकुति ॥ ......*

(भावानुवाद : धर्म–मूर्ति स्वरूप भएका राजा भूपतीन्द्र मल्लको जय हो । उहाँबाट देवी सिद्धिलक्ष्मीप्रति प्रीति भक्ति चढाउने हिसाबले पाँचतले मन्दिर बनाउन लगाउनुभयो, नेसं ८२२ आषाढ शुल्क पक्ष प्रतिपदा तिथि दिनमा उक्त मन्दिरमा देवी प्रतिमा र मन्दिरमाथि सुनको गजुर चढाउनुभयो । मन्दिरका फले पेटीका पाँच तह छ । त्यसमा स्थापना गरिएका मूर्तिहरूमध्ये सबभन्दा तल्लो पेटीमा जय मल र प्रतापको मूर्ति युगल, त्यसपछि क्रमशः माथि एक जोर हात्ती, एक जोर सिंह शार्दूल (एक जोर अद्‌भुत जनावर), सिंहिनी, ब्याघ्रिनी देवी र चारै कुनाका गणेशहरूका मन्दिरहरूका साथमा त्यस मन्दिर शोभायमान् भएका छ । उहाँले कोटि आहुति यज्ञ गराउनुभयो । मूल पुरोहितलाई सुनको मुकुट उपहार दान दिए । त्यस्ता धर्ममूर्ति राजा भूपतीन्द्र मल्ल धन्य हुन ।)

यसरी माथि उल्लिखित अन्य प्रमाणलगायत यस गीतमा आएको 'नसे च्याया दथुस नसे ताङाव' ले पनि पाँचतले मन्दिर ने.सं.८२२ मा बनेको रहेछ भन्ने कुराको थप पुष्टि मिल्छ । रोचक कुरा के छ भने यहाँ संवत्‌लाई अंकमा नभएर शब्दमा घुमाउरो ढंगले प्रस्तुत गरिएको छ र त्यो पनि गीतकै एक बोल वा पंक्तिका रूपमा । संवत्‌लाई अक्षर वा शब्दद्वारा पनि प्रस्तुत गर्ने परम्परा प्राचीनकालदेखि पूर्वमध्यकालसम्म पनि चलेको देखिन्छ । यस्तो परम्परा उत्तरमध्यकालदेखि भने प्रचलनमा आउन छाडेको विदित हुन्छ । यसैले यस गीतमा आएको संवत्‌लाई अपवादको रूपमा वा विरलाकोटि उदाहरणको रूपमा मान्न सकिन्छ । साथै शब्दद्वारा प्रस्तुत संवत्‌लाई अंकमा ल्याउनुपर्दा त्यस्ता अंक बायाँबाट वा उल्टो गणना गर्ने मान्यता वा पद्धति प्रचलित रहेको पाइन्छ ।

सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा ग्रन्थ (डा. वैद्य, २०६१) को अध्ययनबाट यस मन्दिरका बारेमा अन्य रोचक तथ्य पनि खुल्न आएको छ । तीमध्ये केही निम्नलिखित छन् :

– पाँचतले मन्दिर बनाउनका लागि ११३५३५० वटा ईँटा, १०२०३५ वटा तेलिया ईँटा, २७०८४ वटा 'उपा' किनेर प्रयोगमा ल्याइएको थियो । ती निर्माण सामग्री उत्पादनका लागि नगरबाहिरका आठ स्थानमा ईँटाभट्टा खोलिएका थिए । थिमिबाट पनि 'चिकपा' ल्याइएको थियो ।

– पाँचतले मन्दिरको गजूर ४० धार्नीको छ । त्यसमा ३७ तोला सुनको जलप लगाइएको थियो । यस मन्दिरको छानामा झुन्ड्याउनका लागि बनाइएका ५२९ वटा 'फय् गं' (हावा चलेर बज्ने सानो घण्ट) मध्ये माथिल्लो छानादेखि क्रमशः ४८, ८०, १०४, १२८, १६८ झुन्ड्याइएका थिए र एउटा बाँकी रहन पुगेको थियो । बचेको सो घण्टलाई अशुभ ठानी 'पाँचतले मन्दिरमा एउटा फय् गं छ । सो बजेमा वा बजाएमा ठूलो हावाहुरीसहित बेस्सरी पानी पर्छ' भन्ने लोककथन छ ।


– भक्तपुर सहरका चौबीसै टोल, सात ग्रामप्रदेश, ललितपुरलगायत वरपरका छिमेकी ग्रामप्रदेश गरी हजारौं कामदारको एकीकृत शक्तिले छोटो समयावधिमै यो मन्दिर निर्माण सम्पन्न भएको अपार सफलताको खुसियालीमा राजा भूपतीन्द्र मल्लले सबैप्रति कृतज्ञता दर्साउँदै, अतिथि सत्कार गर्दै राष्ट्रिय स्तरको विशाल भोज 'तःभ्वय्' को आयोजना गरेका थिए जुन भोजमा सबै जातका गरी २० हजारभन्दा बढी अतिथि भेला भएका थिए ।

अनेकतामा एकताको प्रतीक हो पाँचतले मन्दिर । व्यक्तिवादी 'म' हैन, जनवादी 'हामी' भई मिलेर काम गर्ने आदर्श भावको अनुपम उदाहरण प्रतीक हो पाँचतले मन्दिर । यस मन्दिरको अनेक महत्त्वलाई बुझेर विसं २०१९ सालमा तत्कालीन राजा महेन्द्रले यस मन्दिरको जीर्णोद्धार गर्न लगाएका थिए । विसं २०५६ मा भक्तपुर नगरपालिकाले यस मन्दिरको जीर्णोद्धार गरेको थियो । समय–समयमा हुने जीर्णोद्धारले सम्पदा मजबुत रहिरहन्छ, ढल्न पाउँदैन । जीर्णोद्धार नभएको भए सायद यो मन्दिर आज हाम्रोसामु यसरी खडा रहने पनि थिएन होला, विसं २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले यसलाई ढालिसक्ने थियो होला । सो भूकम्पले यस मन्दिरको माथ्लो तलामा भने केही क्षति पुऱ्याएको छ ।

जे होस् ! शिर ठाडो पारेर यो मन्दिरलाई हेरिरहँदा यस्तो पनि प्रतीत हुन्छ मानौं यसले ढल्न जानेकै छैन । र भूकम्पहरूको इतिहासलाई हेर्दा कुनै पनि महाभूकम्पले यसलाई ढाल्न सकेकै छैन ।

नेपाल र नेपालीले गौरव गर्ने यो पाँचतले मन्दिरको संरक्षण संवर्द्धन यसरी बेलाबखतमा हुँदै आएको देखिन्छ । र यो पंक्ति लेख्दासम्ममा खुला आकाशको पृष्ठभूमिमा तहतह परेका विशाल पखेटा फिँजाएर मन्दिरलाई उडाइरहेका झैं लाग्ने यसका सुन्दर छानाहरूमा घाँस पनि उम्रेका छन् । आशा छ, फेरि पनि यसको जीर्णोद्धार हुनेछ । र भरोसा छ, भोलिका हाम्रा पुस्ताका माझमा पनि सगौरव यो अनुपम, अद्‌भुत निधि उस्तै शानले उठिरहनेछ ।

*(कान्तिपुर, २०७६ कार्तिक ९ बाट)*



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 42

The Regent Rani was also apprehensive that the return of the Maharani would lead to the restoration of Ran Bahadur, as the Maharani would naturally do all in her power to recommend herself to the favour of the ex-Rajah, in hopes of bearing him a son, who should succeed to the throne, and displace the bastard Garwan Jodh Bikram Sah, who then occupied it.

In November 1802 the Maharani crossed the fron- tier, and was reported to be en route for Kathmandu. An armed force was sent against her, who made prisoners of all her male attendants, but allowed the Queen herself to escape, 'with her female escort, to the plains.

Having ascertained that the feelings of the soldiery generally, were in her favour, the Maharani, in February 1803, again crossed the frontier, and advanced towards the capital. The troops sent to oppose her progress everywhere espoused her cause. She entered the valley in triumph; and as she approached Kath- mandu, the Regent Rani, in alarm, fled to Pashpati- nath, taking the young Rajah with her. The junior Rani was deposed, and the young Prince brought back and placed on the throne under the charge of the Maharani as Regent. Damudar Pandi was continued in full power as sole Minister, and the Pandi party generally were installed in office.* The deposed Rani, after executing a deed of formal surrendra of her late office as Regent, was, through the mild- ness of the Maharani's temper, allowed a full pardor and exemption for all past transactions. This revo- lution is remarkable as having been the only one recorded in Nipalese history which was unattended with any bloodshed.

Although the new Regent at first made friendly professions, yet it was well known that she was thoroughly averse to the British alliance; and Damu- dar Pandi, who was in favour of acting up to the recent treaty, and was opposed to the restoration of Ran Bahadur, was daily losing his influence over the Maharani. About this time Umar Singh Thappa (the Hero of Malaun) was taken into the Cabinet. Under these circumstances, finding that all his efforts to induce the Nipalese Government to fulfil the terms of the treaty of alliance were unavailing, and that the Darbar was gradually resuming its former unfriendly tone, and manifesting more and more clearly its strong repugnance to his continuance as Resident at Kathmandu, Captain Knox and party withdrew from Nipal and returned to the British provinces in March 1803.

Thus, ended the second British mission to the Court of Nipal. In January 1804 Lord Wellesley addressed a letter to the Rajah of Nipal, in which, after adverting to the fact that the Nipalese hostages at Benares "had been treated with every degree of respect and attention, and entertained at the public expense, while the British Resident at Kathmandu had been repeatedly treated with indignity by the members of the Nipal Government, and was ulti- mately compelled, by their misconduct and violation of public faith, too. abandon their capital and enter within the Company's territories," he formally renounced and dissolved the alliance between the two States. At The same time lie expressed himself as anxious to remain on terms of "amity and peace," but added that, as the alliance was dissolved between the two Governments, he had no reason for keeping the ex- Rajah of Nipal, against his own will, within our terri- tories; and he should, therefore, now yield to the constant wishes of Ran Bahadur to return to Kath- mandu by giving him leave to quit Benares. **(To be continued)**

(* In Knox's time, as now, the chiefs were possessors of authority derived directly from the Rajah, and continued to them at his discretion; they were not then, nor are they now, hereditary holders of tracts of country, with annexed powers of government therein, on condition of feudal service to the State.)

## तपाईंको भान्छा

# सुन्दरताका लागि दहीको प्रयोग

दहीमा क्याल्सियमको मात्रा अधिक हुन्छ । यतिमात्र नभएर प्रोटिन, लेक्टोज, आइरन र फस्फोरस पनि दहीमा पाइन्छ । यही कारण दहीलाई अधिक पोषक मानिन्छ । दहीको यही गुणबाट थुप्रै लाभ लिन सकिन्छ ।

अनुहारमा दही लगाउनाले छाला कोमल हुन्छ र बिस्तारै निखार पनि आउँछ । दहीले अनुहारको मसाज गर्ने हो भने ब्लिचको काम गर्दछ । यसबाट साइड इफेक्ट पनि हुँदैन । दही सेवन गर्नाले खानेकुरा राम्रोसँग पच्छ ।

दहीमा पाइने क्याल्सियमले हाड र दाँत बलियो हुन्छ । यसले अस्टियोपोरिसिसजस्तो रोगसँग लड्न मद्दत गर्छ ।

उच्च रक्तचापका रोगीलाई दहीले फाइदा गर्छ । तर, आयुर्वेदका अनुसार राति दही सेवन गर्नु हुँदैन ।

दहीमा ज्वानो मिलाएर खाने हो भने कब्जियतमा फाइदा गर्छ । दही कपालमा लगाउनाले चाया हट्नुका साथै कपाल नरम अनि चमकदार हुन्छ ।

**दैनिक दूध सेवन हाडजोर्नीका लागि लाभदायक**

घुँडाको जोर्नी सुन्निने, ओष्टियो आर्थराइटिसजस्ता दुखाईजन्य रोगको पूर्ण उपचार हालसम्म फेला परिसकेको छैन । तर, दैनिक दूध सेवनले हाडजोर्नीको रोग निको पार्न मद्दत पुग्ने अनुसन्धानकर्ताहरूले जनाएका छन् । 'आर्थराइटिस केयर एण्ड रिसर्च' नामक जर्नलमा प्रकाशित रिपोर्टका अनुसार नियमित रूपमा चिल्लोरहित दूधको सेवन गर्ने महिलामा घुँडाको ओस्टियोआर्थराइटिस ढिलो गरी भएको पाइएको थियो । तर, चिज सेवन गर्नेमा भने रोग चाँडो लागेको पाइएको थियो । तर, पुरुषमा भने यस्तो तथ्य नपाइएको अनुसन्धानकर्ताको भनाई छ । दही सेवन भने ओष्टियोआर्थराइटिस बढ्ने या घट्नेसँग सम्बन्धित नरहेको पाइएको छ । अहिलेसम्म ओष्टियोआर्थराइटिस निको पार्ने कुनै औषधि निस्किएको छैन । दुख्ने समस्याबाट मुक्ति पाउन फिजियोथेरापी, तौल नियन्त्रण तथा औषधि सेवनको सल्लाह दिइन्छ । अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) का अनुसार सन् २०१५ सम्ममा अमेरिकामा २५ वर्षसम्मका २ करोड २७ लाख वयस्कहरू ओष्टियोआर्थराइटिसको समस्याबाट पीडित थिए । वैज्ञानिकका अनुसार ८५ वर्षको उमेरसम्ममा २ जनामध्ये एक जनामा ओष्टियोआर्थराइटिस हुन सक्छ भने ३ मध्ये २ जना मोटा व्यक्ति पनि यस्तो समस्याबाट पीडित हुन सक्छन् ।


*- स्वास्थ्य खबर पत्रिका*

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाको प्रतिवेदन (२०७६ आश्विन महिना)**

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अपांग अशक्त | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २९५ | १६२ | ५० | २५ | १३ | २८ | ९ | १५ | १० | ८ | ० | १ | १ | २ | ० | ० | २ | १ | १ | ६ | २ |
| २ | रजनी सुवाल जरेजू | २६० | ८० | ३३ | १५ | १३ | ७ | ७ | ५ | ० | ६ | ० | ० | ० | २ | १ | ० | ० | १ | ० | १ | १ |
| ३ | अनु गोसाई | ३४५ | ११० | ४७ | १९ | ० | २८ | ६ | १२ | ३६ | ८ | २ | २ | ० | ० | २ | ० | ० | ४ | ८ | २८ | ३ |
| ४ | विमला कुम्पाख | ३०० | ९० | ६० | २० | १५ | २० | ७ | १० | १५ | ० | ० | ० | ० | ० | ० | ० | ६ | २ | ३ | ० | १ |
| ५ | मञ्जु छुकां | २५६ | ९७ | २० | ९ | ५ | ६ | ५ | ५ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ७ | २ | ० | ० | १ |
| ६ | सृजना बोहजू | १५० | २७ | १३ | १३ | ३४ | ० | ५ | ४ | ० | ५ | २ | ० | ० | ० | ० | ० | ० | ५ | ० | ७ | ५ |
| ७ | सुमित्रा राजचल | ४७ | १५ | ७ | २ | ३ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| ८ | सरिता गोसाई | ३५ | ५ | २ | १ | ० | ० | ० | ४ | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ३ |
| ९ | सविना दुवाल | ९० | २ | ३ | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| १० | मोनिका पही | ३५० | ४० | २५ | ६ | ० | ० | ६ | १० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |

संकलन - कमल केशरी राजचल

# आ.व. २०७६/७७ आश्विन महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३५२ | ३७२ | ५११ | २९३ | २३५ | ४२६ | ३६३ | ३०१ | ३७२ | २९३ | ४४६ | ४९७ | ४२८ | ४२४ | ३९५ |
| ■ सार्क तथा चिनियाँ | २३० | ३४७ | ३९५ | ३०० | ३३५ | २९१ | २५६ | ३९३ | ३२८ | २२७ | ३६८ | २३० | २८५ | २९० | २८२ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४८८ | ४४६ | ५१२ | ५३९ | ५६७ | ४४६ | ४६८ | ६२७ | ६७४ | ६८६ | ५१९ | ५१५ | ७५३ | ८०२ | ६२३ |
| ■ सार्क तथा चिनियाँ | २९२ | २६५ | ३९१ | ४९८ | ४६१ | ४४७ | ४५४ | ३७७ | ३६३ | ५६९ | २६० | ३३८ | ५११ | २८४ | २६० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ आश्विन | १४,३७३ | १०,३२७ | २४,७०० |
| २०७५ आश्विन | १५,२७१ | ९,४५४ | २४,७२५ |
| प्रगति | –८९८ (–५.८८%) | ८७३ (९.२३%) | –२५ (–०.१०%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# भक्तपुर नपा देशकै लागि क्रियाशील

देशका केन्द्र, प्रदेश र स्थानीय सरकारहरू संवैधानिक व्यवस्थाअनुसार केवल अस्तित्वमा रहेका छन् या देश र जनताको हितमा आ-आफ्नो काम-कर्तव्य र जिम्मेवारीहरू इमानदारीपूर्वक पूरा पनि गरिरहेका छन् ? यस्तो प्रश्न प्रत्येक करदाता नेपालीको मनमा उठ्ने गरेको छ र त्यो उनीहरूको अधिकार र दायित्व पनि हो। निर्वाचनको बेला सार्वजनिक गरेको घोषणापत्रहरूको आधारमा देशको अवस्था र जनताको स्थिति हेर्दा धेरै सरकारहरूले हिजोको वाचा, प्रतिज्ञा रप्रतिवद्धताहरू बिर्सीसकेको अनुभव हुन्छ। कतिपय दलहरूले घोषणापत्र केवल औपचारिकताको लागि र कुर्सीमा पुगेपछि रद्दीको टोकरीमा फाल्न नै जारी गरेको भन्न बाध्यपारेको छ। अन्यथा देशको मुहार यति  निन्याउरो र जनताको अवस्था 'उही दाम्लो उही कुम्लो' हुने थिएन।

हरेक कालो बादलमा चाँदीको घेरा पनि हुन्छ। यसलाई नेपाल मजदुर किसान पार्टीबाट स्थानीय तह, प्रदेश सभा र प्रतिनिधिसभामा पुगेका जनप्रतिनिधिहरूले प्रमाणित गरिरहेका छन्। तिनीहरूले घोषाणापत्रलाई मार्ग दर्शन बनाएका छन् र देश र जनताको हितमा इमानदारीपूर्वक पालना पनि गरिरहेका छन्।

देशमा नेमकिपाका जनप्रतिनिधिहरूले नेतृत्व गरेको स्थानीय सरकार भक्तपुर नगरपालिका हो। यसका जनप्रतिनिधिहरूले घोषणापत्रका वाचा र प्रतिज्ञाहरू पूरा गर्न मन, वचन र कर्मले ढृढता र इमानदारीका साथ लागिपरेका छन् भन्दा अतिशयोक्ति हुने छैन। त्यसको परिणाम नगरवासीले अनुभव गरिरहेका छन् साथै देश र विदेशमा समेत त्यसको  आलोक फैलिरहेको छ। यसले असङ्ख्य तारा भए पनि उज्यालो एउटै जुनले दिने यथार्थलाई सावित गरेकोछ।

निर्वाचन घोषणापत्रलाई व्यवहारमा लागू गर्ने क्रममा भक्तपुर नपाले स्वास्थ्य, शिक्षा, सफाइ, सम्पदा, कृषि, वातावरण, विकास-निर्माणसँगै कला-संस्कृति र खेलकुद क्षेत्रमा पनि उदाहरणीय काम गरिरहेको छ। यस वर्ष भक्तपुर नपाले विगतमा झैं नेपाल संवत् ११४० प्रारम्भको अवसरमा हरेक वडाका दुई-दुईजना गरी २० जना सांस्कृतिक गुरूहरूलाई सम्मान गऱ्यो। विभिन्न मौलिक बाजाको कला जगेर्ना गर्दै प्रशिक्षण दिंदै आएका गुरूहरूको  सम्मानले अमूर्त सम्पदाको संरक्षण हुनुका साथै नयाँ पुस्तामा सम्पदा हस्तान्तरणमा गहकिलो टेवा पुग्ने निश्चित छ। यसबाट देशकै सम्पदाको जगेर्ना हुने तथ्य निर्विवाद छ।

त्यस्तै नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता यस वर्ष पनि आयोजना भएको छ। खेलकुद केवल मनोरञ्जनको लागि मात्र नभई विद्यार्थीको शारीरिक र मानसिक स्वास्थ्य, विद्यालय र शिक्षकहरूको क्रियाशीलताको लागि पनि आवश्यक छ। यस्ता प्रतियोगिताहरूबाटै भोलि राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू तयार हुने र देशको नाम उजिल्याउन योगदान पुग्ने तथ्यमा कुनै विवाद हुन सक्दैन।

यसरी भक्तपुर नपा नगर र नगरवासीको निम्तिमात्र होइन देशकै लागि क्रियाशील रहेको व्यवहारले देखाएको छ।




नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँ भक्तपुर नपाद्वारा सम्मानित सांस्कृतिक गुरुहरूसँग

(२०७६ कार्तिक ११ गते)



भक्तपुर नपाद्वारा आयोजित नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रममा जनप्रतिनिधिहरू तथा उपस्थित शिक्षक, विद्यार्थीलगायत

(२०७६ कार्तिक १७ गते)

भक्तपुर दरबार क्षेत्रस्थित वत्सला मन्दिर पुन:निर्माणको अन्तिम चरणमा । उक्त मन्दिर ७२ सालको महाभूकम्पमा भत्केको थियो ।

